# बालकथा

## अनन्तप्रसाद वाग्ले

### *१. आप्पाको झन्डा*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-नेपाल टाइम्स प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६०, पृष्ठ-३२, मूल्य-रु.३५।-; चित्र-सुजन चित्रकार; सम्पादन-शाश्वत पराजुली ।

सात बालकथा । शीर्षक-आकाश छुने रहर, शीतलको सपना, नक्कलको परिणाम, आमाको मन, बालक हराएको सूचना, कुहिरोमा हराएको काग, आप्पाको झन्डा । सङ्ग्रहका अधिकांश कथाहरू बालबालिकाका आनीबानी र उनीहरूको मनोविज्ञानलाई केलाएर लेखिएका छन् । केही कथामा सामान्य कुरालाई पनि रोचक कथानकका रूपमा विस्तार गरिएको पाइन्छ । बालबालिकालाई भ्रष्टाचारविरुद्ध सचेत बनाउने प्रयास पनि कथाकारले गरेका छन् । प्रत्येक बालकथा सन्देशमूलक छन् । अत्यन्तै थोरै पात्रपात्राका माध्यमबाट बुनिएका यी बालकथामा सरल र सरस छोटा वाक्यहरूको प्रयोग भएको देखिन्छ ।

## अशेष मल्ल

### *१. पानी, जङ्गल र गाउँ*

प्रकाशक-हातेमालो सञ्चार, काठमाडौँ; मुद्रक-दिवस प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०५६ साउन, पृष्ठ-२८+४=३२, मूल्य-रु.५।-; चित्र-अनुल्लिखित ।

छ बालकथा । शीर्षक-सानी र रानी, रत्नबहादुर, दाउरे र रूख, चरा उड्दै कता गए, मीनुको भुन्टे कुकुर, माछाहरूको बैठक । लेखक यस सङ्ग्रहमा बालकथामा माध्यमबाट बालबालिकालाई वातावरणीय चेतनाका साथै सरसफाइ, सहयोग र सौहार्द्रता, पशुपंक्षीप्रति प्रेमभावका पक्षमा जागरुक बनाउन प्रयत्नशील देखिन्छन् । आकारका दृष्टिले अत्यन्त सङ्क्षिप्त यी बालकथाहरू विषयका दृष्टिले उपयोगी छ । सङ्ग्रहका बालकथा भाषिक दृष्टिले सरल एवम् प्रस्तुतिका दृष्टिले मनोरञ्जक छन् ।

## आनन्दप्रकाश नेपाल

### *१. कथा-कोपिला (सम्पा.)*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-दीपक प्रेस, वाराणसी; पहिलो संस्करण-२०४५, पृष्ठ-४०, मूल्य-रु.१०।-; चित्र-अनुल्लिखित ।

छ बालकथा । शीर्षक-पश्चाताप (शिवहरि अधिकारी), इमानदार कुकुर (मेघराज शर्मा), अल्छी छोरो (बद्रीप्रसाद पौडेल), फक्रेको फूल (रामचन्द्र गौतम), आमा छोरा (केशवप्रसाद हुमागाईँ), चिठीको चटक (यज्ञप्रसाद ढुङ्गाना) । विभिन्न छ लेखकको एक/एक बालकथाको यो सङ्ग्रहका कथाहरूले बालबालिकालाई एउटै सङ्ग्रहमा विविध स्वाद दिन्छ । कथाहरूले भाग्यमा नभई मिहिनेतमा विश्वास गर्नुपर्ने, खराब मानिसहरूको सङ्गत गर्न नहुने, नपढेका मानिसले दुःख पाउने हुँदा सबैले उमेर नभनी पढ्नुपर्ने र केटाकेटीले अनावश्यक रूपमा आमाबासँग फुर्माइस गर्न नहुनेजस्ता शिक्षा दिन्छन् । साथै कथामा कुकुरको कर्तव्यपरायणता पनि देखाइएको छ । सामाजिक यी बालकथाको भाषा र शैली बालरुचिअनुकूल रहेका छन् ।

## ओजश्री

### *१. चुइँया कप्तान*

प्रकाशक-श्रीमती ओजश्री; मुद्रक-महालक्ष्मी मुद्रणालय, काठमाडौँ; पहिलो संस्करण-

२०३६ असोज, पृष्ठ-७१+९=८०, मूल्य-रु.७-; चित्र-नभएको; आवरण-मनी जोशी ।

सत्र बालकथा । शीर्षक-मणिचूर, मुसाको उत्पत्ति, नयाँ फलको हाड, गोरूको उत्पत्ति, भाषाको उत्पत्ति, मुडकट्टा, जलविनायक, बोक्सी, चराको सभ्यता किन मासियो ?, जनावरमा किन मेल भएन ?, इन्द्रजाल, कुकुरको प्रतिशोध, गिद्ध र लाटोकोसेरोको मुद्दा, हिमालयको विहे, चन्द्रमाको कथा, चलाख चतुरे, चुइँया कप्तान । सङ्ग्रहका बालकथाहरूले बालबालिकालाई विभिन्न सन्देश र जानकारी दिन्छन् ।

## ओमप्रकाश खरेल

### *१. राम्रा बालकथाहरू (खण्ड-१)*

प्रकाशक-डिकुरा प्रकाशन; मुद्रक-?; पहिलो संस्करण-२०६०, पृष्ठ-?, मूल्य-रु.?; चित्र-? ।

मदन पुरस्कार पुस्तकालयमा १९९६८ नं.मा दर्ता भएको देखिए पनि पुस्तक उपलब्ध हुन नसकेको ।

## उषा दीक्षित

### *१. सेती नदीको तिरैतिर*

प्रकाशक-ग्रामीण विकासको निम्ति शिक्षा परियोजना, सिलगढी, डोटी; मुद्रक-जोशी मुद्रणालय प्रालि, ललितपुर; पहिलो संस्करण-२०४०, पृष्ठ-३०+४=३४, मूल्य-निःशुल्क वितरण; चित्र-अनुल्लिखित ।

पाँच कथा । शीर्षक-वटुवा बास बस्न आइपुग्छ, राजेन्द्र रमाउँछन्, राजेन्द्र विद्यालयमा, सबै नेपाली बराबर, अगेनाको वरिपरि । कक्षा ३ को सहायक पुस्तिकाका रूपमा यो कृति प्रकाशित भएको हो । कथामा एउटै पात्रको केन्द्रित गरेर कथालाई अघि बढाइएको छ । त्यसैले कथाहरू शृङ्खलाबद्ध लाग्छन् ।

### *२. एकादेशमा*

प्रकाशक- पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-एपोलो अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५९, पृष्ठ-२२+६=२८, मूल्य-अनुल्लिखित; चित्र-अवीन्द्रमान श्रेष्ठ; आवरण-नवीन्द्र राजभण्डारी ।

छ बालकथा । शीर्षक-गुन गरे सुन मिल्छ, हनुमानको चमत्कार, इच्छाबहादुरको इच्छा, कस्तो जादु !, मूर्ख साथी, भाइ फुटे गँवार लुटे । बालबोध शृङ्खलाअन्तर्गतको ३२ औँ प्रकाशन । यस सङ्ग्रहमा नेपाली लोकजीवनमा प्रचलित केही लोककथा र पूर्वीय धार्मिक ग्रन्थमा आधारित कथाको पुनर्कथन गरिएको छ । कथाहरू सरल हुनुका साथै रोचक छन् । कथाहरूले अरूलाई गुन गर्दा आफूलाई लाभ हुने, बढी लोभ गर्दा ज्यान गुमाउनुपर्ने, मूर्खको सङ्गत गर्न नहुने र आपसी झगडाबाट अरूले फाइदा उठाउने कुरालाई घटनाका माध्यमबाट बताएका छन् । कृति प्राथमिक तहका विद्यार्थीका लागि उपयोगी छ ।

## ऋषिराम शर्मा

### *१. किताबको कुराकानी*

प्रकाशक-हिमालय बुक स्टल, काठमाडौँ; मुद्रक-लक्ष्मी अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६०, पृष्ठ-४०, मूल्य-अनुल्लिखित; चित्र-भीष्म के.सी. ।

नौ बालकथा । शीर्षक-मूसा र कमिला, जुङ्गेले दुःख पायो, भुन्टेले स्याबासी पायो, किताबको कुराकानी, छुकछुकेको ज्यान बच्यो, लोभी कुकुर, रूखलाई दुःख लाग्यो, बूढी र सुनको अण्डा, घमण्डी भेडो र बाख्रो । यस सङ्ग्रहमा रहेका बालकथाहरू केही मौलिक हुन् भने *लोभी कुकुर, बूढी र सुनको अण्डा, घमण्डी भेडो र बाख्रो* पुनर्कथित कथा हुन् । आकारका दृष्टिले साना यी कथाहरूका माध्यमबाट बालबालिकालाई लोभ, झगडा, घमण्ड र चोरी गर्नुहुन्न, आफ्नो किताबको सुरक्षा आफैँ गर्नुपर्छ, रूखविरुवाको संरक्ष्ढा गर्नुपर्छ भन्ने शिक्षा र चेतना दिने प्रयास गरिएको छ । केही कथा उपदेशात्मक पनि हुन पुगेका छन् । कथाको प्रस्तुति र संवाद मीठा छन् । *किताबको कुराकानी*जस्ता मौलिक कथाले सङ्ग्रहको महत्त्व बढाएको छ ।

### *२. रतन्धो फुर्के*

प्रकाशक-हिमालय बुक स्टल, काठमाडौँ; मुद्रक-लक्ष्मी अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६०, पृष्ठ-४०, मूल्य-अनुल्लिखित; चित्र-भीष्म के.सी. ।

आठ बालकथा । शीर्षक-पोलियो खुब आत्तियो, रतन्धो फुर्के, चाउचाउ र रोटीको कुराकानी, राक्षसको साथी, रोगका भरिया, लामखुट्टेको बास मान्छेको काल, झिङ्गा र कुकुर, जुम्राहरूको बैठक । यस सङ्ग्रहका सबै कथा मौलिक हुन् । यस सङ्ग्रहका बालकथाहरूले बालबालिकालाई स्वास्थ्यसम्बन्धी चेतना दिन खोजेको छ । विषयवस्तुको

मौलिकता, प्रस्तुतिको रोचकता र भाषिक सरलताका कारण यो सङ्ग्रह बालबालिकाका लागि अत्यन्त उपयोगी देखिन्छ । कथाका माध्यमबाट बालबालिकाले जीवनोपयोगी शिक्षा र रचनात्मक सन्देशका साथै मनोरञ्जन पनि पाउँछन् ।

### *३. वर्णहरूको कथा र व्यथा*

प्रकाशक-एकता प्रकाशन, काठमाडौँ; मुद्रक-मोनाज अफसेट प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०६३, पृष्ठ-३२, मूल्य-रु.३०।-; चित्र-किशोर जोशी; सम्पादन-केशव सुवेदी ।

तीन बालकथा । शीर्षक-स्वरवर्णको वनभोज, व्यञ्जननगरको भ्रमण, स्वर र व्यञ्जनवर्णहरूको मेलमिलाप । यस कृतिमा भाषाको स्वरवर्ण र व्यञ्जनवर्णलाई मानवीकरण गरेर त्यसबारे रोचक तरिकाले कथात्मक शैलीमा जानकारी दिने प्रयास गरिएको छ । यसको विषयवस्तु मौलिक र नौलो छ तथा लेखकले रोचक ढङ्गले यसलाई प्रस्तुत गरेका छन् । भाषा सरल र बालस्तरअनुरूप देखिन्छ । कृतिले मनोरञ्जन पनि दिन्छ ।

### *४. सुगाको जन्मदिन*

प्रकाशक-एकता प्रकाशन, काठमाडौँ; मुद्रक-मोनाज अफसेट प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०६३, पृष्ठ-३२, मूल्य-रु.२५।-; चित्र-राजाराम के.सी.; सम्पादन-केशव सुवेदी ।

बाह्र बालकथा । शीर्षक-जमुनाको सपना, लँगडो र अन्धो, अर्जुनको परीक्षा, फुच्ची सुमिना, धान खाने मूसो चोट पाउने भ्यागुतो, काग र कोइली, मूसा र मूसीको किनमेल, फटचाङ्ग्रो र कमिला, सुगाको जन्मदिन, कुरौटे चरो, अमिली मैयाँ र पिरी नानी, फुर्के कान्छो । यस सङ्ग्रहका केही कथा मौलिक भए पनि अधिकांश पुनर्कथन गरिएका हुन् । समाजमा प्रचलित लोककथालाई लेखकले आफ्नो भाषा र शैलीमा प्रस्तुत गर्ने प्रयास यसमा भएको छ । सबै कथाले केही न केही शिक्षा र सन्देश दिन्छन् । साथै कथाहरू मनोरञ्जनपूर्ण पनि छन् ।

## एडोन रोगोंग (डा.)

### *१. मायाका फूलहरू*

प्रकाशक- एकता प्रकाशन, काठमाडौँ; मुद्रक-मोनाज अफसेट प्रेस प्रालि, काठमाडौँ;

पहिलो संस्करण-२०६३, पृष्ठ-७२, मूल्य-रु.५०।-; चित्र-राजाराम के.सी.; सम्पादन-केशव सुवेदी ।

दस बालकथा । शीर्षक-दयालु राजा र मैना, हितैषी, चारवटा चारआनी, मायाका फूलहरू, एउटा प्रेमकथा, दृढ विचार, मूर्ख राजा र दूधको कुवा, साँचो जित, मोची र राक्षस, साना-ठूला ताराहरू । सङ्ग्रहका बालकथाहरू विभिन्न उपजीव्य स्रोतमा आधारित कथा हुन् । कथाका माध्यमबाट लेखकले मानिसका विभिन्न भावनालाई प्रस्तुत गर्ने प्रयास गरेका छन् । कथाहरू सन्देशमूलक पनि छन् । भाषा सरल र शैली सामान्य छ ।

## कन्हैया नासननी

### *१. चराहरूको पर्यटन मेला*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-डङ्गोल प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०६२, पृष्ठ-३२+४=३६, मूल्य-रु.४०।-; चित्र/आवरण-सूर्यनारायण श्रेष्ठ, ग्राफिक वर्कसप ।

छ बालकथा । शीर्षक-चराहरूको पर्यटन मेला, डाँफे र पानीहाँस, रानीवनका काग र कोइली, मृगिणी र गधा, ढाडे बिरालो र मुसाहरू, धर्मसागर बकुल्ला र माछाहरू । यी बालकथाहरूका माध्यमले लेखकले बालबालिकालाई विभिन्न सन्देश दिन खोजेका छन् । कथाहरू सबैका पात्रहरू पशुपक्षी छन् । कथाहरूले बालबालिकालाई मिहिनेत गर्नुपर्ने, झुटो बोल्न नहुने र गर्न नसक्ने काम गर्छु भनेर तम्सिन नहुनेजस्ता सन्देश दिन्छन् । यी बालकथाले प्रतीकात्मक रूपमा अहिलेको मानव समाजमा विद्यमान विकृति र विसङ्गतिलाई पनि उजागर गरेका छन् । देशमा बढ्दो हिंसालाई पहिलो कथाले देखाएको छ भने धर्मका नाममा गरिने कुकृत्यलाई *धर्मसागर बकुल्ला र माछाहरूले* प्रस्तुत गरेको छ । कथाको भाषा सरल र प्रस्तुति रोचक छ ।

## कपिलमणि ज्ञवाली

### *१. जातक कथाहरू*

प्रकाशक-एडुकेसनल पब्लिसिङ हाउस, काठमाडौँ; मुद्रक-माडर्न प्रिन्टिङ प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६२, पृष्ठ-१२२+८=१३०, मूल्य-रु.६०।-; चित्र-इन्द्र श्रेष्ठ ।

विभिन्न शीर्षकका बाइस कथा । बौद्धसाहित्यमा रहेका प्रख्यात जातकहरूमध्ये बालबालिकालाई विभिन्न प्रकारका सन्देश दिन कथाहरूको उपयोगी सङ्ग्रह ।

### २. *कालोपाटी*

प्रकाशक-एडुकेसनल पब्लिसिङ हाउस, काठमाडौँ; मुद्रक-हिसि अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६४ वैशाख, पृष्ठ-३०+६=३६, मूल्य-रु.५०।-; चित्र/आवरण-राजन खड्का ।

एउटै लामो कथा । जन्मेदेखि नै छोरीमाथि हुने विभेदको चित्रण गर्दै छोरीलाई पनि पढाउनुपर्छ भन्ने चेतना जागृत गर्ने उपयोगी कथा यस कृतिमा छ । सुनैना बालिकाका माध्यमबाट यस कृतिमा बालिकाप्रतिको विभेद देखाउँदै बालिकाले अवसर पाए योग्य नागरिक भएर देश र समाजको सेवा गर्न सक्छन् भन्ने तथ्य प्रस्तुत गरिएको छ । कथावस्तु हाम्रो गाउँघरको छ भने भाषा सरल र सरस छ । पात्र अत्यन्त थोरै छन् ।

## कपिल लामिछाने

### १. *अक्षर*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-वेभ प्रिन्टर्स प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०५१, पृष्ठ-३२, मूल्य-रु.१५।-; चित्र-तुलसी अर्याल ।

पाँच बालकथा । शीर्षक-अक्षर, फेरि पानी बग्न थाल्यो, साहस, मिल्ती, सेखी । यस सङ्ग्रहमा भएका बालकथाहरूमध्ये *साहस* लोककथामा आधारित भए पनि अन्य मौलिक बालकथा हुन् । *अक्षर*मा अक्षरको महत्तालाई आत्मपरक शैलीमा प्रस्तुत गरिएको छ भने *फेरि पानी बग्न थाल्यो* वातावरणीय चेतना दिन लेखकको प्रयास देखिन्छ । थोरै पात्र, छोटा संवाद र रोचक प्रस्तुतिका कारण बालकथासङ्ग्रह बालबालिकाका लागि उपयोगी रहेको छ ।

### २. *काले कुकुर*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-वेभ प्रिन्टर्स प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०५१, पृष्ठ-२८, मूल्य-रु.१५।-; चित्र-तुलसी अर्याल ।

छ बालकथा । शीर्षक-काले कुकुर, लाले र लुइँचे, ठीक बेठीक, सुवेदार बूढाको बुद्धि, निसाफ, कप्तानको बुद्धि । यस सङ्ग्रहका बालकथाहरूमध्ये *ठीक*

*बेठीक* र *निसाफ* लोककथामा आधारित कथा हुन् भने अन्य कथा मौलिक बालकथा हुन् । यी बालकथाहरूले बुद्धि पुऱ्याएर काम गर्नुपर्ने, अरूलाई दुःख दिन नहुने र मिहिनेत गरेर सधैँ लागिरहे गाह्रो काम पनि सजिलै गर्न सकिने सन्देश दिन्छन् । कथाको भाषाशैली बालबालिकाअनुकूल रहेको छ ।

### ३. *भाँडाकुटी*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-नेपाल टाइम्स प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५८, पृष्ठ-३२, मूल्य-रु.२५।-; चित्र-एकाराम ।

सात बालकथा । शीर्षक-भाँडाकुटी, आफ्नै ठाउँ, टु वनजा टु, साहसको फल, प्रकृतिको नियम, पुतली खेल, बरू साइकल चाहिँदैन । यस सङ्ग्रहका बालकथाहरूले बालबालिकालाई असल नागरिक बन्न एवम् मिहिनेती र इमानदार हुन उत्प्रेरित गर्छन् । *भाँडाकुटी* र *बरू साइकल चाहिँदैन*मा बालपात्रका माध्यमबाट ठूलालाई चोर्नुहुन्न भन्ने शिक्षा दिएको देखाइएको छ । कथाहरू उद्देश्यमूलक रहेका छन् । कथा मौलिक हुनुका साथै मनोरञ्जनपूर्ण पनि छ । भाषाशैलीका दृष्टिले पनि बालबालिकाको रुचिअनुकूल हुन पुगेका छन् ।

### ४. *सुनकथा*

प्रकाशक-विद्यार्थी पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५९, पृष्ठ-२३+१३=३६, मूल्य-रु.२५।-; चित्र/आवरण-अनुल्लिखित ।

चार बालकथा । शीर्षक-सुनकथा, जमुनीको जन्मदिन, इमाने, पढाइको तलतल । यस सङ्ग्रहका बालकथाहरूले बालबालिकालाई छोराछोरीलाई समान व्यवहार गर्नुपर्ने, चलाखीबाट दुष्टबाट बच्न सकिने र पढाइको माध्यमबाट जीवनमा अघि बढ्न सकिने शिक्षा दिन्छन् । यसका अतिरिक्त सङ्गृहीत बालकथाले पुरातात्विक वस्तुको महत्त्वबारे पनि बोध गराउँछ । कथाको प्रस्तुति मनोरञ्जक भएकाले बालरुचिअनुकूल हुन पुगेको छ ।

### ५. *राँकेभूत*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-प्रज्ञा अफसेट प्रिन्टिङ प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६१ साउन, पृष्ठ-४२+२=४४, मूल्य-रु.२०।-; चित्र-देव कोइमी ।

छ बालकथा । शीर्षक-राँकेभूत, जुम्ले पुग्यो जूमा, चिन्टु, को हो ! को हो !!, चिडियाखानाको यात्रा, मान्छे र म । यी कथाहरू मौलिक विषयवस्तुमा आधारित छन् । यी कथाले अन्धविश्वासविरुद्ध सचेतना जगाउनुका अतिरिक्त दुःख दिनेलाई उपायद्वारा तह लगाउन सकिने, आपसी सहयोग र सम्मान हुनुपर्ने र पशुपक्षीलाई मार्न नहुने सन्देश पनि दिन्छन् । साथै प्रदूषणका कारण आइपर्ने समस्याबारे पनि कथाले बालबालिकालाई सचेत गराउने प्रयास गरेको छ । कथाको भाषा सरल छ ।

## ६. *नाङ्लोजत्रो फूल*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०६२, पृष्ठ-१६+४=२०, मूल्य-रु.३१।-; चित्र-एरिना ताम्राकार ।

पाँच बालकथा । शीर्षक-नाङ्लोजत्रो फूल, अनुपको बानी, सम्झनाको स्कुल, रूख र मान्छे, खै सर्प ? दुलाभित्र पस्यो । स-साना विषयवस्तुलाई घटना र संवादका माध्यमबाट विकसित र विस्तार गर्दै लेखिएका यस सङ्ग्रहका बालकथाहरूले अन्न उत्पादन र संरक्षणका लागि परिश्रम गर्नुपर्ने, बालबालिकालाई शिक्षा मायाममता र स्नेहसिक्त व्यवहारबाट पढाउनुपर्ने, विज्ञान प्रयोगशालामा रसायनको प्रयोग जथाभावी गर्न नहुने, क्षणिक लाभका लागि रूख काट्न नहुने र बिगार नगर्नेलाई अनाहकमा दुख दिन नहुनेजस्ता शिक्षा दिएका छन् । कथाहरू आकारका दृष्टिले छोटा, भाषिक दृष्टिले सरल र प्रस्तुतिका दृष्टिले मीठा छन् ।

## ७. *रमाइला केही कथा*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-सम्झना प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६३ वैशाख, पृष्ठ-३६, मूल्य-रु.२५।-; चित्र-स्वयम्बर हाङ र देव कोइमी; आवरण-स्वयम्बर हाङ ।

आठ लोककथा । शीर्षक-भूपीको खुपी, आगो र पानीको लुकामारी, मै दुइटा खाउँला, डाहिल्ले दिदी र सानो भाइको कथा, कालो कौवा, पैसाको पोको, दयालु मान्छे, शनिको मूर्ति । प्रस्तुतकर्ता भनिएको । यस सङ्ग्रहका लोककथाले बालबालिकालाई माया गर्नुपर्ने, खाने कुरामा लोभ गर्न नहुने, ईर्ष्या गर्दा आफैँले दुःख पाइने, पैसाको मात्र पछि लाग्न नहुने, अर्काको नक्कल गर्दा राम्रो नहुनेजस्ता सन्देश दिन्छन् । कथाहरू सरल र सरस भाषामा लेखिएका छन् । कथाहरू बालबालिकाका लागि उपयोगी देखिन्छन् । कथाहरू मनोरञ्जक पनि छन् ।

"हाम्रो सिकाइले हामीमा सकारात्मक परिवर्तन दिन सक्नुपर्छ । त्यसैले यहाँ त्यस्तै कथा छानिएको छ । यी लोककथाले मान्छेका बानीबेहोरालाई देखाउँछन् । यिनले मनोरञ्जन दिन्छन् र सुटुक्क केही सन्देश पनि दिन्छन् ।" (लेखकीय, *सन्दर्भ*, पृ. ४)

### *८. दसैँ, पिङ र हात्ती*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-डङ्गोल प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०६३, पृष्ठ-३२, मूल्य-रु. ४०।-; चित्र-शान्ता हिताङ; सम्पादन-शाश्वत पराजुली ।

पाँच बालकथा । शीर्षक-'दसैँ, पिङ र हात्ती', उनीहरूको टारी खेत, 'मोहन, सोहन र कछुवा, एक विद्या चौध चतुऱ्याइँ, फूलको राजा । यस सङ्ग्रहका कथाले सामूहिक भावना र सिर्जनात्मकताका पक्षमा बालबालिकालाई डोऱ्याउन खोजेका छन् । बालबालिकाका अतिरिक्त कथामा हात्ती, कछुवाजस्ता पशु तथा फूलहरूलाई पात्रका रूपमा प्रस्तुत गरिएको छ । कथाले विद्यालयहरूमा विज्ञान प्रदर्शनी, हाजिरीजवाफ प्रतियोगिताजस्ता सिर्जनात्मक कार्यहरू गरेर विद्यार्थीलाई अभिप्रेरित गर्नुपर्ने सन्देश पनि दिएको छ । कथामा थोरै पात्र, रोचक संवाद, सरल र छोटा वाक्य तथा रोचक प्रस्तुति पाइन्छ ।

## कमल निओल

### *१. बहादुर गाउँ - थवाङ*

प्रकाशक-जनशिक्षा विभाग, भेरी कर्णाली स्वायत्त गणतन्त्र सरकार; मुद्रक-जनदिशा अफसेट प्रेस, सुर्खेत रोड, नेपालगञ्ज; पहिलो संस्करण-२०६३ असोज, पृष्ठ-४३+९=५२, मूल्य-रु. २०।-; चित्र-आर.के. ।

चौध बालकथा । शीर्षक-गजेको बजार भ्रमण, वनको भेला र बाघ, घुघुतीको सन्देश, भियतनामी युद्ध, अल्छिनी आमैको कथा, बुडाको उड्ने रहर, बुद्धिमान सुगा, बहादुर गाउँ थवाङ, बुढो दमाई र बाहुन बाजे, औँसेलाई परेको अन्याय, फटाहाको फटचाइ, निर्मलाको अठोट, गाउँको कथा, धमिराको घर । नेकपा (माओवादी) ले चाहेको नयाँ सत्ता निर्माणको क्रममा यो पुस्तक तयार गरिएको हो । सङ्ग्रहका कथाहरूमध्ये *भियतनामी युद्ध, बुद्धिमान सुगा, बहादुर गाउँ - थवाङ, निर्मलाको अठोट* र *गाउँको कथा* युद्धकै सेरोफेरोमा केन्द्रित छन् । अन्य

बालकथाहरूमध्ये *अल्छिनी आमैको कथा* र *फटाहाको फटचाई* लोककथामा आधारित कथा हुन् । अन्य कथाहरूले पनि शोषण, अन्याय, अत्याचारविरुद्ध एक भएर प्रतिकार गर्न उत्प्रेरित गर्छन् । *घुघुतीको सन्देश*को प्रस्तुति कवितात्मक छ भने *भियतनामी युद्ध* संरचनाका दृष्टिले कथा नभएर निबन्धजस्तो भएको छ ।

"हाम्रा साना नानीबाबुहरू जो प्राथमिक स्तरका छन्, तिनीहरूले अझै पनि यथार्थ जीवनलाई छुने कयौं कथाहरू पढ्न पाएका छैनन् । बरु रहस्यमय, अन्धविश्वास र उडन्ते कथाहरू पढ्नु परेर भविष्यको जीवन गन्जागोल बनाउनमा नकारात्मक भूमिका खेलेको छ । त्यसैलाई मध्यनजर गर्दै यो सङ्ग्रह तयार गर्ने प्रयास गरिएको छ ।" (लेखकीय, *आफ्ना छोटा कुरा*)

"...नयाँ जनसत्ता स्थापनासँगै आधारइलाकाभित्र जनताका छोराछोरीलाई जनशिक्षा प्रदान गर्न जनशिक्षालयहरू स्थापना गरिएका छन् । जनशिक्षालयमा आवश्यक पर्ने कक्षा १ देखि ३ सम्मका पाठ्यपुस्तक निर्माण गरिसकिएको छ । प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाहरूलाई उनीहरूको मनोविज्ञान बुझी बालबालिकाहरूमा द्वन्द्वात्मक भौतिकवादी ढङ्गले सोच्ने, अन्धविश्वासबाट मुक्त गराउने र उनीहरूलाई इमानदार स्वाभिमानी बनाउन थप अतिरिक्त आवश्यकता छ ।" (प्रकाशकीय, *जनशिक्षा विभागका तर्फबाट...*)

## कमलप्रसाद शर्मा

### *१. बालकथासङ्ग्रह (भाग-१)*

प्रकाशक-रत्न पुस्तक भण्डार; मुद्रक-दि कमर्सियल प्रिन्टिङ वर्क्स, वाराणसी; पहिलो संस्करण-२०२२, पृष्ठ-? मूल्य-?; चित्र-अनुल्लिखित ।

बाइस बालकथा । शीर्षक-हीरा र नीरा, रामुको गुड्डी, राती र स्याल, रेलगाडी हेरौँ, जादूगर सिङ्प्याङ, पहाडमा खेलकुद, मुन्नामुन्नी, छोराको जिद्दी, आमालाई खुब छकायौँ, मेलाको रमाइलो, परीकी रानी, समुद्रको किनारा, कारखाना, रामु र मुन्नी, जन्मदिन, कमिनी सुगा, डिगडाग, लुकामारी, बोराको खेल, कुत्ताले बचायो, बरफको खेल, गरीजमा राइस ।

सङ्ग्रहका बालकथाहरू उपजीव्य स्रोतमा आधारित हुन् । कथाहरूमा मानिस र पशुपक्षी पात्रका रूपमा उपस्थित छन् । कथाहरू सन्देशमूलक छन् । तर कथाहरूमा प्रयोग भएको भाषामा हिन्दीको प्रभाव अत्यधिक भएको तथ्य एउटा कथाको शीर्षक नै *कुत्ताले बचायो* रहनुले प्रमाणित गर्छ ।

## *२. बालकथासङ्ग्रह (भाग-३)*

प्रकाशक-रत्न पुस्तक भण्डार; मुद्रक-दि कमर्सियल प्रिन्टिङ वर्क्स, वाराणसी; पहिलो संस्करण-२०२२, पृष्ठ-५७+५=६२, मूल्य-रु.१।-; चित्र-अनुल्लिखित ।

उन्नाइस बालकथा । शीर्षक-बेइमान बेपारी, कौरव पाण्डव, गौतमबुद्ध, अजन्ताको गुफा, एभरेस्ट विजय, अनौठो देश, पत्थरको कोइला, समुद्रको जीवजन्तु, ईसामसीह, रबर, कागज, राम-रावण, हाम्रो देश, गङ्गामाता, पृथ्वीनारायण शाह, मुहम्मद साहब, हुलाक घर, हवाइजहाज, दुई मूर्ख । लेखकीय र प्रकाशकीय नभएको । **बालकथासङ्ग्रह** (२) उपलब्ध हुन नसकेको । यस सङ्ग्रहका कथाहरू प्रायः उपजीव्य स्रोतका आधारमा तयार गरिएका कथा हुन् । यसमा सङ्गृहीत कथाहरू व्यक्तिको जीवनी, वस्तुहरू र घटनाका आधारमा लेखिएका छन् । केही कथाहरू भने स्थानका बारेमा लेखिएका छन् । कथापछि कथासम्बन्धी प्रश्न पनि राखिएका छन् । कथाहरू सरल छन् ।

## *३. काँक्रो र बूढीको नाक*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-नेपाल टाइम्स प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५८, पृष्ठ-३२, मूल्य-रु.२५।-; चित्र-वासु क्षितिज; सम्पादन-शाश्वत पराजुली ।

पन्ध्र बालकथा । शीर्षक-रामु र रूपेश, डिङ-डिङ, जन्मदिन, लुकामारी, बोराको खेल, कुकुरले बचायो, बरफको खेल, कारखाना, समुद्रको किनार, अलाद्दीन-१, अलाद्दीन-२, काँक्रो र बूढीको नाक, सुनको फूल, दुई मूर्ख, स्याल र अङ्गुर । यस सङ्ग्रहका कथाहरू आकारका दृष्टिले अत्यन्त साना भए पनि यसले बालबालिकालाई जीवनोपयोगी सन्देश दिएका छन् । *रामु र रूपेश*, *समुद्रको किनार*जस्ता कथामा भने कथानकको अभाव देखिन्छ । कथामा बालबालिका र पशुपक्षीहरूलाई पात्र बनाइएको छ । कथाले मनोरञ्जन दिने प्रयास पनि गरेको छ । केही कथा उपजीव्य स्रोतका आधारमा लेखिएका छन् ।

## *४. फुच्चे खरायो*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-नेपाल टाइम्स प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५८, पृष्ठ-३२, मूल्य-रु.३०।-; चित्र-सुनिल थापा; सम्पादन-शाश्वत पराजुली ।

सत्र बालकथा । शीर्षक-स्याल र त्यसको पुच्छर, परेवा र ब्याधा, स्याल र काग, चलाख बाखो, फुच्चे खरायो, भेडाको पाठो र स्याल, फ्याउरो र बाखो, सबै काम लाग्ने हुन्, सिंहको छालामा गधा, तिर्खाएको काग, स्याल र सारस, बूढो सिंह र स्याल, घमन्डी काग, कुकुर र त्यसको छाया, सारस र ब्वाँसो, एक वस्तुमा धेरैको आशा, सिंह र मुसा । पञ्चतन्त्र र नीतिकथाको पुनकर्थन । यस सङ्ग्रहका केही कथा **पञ्चतन्त्र**का कथाहरूमा आधारित छन् भने केही कथा नीतिकथा हुन् । कथाहरूमा पशुपंक्षी पात्रका रूपमा प्रस्तुत छन् । सरल र सरस भाषाशैलीमा लेखिएका यी बालकथाहरू सन्देशमूलक र जीवनोपयोगी देखिन्छन् ।

### *५. सीमाको सुगा*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-नेपाल टाइम्स प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५९, पृष्ठ-३२, मूल्य-रु.३५।-; चित्र-वासु क्षितिज; सम्पादन-शाश्वत पराजुली ।

पन्ध्र बालकथा । शीर्षक-हीरा र नीरा, रामुको चङ्गा, रूपा र स्याल-१, रूपा र स्याल-२, रेलगाडी हेर्‍यौं, जादुगर सिङ-स्याङ, पहाडमा खेलकुद, उमङ्ग र उषमा, जनकको जिद्दी, आमा रिसाउँदा, मेलाको रमाइलो, परीकी रानी, सीमाको सुगा, खरायो र कछुवा, नीलो स्याल । यी कथाहरू पुनर्कथन गरिएका कथा हुन् । *खरायो र कछुवा, नीलो स्याल*जस्ता कथा लोककथाका आधारमा पुनर्कथन गरिएका हुन् । कथाहरू सन्देशमूलक हुनुका साथै रोचक पनि छन् । आकारमा साना यी बालकथामा छोटा र सरल-सरस वाक्य प्रयोग गरिएको छ । सङ्ग्रहले नैतिक शिक्षा दिन खोजेको छ ।

## कमला कुँवर

### *१. चराहरूको मेलमिलाप*

प्रकाशक-वनिता प्रकाशन, विराटनगर; मुद्रक-बगलामुखी अफसेट प्रेस, ललितपुर; पहिलो संस्करण-फागुन २०६०, पृष्ठ-२४, मूल्य-रु.१८।-; चित्र-गेहेन्द्र अमात्य ।

पाँच बालकथा । शीर्षक-चराहरूको मेलमिलाप, सुखको फल, बोलीवचनको महिमा, गरिबको भाग्य, न्यान्सी र दीपा । सङ्ग्रहका बालकथाहरू सङ्क्षिप्त र सरल हुनाका साथै सन्देशमूलक पनि छन् । बूढा आमाबालाई आदर र सुख दिनुपर्ने, दुःखीको सेवा गर्नुपर्ने, मीठो बोलीवचनबाट मानिस समाजमा राम्रो मानिने, पाएको अवसरलाई उपयोग गरिहाल्नुपर्ने, अरूलाई हेप्न नहुनेजस्ता

सन्देश यी कथाहरूमा पाइन्छन् । सवैभन्दा अन्तिम कथाले कुकुरको कर्तव्यपरायणतालाई देखाउँदै पशुप्रति राख्नुपर्ने स्नेहको वकालत गरेको छ । कथाहरू सरल छन् तर भाषाशैली प्रभावकारी हुन सकेको छैन । साथै उपदेशात्मकता र अन्धविश्वास पनि कथामा पाइन्छन् ।

## कल्पना प्रधान

### *१. अर्थ न बर्थका कुरा (सङ्कलन/सम्पादन)*

प्रकाशक-बालसाहित्य प्रकाशन, काठमाडौँ; मुद्रक-राजेश प्रिन्टिङ वर्क्स, वाराणसी, भारत; पहिलो संस्करण-२०३७, पृष्ठ-२२+२=२४, मूल्य-रु.२।५०; चित्र-अनुल्लिखित ।

तीन बालकथा । शीर्षक-अर्थ न बर्थका कुरा, विजय र राक्षसनी बूढी, ढुङ्गाका दुई मूर्ति । यी बालकथाहरू लोककथाका आधारमा पुनर्कथन गरिएका कथा हुन् । नचाहिँदा काम गर्नुहुन्न, ठूलाले भनेको मान्नुपर्छ, साहस र दृढता भए जस्तोसुकै अप्ठ्यारो र जोखिमपूर्ण काममा पनि सफलता पाइन्छ भन्ने सन्देश यस सङ्ग्रहका बालकथाहरूले दिन्छन् । कथाहरूमा प्रयुक्त भाषाशैली सरल र रोचक छ ।

### *२. हीरा र मोती (सङ्कलन/सम्पादन)*

प्रकाशक-बालसाहित्य प्रकाशन, काठमाडौँ; मुद्रक-दीपक प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-अनुल्लिखित, पृष्ठ-१६+४=२०, मूल्य-रु.२।-; चित्र-अनुल्लिखित ।

दुई बालकथा । शीर्षक-हीरा र मोती, सुनको थैलो । लोककथालाई पुनर्कथन गरी लेखिएका यी कथाहरू रोचक र शिक्षाप्रद छन् ।

### *३. रूपैयाँ फल्ने रूख (सङ्कलन/सम्पादन)*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-दीपक प्रेस, वाराणसी, भारत; संस्करण-२०४४, पृष्ठ-१८+६=२४, मूल्य-रु.५।-; चित्र-अनुल्लिखित ।

चार कथा । शीर्षक-दयालु परी, योग्यताको जाँच, कहिल्यै नअस्ताउने सूर्य, रुपियाँ फल्ने रूख । बाहिरी पृष्ठमा पुस्तकको नाम **रूपैयाँ फल्ने रूख** भएकोमा भित्री पृष्ठमा **रुपियाँ फल्ने रूख** छापिएको । मदन पुरस्कार पुस्तकालयको सूचीमा पहिलो संस्करण २०३४ भनी उल्लिखित । प्रकाशक बालसाहित्य प्रकाशन ।

## ४. *खिच्रीमिच्री*

प्रकाशक-प्राथमिक सामग्री एकाइ; मुद्रक-इन्दु छापाखाना (प्रा.) लि., ललितपुर; पहिलो संस्करण-२०४४, पृष्ठ-२७+३=३०, मूल्य-अनुल्लिखित; चित्र-धीरेशकुमार दहाल ।

सात बालकथा । शीर्षक-प्रभाको इच्छा, अर्काको भलो गर्ने परेवाको जोडी, लोभी भ्रिङ्गो, प्रभाको पाठशाला, भगवान र पूजा, धाकभन्दा धक्कु ठूलो, अर्ति नमान्ने बच्चो । लेखकीय र प्रकाशकीय नभएको । यस सङ्ग्रहका बालकथाहरूले बालमनोभावका अतिरिक्त अर्काको उपकार गर्नुपर्ने, लोभ गर्न नहुने, धाक लगाउन नहुने, ठूलाले भनेको मान्नुपर्ने, सिक्न चाहनेले जहाँबाट जसरी पनि सिक्छन्-पढ्छन् भन्ने सन्देश दिन्छन् ।

## ५. *अपरा*

प्रकाशक-प्राथमिक सामग्री एकाइ; मुद्रक-इन्दु छापाखाना (प्रा.) लि., ललितपुर; पहिलो संस्करण-२०४५, पृष्ठ-२८+४=३२, मूल्य-अनुल्लिखित; चित्र-धीरेशकुमार दहाल ।

छ बालकथा । शीर्षक-दुई गरिब मित्र, मिहिनेती रामु, कागती राजा, वीरबहादुर, अपरा, गुरुदक्षिणा । लेखकीय र प्रकाशकीय दुवै नभएको । यस सङ्ग्रहका बालकथाहरूले आपसी सहयोग, मिहिनेत, इमानदारी र धर्मका पक्षमा तथा घमन्ड, पाप र शत्रुताका विपक्षमा वकालत गरेका छन् । दुई *गरिब मित्र*को प्रस्तुतिमा नयाँपन छ र हाम्रो आफ्नै गाउँघरको वर्णनले त्यस कथालाई यथार्थसँग बढी नजिक तुल्याएको छ । कथाको भाषाशैली सरल र मीठो छ ।

## ६. *खरायो र उसको छायाँ*

प्रकाशक-प्रतीक प्रकाशन, काठमाडौँ; मुद्रक-प्रतिबोध प्रिन्टिङ प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०४७, पृष्ठ-१०, मूल्य-रु.२।५०; चित्र-अनुल्लिखित ।

एउटै बालकथा । **खरायो र उसको छायाँ**मा आफ्नै छायाँबाट लखेटिएको भ्रममा खरायो छायाँलाई आफूबाट अलग गर्न अनेकन् उपाय गरे पनि असफल भएको कथा छ । कथाको अन्त्यमा आफ्नो साथी लाटोकोसेरोको भनाइलाई स्वीकार गरेर खरायोले छायाँलाई साथी ठान्छ र भ्रमबाट मुक्त हुन्छ । कथाले राम्रो मनोरञ्जन दिन्छ र प्रस्तुति अत्यन्त मीठो छ । यो कृति वि.सं. २०६३

साउनमा सर्जक प्रकाशन, काठमाडौँद्वारा **खरायो र छायाँ** शीर्षकमा बालउपन्यास भनी पुनः प्रकाशित भएको छ । प्रकाशकीयमा "पुनर्लेखन, थपघट, आवश्यक संशोधन र सम्पादन साथ बिल्कूल नयाँ रूपमा, एक किसिमले रिमिक्स गरी" प्रकाशित गरिएको उल्लेख छ ।

### ७. *दयालु परी*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-गोपाल प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-२०५२, पृष्ठ-२८, मूल्य-अनुल्लिखित; चित्र-तुलसी अर्याल ।

पाँच बालकथा । शीर्षक-दयालु परी, गुरुदक्षिणा, योग्यताको जाँच, ढाँट्ने बानी, पवित्र भावना । यस सङ्ग्रहका कथाहरूमध्ये *दयालु परी* र *योग्यताको जाँच* **रुपियाँ फल्ने रूख**मा र *गुरुदक्षिणा* **अपरा**मा पहिले प्रकाशित भइसकेका कथा हुन् । यसका कथाहरूले सबैप्रति दयाभाव राख्नुपर्ने, ढाँट्ने बानीबाट समस्या आइपर्ने, अर्काका लागि केही गर्न पाउँदा मानिस आफैँ पनि सुखी हुनपुग्ने यथार्थलाई दर्शाएका छन् । कथाहरूले ज्ञानका साथै मनोरञ्जन पनि दिन्छन् । कथाले विद्यार्थी-गुरुबीचको सम्बन्धलाई पनि चित्रण गरेको छ । कथाको प्रस्तुति सरल र सहज छ ।

### ८. *शोकाकूल ढुङ्गाहरू*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-गोपाल प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-२०५२, पृष्ठ-३२, मूल्य-रु.१५।-; चित्र-तुलसी अर्याल ।

पाँच बालकथा । शीर्षक-शोकाकूल ढुङ्गाहरू, मरिमिच्चेको चलाखी, घोडाको मोल, सुनजस्तो दूध, सुगालाई किन घोकन्ती हुनुपर्‍यो ? । यस सङ्ग्रहमा पनि बालबालिकाले रुचाउने विविध विषयवस्तुहरू समेटिएका छन् । कथाहरूले बलभन्दा बुद्धि ठूलो हुन्छ, काम गर्दा विचार पुर्‍याउनुपर्छ र विनापरिश्रम र मिहिनेत केही पनि प्राप्त हुँदैन भन्ने शिक्षा दिन्छन् । कथा उनका पूर्ववर्ती बालकथासङ्ग्रहभैँ सरल र सरस भाषाशैलीमा लेखिएको छ ।

### ९. *सुनचाँदीको बालक*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-गोपाल प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-२०५३, पृष्ठ-३२, मूल्य-अनुल्लिखित; चित्र-? ।

चार बालकथा । शीर्षक-सुनचाँदीको बालक, आगोको ज्वाला, खरायो र उसको छायाँ, माला । लेखकीय र प्रकाशकीय नभएको । यसमा भएका कथाहरूमध्ये *खरायो र उसको छायाँ* छुट्टै कृतिको रूपमा प्रकाशित भइसकेको छ । *आगाको ज्वाला* पौराणिक कथामा आधारित छ र यसले घमन्डभन्दा नम्रता ठूलो हुन्छ भन्ने कुरालाई बालबालिकासमक्ष पुऱ्याउन खोजेको छ। ईर्ष्याले आफैंलाई नोक्सान पुऱ्याउने कुरा *सुनचाँदीको बालक*को कथानक हो । *माला* कथामा अहिले नेपाली समाजमा विद्यमान चेलीबेटी बेचविखनको समस्यालाई विषय बनाइएको छ तर यो संरचनाका दृष्टिले कथाजस्तो नभएर वर्णनात्मक हुन पुगेको छ ।

## *१०. घोडाको मोल*

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०५४, पृष्ठ-२६+६=३२, मूल्य-रु.२३।-; चित्र-गेहेन्द्रमान अमात्य; आवरण-टेकवीर मुखिया ।

चार बालकथा । शीर्षक-घोडाको मोल, मरिमिच्चेको चलाखी, सुनचाँदीको बालक, सुनजस्तो दूध । यस सङ्ग्रहका सबै कथाहरू पहिले अन्य कथासङ्ग्रहमा प्रकाशित भइसकेका हुन् । *घोडाको मोल, मरिमिच्चेको चलाखी* र सुनजस्तो दूध **शोकाकूल ढुङ्गाहरू** शीर्षक बालकथासङ्ग्रहमा र *सुनचाँदीको बालक* सोही शीर्षकको बालकथासङ्ग्रहमा प्रकाशित भएको देखिन्छ ।

## *११. बीनाको बर्थ-डे*

प्रकाशक-वाणी प्रकाशन, विराटनगर; मुद्रक-साझा प्रेस सहकारी संस्था लि., काठमाडौँ; पहिलो संस्करण-२०५५ भाद्र, पृष्ठ-२४, मूल्य-रु.२५।-; चित्र-अनुल्लिखित ।

पाँच मौलिक बालकथा । शीर्षक-म फेरि फर्कन्छु, फूलको आतङ्क, सौर्य ऊर्जा र गोपाल, मामाघरबाट फर्कँदा, बीनाको बर्थ-डे । यस सङ्ग्रहका बालकथाहरूमा बालबालिकाहरूको आफ्नै किसिमका मनोविज्ञान, तिनका रहस्यात्मकता र रोचकता, साहसिकपन, वातावरणप्रतिको संचेतना आदि विषयहरू प्रभावकारी किसिमले सन्देशात्मक रूपमा प्रस्तुत भएका छन् । आठ-दस बर्षका बालबालिकाहरूको स्तरलाई विचार गरी प्रस्तुत भएका यी ...बालकथाहरूको पाँच किसिमका अलग विषयवस्तुहरू रहेका भए तापनि यी सबैले समसामयिक

विश्वसन्दर्भ, आधुनिक जीवनका रङ्गहरू, विश्व वातावरणको संचेतनालाई पनि लोकजीवनमा आधारित गरी आकर्षक रूपमा प्रस्तुत गरेका छन् ।

### *१२. दाउरेको छोरो*

प्रकाशक-वाणी प्रकाशन, विराटनगर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५६ मङ्सिर, पृष्ठ-२२+४=२६, मूल्य-रु.२०।-; चित्र-गेहेन्द्र अमात्य ।

पाँच बालकथा । शीर्षक-बुद्धिसागरको डायरी, सर्वमान्यको बुद्धि, आगोको ज्वाला, दाउरेको छोरो, अन्तिम इच्छा । यस सङ्ग्रहका बालकथाहरूमध्ये *दाउरेको छोरो* अमेरिकी राष्ट्रपति अब्राहम लिङ्कनको जीवनमा आधारित छ । एउटा सामान्य व्यक्ति कसरी राष्ट्रपतिको उच्च पदसम्म पुगे भन्ने कुरा यसमा प्रस्तुत छ । *आगोको ज्वाला* शीर्षकको कथा भने यसअघि **सुनचाँदीको बालक**मा प्रकाशित भइसकेको देखिन्छ । अन्य कथाहरू लोककथाका आधारमा लेखिएका हुन् र यी कथाले पैसा सबैथोक होइन, घमन्डी हुनुहुन्न, बुढापाकाको अनुभवबाट सिक्नुपर्छ, विनम्रता महत्त्वपूर्ण गुण हो र आफूभन्दा ठूलाले भनेको मान्नुपर्छ भन्ने सन्देश दिन्छन् ।

### *१३. मामाको बिहे*

प्रकाशक-वाणी प्रकाशन, विराटनगर; मुद्रक-टाइम प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०५८ माघ, पृष्ठ-१२+४=१६, मूल्य-रु.३०।-; चित्र-अरूण सिंह ।

पाँच बालकथा । शीर्षक-मामाको बिहे, अमितको सपना, फर्सीचोर, सहनशीला प्रिया, बादल साथी । यस सङ्ग्रहका बालकथाहरू मौलिक कथा हुन् । पहिलो कथा कथानकविहीन भए पनि रोचक र ज्ञानवर्द्धक छ भने अन्तिम कथामा दुई बालबालिका र बादलबीचको संवादका माध्यमबाट बादल बन्ने प्रक्रियालाई स्पष्ट पारिएको छ । अन्य कथाहरूले देश र जनहितका काम गर्नुपर्छ, चोरी गर्नुहुन्न र बालबालिकाप्रति गरिने व्यवहार राम्रो हुनुपर्छ भन्ने सन्देश दिएका छन् । कथाहरू रोचक र रमाइला छन् । भाषा सरल छ ।

### *१४. हिमकन्या*

प्रकाशक-वाणी प्रकाशन, विराटनगर; मुद्रक-टाइम्स प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०५८ माघ, पृष्ठ-१२+४=१६, मूल्य-रु.३०।-; चित्र-अरूण सिंह ।

तीन बालकथा । शीर्षक-महारानीको जय, हिमकन्या, चमत्कारपूर्ण ढुङ्गेबत्ती । यी कथाहरू लोककथाका आधारमा पुनर्कथन गरिएका हुन् । धनभन्दा बुद्धि ठूलो हुन्छ, घमन्ड गर्नुहुँदैन र आमाबाबुप्रतिको कर्तव्यलाई बिर्सन हुँदैन भन्ने शिक्षा दिने यी बालकथाहरू विषयका दृष्टिले उपयोगी, भाषाका दृष्टिले सरल र शैलीका दृष्टिले रोचक छन् ।

## कविताराम श्रेष्ठ

### *१. बुद्धिबङ्गाराको फोन (खण्ड-१)*

प्रकाशक-सिर्जनशील प्रकाशन, काठमाडौँ; मुद्रक-इन्द्रेणी अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-मङ्सिर २०५८, पृष्ठ-३५+१=३६, मूल्य-रु.१८।-; चित्र-सङ्गी श्रेष्ठ; आवरण-के.के.कर्माचार्य ।

पाँच बालकथा । शीर्षक-भूतले नै खुट्टा टोकेको हो त ?, औँसीपूर्णे र बोक्सी लाग्ने कुरा साँचो हो त, पहिलो महिनावारी हुँदा बिछट्टै लाज लाग्यो, दिदीलाई एड्स भएछ के गर्ने ?, आफू त रूघाखोकीले सिकिस्त छु । यी बालकथाहरू संवादका माध्यमबाट प्रस्तुत भएका छन् । त्यसैले यिनलाई संवाद कथा भन्न सकिन्छ । स्वास्थ्यविज्ञानसम्बन्धी कथाहरू भएकाले यी अत्यन्त उपयोगी देखिन्छन् । सरल भाषाशैलीमा कथा लेखिएकाले बालबालिकाले सजिलै बुझ्न सक्छन् । समाजमा हुने घटनाका आधारमा कथानकलाई प्रभावपूर्ण र रसिलो बनाइएको छ । कथाहरूमा प्राविधिक शब्दहरूको प्रयोग गरिए पनि त्यसलाई सरल र सहज बनाउने लेखकको प्रयास देखिन्छ ।

### *२. बुद्धिबङ्गाराको फोन (खण्ड-२)*

प्रकाशक-सिर्जनशील प्रकाशन, काठमाडौँ; मुद्रक-इन्द्रेणी अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-मङ्सिर २०५८, पृष्ठ-३६, मूल्य-रु.१८।-; चित्र-सङ्गी श्रेष्ठ; आवरण-के.के.कर्माचार्य ।

पाँच बालकथा । शीर्षक-दिदीबहिनी दुबैको दाँत दुख्छ, ज्वरोले थलो परियो है, कुन कुन रोग सरुवा हो जान्नैपर्छ, चुरोटको कुलतले गर्नु गऱ्यो, रक्सीको लत लागेकालाई परिवारको सहयोग चाहिन्छ । स्वास्थ्यविज्ञानसम्बन्धी कथाहरू । यो सङ्ग्रह पनि **बुद्धिबङ्गाराको फोन** शृङ्खलाको दोस्रो भाग हो । यसमा पनि प्रारम्भिक स्वास्थ्यउपचारको विधिलाई अत्यन्त उपयोगी ढङ्गबाट संवादका

माध्यमबाट प्रस्तुत गरिएका छन् । बालबालिकाका लागि विषय त उपयोगी छँदैछ, भाषाशैली पनि आकर्षक छ ।

### *३. बुद्धिबङ्गाराको फोन (खण्ड-३)*

प्रकाशक-सिर्जनशील प्रकाशन, काठमाडौँ; मुद्रक-इन्द्रेणी अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-मङ्सिर २०५८, पृष्ठ-३६, मूल्य-१८।-; चित्र-सङ्गी श्रेष्ठ; आवरण-के.के.कर्माचार्य ।

पाँच बालकथा । शीर्षक-सपनीमा पानीको भूत देखियो, जुकाले जण्डिसै भएछ, बहिनी आगोमा परिन्, झाडापखालाले भाइको ज्यान झण्डै गएको, शिशुलाई सक्दो धेरै थरीको खाना खुवाउनुपर्ने रहेछ । यो सङ्ग्रह पनि **बुद्धिबङ्गाराको फोन** शृङ्खलाको तेस्रो भाग हो । यसमा पनि प्रारम्भिक स्वास्थ्यउपचारको विधिलाई अत्यन्त उपयोगी ढङ्गबाट संवादका माध्यमबाट प्रस्तुत गरिएका छन् । बालबालिकाका लागि विषय त उपयोगी छँदैछ, भाषाशैली पनि आकर्षक छ ।

## कार्तिकेय घिमिरे

### *१. बुद्धिमान छोरी*

प्रकाशक-ज्वाला माध्यमिक विद्यालय, कालिमाटी, काठमाडौँ; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५३, पृष्ठ-१६+४=२०, मूल्य-रु.२५।-; चित्र-ज्वाला माध्यमिक विद्यालयका विद्यार्थीहरू ।

चार बालकथा । शीर्षक-एउटा राक्षसको टाउको, चार भाइको कथा, दुःखीको दैव सहारा, चलाख केटो । शिक्षा र मनोरञ्जन दुवै प्रदान गर्ने यस सङ्ग्रहका बालकथाहरू आकारका दृष्टिले छोटा छन् । कथाहरूले साहस, मित्रता, चलाखीलाई विषय बनाएका छन् । कथा रोचक छन् । प्रस्तुति र भाषा सरल देखिन्छ ।

### *२. मेरी सानी राधा*

प्रकाशक-जमर्को युवा समूह, हरिऔन, सर्लाही; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५६ असोज, पृष्ठ-२१+७=२८, मूल्य-रु.१०।-, संस्थागत रु.२५।-; चित्र-सुमन महर्जन ।

एघार बालकथा । शीर्षक-बाग्मती खोला नजानु होला, ठूली कान्छी दिदी, पुरस्कार पाउँदाको मज्जा, उखु चोर पक्रेर नछोड, त्यो डरलाग्दो रात सम्झदा, मैले पूजा गरेकी फुच्ची, मेरी सानी राधा, बैगुनीलाई गुनले जित्यो, नक्कलको

पापड खायो झापड, आमाको आँसुले पढाएको पाठ, नमच्चिने पिङको सय झड्का ।

यस बालकथासङ्ग्रहका कथाहरूले ठूलाले भनेको मान्नुपर्छ, असहायलाई दयामाया गर्नुपर्छ, नराम्रो सङ्गत गर्नुहुन्न, आत्मविश्वासबाट सफलता प्राप्त हुन्छ भन्ने सन्देश दिएका छन् । कतिपय कथाको शीर्षक नै उखानटुक्का नै राखिनाले बालबालिकाका लागि अझ रोचक हुन पुगेका छन् । कथा बालोपयोगी छन् । कथाहरू संस्मरणात्मक शैलीमा लेखिएका छन् ।

## *३. फुच्चे बन्यो राजा*

प्रकाशक-जमर्को युवा समूह, सर्लाही; मुद्रक-लुष प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५६, पृष्ठ-३०+३=३२, मूल्य-रु.१५।-; चित्र-राकेश महर्जन ।

दस बालकथा । शीर्षक-धर्म गर्न खोज्दा भयो महापाप, धैर्यको फल, हामी सबै हामी, सबभन्दा ठूलो के, फुच्चे बन्यो राजा, लुरुरु र फुरुरु, अचम्मको घडी, पिरीरीको देशप्रेम, अल्छी पऱ्यो बल्छीमा, दुःख पाइस् मङ्गले आफ्नै ढङ्गले । यसमा सङ्कलित कथाहरूमध्ये केही विभिन्न लोककथाका आधारमा पुनःसिर्जन गरिएका हुन् भने केही कथा सामाजिक परिवेशका घटनाहरूलाई लिएर रचना गरिएका हुन् । यसमा भएका कथाहरूले छोराछोरीबीचकको मतभेदबाट सिर्जित समस्याका अतिरिक्त धैर्यताको जीत हुने, आपसी झगडाबाट अरूलाई फाइदा हुने र सहिदबाट सिक्नुपर्ने शिक्षा प्राप्त हुन्छन् । यस सङ्ग्रहका केही कथाको शीर्षक उखानटुक्का राखिएका छन् । कथाहरू सरल र सहज भाषाशैलीमा लेखिएका छन् ।

## *४. भ्यागुताको प्रजातन्त्र*

प्रकाशक-केटाकेटी नेपाल, काठमाडौँ; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५८ (निरन्तर प्रंकाशन); दोस्रो संस्करण २०६१, पृष्ठ-२४+४=२८, मूल्य-रु.२०।-; चित्र-शान्ता हिताङ ।

आठ बालकथा । शीर्षक-साथी, दिदीको माया, सबैको रगत रातो, नयाँ जीवन, भ्यागुतोको प्रजातन्त्र, मनको मन्दिर, तिमी देवी हौ सुषमा, दसैँ । सङ्ग्रहका बालकथाहरू मौलिक बालकथा हुन् । यी कथाहरूले साथीबीचको प्रेम, सहयोगी भावना, शिक्षा, जनताप्रति समान व्यवहार, असहायको सेवालगायतलाई कथाको विषय बनाएका छन् । कथाहरूले ठूलाले सानाको

हितकै लागि सल्लाह दिन्छन्, दुःख परेको बेला दुश्मनलाई पनि सहयोग गर्नुपर्छ, बूढापाका, अन्धा, अपाङ्ग र असहायलाई सेवा गर्नुपर्छ भन्ने सन्देश दिन्छन् । *दसैं* शीर्षक कथाले दसैंका नाममा देखिएका विकृतिलाई स्पष्ट पार्दै दसैं आशिर्वाद थाप्ने पर्वको रूपमा मनाउनुपर्नेमा जोड दिएको छ । कथाहरूको भाषा सरल, शैली स्पष्ट र प्रस्तुति रोचक छ । साझा प्रकाशनबाट २०६२ सालमा यो कृति पहिलो संस्करण भनी प्रकाशित भएको छ, तर वास्तवमा यो यस कृतिको तेस्रो संस्करण हो ।

## ५. *सुगा बन्यो राजा*

प्रकाशक-बालपत्रकारिता तथा बालसाहित्य पुरस्कार समिति, नेपाल; मुद्रक-लुष प्रेस, काठमाडौं; पहिलो संस्करण-२०५८, पृष्ठ-१८+६=२४, मूल्य-रु.१२।-; चित्र/आवरण-शान्ता हिताङ ।

एउटा बालकथा । यस सङ्ग्रहमा रहेको बालकथा लोककथामा आधारित छ । कथा सन्देशमूलक रहेको छ । भाषा सरल देखिन्छ ।

## ६. *बालदिवस*

प्रकाशक-नेपाल बाल संगठन, केन्द्रीय कार्यसमिति, काठमाडौं; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०६० भदौ, पृष्ठ-५०, मूल्य-रु.५१।-, संस्थागत-रु.१५१।-; चित्र-अनुल्लिखित; भाषा-नेपाली र अङ्ग्रेजी; अनुवाद-विक्रम सुब्बा (तेज) ।

छ बालकथा । शीर्षक-नयाँ जीवन, बालदिवस, भाइटीका, एकता, साँच्चैको हीरो, कान्छी । यस सङ्ग्रहका बालकथाहरू बालअधिकारसँग सम्बन्धित छन् । बालबालिकाले पढ्न पाउनुपर्छ, काम गर्न राखिएका केटाकेटीलाई पढाई दिनुपर्छ, सडकमा बाँच्न विवश बालबालिकालाई माया र सहयोग गर्नुपर्छ, भन्ने भावमा केन्द्रित सङ्ग्रहका बालकथाहरू थोरै र बालपात्रपात्रा, मीठा-छोटा संवाद र सरल भाषाशैलीका कारण अझ विशिष्ट हुन पुगेका छन् । सङ्ग्रहका कथामध्ये *नयाँ जीवन* **भ्यागुतोको प्रजातन्त्र**मा प्रकाशित भइसकेको हो ।

## ७. *परीको कल्पना*

प्रकाशक-बालपत्रकारिता तथा बालसाहित्य पुरस्कार समिति, नेपाल; मुद्रक-हिसि अफसेट प्रिन्टर्स, काठमाडौं; पहिलो संस्करण-२०६० भदौ, पृष्ठ-१७+७=२४,

मूल्य-रु.१२।-, संस्थागत-रु.५१।-; चित्र/आवरण-शान्त हिताङ ।

छ बालकथा । शीर्षक-परीको कल्पना, नयाँ वर्ष, चितीले खेल्यो होली, पिरीरीको देशप्रेम, राजन माया नमार है !, बिदाको बेला । यस सङ्ग्रहका बालकथाहरूले बुढाबुढीहरूलाई सम्मान गर्नुपर्छ, सबैप्रति समान व्यवहार गर्नुपर्छ, बिदाको सदुपयोग गर्नुपर्छ र जुक्तिले जस्तोसुकै काम पनि पूरा गर्न सकिन्छ भन्ने सन्देश दिएका छन् । विषयवस्तु र शैलीका हिसाबले कृति बालबालिकाका लागि रोचक र उपयोगी छ ।

## काननलाल शर्मा

### *१. नानीका कथाहरू*

प्रकाशक-प्राथमिक सामग्री एकाइ, भक्तपुर; मुद्रक-इन्दु छापाखाना प्रालि, ललितपुर; पहिलो संस्करण-२०४५, पृष्ठ-१८+२=२०, मूल्य-अनुल्लिखित; चित्र-श्यामलाल श्रेष्ठ ।

पाँच बालकथा । शीर्षक-फोस्रो धक्कु, कपटी मन, मिलेर बसौं, ढिपी, सत्यको मीठो फल । लेखकीय र प्रकाशकीय नभएको । यी कथाहरू लोककथाका आधारमा लेखिएका हुन् । शिक्षाप्रद यी बालकथाहरूले बालबालिकाहरूलाई अनावश्यक धाक लगाउने प्रवृत्ति राम्रो होइन, मानिसको मन सफा हुनुपर्छ, मिलेर बस्नुपर्छ, ढिपीले फाइदा गर्दैन र सत्य कुरा बोल्नु नै मानिसका लागि लाभदायक हुन्छ भन्ने सन्देश प्रवाह गर्छन् ।

## काशीराज सुवेदी

### *१. कथाकुल*

प्रकाशक-एकता प्रकाशन, काठमाडौं; मुद्रक-मोनाज अफसेट प्रेस प्रालि, काठमाडौं; पहिलो संस्करण-२०६०, पृष्ठ-११२, मूल्य-रु.७५।-; चित्र-किशोर जोशी; सम्पादन-केशव सुवेदी ।

चौबीस बालकथा । शीर्षक-समयको गति, कृतघ्न मुसो, आफ्नै खुट्टामा बन्चरो, अरूको कुभलो चिताउँदा, ईर्ष्या, अनुभवको आयु, तिमी कस्तो छौ ?, सुनबाट फलाम, प्रयत्न, साटिएको इमान र अक्कल, संस्कारको प्रभाव, मनुष्य, महानता, नीति, इमानदारको खोज, जमाना, धैर्यको कमी, समय, समयको स्वरूप, मूल्य, साहस र जुक्ति, अनुभवको दुरुपयोग, दूधको भाषा । यस सङ्ग्रहका बालकथाहरू उपजीव्य स्रोतका आधारमा लेखिएका हुन् । कथाहरू नीतिकथाहरूबाट प्रभावित

देखिन्छन् । कथाहरूले बालबालिकालाई जीवनोपयोगी थुप्रै सन्देश दिन्छन् र सोहीअनुरूप अघि बढ्न उत्प्रेरित गर्छन् । कथाहरू सरल, सहज र स्वाभाविक छन् ।

### *२. कथाकुल (भाग-२)*

प्रकाशक-एकता प्रकाशन, काठमाडौँ; मुद्रक-मोनाज अफसेट प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०६२, पृष्ठ-८८, मूल्य-रु.५०।-; चित्र-हरिकृष्ण प्रजापति; सम्पादन-केशव सुवेदी ।

एघार बालकथा । शीर्षक-समयको गति, सपना पनि साँच्चैजस्तो, सुखी व्यक्ति, श्रम र भाग्य, मुक्ति, मतिभ्रम, सन्तानका लागि बाँच्ने धोको, कुकुरले साथी भेट्यो !, दुष्टलाई उपहार, अन्यायको सुरुआत, अरूको भलो । 'जीवनजगत्‌का रमाइला कथाहरू' भनी प्रस्तुत । लेखन/सङ्कलन भनिएको । यी कथाहरू पनि मौलिक होइनन्, विभिन्न जातक कथा र अन्य विभिन्न देशका कथाका आधारभूमिमा तयार गरिएको भन्ने कुरा स्वयम् लेखकले स्वीकारेका छन् । सबै कथा सन्देशमूलक छन् र भाषाशैली सरल र सहज भएकाले बालबालिकालाई सजिलै आकर्षित गर्छन् ।

## किरण के. भट्टराई

### *१. रमलाको जन्मदिन*

प्रकाशक-बालपत्रकारिता तथा बालसाहित्य पुरस्कार समिति, नेपाल; मुद्रक-प्रिन्टर्स वर्ल्ड, काठमाडौँ; पहिलो संस्करण-२०६०, पृष्ठ-२५+७=३२, मूल्य-रु.१२।-, संस्थागत-रु.२५।-; चित्र-शान्ता हिताङ; सम्पादन-कार्तिकेय घिमिरे ।

छ बालकथा । शीर्षक-अधिकार, रमलाको जन्मदिन, आवाज, विजय, बचत, नक्कल ।

## किशोर पहाडी

### *१. लम्लम्ती दम*

प्रकाशक-नेपाल बालसाहित्य समाज, काठमाडौँ; मुद्रक-हिसि अफसेट प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२००० मे, पृष्ठ-३२, मूल्य-रु.४०।-; चित्र-के.के.कर्माचार्य ।

छ बालकथा । शीर्षक-सुजाता र हात्ती, जाँचको औषधी, लम्लम्ती दम, टेलिभिजनको भूत, सानो भनेर हेला गर्नु हुँदैन, कुकुरको पखेटा । लेखकीय र प्रकाशकीय नभएको । सन्देशमूलक यी बालकथाहरू विषयवस्तु र भाषाशैली

दुवै दृष्टिकोणबाट बालोपयोगी हुन पुगेका छन् । मानव र मानवेतर पात्रपात्रा, संवादको उपयुक्त प्रयोग, छोटा वाक्य, सरल भाषा र मीठो प्रस्तुतिले कथालाई महत्त्वपूर्ण बनाएका छन् । कथाहरू मौलिक र मनोरञ्जनपूर्ण छन् ।

### *२. आ-आफ्नो भाग*

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०६१, पृष्ठ-१७+७=२४, मूल्य-रु.२९।-; चित्र-टेकवीर मुखिया ।

सात बालकथा । शीर्षक-मकुन्डेदाइ हराए, खरायोको मोमो, चार भाइहरू, जङ्गलको एफ.एम्., आ-आफ्नो भाग, बज्यैको ओढ्ने हरायो, खरायो र कछुवा । सङ्ग्रहका कथाहरूमध्ये *चार भाइहरू* बुल्गेरियाली कथाको अनुवाद हो भने *आ-आफ्नो भाग र खरायो र कछुवा* दुई पुराना लोककथालाई विनिर्माण गरी प्रस्तुत गरिएका कथा हुन् । विनिर्माण गरी प्रस्तुत गरिएका दुवै कथा रोचक र मनोरञ्जनपूर्ण छन् । अन्य कथा मौलिक कथा हुन् र तिनले पनि बालबालिकालाई मनोरञ्जनपूर्ण तरिकाले सन्देश दिन्छन् । कथाप्रस्तुतिको मीठो शैली पहाडीका बालकथामा पाइन्छन् । हत्या गर्नुहुन्न, वृद्धवृद्धाको सेवा गर्नुपर्छ, अर्काको दुःखमा सहयोग पुऱ्याउँदा सुखको अनुभूति हुन्छ, झगडा गर्न हुन्नजस्ता सन्देश यी बालकथाहरूमा अन्तर्निहित छन् ।

## कुमार ज्ञवाली

### *१. एक्लो बालक*

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०४३, पृष्ठ-३३+७=४०, मूल्य-रु.१०।-; चित्र-अनुल्लिखित ।

पच्चीस बालकथा । शीर्षक-वरदान, अनौठो चरा, हतपत, सुरक्षा, दुई राज्य, नियम, राजकुमार, दयालु, प्रेमी महात्मा, भस्मासुर, एक्लो बालक, परोपकारी, फकीर, बुद्धिमान्, चित्रगुप्त, रामु, लडाईं, शीतको थोपा, ढुङ्गा, जाँच, मनको शान्ति, दुई बाटो, मानिस, फरक, लेनदेन । विषयगत विविधता, सङ्क्षिप्तता, सरलता र सरसताका कारण बालबालिकाका लागि उपयोगी देखिए पनि यस सङ्ग्रहका बालकथाहरूमा घटना, चरित्र र संवादजस्ता कथाका लागि आवश्यक गुणहरूको कमी देखिन्छ । यसमा विश्वका ठूलाबडा महात्मा, ज्ञानी र

वैज्ञानिकहरूसित सम्बन्धित घटनालाई कथात्मक स्वरूप दिने प्रयास भएको छ । केही कथामा वैज्ञानिक विकासका नाममा भइरहेका विकृति र कमी-कमजोरीहरूलाई पनि कथाका माध्यमबाट प्रस्तुत गरिएको छ भने केही कथामा वर्तमान समयमा देखिएका विकृतिहरूप्रति तीक्ष्ण व्यङ्ग्य पनि गरेको छ ।

## कृष्णप्रकाश श्रेष्ठ

### *१. रूसी महावीरहरूको कथा*

प्रकाशक-बालसंसार/बालसाहित्य प्रबर्द्धन केन्द्र, ललितपुर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५८, पृष्ठ-५७+७=६४, मूल्य-अनुल्लिखित; चित्र-सुभाष राई ।

रूसी लोककथाहरूका आधारमा पुनर्कथन गरिएका पाँच बालकथा । शीर्षक-इल्या मुरोमेत्स र सोलोभेइ-डाँकू, दोब्रीन्या निकीतिच र अजिङ्गर गोरीनिच, आल्योशा पोपोभिच, निकीता कोझेम्याका, मिकूला सेल्यानीनोभिच ।

"अतीतका शूरवीरहरूको गाथा गाउने प्रचलन संसारको जुनसुकै देशमा पनि पाइन्छ । रूसमा पनि यस्ता लोकगाथाहरू निकै प्रसिद्ध छन् । यहाँ प्रस्तुत गरिएका लोककथाहरू प्राचीन रूसी राज्यहरू कीभ र नोभगोरोदसित सम्बन्धित छन् । यी लोकगाथाहरू सम्भवतः इसाको बाह्रौँ-चौधौँ शताब्दीतिर रचिएका थिए र तिनमा तातार-मङ्गोल आधिपत्यबाट मुक्त हुने रूसी जनआकाङ्क्षा प्रतिविम्बित भएको पाइन्छ ।" (प्रकाशकीय)

## कृष्णप्रसाद दुवाल

### *१. बालसंसार*

प्रकाशक-एकता प्रकाशन, काठमाडौँ; मुद्रक-मोनाज अफसेट प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०६०, पृष्ठ-३६, मूल्य-रु.३०।-; चित्र-राजाराम के.सी.; सम्पादन-केशव सुवेदी ।

दस बालकथा । शीर्षक-लँगडाको सहरयात्रा, शिष्टाचार, सञ्चय, बिन्द्राको प्रतिभा, कछुवा र चीलको मित्रता, अर्काको साबुन, राहुलको माछा र सुगा, दुर्घटना, कर्फ्यु, मुसाहरूको सभा । यहाँ सङ्कलित कथाहरूले अपाङ्गहरूप्रति गर्नुपर्ने व्यवहार, शिष्टाचारको महत्त्व, बचतबाट हुने लाभ, असल बानी र ज्ञानबाट प्राप्त हुने सम्मान र पक्षीको स्वतन्त्रता आदिलाई विषय बनाएका छन् । यसका अतिरिक्त रेडक्रस र कर्फ्युबारे पनि कथाले जानकारी दिन्छन् । *कर्फ्यु* र

*मुसाहरूको सभा*ले नेपाली राजनीतिका विकृति विसङ्गतिलाई पनि औँल्याएका छन् । कथाहरूको भाषाशैली बालबालिकाको रुचिअनुकूल छन् । तर लङ्गडाजस्ता शब्दको प्रयोग गरिनुलाई ठिक मान्न सकिन्न ।

### *२. राहुलको माछा र सुगा*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-नेपाल टाइम्स प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६१, पृष्ठ-३२+२=३४, मूल्य-रु.३५।-; चित्र-एकाराम; सम्पादन-कृष्णप्रसाद पराजुली ।

छ मौलिक बालकथा । शीर्षक-राहुलको माछा र सुगा, भालुलाई पाठ, अर्काको साबुन, साथीको खोजीमा, मुसाहरूको सहरयात्रा, मयूरको नृत्य । सङ्ग्रहका कथाहरूले पशुपक्षीको स्वतन्त्रता र वनजङ्गलको सुरक्षाका पक्षमा बालबालिकालाई अवगत गराउनुका साथै अर्काका सामानहरू अनुमति नलिई लिनु हुन्न, ठूलाले भनेको नमान्दा दुःख पाइन्छ, नराम्रा परम्परागत संस्कारहरू त्याग्नुपर्छ भन्नेजस्ता सन्देश दिन्छन् । स-साना विषयलाई लिएर लेखिएका यी कथाहरूले बालबालिकालाई असल बन्न उत्प्रेरित गर्छन् । भाषा र शैली बालरुचिअनुकूल नै छ । *राहुलको माछा र सुगा* र *अर्काको साबुन* अघिल्लो बालकथासङ्ग्रह **बालसंसार**मा पहिले नै प्रकाशित भइसकेका हुन् ।

## कृष्णप्रसाद पराजुली

### *१. सात गेडीको कथा*

प्रकाशक-बालसाहित्य प्रकाशन, काठमाडौँ; मुद्रक-श्रीमाहेश्वरी प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-२०२७, पृष्ठ-२२, मूल्य-रु.१।५०; चित्र-अनुल्लिखित ।

एउटै कथा । यस कथाले आवश्यकताभन्दा बढी बाठो हुनुहुँदैन भन्ने शिक्षा दिन्छ । लोककथालाई पुनर्कथन गरिएको यस कथाको भाषा सरल र प्रस्तुति रोचक छ । कथाकारले लोककथामा आधारित भए पनि कथालाई प्रभावपूर्ण र मनोरञ्जक बनाउन मिहिनेत गरेको देखिन्छ ।

### *२. सुनौला तीन कुरा*

प्रकाशक-बालसाहित्य प्रकाशन, काठमाडौँ; मुद्रक-जोरगणेश प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०२७, पृष्ठ-१२, मूल्य-रु.१।-; चित्र-टेकवीर मुखिया ।

एउटै कथा । यस कथाले मिहिनेत नगरी बसेमा भएको सम्पत्ति पनि सकिन्छ भन्ने जीवनोपयोगी सन्देश दिन्छ । लोककथाका आधारमा लेखिएको यस कथालाई रोचक र प्रभावपूर्ण बनाउन कोसिस गरिएको छ । कथाको भाषा सरल र शैली सहज छ । पछिल्ला संस्करणहरूमा **सात गेडीका कथा** र **सुनौला तीन कुरा** दुवै बालकथासङ्ग्रहलाई एउटै सङ्ग्रहका रूपमा **सुनौला तीन कुरा** शीर्षकमा प्रकाशित गरिएको पाइन्छ ।

### *३. सुनकेस्रा*

प्रकाशक-बालसाहित्य प्रकाशन, काठमाडौँ; मुद्रक-दीपक प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-अनुल्लिखित, पृष्ठ-२४+४=२८, मूल्य-रु.२।-; चित्र-अनुल्लिखित ।

चार बालकथा । शीर्षक-सुनकेस्रा, भाउजूको बुद्धि : देवरको जुक्ति, रिजिङ्गला, अक्कलको चमत्कार । लोककथाका आधारमा लेखिएका यस सङ्ग्रंहका बालकथाहरूले बुद्धि र जुक्तिले काम लिनुपर्छ, दुस्टचाइँ गर्नेको अन्त्य पनि त्यसरी नै हुन्छ, मानिसले बुद्धिको प्रयोग गर्नुपर्छ भन्ने शिक्षा दिन्छन् । यी कथाहरूले नेपाली जनजीवनको परिचय दिँदै बालबालिकालाई मनोरञ्जन पनि दिन्छन् । यसको पहिलो संस्करण वि.सं. २०२८ मा प्रकाशित भएको अनुमान छ । वि.सं.२०४५ मा प्रकाशित तेस्रो संस्करणमा भने *अनौठो जीव* शीर्षकको एउटा कथा थपिएको छ । यसले अर्कालाई दुःख दिनेको अन्त्य पनि राम्रो हुँदैन भन्ने शिक्षा दिन्छ । भाषाशैली सरल र प्रभावकारी छ ।

### *४. चार चडेरी*

प्रकाशक-बालसाहित्य प्रकाशन, काठमाडौँ; मुद्रक-दीपक प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-२०२९, पृष्ठ-३६, मूल्य-रु.६।५०; चित्र-अनुल्लिखित ।

चार बालकथा । शीर्षक-पनेरुको रूख, घाम र जून, नयाँ राजकुमार, धर्म र पाप । आँट भए जस्तोसुकै कठिन परिस्थितिसँग जुध्न सकिन्छ, आमाबाले भनेको मान्नुपर्छ, अरूको कुभलो चिताउनु हुँदैन र धेरै मानिसलाई फाइदा हुने काम नै धर्म हो भन्ने सन्देश प्रंवाहित गर्ने यस सङ्ग्रहका बालकथाहरू पनि नेपाली लोकजीवनबाट टिपिएका हुन् । तथापि लेखकले घटना, संवाद र भाषाशैलीले यसलाई मौलिक बनाउने प्रचेष्टा गरेको देखिन्छ ।

## ५. *लुकामारी*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-दीपक प्रेस, वाराणसी; पहिलो संस्करण-२०३० (साझा प्रकाशन); दोस्रो संस्करण-२०४८, पृष्ठ-४४, मूल्य-१०।-; चित्र-तुलसी अर्याल ।

पाँच बालकथा । शीर्षक-अनारमैयाँ, काकताली, दुई हात लामो नाक, भकुल्ले र सखुल्ले, लच्छिनको बास । लोककथाका आधारमा पुनर्कथन गरिएका यस बालकथासङ्ग्रहका कथाहरूले नजानेको कुरा जानेको छु भन्दा दुःख पाइन्छ, अर्काको ईर्ष्या र देखासिकी गर्नु हुँदैन, शिक्षाबाट नै घरमा लच्छिनको बास हुन्छ भन्नेजस्ता महत्त्वपूर्ण शिक्षा दिन्छन् । बालमनोविज्ञानलाई ध्यानमा राखी तदनुकूल कथाको भाषाशैली र प्रस्तुति गरिनाले कथाहरू प्रभावपूर्ण भएका छन् ।

## ६. *हिमाली डाँफे*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-दीपक प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-२०४४, पृष्ठ-३६, मूल्य-रु.६।५०; चित्र-अनुल्लिखित ।

चार बालकथा । शीर्षक-नौरङ्गी डाँफे, कोहो-कोहो, माइतीको कोसेली, काकाकुल । यस सङ्ग्रहका बालकथाहरू नेपाली लोकजीवनबाट लिइएका लोककथा र लोककथनका आधारमा पुनकर्थन गरिएका हुन् । सङ्ग्रहका सबै कथा चरासम्बन्धी छन् । यी बालकथाले ती चराहरूका बारेमा जानकारी मात्र दिँदैनन्, स्वार्थका कारण सबै कुरा गुमाउनुपर्छ, समाजमा बस्दा आफू पनि समाजअनुकूल हुनुपर्छ र नाइके हुनेले आफ्नो सुविधामा ध्यान दिनुको साटो अरूलाई सहयोग गर्नुपर्छ भन्ने सन्देश पनि दिन्छन् । कथामा अभिव्यक्ति सीप प्रभावपूर्ण रहेको छ ।

## ७. *मेरो मुरली*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-जौहरी प्रिन्टर्स, वाराणसी, भारत; पहिलो संस्करण-२०४८, पृष्ठ-४४, मूल्य-रु.१०।-; चित्र-अनुल्लिखित ।

छ बालकथा । शीर्षक-मेरो मुरली, स्याउको रूख, साइकल, भेटघाट, आमा र छोराछोरी, चमेली । यस सङ्ग्रहका बालकथाहरू उनका पूर्ववर्ती बालकथासङ्ग्रहभन्दा अलि भिन्न रहेको छ । यसमा उनका मौलिक कथाहरू रहेका छन् र तिनको रचना पनि आधुनिक ढङ्गबाट गरिएको छ । कथाहरू

सन्देशमूलक र शिक्षाप्रद हुनुका साथै मनोरञ्जन दिन पनि सक्षम छन् । कथाको विषय चयनमा पनि समसामयिकतालाई ध्यान दिइएको छ । कथाहरूले सामाजिक, घरपरिवार र वातावरणजस्ता विषयमा विशेष ध्यान केन्द्रित गरेको पाइन्छ । बालमनोविज्ञानमा आधारित यी बालकथालाई लेखकले मझ्यौला तहका बालबालिकाका लागि लेखेको बताएका छन् । आमाबाबुले आफ्ना छोराछोरीको बालमनोविज्ञान नबुझ्दा आइपर्ने समस्या, प्रकृतिको विनासबाट हुने वैयक्तिक र सामूहिक हानि, आपसमा कुरा नबुझ्दा उत्पन्न हुने विषम परिस्थिति, छोराछोरीप्रति गरिने भेदभाव कथाका विषय हुन् ।

### *८. फूलजस्तो मन*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-नेपाल टाइम्स प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५९, पृष्ठ-४०, मूल्य-रु.४०।-; चित्र-एकाराम ।

सात बालकथा । शीर्षक-फूल हाँसेजस्तो मन, दिदीभाइ, फूल टिप्ने आमै, कुस्तीबाजी, निसाफ, सूर्य र मैना, अङ्गहीन को हो ? । बिरामी, दुःखी र असहायहरूलाई सहयोग गर्नुपर्ने, अर्काको घरमा रोपेका फूलहरू चोर्न नहुने, सानालाई हेप्न नहुने, झगडा गर्न नहुने र अपाङ्गलाई सहयोग गर्नुपर्नेजस्ता सन्देश अन्तर्निहित रहेका यी बालकथाहरू सबै मौलिक कथावस्तुमा आधारित छन् । कथाहरूमा बालपात्रपात्राका माध्यमबाट सबै कुरा भनिएका छन् । कथाहरूमा नेपाली ग्रामीण परिवेशको चित्रण छ । भाषा, संवाद र शैलीले कृतिलाई बालरुचिअनुकूल बनाएको छ ।

## कृष्णाकुमारी

### *१. भारतीय वीर बालक*

प्रकाशक-कृष्णाकुमारी; मुद्रक-?; पहिलो संस्करण-२०१३, पृष्ठ-? , मूल्य-रु.?; चित्र-थाहा नभएको ।

**मदन पुरस्कार पुस्तकालय**मा ९८५ नं.मा दर्ता भएको देखिन्छ । तर उपलब्ध हुन नसकेकाले पुस्तकबारे विस्तृत जानकारी दिन सकिएन ।

### *२. भारतीय वीरबाला*

प्रकाशक-कृष्णाकुमारी; मुद्रक-?; पहिलो संस्करण-२०१३, पृष्ठ-?, मूल्य-रु.?;

चित्र-थाहा नभएको ।

**मदन पुरस्कार पुस्तकालय**मा १५६४ नं.मा दर्ता भएको देखिन्छ । तर उपलब्ध हुन नसकेकाले पुस्तकबारे विस्तृत जानकारी दिन सकिएन ।

## केदारमणि आचार्य दीक्षित

### *१. नीतिको कथा*

प्रकाशक-केदारमणि आचार्य दीक्षित; मुद्रक-जगदम्बा प्रेस प्रालि, ललितपुर; पहिलो संस्करण-२०२५, पृष्ठ-७५+९=८४, मूल्य-रु.१।-; चित्र-नभएको ।

सैँतीस पुनर्कथित बालकथा । शीर्षक-लोभी केटो, बुद्धिमान् र मूर्ख बाख्रो, सिंह, भालु र स्याल, ब्वाँसो र स्याल, चोर र उसकी आमा, हाँस र सुनको फुल, नकली भेडा, केटो र माछा, काग र पानीको भाँडो, वानर र मालिक, भन्न सजिलो तर गर्न गाह्रो, सिंह र मूसो, ढुकुर र कमिला, ठुटे स्याल, भालु र दुई जना साथी, काग र स्याल, खरायो र कछुवा, सूर्य र हावा, लोभी कुकुर, छली गधा, भ्यागुता र निर्दयी केटा, ब्वाँसो र सारस, ब्वाँसो र पाठो, स्याल र सारस, बिरालो र घमण्डी स्याल, स्याल र बाख्रो, झीङ्गा र जुनकिरी, पशु-पंछीको लडाइँ, मेल, भ्यागुतो र मूसो, दाउरे र वनदेउता, घमण्डी काग, शिकारीको भाग्य, कुकुर र भुस्सा खाने डुँड, संन्यासी बिरालो, सिंह र खरायो, बिरालो र वानर । यी बालकथाहरू इसप-नीतिका आधारमा लेखिएका कथा हुन् । सबै कथाहरूले बालबालिकालाई रमाइलो किसिमले जीवनोपयोगी सन्देश दिन्छन् । कथाहरूमा प्रायः पशुपक्षी पात्रका रूपमा आएका छन् । कथाको भाषा पुरानो शैलीको भए पनि बालबालिकाका लागि उपयोगी छन् ।

"यी स-साना कथानक मैले १९९६-९७ सालतिर आफूले केटाकेटी छँदाकै बेलामा पढेका कथाका आधारमा आफ्नू सरल भाषामा लेख्न थालेको थिएँ । केटाकेटीको मन बहलाउनको निम्ति ३७ ओटा कथा लेखी बिसाएको थिएँ । आज तिनै कथानकलाई च्यातचुत भएको कापीबाट सारेर यसमा प्रस्तुत गरेको छु ।...यी कथाहरूले केटाकेटीहरूलाई केही मात्रामा भए पनि ज्ञान दिन सकेमा म आफूलाई कृतार्थ संझने छु ।" (लेखकीय, *मन्तव्य*)

### *२. हितका कथा*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-?; दोस्रो संस्करण-२०६२, पृष्ठ-६०+८=६८, मूल्य-रु.३६।-; चित्र/आवरण-

टेकवीर मुखिया ।

तेइस पुनर्कथित बालकथा । शीर्षक-'सिंह, मूसो र बिरालो', 'वानर र घण्टा', 'काग, सर्प र राजकुमार', 'बाहुन, बोको र ठग', 'बाहुन र पीठो राखेको भाँडो', 'बकुल्लो, माछा र गँगटो', 'हाँस र कछुवा', 'तिनौटा माछा', 'बकुल्ला, सर्प र न्याहुरी', 'ऋषि र मूसा', 'बाहुन, न्याहुरी र सर्प', 'मृग, काग र स्याल', 'बिरालो र गिद्ध', 'काग र बट्टाई', 'काग र हाँस', 'वानर र चरा', 'एउटा पेट र दुईटाउके चरो', 'नीलो रङ्को स्याल', 'ठुटे स्याल', 'धर्मबुद्धि र पापबुद्धि', 'सिंह, बाघ, स्याल र काग', 'वानर र गोही', 'परेवा र मूसो' । बालबालिकाका लागि रमाइला र रोचक यी कथाहरू सरल भाषामा लेखिएका छन् । यी बालकथाहरूमा विशेषगरि जीवजन्तुलाई पात्र बनाएर जीवनोपयोगी शिक्षा र सन्देश दिइएका छन् ।

"आफ्नू स्कुले जीवनमा पढेका संस्कृतमा लेखिएका **हितोपदेश**, **पञ्चतन्त्र** आदिको अध्ययनको आधारमा वि.सं.१९९६/९७ सालतिर कोरेका केही हितका कथाहरू त्यसै च्यातचुत भई छरिएका पत्रबाट सँगेटी यो प्रस्तुत गरेको छु, यी कथाहरू केटाकेटीहरूलाई रुचिकर होलान् भन्ने आशा लिएको छु ।" (लेखकीय, *मेरो मन्तव्य*)

## केदार शाक्य

### *१. जातक कथा*

प्रकाशक-रत्न पुस्तक भण्डार; मुद्रक-नेपाल टाइम्स प्रेस; पहिलो संस्करण-२०६४; पृष्ठ-३२, मूल्य-रु.४०।-; चित्र/आवरण-दीपक गौतम ।

यस कृतिमा बुद्धधर्मसँग सम्बन्धित चार जातक कथा छन् । शीर्षक-जुरेली र हात्ती, सेतो हात्ती, धनको वर्षा, दाउरे र राजा । कथाहरूले विभिन्न किसिमका सन्देश दिन्छन् । कथा सरल र उपयोगी रहेको छ ।

## केशव नेपाल

### *१. हाम्रा बालकथाहरू*

प्रकाशक-विश्वसाहित्य प्रकाशन । (भित्री पृष्ठमा भने अक्षर प्रकाशक नेटवर्क प्रालि, कलङ्की उल्लिखित); मुद्रक-अक्षर अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६३ वैशाख, पृष्ठ-६८, मूल्य-रु.३५।-; चित्र-अनुल्लिखित ।

आठ बालकथा । शीर्षक-सत्यको विजय, सभ्य समाज, साइलाकाजी सहर

पसे, त्यो हाम्रो सानो भुइँघर, मेरी आमा भइदिएको भए..., मलाई पनि स्कुल जाने रहर छ, ऊ फेरि आउनेछ, मेरी सानी काली । सङ्ग्रहका बालकथाहरू नेपाली समाजमा विद्यमान शोषण, अन्याय, विभेदलगायतका समस्याहरूलाई प्रस्टचाउँदै त्यस्ता विकृतिबाट उन्मुक्तिका लागि बालबालिकालाई प्रेरणा दिन्छन् । कथाहरूले कुरीति, अन्धविश्वास र रुढी परम्परालाई अन्त्य गर्दै अगाडि बढ्नुपर्ने शिक्षा दिएका छन् । कथाहरूमा पहिलेका गल्तीहरू सच्याउँदै पात्रहरूले प्रायश्चित गरिएको पनि देखाइएको छ । यसरी गल्ती गर्नुहुन्न, गरे पनि समयमै सच्याउनुपर्छ भन्ने सन्देश पनि यी बालकथाहरूमा अन्तर्निहित छन् । कथाहरूमध्ये पहिलो अत्यधिक लामो छ भने अरू ठिकै आकारका छन् ।

## खगेन्द्र सङ्ग्रौला

### *१. पुतलीको कथा (भाग-१)*

प्रकाशक-बालकोसेली प्रकाशन, काठमाडौँ; मुद्रक-कोसेली छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०५६ वैशाख, पृष्ठ-३१+१=३२, मूल्य-अनुल्लिखित; चित्र-युवक श्रेष्ठ ।

पाँच बालकथा । शीर्षक-पुतलीको चित्रकला, पुतलीको माया, पुतलीको बाटो, पुतलीको हिसाब, पुतलीको अक्किल । यस सङ्ग्रहका बालकथाहरू मौलिक बालकथा हुन् र पुतली नामकी बालिकालाई केन्द्रबिन्दु बनाई लेखिएका छन् । कथाहरूले सामाजिक विषयवस्तुलाई उठाएका छन् र बालबालिकालाई असल विचार लिन र असल आनीबानी बसाल्न उत्प्रेरित गर्छन् । उद्देश्यमूलक यी कथाहरू मनोरञ्जनपूर्ण पनि छन् । सरल र सहज भाषाशैलीका कारण यो कृति बालबालिकाका लागि महत्त्वपूर्ण हुन पुगेको छ ।

### *२. पुतलीको कथा (भाग-२)*

प्रकाशक-बालकोसेली प्रकाशन, काठमाडौँ; मुद्रक-कोसेली छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०५६ साउन, पृष्ठ-२८+४=३२, मूल्य-रु.२५।-; चित्र-युवक श्रेष्ठ ।

छ बालकथा । शीर्षक-पुतलीको छरछिमेक, पुतलीको भाइ, पुतलीको वरिपरि, पुतलीको फूलबारी, पुतलीको छ-आँखे भाइ, भकुल्ले भाइको सपना । यस सङ्ग्रहका बालकथाहरू पनि मौलिक बालकथा हुन् र यसमा पनि पुतली नामकी बालिकालाई केन्द्रबिन्दु बनाई लेखिएका बालकथाहरू सङ्गृहीत छन् । यस

सङ्ग्रहका कथाहरूले बालबालिकालाई असल विचार लिन र असल आनीबानी बसाल्न उत्प्रेरित गर्छन् । सरल र प्रभावकारी सङ्ग्रहका कथाहरू मनोरञ्जनपूर्ण पनि छन् । यस सङ्ग्रहका बालकथाहरू पनि सामाजिक विषयवस्तुमा आधारित छन् ।

### ३. उकालीको कथा

प्रकाशक-सिर्जनशील प्रकाशन, काठमाडौँ; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५८ असार, पृष्ठ-४०, मूल्य-रु.१८।-; चित्र-युवक श्रेष्ठ; आवरण-के.के.कर्माचार्य ।

तीन बालकथा । शीर्षक-उकालीको कथा, आमाको माया, मङ्गलीको अधुरो क । यी मौलिक बालकथामध्ये पहिलो कथाले मिहिनेत, धैर्य र एकताको सन्देश दिएको छ भने दोस्रो कथाले कोइली चरीको अल्छीपना र धूर्त्याइँलाई विषय बनाएको छ । तेस्रो कथामा एउटी गरिब बालिकाको बाध्यताको मार्मिक चित्रण गरिएको छ । आकारका दृष्टिले यस सङ्ग्रहका कथाहरू लामा छन् । तर कथानक, प्रस्तुति र भाषाका कारण कृति महत्त्वपूर्ण हुन पुगेको छ । गाउँघर र छरछिमेक नै कथाका परिवेशका रूपमा रहेका छन् ।

### ४. भित्ताको नमस्ते

प्रकाशक-सिर्जनशील प्रकाशन, काठमाडौँ; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५८ असार, पृष्ठ-३२, मूल्य-रु.१४।-; चित्र-युवक श्रेष्ठ; आवरण-के.के.कर्माचार्य ।

तीन बालकथा । शीर्षक-भित्ताको नमस्ते, गृहकार्यको जुलुस, मुखको अनौठो कथा । बालमनोविज्ञानलाई ध्यानमा राखी लेखिएका यस सङ्ग्रहका बालकथाहरूले सम्मान दोहोरो हुनुपर्ने, विद्यार्थीलाई आवश्यकताभन्दा बढी गृहकार्य दिन नहुने र जातीय भेदभाव र छुवाछूतविरुद्ध सबै जागरुक हुनुपर्नेजस्ता महत्त्वपूर्ण सन्देश दिएका छन् । बालपात्रपात्रा, संवादको प्रयोग र सरल भाषाका कारण यो बालकृति पनि उनका अन्य बालकथाकृतिभैँ राम्रो हुन पुगेको छ ।

## गणेशबहादुर खत्री

### १. निर्धाहरूको बल

प्रकाशक-एकीकृत विकास केन्द्र नेपाल, बनेपा, काभ्रे; मुद्रक-काभ्रे अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६२, पृष्ठ-६०, मूल्य-रु.१२५।-; चित्र-सूर्यबहादुर चित्रकार ।

नौ बालकथा। शीर्षक-सिंहको हार, परेवाको बुद्धि, बाबुको शिक्षा, राक्षसको अन्त्य, भँगेरीको आँट, मैनाको चाख, लुइँचेको चाल, साथीको माया, निर्धाहरूको बल। लोककथात्मक शैलीमा लेखिएका सङ्ग्रहका बालकथाहरूले शोषण, अन्याय र छुवाछूतको विरुद्ध चेतना एवम् शिक्षा, समानता र एकताका पक्षमा वकालत गरेका छन्। साथै ठूलाले भनेको मान्नुपर्ने, साथीहरूलाई सहयोग गर्नुपर्ने र दुष्टलाई दण्डित गर्नुपर्नेजस्ता शिक्षा पनि कथाहरूले दिएका छन्। भाषा सरल छ। केही कथामा पशुपक्षीलाई पात्र बनाइएका छन्।

## गणेश भण्डारी (डा.)

### *१. पटचाँस-टचाँस*

प्रकाशक-वाणी प्रकाशन सहकारी संस्था लि., विराटनगर; मुद्रक-जगदम्बा अफसेट, ललितपुर; पहिलो संस्करण-२०५३, पृष्ठ-२८+४=३२, मूल्य-रु.२२।-; चित्र-गेहेन्द्रमान अमात्य।

लोककथामा आधारित पाँच बालकथा। शीर्षक-पटचाँस-टचाँस, तीनवचने आमाकी छवचने छोरी, रिङ्भ्झाँक्री, पीरको पोको, गफ। सङ्ग्रहका कथाहरू नेपाली लोकजीवनमा प्रचलित लोककथालाई पुनर्कथन गरिएका हुन्। सन्देशमूलक यी कथामध्ये अघिल्ला चार कथाबाट बालबालिकाले आ-आफ्नो काम राम्ररी गर्नुपर्ने, झगडा गर्दा आफैंलाई हानि हुने, पीर नहुने मानिस नपाइने र अन्धविश्वासबाट मुक्त हुनुपर्नेजस्ता शिक्षा पाउँछन् भने अन्तिम कथाचाहिँ मनोरञ्जनात्मक छन्। रोचक प्रस्तुति र सरल झर्रो भाषाको प्रयोगका कारण बालकथा मीठा हुन पुगेका छन्।

## गीता सापकोटा

### *१. धरती माता*

प्रकाशक-महानन्द वाङ्मय मन्दिर, विराटनगर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५९ वैशाख, पृष्ठ-१२+४=१६,, मूल्य-रु.३५।-; चित्र-अरूण सिंह।

दुई बालकथा। शीर्षक-धरती माता, रानीको श्राप। यस सङ्ग्रहका बालकथाहरूमध्ये पहिलो मौलिक हो भने दोस्रो लोककथाको पुनर्कथन हो। पहिलो कथाले धरतीबाट प्राणीजगत्ले प्राप्त गरेको लाभको बारेमा बताउँदै वातावरणको संरक्षणमा जोड दिइएको छ। कथाहरू सरल भए पनि शैलीका दृष्टिले प्रभावकारी हुन सकेका छैनन्।

## गुहनाथ पौडेल

### *१. आगम विज्ञानमाला (भाग-१)*

प्रकाशक-आगम प्रकाशन; मुद्रक-आगम प्रिन्टर्स, पब्लिसर्स एन्ड जनरल सप्लायर्स सहकारी संस्था लि., काठमाडौँ; पहिलो संस्करण-२०५६ माघ, पृष्ठ-४०, मूल्य-रु.३०।-; चित्र-अनन्तमणि आचार्य ।

दुई बालकथा । शीर्षक-ग्रहण, बोटविरुवाको कथा । बालविज्ञान कथासङ्ग्रह, भाग-१ भनिएको । आकारका दृष्टिले लामा यी बालकथाहरू विज्ञान विषयसँग सम्बन्धित छन् । पहिलो कथाले ग्रहण कसरी लाग्छ भन्नेबारे जानकारी दिन्छ भने बोटविरुवाका कथाले बोटविरुवासम्बन्धी विज्ञानसम्मत ज्ञान प्रदान गर्छ । यी कथाहरूमा विज्ञान र प्रविधिसम्बन्धी गहनतम विषयलाई घरेलु चीजको प्रयोगद्वारा कसरी सिद्ध गर्न सकिन्छ भन्ने प्रमाणका साथ देखाइएको छ । सरल भाषामा विज्ञानका कुरालाई कथात्मक ढङ्गले बुझाउने प्रयास सराहनीय छ ।

### *२. आगम विज्ञानमाला (भाग-२)*

प्रकाशक-आगम प्रकाशन; मुद्रक-आगम प्रिन्टर्स, पब्लिसर्स एन्ड जनरल सप्लायर्स सहकारी संस्था लि., काठमाडौँ; पहिलो संस्करण-२०५६ माघ, पृष्ठ-४०, मूल्य-रु.३०।-; चित्र-अनन्तमणि आचार्य ।

दुई बालकथा । शीर्षक-कीराफटचाङ्ग्राहरू, साधारण यन्त्र । बालविज्ञान कथासङ्ग्रह, भाग-२ भनिएको । यी कथाहरू पनि अघिल्लो बालकथासङ्ग्रहझैँ विज्ञानसँग सम्बन्धित विषयमा लेखिएका छन् । कथात्मक स्वरूपमा विज्ञान विषयलाई प्रस्तुत गरिएका यी कथाले बालबालिकालाई कीराफटचाङ्ग्रा र सामान्य यन्त्रबारे जानकारी दिन्छ । कथालाई सरल भाषामा प्रस्तुत गरिएको छ ।

## गेहेन्द्रभूषण पोखरेली

### *१. बालक विरूवा र पृथ्वीमाता*

प्रकाशक-एकता बुक्स डिस्टिब्युटर्स प्रालि, काठमाडौँ; मुद्रक-मोनाज अफसेट प्रेस प्रालि, ललितपुर; पहिलो संस्करण-२०४९, पृष्ठ-२४, मूल्य-रु.१२।-; चित्र-जीवन रूचाल ।

पृथ्वी र रूखका बारेमा लेखिएको एउटै लामो बालकथा । यो कथा वातावरणसँग सम्बन्धित छ । यस कथामा पृथ्वी र रूखबाट प्राणीजगत्ले प्राप्त गर्दैआएका

लाभहरूका बारेमा आत्मकथात्मक शैलीमा जानकारी दिइएको छ। यसले बालबालिकालाई पृथ्वी र रूखको संरक्षण गर्नुपर्ने सन्देश प्रवाह गर्दै सोका लागि उत्प्रेरणा पनि प्रदान गर्छ। भाषाशैली सरल देखिन्छ।

### *२. रमाइला सामाजिक बालकथा*

प्रकाशक-पोखरा सार्वजनिक पुस्तकालय, पोखरा; मुद्रक-डेस्कटप अफसेट प्रेस, पोखरा; पहिलो संस्करण-२०५४, पृष्ठ-३६+४=४०, मूल्य-अनुल्लिखित; चित्र-जीत गुरुङ।

पाँच बालकथा। शीर्षक-हजुरबासँग मेला हेर्न जाँदा, बिच्क्याउने बानी, पुर्पुरोमा हात, बुद्धिमान बलबहादुर, चम्चा दाउ। यस कृतिका कथाहरूमा ग्रामीण सामाजिक परिवेशको चित्रण छ। कथाहरूले मानिसमा हुने विभिन्न चरित्रलाई उदाङ्गो बनाएर त्यस्ता नराम्रा चरित्र छाडेर चरित्रवान् बन्नुपर्नेमा जोड दिन्छन्। कथाहरू बालोपयोगी रहेको छ।

## गोपाल थापा

### *१. फेरि पहाड*

प्रकाशक-ग्रामीण विकासका निम्ति शिक्षा परियोजना, डोटी; मुद्रक-?; संस्करण-२०४१, पृष्ठ-३०, मूल्य-अनुल्लिखित; चित्र-नभएको।

पाँच बालकथा। **नेपाली बालसाहित्यका चुनिएका पुस्तकहरूको सूची**को पृष्ठ १६ का आधारमा।

## गोपाल पराजुली

### *१. रूपाको साहस*

प्रकाशक-श्रीमती माधवी पराजुली, काठमाडौँ; मुद्रक-नवदुर्गा प्रिन्टिङ सपोर्ट, काठमाडौँ; पहिलो संस्करण-२०५६ साउन, पृष्ठ-२०+४=२४, मूल्य-रु.२०।-; चित्र-गेहेन्द्रमान अमात्य।

पाँच बालकथा। शीर्षक-रूपाको साहस, दुःख दिनु राम्रो होइन, हेलाको फेला, लोभी पसल्नी, घमण्डको नतिजा। यस सङ्ग्रहका बालकथाहरूमा भूत भन्ने कुरा अन्धविश्वास मात्रै हो, पशुपक्षी-कीराफटयाङ्ग्रालाई पनि दुःख दिनुहुन्न, हेला गर्नु राम्रो होइन, लोभी र घमण्डी हुनुहुँदैन भन्ने कुरालाई कथावस्तु, चरित्र र संवादका

माध्यमबाट देखाइएको छ । *लोभी पसल्नी* शीर्षक कथा भने रोचक छ ।

## गोपीकृष्ण शर्मा

### *१. पौराणिक बालकथा*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-दीपक प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-२०४५, पृष्ठ-४८, मूल्य-रु.१०।-; चित्र-अनुल्लिखित ।

पाँच बालकथा । शीर्षक-सुनको मृग, कृष्णको जन्म र बाललीला, बालक प्रह्लाद, बालक ध्रुव, साहसी भरत । यी बालकथाहरू पूर्वीय धार्मिक ग्रन्थहरूका घटना विशेषमा आधारित छन् । बालरुचिअनुकूलको भाषा र शैलीले कथाहरूलाई रोचक बनाएको छ । प्रत्येक कथामा भएका बालपात्रपात्राहरूले पनि बालबालिकाहरूलाई आकर्षित गर्ने विश्वास गर्न सकिन्छ ।

## गोपी सापकोटा

### *१. कमिलाको सपना*

प्रकाशक-हातेमालो सञ्चार, काठमाडौँ; मुद्रक-हिसि अफसेट प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०५७ पुस, पृष्ठ-२८+४=३२, मूल्य-रु.१०।-; चित्र-लक्ष्मण भुजेल ।

छ बालकथा । शीर्षक-इमान्दार मूसो : सन्ते, केबुलकार, चंखे बाँदर र रितु खरायो, धर्तीमा झरिन्, चन्द्रमा, कमिलाको सपना, मालती । यी मौलिक बालकथाहरूले ज्यानभन्दा इमान ठूलो हो, छोराछोरीलाई माया गर्नुपर्छ, बदमासी गर्नेले सजाय पाउँछन्, मानिसले आपसमा मिलेर बस्नुपर्छ, अपाङ्ग भए पनि दृढता र आत्मबलका साथ अगाडि बढे सफल भइन्छ भन्ने शिक्षा दिन्छन् । कथाहरू छोटा भए पनि प्रभावोत्पादक छन्, भाषाशैली सरल र रोचक छ । यी बालकथाहरूले बालबालिकाहरूलाई मनोरञ्जन पनि दिन्छन् ।

## गोरखबहादुर सिंह

### *१. अल्छीको औषधी*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५७ वैशाख, पृष्ठ-३२+४=३६, मूल्य-अनुल्लिखित; चित्र-गौतम मानन्धर; आवरण-नवीन्द्र राजभण्डारी ।

बत्तीस बालकथा । शीर्षक-स्यालले जवाफ भेटेन, सिंह र शिकार, बुद्धिमान्

भ्यागुतो, सिंह र किसान, दूरदर्शी काग, कसौँडीको छोरी, उड्ने कछुवाको गीत, सुद्धी विनाको व्यापारी, उत्तिस र धान, अल्छी किसान, पौडीबाजको लोभ, हाँसको परिकार, कछुवाको घर, दुई छिमेकी, भँगेराको चलाखी, बूढी आमाको सियो, भाग्य/दुर्भाग्य, सजिलो चित्र, बिमारी सिंह, कछुवा र स्याल, घाम कि पानी, मीत-मीतको भेट, रित्तै रह्यो पेट, अनौठो शिकारी, चोर समाउने जुक्ति, अल्छीको औषधी, अजम्मरी हुने औषधी, सानो खरायोको ठूलो बुद्धि, बास्नाको मोल, अल्छी केराउ, किसानको जुक्ति, स्यालले दिउँसै तारा देख्यो, नयाँ मन्त्रालय । बालबोध शृङ्खलाअन्तर्गतको १० औँ प्रकाशन ।

यी बालकथाहरू मौलिक नभई लोककथालाई पुनर्लेखन गरिएका हुन् । विभिन्न सन्देश दिने यी बालकथाहरू अत्यन्त रोचक शैलीमा सरल र सुन्दर भाषामा लेखिएकाले बालबालिकालाई आकर्षण गर्ने देखिन्छ । यो सामग्री विशेषतः कक्षा चार र पाँचका विद्यार्थीहरूको स्तर हेरी तयार पारिएको भए तापनि परिस्थितिअनुरूप अन्य कक्षाहरूमा पनि उपयोगी हुने प्रकाशकको अपेक्षा छ ।

## *२. चतुरेको चर्तिकला*

प्रकाशक-पाठचक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५८ वैशाख, पृष्ठ-३२+६=३८, मूल्य-अनुल्लिखित; चित्र-श्रीहरि श्रेष्ठ; आवरण-नवीन्द्र राजभण्डारी ।

बाह्र बालकथा । शीर्षक-अचम्भको दाँत, दुई रोटीको भागबन्डा, भालेको मोल, 'काका, म तपाईंप्रति आभारी छु', सहरको ठूलो चोर, पिपल छायाको कारोबार, देख्ने अन्धो, दुई पण्डितको कथा, खेतको पहाड, 'लौ, पऱ्यो फसाद !', ढुङ्गे झोल । बालबोध शृङ्खलाअन्तर्गतको २२ औँ प्रकाशन । लोककथालाई पुनर्कथन गरिएका यी कथाहरू विशेषतः कक्षा चार र पाँचका विद्यार्थीहरूको स्तर हेरी तयार पारिए तापनि परिस्थितिअनुरूप अन्य कक्षाहरूमा पनि उपयोगी देखिन्छ । कथाहरूले बालबालिकालाई जीवनोपयोगी विभिन्न सन्देश र शिक्षा दिन्छन् । कथाको भाषाशैली सरल र रोचक छ ।

## *३. सुनको सियो*

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०६०, पृष्ठ-२५+६=३१, मूल्य-रु.४३।-; चित्र-सङ्गी श्रेष्ठ ।

सात बालकथा । शीर्षक-एकादेशमा, एउटै प्रश्नको दुईथरी उत्तर, चुरोटका तीनओटा फाइदा, सिमलचरी, अल्छीको औषधी, मोहनलाल घाम छिप्पिएपछि बिउँभियो, सुनको सियो । *अल्छीको औषधी'* शीर्षकको कथा सोही शीर्षकको बालकथासङ्ग्रहमा प्रकाशित भइसकेको । सङ्ग्रहका बालकथाहरू लोककथाशैलीमा प्रस्तुत गरिएका छन् । यी बालकथाहरूले धनसम्पत्ति धेरै थुपार्नुको कुनै अर्थ र लाभ नहुने, अरूबाट खोजिने व्यवहारजस्तै आफूले पनि अरूलाई व्यवहार गर्नुपर्ने, चुरोटखैनीजस्ता धुमपानबाट स्वास्थ्यलाई हानि हुने, ढाँट्न नहुने, बलले नहुने काम बुद्धिले गर्नुपर्ने, आफ्नो घरको काम आफैँले गर्नुपर्ने, परिश्रमको फल मीठो हुने र सम्पत्तिको घमण्ड गर्न नहुने शिक्षा दिन्छन् । कथाहरूको प्रस्तुति अत्यन्त रोचक छन् । *चुरोटका तीनओटा फाइदा* शीर्षकको कथा यसको उदाहरण हो ।

### *४. चतुरेको चर्तिकला (भाग-२)*

प्रकाशक-रूम टु रीड; मुद्रक-एपोलो अफसेट प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०६१, पृष्ठ-४८, मूल्य-अनुल्लिखित; चित्र-दीपक गौतम; सम्पादन-भिक्टर प्रधान ।

छ बालकथा । शीर्षक-बाकसमा ताल्चा माऱ्यौ त ?, चित्रको पहिचान, गाईको अंशबण्डा, भीमकान्तको भऱ्याङ, भिर्न बसेको झोला, खोजेजस्तो गुफा । यी कथाहरू उपजीव्य स्रोतका आधारमा लेखिएका धूर्त्याइँका कथा हुन् । कथाहरू अत्यन्त मनोरञ्जक छन् । विशेष गरेर कथाको शैली रोचक हुन पुगेको छ । प्राथमिक र निम्नमाध्यमिक तहका विद्यालयका बालबालिकाका लागि यो पुस्तक तयार गरिएको प्रकाशकको भनाइ छ ।

## गौरी तिमिल्सिना (मिश्र)

### *१. सौरभको बानी सुध्रियो*

प्रकाशक-वनिता प्रकाशन; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०६३, पृष्ठ-२४, मूल्य-रु.२५।-; चित्र-उमेश अधिकारी; आवरण-ज्ञानेश्वर उदय ।

पाँच बालकथा । शीर्षक-सन्तुलित आहार, मुरली, मयूर, सौरभको बानी सुध्रियो, खेलकुदको महत्त्व । सङ्ग्रहका सबै बालकथा शिक्षाप्रद र सन्देशमूलक छन् । कथाका माध्यमबाट लेखिकाले बालबालिकालाई स्वच्छ, सच्चरित्र, अनुशासित र स्वस्थ बनाउने प्रयास गरेकी छिन् । कथाको भाषाशैली प्रभावकारी छैन ।

## गौरीरानी प्रधान

### १. *सुनेका कथा*

प्रकाशक-साझा प्रकाशन, काठमाडौँ; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-अनुल्लिखित, पृष्ठ-२८, मूल्य-रु.२।५०; चित्र-टेकवीर मुखिया ।

चार बालकथा । शीर्षक-रूपा र राजु, भालुको पुच्छर कसरी छोटो भयो ?, माया र भानु, खरायो र स्याल । यस सङ्ग्रहका बालकथाहरू मनोरञ्जनप्रधान छन् । कथाहरूमा पशुपात्रको प्रस्तुति छ र तिनका माध्यमबाट बालबालिकालाई सन्देश दिने प्रयास गरिएको छ । यस कृतिको पहिलो संस्करण कहिले प्रकाशित भयो भन्ने कृतिमा उल्लेख नभए पनि प्रकाशकीयमा उल्लिखित अन्तर्राष्ट्रिय पुस्तक वर्षका सन्दर्भमा प्रकाशित भएको भनिएबाट २०२८/२९ तिर प्रकाशित भएको देखिन्छ ।

## घनेन्द्र शर्मा र रत्न बस्नेत

### १. *एक दर्जन आसामी लोककथाहरू*

प्रकाशक-सम्पर्क प्रकाशन समूह; मुद्रक-जयगुरु गणेश प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५८, पृष्ठ-४८, मूल्य-रु.१५।-; चित्र-नभएको; आवरण-देवेन्द्र पौडेल ।

बाह्र कथा । शीर्षक-चम्बु माकुरो, कुकुर किन मानिससँग बस्छन् ?, त्यो दिनदेखि कुकुरको सिङ हरायो, रोटे कमिलाको कम्मर र भ्यागुताको ढाड, कुकुरले किन भुइँ सुँघ्दै हिँड्छ, 'सूर्य, चन्द्रमा र सागर', भाले बासेपछि उज्यालो किन हुन्छ ?, बाँदरको मुख किन कालो हुन्छ ?, चन्द्रमामा कालो दाग किन हुन्छ ?, हरिणको पुच्छर र बाँदर, हात्तीको गुदद्वार किन बाहिर निस्केको हुन्छ ?, बाघको घमण्ड र भ्यागुतो । यस सङ्ग्रहका कथाहरू भारतको असमी भाषाका लोककथाहरू हुन् । कथाहरू सबै सन्देशमूलक र जानकारीमूलक छन् । कथाहरू विशेषतः विभिन्न जीवजन्तु र प्रकृतिसँग सम्बन्धित छन् । जीवजन्तुसँग सम्बन्धित कथाले सम्बद्ध जीवका आकृति, बानी र विशेषताका विषयमा रोचक ढङ्गले जानकारी दिन्छन् ।

## छायादत्त न्यौपाने

### १. *बालदिवस*

प्रकाशक-जम्को प्रकाशन, काठमाडौँ; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-

अनुल्लिखित (२०६१), पृष्ठ-४०, मूल्य-रु.२०।-; चित्र/आवरण-सागर शाह ।

पाँच बालकथा । शीर्षक-पालम, चतुर विद्या, आँखाको नानी, किसानको कथा, बालदिवस । यी बालकथाहरूले अनुशासन, शिक्षा र मिहिनेतका लागि बालबालिकालाई प्रेरणा प्रदान गर्छन् । यसका अतिरिक्त कतिपय अवस्थामा चलाखीबाट जित्नसकिने, आफ्नो गाउँको उन्नतिमा आफैँ लाग्नुपर्ने, अरूलाई दुःख दिन नहुने, बचत गर्ने बानी बसाउनुपर्ने र सामूहिक भावना र सल्लाहबाट काम गरे अघि बढ्न सकिने शिक्षा पनि दिन्छन् । तर कथाहरूमा कथातत्त्वको कमी खट्किन्छ । भाषाशैली पनि वर्णनात्मकताका कारण प्रभावकारी हुन सकेको छैन ।

### २. *बाटो बताउने नाति*

प्रकाशक-बालसाहित्य सदन; मुद्रक-इन्द्रेणी अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६३, पृष्ठ-४०, मूल्य-रु.२५।-; आवरण-रामकृष्ण पोखरेल र वरुण पोखरेल ।

दस बालकथा । शीर्षक-प्रयास सफल भयो, दिलविक्रमले स्याबासी पाए, अवसर चाहिन्छ, आखिर छोरी कस्की नि बूढा !, हजुरबा मुस्कुराउनुभयो, बुबाआमा र छोरी, क्षितिजको सहयोगी, परिश्रमी सीता, गणेशपूजा, बाटो बताउने नाति ।

## जनकप्रसाद हुमागाईं

### १. *गोकुलकी आमा कसरी निको भइन् ?*

प्रकाशक- अरनिको बालसाहित्य प्रकाशन, काठमाडौँ; मुद्रक-?; पहिलो संस्करण-२०३६, पृष्ठ-१२, मूल्य-रु.१।-; चित्र-कुलमानसिंह ।

एउटा मौलिक बालकथा । यस बालकथामा बिरामी आमालाई गोकुलले कसरी निको पाऱ्यो भन्ने कुरालाई कथाका रूपमा प्रस्तुत गरिएको छ । यस कथामा समाजमा विद्यमान अन्धविश्वास र रूढिवादी भावनालाई बालबालिकाको मनमस्तिष्कबाट हटाई वैज्ञानिक चेतना भर्न खोजिएको छ । कथा सरल र उपयोगी देखिन्छ ।

### २. *गुनिला पाँच बालकथा*

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक-साझा प्रकाशनको छापाखाना,

ललितपुर; पहिलो संस्करण-२०४१, पृष्ठ-१४+६=२०, मूल्य-रु.७।५०; चित्र-के.कर्माचार्य ।

पाँच मौलिक बालकथा । शीर्षक-कमल-कुसुम, पुष्प-तारा, मधु-कमला, धुन्द्रुलु-मुन्द्रुलु, पहराको बाटो । सङ्ग्रहका कथाहरूमध्ये धुन्द्रुलु-मुन्द्रुलु लोककथा हो भने अन्य सबै मौलिक कथा हुन् । यी कथाहरूले केटाकेटीले आफूभन्दा ठूलाको अनुमति लिएर काम गर्दा लाभ हुने, जहाँ पायो त्यहाँ खेल्न नहुने, ज्ञानी भए आमाबाले माया गर्ने, राम्रो बानी भएका केटाकेटीका मात्र साथी हुन्छन् भन्ने, सेवा गरे मात्र मेवा पाइने र आपसी सहयोग एवम् समन्वयबाट जस्तोसुकै कठिन काम पनि सम्भव हुन्छ भन्ने शिक्षा दिएका छन् । कथाहरूलाई घटना, संवाद र चरित्रका माध्यमबाट अघि बढाइएको छ । कथाहरू सरल र उपयोगी छन् ।

### *३. बा-आमाको माया*

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०४३; दोस्रो संस्करण-२०५१, पृष्ठ-२५+७=३२, मूल्य-रु.१५।-; चित्र-टेकवीर मुखिया ।

नौ मौलिक बालकथा । शीर्षक-कमल र गुराँस, नाफाको फल, आमाको सल्लाह, सुपारी, मुरली, मखन, बा-आमाको माया, आमा-छोरा, सिरक । यस सङ्ग्रहका बालकथाहरूले दैनिक जीवनमा अत्यन्त काम लाग्ने विषयहरूलाई अत्यन्त सरल र स्पष्ट मौलिक कथावस्तुका माध्यमबाट बालबालिकासमक्ष प्रस्तुत गरेका छन् । कथाहरूमा राम्रो व्यवहारले बालबालिकाको आचरण सुध्रिने, धेरै नाफा पाइन्छ भन्दैमा असामाजिक कार्य गर्न नहुने, नजानेको काम गर्नुअघि ठूलाको सल्लाह लिनुपर्ने, दुःख पऱ्यो भन्दैमा जोसुकैसँग हात थाप्न नहुने, फोहोर बस्न नहुने, दुःखमा विचलित नभई बुद्धिले काम लिनुपर्ने र आफ्नो काम फुर्सदको बेला आफैँले गर्नुपर्नेजस्ता सन्देश दिन्छन् । कथाहरू वर्णनात्मक शैलीमा लेखिएका छन् ।

### *४. दिदी-भाइको माया*

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०४७, पृष्ठ-३६+४=४०, मूल्य-रु.१५।-; चित्र-के.के.कर्माचार्य ।

नौ मौलिक बालकथा । शीर्षक-बाको हेरचाह गर्ने छोराहरू, सात दिने सभा, आफ्नो मान्छे, चुरोट खाने बानी, साँढेको घाउ, विनोद, दिदीभाइको माया, अनौठो विचार, मूसो । यी बालकथाहरू बालबालिकालाई नैतिकता, सच्चरित्रता, प्रेम, आत्मीयता र इमानदारीजस्ता मानवधर्म सिकाउने उद्देश्यले लेखिएका छन् । कथाहरूले आमाबाप्रतिको छोराछोरीको कर्तब्य, परिवारबीच छलफलका माध्यमबाट गलत प्रवृत्तिको अन्त्य गर्ने प्रयास, तुरुन्तै विश्वास गर्दा आइपर्ने समस्या, चुरोट खाने बानीबाट हुने खराबी, पशुपक्षीप्रति राख्नुपर्ने दयाभाव, खराब सङ्गतबाट हुने हानिनोक्सानी, दिदीभाइबीचको आत्मीयतालगायतका विषयलाई आफूभित्र समेटेको छ । कथाहरू केही विषयप्रधान र केही घटनाप्रधान रहेका छन् ।

### *५. चम्पा र मायालु काका*

प्रकाशक-तलेजु प्रकाशन, काठमाडौँ; मुद्रक-हारती माँ छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०५०, पृष्ठ-२८, मूल्य-रु.१२।-; चित्र-के.कर्माचार्य ।

पाँच मौलिक बालकथा । शीर्षक-असारको कथा, चम्पा र मायालु काका, कुखुरा र भँगेराको झगडा, बेलाको काम, भुन्टेकी श्रीमती । आकारका दृष्टिले साना यी बालकथाहरूले बालबालिकालाई जीवनोपयोगी व्यावहारिक सन्देश दिन्छन् । असल बन्न, सोचेर काम गर्न, अरूलाई सहयोग गर्न र बचत गर्ने बानी बसाल्न पनि यी कथाहरूले उत्प्रेरित गर्छन् । कथाको भाषाशैली बालबालिकाको रुचिअनुकूल सरल, सहज र स्वाभाविक छन् ।

### *६. मालतीको यात्रावर्णन*

प्रकाशक-वन विभाग, वन तथा भूसंरक्षण मन्त्रालय; मुद्रक-सिग्मा अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५१, पृष्ठ-२८, मूल्य-अनुल्लिखित; चित्र-के.के.कर्माचार्य ।

बोटविरुवा र वातावरणमूलक एउटै बालकथा । यस सङ्ग्रहले आजको महत्त्वपूर्ण समस्या वनविनाश र वातावरणसंरक्षणलाई आफ्नो विषय बनाएको छ । कृतिले पानी नपर्नाको कारण वनजङ्गलको विनाश भएको वैज्ञानिक कारण देखाउँदै 'हरहर महादेउ पानी देउ' भनेर पानी माग्ने गलत संस्कृति र रूढिलाई त्यागेर वनजङ्गलको संरक्षण गर्न र नयाँ विरुवा लगाउनुपर्ने तथ्यलाई प्रस्तुत गरेको छ । कृति सरल भाषाशैलीमा लेखिएको छ ।

## *७. भाइबहिनीको कथा*

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०५३ असार, पृष्ठ-३५+११=४६, मूल्य-रु.२३।-; चित्र/आवरण-के.के.कर्माचार्य ।

नौ मौलिक बालकथा । शीर्षक-ऐंचो-पैंचो, आलोक र दीपा, झगडाको छिनुफानो, कोसेली, आमाको माया, नरेश र हजुरबा, भोटोजात्रा, मालतीको यात्रावर्णन, वर्षा । यसमा भएका एउटा कथा *मालतीको यात्रावर्णन* यसअघि छुट्टै पुस्तकको रूपमा प्रकाशित भइसकेको छ भने अरू कथा नयाँ हुन् । यी कथामध्ये आमाको माया पत्रात्मक शैलीमा लेखिएको छ भने अन्य कथाहरूमा झीनो कथावस्तुलाई कतै वर्णनात्मक र कतै संवादात्मक शैलीमा प्रस्तुत गरिएको छ । सबै कथा सन्देशमूलक छन् र केटाकेटीलाई असल सङ्गत, मित्रता, कर्तब्यनिर्वाह, दायित्वबोध र ज्ञानआर्जनका लागि प्रेरित गर्छन् । *नरेश र हजुरबा* शीर्षकको कथामा कथाकारले कतिपय कठिन विषयलाई सरल उदाहरणसहित रोचक तरिकाले प्रस्तुत गरेर आफ्नो रचनाकौशल देखाएका छन् । कथाहरू रोचक-मनोरञ्जक छन् । कथाकारका अनुसार सङ्ग्रहका बालकथाहरू ११ वर्ष र सोभन्दा माथिका बालबालिकाका लागि लेखिएका हुन् ।

## *८. गल्ती पत्ता लगाउने नाति*

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०५९, पृष्ठ-२६+६=३२, मूल्य-रु.३२।-; चित्र-के.के. कर्माचार्य ।

नौ मौलिक बालकथा । शीर्षक-गल्ती पत्ता लगाउने नाति, नामजस्तै राम्रा मखमली र चमेली, जीवेन्द्र-जगत, कुखुरा र माकुराको कथा, पुतली र ढुक्कुर, कोइली चराहरूको सभा, कालो मुन्टे र ठूलो टाउकेको झगडा, इन्दुविन्दु, बुद्धिमान् किसान दम्पती । बालबालिकाप्रति ठूलाले सद्व्यवहार गर्नुपर्ने, राम्रो बानीबेहोरा अरूलाई सिकाउनुपर्ने, राम्रोको सङ्गत गर्नुपर्ने, स्वाबलम्बी हुनुपर्ने, जिद्दी स्वभाव त्याग्नुपर्ने, मिहिनेतबाट राम्रो प्रतिफल प्राप्त हुनेजस्ता सन्देश दिने यी बालकथाहरू रोचक छन् । यस सङ्ग्रहको भाषा र शैली सरल र स्वाभाविक रहेको छ । कथाहरूले बालबालिकालाई मनोरञ्जन पनि दिन्छन् ।

## *९. असल मित्र*

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०६०, पृष्ठ-३७+७=४४, मूल्य-रु. ४४।-; चित्र-टेकवीर मुखिया ।

नौ मौलिक बालकथा । शीर्षक-असल मित्र, जमुना, साँचो कुराको छनविन, आफ्नो पैसा, पम्फाको बिहे, निडर छोरो, घ्याम्पको भैँसी, दुःख, इन्द्रजात्रा । यस सङ्ग्रहमा सङ्कलित कथाहरूले लक्ष्यमा पुग्न मिहिनेतका साथ आशावादी भएर पढ्नुपर्छ, आफूले जानेको कुरा नजानेकालाई सिकाउनुपर्छ, बालबालिकाप्रति स्नेहभाव राख्नुपर्छ, कुरा नबुझीकन अर्कालाई अनाहकमा दोष लगाउनुहुन्न, नराम्रो बानी त्याग्नुपर्छ, विवाहमा अनावश्यक ढर्रा देखाउनुहुन्न, बालबालिकालाई राम्ररी सम्झाएमा कुरा बुझ्छन् भन्ने कुरालाई राम्ररी प्रस्तुत गरेका छन् । कथाहरूको भाषा सरल र रोचक छ । कथाहरू प्रगतिवादी चेतनाबाट उत्प्रेरित छन् । कथाहरू पाँच वर्षदेखि १५ वर्ष उमेरसमूहका बालबालिकाका लागि लेखिएको लेखकको भनाइ छ ।

## *१०. सगुन र सडक*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-डङ्गोल प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०६२, पृष्ठ-३२, मूल्य-रु. ४०।-; चित्र-शान्ता हिताङ; सम्पादन-कृष्णप्रसाद पराजुली ।

छ मौलिक बालकथा । शीर्षक-सगुन र सडक, साथीको बानी, किसान र भँगेरो, सुबोधको निधो, मानबहादुर र टोपबहादुर, हजुरआमा साक्षर भइन् । राम्रो काम गर्नेलाई पुरस्कृत र नराम्रो काम गर्नेलाई दण्डित गर्नुपर्ने, असलको मात्र सङ्गत गर्नुपर्ने, बाबुआमा र अभिभावकले भनेका कुरा मान्नुपर्ने र इमानदार बनेमा मात्र सबैको सहयोग पाइनेजस्ता जीवनोपयोगी शिक्षा यस सङ्ग्रहका कथाहरूमा छन् । साथै यी कथाहरूले बालबालिकालाई मनोरञ्जन पनि दिन्छन् । कथामा बालपात्रपात्राहरूका माध्यमबाट सन्देश दिइएको छ ।

## *११. विकृत ढोका*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-सम्झना प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६३, पृष्ठ-२८, मूल्य-रु.१५।-; चित्र-देव कोइमी ।

एउटा मात्र मौलिक कथा । यो कथाको विषयवस्तु अन्य लेखक र उनकै अन्य कथाको विषयवस्तुभन्दा एकदम अलग छ । यो कथाले नेपाली भाषाको प्रयोगमा देखिएका विकृति र विसङ्गतिलाई देखाउँदै त्यस्तो प्रवृत्तिले भाषा, साहित्य र संस्कृतिमा असर पर्ने तथ्यलाई औँल्याएको छ । कथाको भाषा सरल छ ।

"हामीले लेख्दा-बोल्दा जुन भाषामा लेख्न-बोल्न लागेका छौँ, त्यही भाषाका शब्द शुद्धसँग लेख्ने-बोल्ने गर्नुपर्छ । ...त्यसो नगरी ढोका भन्न छाडी गेट भन्ने, छानो भन्न छाडी छत भन्ने, लेख्दा पनि त्यसै गर्ने व्यवहार गर्न हुन्न । त्यस्तो गर्न थाले आफ्नो भाषाको मृत्यु हुन थाल्छ । त्यस्तै खाले गलत प्रवृत्तिमा सुधार ल्याउन सघाउ पुगोस् भन्ने उद्देश्यले यो कथा रचना गरिएको हो ।" (लेखकीय, *किन लेख्नुपऱ्यो यो कथा ?*, पृ.३)

## *१२. रजनीको व्यथा*

प्रकाशक-नेपाल बालसाहित्य समाज, काठमाडौँ; मुद्रक-हिसि अफसेट प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०६३, पृष्ठ-३२, मूल्य-रु.४५।-; चित्र-युवक श्रेष्ठ ।

छ बालकथा । शीर्षक-आइतेका पछुतो, लोकनाथ कसरी बदलियो ?, कालेको मति, रजनीको व्यथा, घमन्डी बाघ, माहुरीहरूको निधो । यस सङ्ग्रहका बालकथाहरूमा माध्यमबाट कथाकारले नेपाली समाजमा विद्यमान शोषण, अन्याय, हत्याहिंसा र विकृतिलाई प्रस्तुत गरेको पाइन्छ । कथाहरूमा असल हुने सन्देश दिइएको छ । साथै सोझालाई ठग्नेहरूको अन्त्य राम्रो नहुने, गलत काम गर्नेलाई कसैले मन नपराउने, अर्कालाई दुःख दिने आफैँले दुःख भोग्नुपर्ने घमण्ड गर्न नहुनेलगायतका शिक्षा पनि यी कथाहरूमा पाइन्छन् । अन्तिम कथाले भने फलफूल, तरकारीमा प्रयोग गरिने विषादीका कारणबारे मानवस्वास्थ्यमा पर्ने प्रतिकूल असरबारे सचेत गर्ने प्रयास गरेको छ । जीवनोपयोगी यी कथाहरूको भाषाशैली सरल छ ।

## *१३. नानीको प्रगति*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०६३, पृष्ठ-२१+७=२८, मूल्य-रु.३४।-; चित्र-सङ्गी श्रेष्ठ ।

सात बालकथा । शीर्षक-बाबु खेल्न थाल्यो, नानीको प्रगति, फूलको बिरुवा, कालेको मति, गगन समाजसेवी भयो, दुःखका साथी हर्के-जगत, काकाले कथा-कविता पठाउन थाले । नेपाली गाउँघर र सामाजिक परिवेशका यी बालकथाहरूले

शोषण, अन्याय, बेथिति र विसङ्गतिलाई चिरफार गर्दै असल बनाउनुपर्नेमा जोड दिएका छन् । इच्छा भएमा एउटी सानी बालिकाले पनि कसरी पढेर प्रगति गर्न सक्छिन् भन्ने तथ्यका साथै खराबको सङ्गत गर्न नहुने, केटाकेटीले पनि सक्ने काम गरेर घरका ठूलालाई सघाउनुपर्ने र मित्रताको निर्वाह दुवै पक्षबाट हुनुपर्ने सन्देश पनि यी कथाहरूले दिन्छन् । पछिल्लो कथा भाषिक विकृतिलाई लिएर लेखिएको छ । यसअघि पनि हुमागाईंले भाषिक विकृतिबारे **विकृत ढोका** शीर्षकको कथाकृति नै प्रकाशित गरिसकेका छन् । यस सङ्ग्रहका कथाहरू उद्देश्यमूलक छन् । भाषा सरल र स्वाभाविक छ तर अनुच्छेदहरू कतिपय स्थानमा अत्यन्त लामालामा छन् ।

## जनकप्रसाद हुमागाईं, विजय चालिसे र रञ्जुश्री पराजुली

### *१. टाटे-पाङ्ग्रे*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५७ वैशाख, पृष्ठ-२३+५=२८, मूल्य-अनुल्लिखित; चित्र-श्रीहरि श्रेष्ठ; आवरण-नवीन्द्र राजभण्डारी; सम्पादन-गोरखबहादुर सिंह ।

छ बालकथा । शीर्षक-पुन्टेभुन्टे (हुमागाईं), टाटेपाङ्ग्रे (हुमागाईं), बलबहादुर स्कुल गयो (चालिसे), सविनाकी बज्यै (चालिसे), साथीको माया (चालिसे), बाँदरको घर (पराजुली) । बालबोध शृङ्खलाअन्तर्गतको ११ औँ प्रकाशन । तीन लेखकका संयुक्त कृतिको रूपमा प्रकाशित यस सङ्ग्रहका कथाहरूमध्ये चालिसेका कथाहरू घरपरिवार, विद्यालयको सामाजिक परिवेशमा केन्द्रित छन् । हुमागाईंका कथाहरूले भने चोर्नु हुन्न, विवादको टुङ्गो ठूलाबाट गराउनुपर्छ भन्ने सन्देश दिन्छन् । सङ्ग्रहका कथाहरू विशेषतः कक्षा चार र पाँचका विद्यार्थीहरूको स्तर हेरी तयार पारिएको भए पनि परिस्थितिअनुरूप अन्य कक्षाहरूमा पनि उपयोगी हुने देखिन्छ ।

## जनार्दन जागरूक

### *१. सङ्गत गुनाको फल*

प्रकाशक-निरन्तर प्रकाशन, काठमाडौँ; मुद्रक-लालीगुराँस प्रिन्टिङ प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५८ भाद्र, पृष्ठ-२४+४=२८, मूल्य-रु.२०।-; चित्र-सूर्यनारायण श्रेष्ठ ।

छ बालकथा । शीर्षक-बुद्धिको करामत, सङ्गत गुनाको फल, घमण्डी हात्ती, दुष्टसँगको सङ्गत, लुच्चो काग र नक्कली काम, असल मित्र । सङ्ग्रहका कथाहरू नीतिकथाहरू हुन् । कथाको शीर्षकबाट नै यी कथाहरू बालबालिकालाई विभिन्न सन्देश दिन लेखिएका हुन् भन्ने प्रस्ट हुन्छ ।

"मान्छेले मान्छेबाट सिक्नुपर्दा त छानेरै मात्र सिक्न सक्छ, किनकि सबै मान्छे राम्रा र आदर्शवादी हुँदैनन् । तर पशुबाट भने मान्छेले सिक्नुपर्ने कुराहरू नै धेरै पाउन सक्छन् ।...यिनै आदर्शका पात्रहरूबाट नै मैले केही नीतिरूपी अमृतका थोपाहरू झारेको छु, यस पुस्तकमा ।"(*लेखकको भनाइ*)

## जयदेव भट्टराई

### *१. बच्चा हराउने गाउँ (सम्पा.)*

प्रकाशक-मीना उपाध्याय (ढुङ्गेल); मुद्रक-बगलामुखी अफसेट प्रेस, ललितपुर; पहिलो संस्करण-२०५९ बडादसैं, पृष्ठ-२०+४=२४, मूल्य-रु.२०।-; चित्र/आवरण-योगेश खपाङ्गी ।

विभिन्न तीन लेखकका सात बालकथाको सङ्कलन । दीपा भट्टराईका बच्चा हराउने गाउँ, किसानकी छोरीहरू, वातावरण र इच्छा, रूजा शर्माका कान्छा मुसाको तिहार, कमिला र फटेङ्ग्रा, अभिषेक भट्टराईको आँखाको जालो । सङ्ग्रहमा भएका बालकथाहरूले शिक्षाको माध्यमबाट मात्र अघि बढ्नसक्ने, मानिस बानीबेहोरा र गुणले राम्रो हुने, सरसफाइ र वातावरण संरक्षणमा ध्यान दिनुपर्ने, सहरमुखी हुनुको साटो आफ्नै गाउँलाई राम्रो बनाउनुपर्ने, ठूलाले भनेको नमान्दा दुःख पाइने र अल्छेहरूको सङ्गतले आफू पनि बिग्रने शिक्षा दिन्छन् । साथै कथाले झाडापखाला रोगको उपचारबारे पनि जानकारी दिन्छ । कथाहरू सरल भए पनि प्रस्तुति प्रभावकारी देखिन्न ।

## जयप्रसाद लम्साल

### *१. हाम्रा कथा (सम्पा.)*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-एनपिटिसी लिमिटेड; पहिलो संस्करण-२०६२, पृष्ठ-३२+४=३६, मूल्य-अनुल्लिखित; चित्र-युवक श्रेष्ठ र श्रीहरि श्रेष्ठ; आवरण-श्रीहरि श्रेष्ठ ।

विभिन्न चार लेखकका छ बालकथा । शीर्षक-ज्ञानी सोनाम (रेवती राजभण्डारी), भूपीको खुबी (कपिल लामिछाने), बहिदार बाजेको सुगा (गेहेन्द्र

दाहाल), निडर दलवीर (रेवती राजभण्डारी), छट्टु बाँदरको बिहे (नवराज रिजाल) र घमन्डी राक्षस (गेहेन्द्र दाहाल) । बालबोध शृङ्खलाअन्तर्गतको ५० औँ प्रकाशन । सङ्ग्रहका कथाहरूले मानिसमा के-कस्ता गुण हुनुपर्छ भन्ने तथ्यलाई कथाका माध्यमबाट देखाएको छ । विभिन्न लेखकका यी कथाहरूले बालबालिकालाई भिन्नभिन्न स्वाद दिन्छ । कथाहरू रोचक छन् । बालबालिका र पशुपक्षीहरू पात्रपात्रा भएका यी कथाहरूको भाषा सरल र सुबोध छ ।

## जलेश्वरी श्रेष्ठ

### *१. परीको घर*

प्रकाशक-वनिता प्रकाशन, विराटनगर; मुद्रक-बगलामुखी अफसेट प्रेस, ललितपुर; पहिलो संस्करण-२०६० फागुन, पृष्ठ-२४, मूल्य-रु.१८।-; चित्र-गेहेन्द्र अमात्य; आवरण-ज्ञानेश्वर उदय ।

पाँच बालकथा । शीर्षक-परीको घर, चुनु र मुनु, नराम्रो कामको परिणाम, छोरा-छोरी बराबर, जहाँ इच्छा त्यहाँ उपाय । भनेको नमान्दा समस्या आउने, नराम्रो कामको परिणाम नराम्रै हुने, छोरीप्रति विभेद गर्न नहुने, प्रकृतिको विपरीत कोही पनि जान नहुने र इच्छा र अठोटले मानिसलाई लक्ष्यमा पुऱ्याउने शिक्षा यस सङ्ग्रहका कथाहरूमा पाइन्छन् । कथाहरू सरल भाषामा प्रस्तुत गरिएका छन् ।

### *२. तिसाको जन्मदिन*

प्रकाशक-वनिता प्रकाशन, विराटनगर; मुद्रक-बगलामुखी अफसेट प्रेस, ललितपुर; पहिलो संस्करण-२०६१ चैत, पृष्ठ-४६+१०=५६, मूल्य-रु.४५।-; चित्र-रश्मि अमात्य; आवरण-ज्ञानेश्वर उदय ।

नौ बालकथा । शीर्षक-मनचिन्ते झोला, भगवान्, तिसाको जन्मदिन, आइते र पत्तु, थोप्ले, पिङ्की र पुतली, जमुना, समान अवसर, जलपरी र सुन्दरिया । बालमनोविज्ञानलाई दृष्टिगत गरी मौलिक विषयवस्तुका आधारमा लेखिएका सङ्ग्रहका कथाहरू उद्देश्यपूर्ण छन् । कुनै कथाले श्रमको महत्त्व बताउँछ भने कुनै कथाले भगवानका नाममा गरिने अनावश्यक खर्च बालबालिकाको हितमा लगाउनुपर्ने सन्देश दिन्छ । कुनै कथा स्वास्थ्यसँग सम्बन्धित देखिन्छ भने कुनै कथाले पशुपक्षीलाई पिँजडामा राख्ने प्रवृत्तिको विरोध गरेको छ । कथाहरू यथार्थपरक छ । कथाहरूमा बालपात्रपात्रा राखिएका छन् ।

## ज्योति अधिकारी

### *१. आमाको माया*

प्रकाशक-विश्वदीप अधिकारी; मुद्रक-कञ्चन प्रिन्टिङ प्रेस; पहिलो संस्करण-२०५९ बुद्धजयन्ती, पृष्ठ-२२+२=२४, मूल्य-रु.२५।-; चित्र-ज्योति अधिकारी ।

सात बालकथा । शीर्षक-आमाको माया, मेरो रूख, विद्यालय, प्रेम, समाज, पश्चाताप, ममताकी मूर्ति समा । लेखकीय र प्रकाशकीय नभएको ।

### *२. काम गर्ने कालु मकै खाने भालू*

प्रकाशक-विश्वदीप अधिकारी; मुद्रक-कञ्चन प्रिन्टिङ प्रेस; पहिलो संस्करण-२०५९ बुद्धजयन्ती, पृष्ठ-२०+२=२२, मूल्य-रु.२५।-; चित्र-ज्योति अधिकारी ।

सात बालकथा । शीर्षक-काम गर्ने कालु मकै खाने भालू, परिश्रमको फल, साथी, ठूलाको कर्तब्य, शिक्षक, सुमार्ग, यथार्थबोध । लेखकीय र प्रकाशकीय नभएको ।

### *३. सेवा नै धर्म हो*

प्रकाशक-विश्वदीप अधिकारी; मुद्रक-कञ्चन प्रिन्टिङ प्रेस; पहिलो संस्करण-२०५९ बुद्धजयन्ती, पृष्ठ-२०+२=२२, मूल्य-रु.२५।-; चित्र-ज्योति अधिकारी ।

छ बालकथा । शीर्षक-सेवा नै धर्म हो, सानाको कर्तब्य, परिवार, अनुशासन, शम्भु, त्याग । लेखकीय र प्रकाशकीय नभएको ।

### *४. पखेटे भाँडो*

प्रकाशक-भाभा पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-सिखर समुद्र अफसेट, काठमाडौँ; पहिलो संस्करण-२०६१ मङ्सिर, पृष्ठ-२४+२=२६, मूल्य-रु.२५।-; चित्र-भीष्म के.सी. ।

पाँच मौलिक बालकथा । शीर्षक-लालीगुराँस र डाँफे, पखेटे भाँडो, मित्रता, सानी मामु, दिव्यमणि । लेखकीय र प्रकाशकीय नभएको । यसमा भएका बालकथाहरूले प्रकृतिका सबै प्राणीको आ-आफ्नै महत्त्व र काम हुन्छन्, आपत्मा परेका मित्रलाई सहयोग गर्नुपर्छ, मानिस भएपछि जीवजन्तुलाई माया गर्नुपर्छ । सबै सौतेनी आमा खराब हुँदैनन् र संसारमा सबैभन्दा महत्त्वपूर्ण दिव्यमणि नै

ज्ञान हो भन्ने सन्देश दिन्छन् । पहिलो कथाले मानिस र प्रकृतिबीचको सम्बन्धलाई पनि प्रस्तुत गर्छ । कथाहरू रमाइला छन् ।

### ५. *फुच्चे*

प्रकाशक-भाभा पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-सिखर समुद्र अफसेट, काठमाडौँ; पहिलो संस्करण-२०६१ मङ्सिर, पृष्ठ-२३+३=२६, मूल्य-रु.२५।-; चित्र-भीष्म के.सी. ।

पाँच मौलिक बालकथा । शीर्षक-फुच्चे, इच्छा, पुन्टे पुन्टी, गडचौला र झुसिले, सपनाको नासपाती । लेखकीय र प्रकाशकीय नभएको । सङ्ग्रहका कथाहरूमध्ये *फुच्चे*ले बालश्रमिकको पीडालाई प्रस्तुत गरेको छ भने *इच्छा*ले बालअधिकारको कुरा गर्ने व्यक्ति र संस्थाहरूको बालबालिकाप्रतिको व्यवहारप्रति व्यङ्ग्य गरेको छ । अन्य कथा पनि सन्देशमूलक छन् ।

### ६. *बुद्धिमान् झिङ्गा*

प्रकाशक-भाभा पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-सिखर समुद्र अफसेट, काठमाडौँ; पहिलो संस्करण-२०६१ मङ्सिर, पृष्ठ-३०+२=३२, मूल्य-रु.२५।-; चित्र-भीष्म के.सी. ।

पाँच मौलिक बालकथा । शीर्षक-माहुरीको यात्रा, राते र सुनौले, बुद्धिमान् झिङ्गा, एकता नै बल हो, बकुल्ला र राजहाँस । लेखकीय र प्रकाशकीय नभएको । आफ्नो काम समयमै फत्ते गर्नुपर्छ, केटाकेटीले आफूभन्दाको अनुमति नलिइकन जथाभावी हिँड्नु हुन्न, आपत्मा नहडबडाई बुद्धिले ज्यान बचाउनुपर्छ, राम्रो कामको फल राम्रो र नराम्रो कामको फल नराम्रो हुन्छ, साथीभाइबीचको मित्रतालाई तोड्ने अरूको प्रयासलाई समयमै बुझेर असफल बनाउनुपर्छ, मानिसले आँटे जस्तोसुकै काम पनि गर्न सकिन्छ भन्ने शिक्षा सङ्ग्रहका कथाहरूबाट पाइन्छ । कथाहरू सन्देशमूलक र रमाइला छन् ।

## तेजप्रकाश श्रेष्ठ

### १. *जुनेली साँझ (सङ्कलन/सम्पादन)*

प्रकाशक-बालसाहित्य प्रकाशन, काठमाडौँ; मुद्रक-?; पहिलो संस्करण-२०३८, पृष्ठ-२२+२+२४, मूल्य-अनुल्लिखित; चित्र-अनुल्लिखित ।

चार बालकथा । शीर्षक-खैखै तापूँ, हीराको नदी, अजम्बरी फल, सिमलचरी । नेपाली लोकजीवनमा प्रचलित लोककथाहरू नै यस कथाका आधारशिला हुन् । यस दृष्टिले यी कथालाई पुनर्कथन भन्न सकिन्छ । सङ्ग्रहको अन्तिम कथाबाहेक अन्य कथाहरू बालोपयोगी छन् । यिनले रोचक तरिकाले बालबालिकालाई शिक्षा दिन खोजेको छ । *सिमलचरी* भने बालपाठकहरूका लागि उपयुक्त देखिन्न, किनकि यसमा देखाइएको नाठो चरित्रले बालमस्तिष्कमा नकारात्मक प्रभाव पर्न सक्छ ।

"बालकहरूलाई, खासगरी दन्त्यकथा-लोककथाहरूले निकै प्रभावित पार्छन् । आफ्ना बाजे बजैले भनेका यस्ता कथाहरू नै प्रारम्भमा उनीहरूका मनोरञ्जनका साधन हुन् । यी कथाबाट मनोरञ्जनको साथसाथै बालकहरूको बुद्धि पनि तिखारिँदै जान्छ ।" (लेखकीय, *दुईटा कुरा*)

## २. ***बूढाको अर्ती***

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-रत्ना प्रिन्टिङ वर्क्स, वाराणसी, भारत; पहिलो संस्करण-अनुल्लिखित (सम्भवतः २०३८), पृष्ठ-३०+२=३२, मूल्य-अनुल्लिखित; चित्र-अनुल्लिखित ।

पाँच बालकथा । शीर्षक-बूढाको अर्ती, बाँदर-बाँदर्नी, आफ्नै भर, साँचो बोल्ने चोर, कङ्काली माई । पुनर्कथन गरिएका यस सङ्ग्रहका बालकथाहरू पनि शिक्षाप्रद छन् । यिनले बालबालिकालाई इमानदार, सच्चरित्र र नैतिकतावान् बनाउन उत्प्रेरित गर्छन् । सङ्ग्रहका कथाहरूले बूढापाकाले दिएको अर्तीउपदेशलाई गम्भीर भएर बुझ्ने प्रयास गर्नुपर्ने, मानिस आफ्नै परिश्रममा बाँच्नुपर्ने, अर्काको भर पर्न नहुने र सधैँ सत्य बोलेमा कहिले मानिसले दुःख भोग्न नपर्ने सन्देश दिन्छन् । *बाँदर-बाँदर्नी*ले बाँदरको स्वभाव र प्रवृत्तिलाई र *कङ्काली माई*ले सिमरौनगढको धार्मिक महत्त्वलाई विषय बनाएको छ । यसमा भएका लोककथाहरू नारायणी अञ्चलबाट बटुलिएको कथाकारको आत्मस्वीकृति छ ।

## ३. ***बहिनीको कोसेली***

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०५७, पृष्ठ-३४+६=४०, मूल्य-रु.२५।-; चित्र-सौरभकिरण श्रेष्ठ ।

पाँच बालकथा । शीर्षक-'आमा, म पढ्न जान्छु', पछुतो, बहिनीको कोसेली, रौनकको जिज्ञासा, 'पढ्नु पनि पर्छ, खेल्नु पनि पर्छ' । यस सङ्ग्रहका बालकथाहरू

मौलिक छन् । सङ्ग्रहका कथाहरू बालबालिकालाई अध्ययन, मित्रता, मिहिनेत र सिर्जनशीलताप्रति रुचि जगाउने प्रयासमा केन्द्रित रहेको पाइन्छ । थोरै एवम् बालपात्रपात्रा, संवादको समुचित प्रयोग, सरल भाषा सङ्ग्रहका विशेषता हुन् ।

### *४. मिङ्मार*

प्रकाशक-प्रतिभारश्मि प्रकाशन, काठमाडौँ; मुद्रक-इन्द्रेणी अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५९, पृष्ठ-२६+२=२८, मूल्य-रु.२५।-; चित्र-आलोक चालिसे; भाषा-नेपाली र अङ्ग्रेजी ।

एउटै मात्र कथा । सेर्पा उच्च हिमाली क्षेत्रमा बसोबास गर्ने नेपालको एक जाति हो । यस सङ्ग्रहमा भएको एउटै मात्र कथाले सोही जातिबारे महत्त्वपूर्ण जानकारी दिन्छ । साथै सेर्पा जातिको बसोबास भएको क्षेत्रका बारे पनि कथाले बालबालिकालाई अवगत गराउँछ । सरल, सुबोध र स्वाभाविक भाषाशैलीमा लेखिएको यो कृति उपयोगी छ ।

### *५. तिमी पानी देऊ, म फूल दिन्छु*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०६१, पृष्ठ-२९+७=३६, मूल्य-रु.४४।-; चित्र-युवक श्रेष्ठ ।

सात बालकथा । शीर्षक-तिमी पानी देऊ म फूल दिन्छु, सप्तरङ्गी इन्द्रधनु, पानी-खोज अभियान, रगतले भनेको नि !, नीलो आकाशपारि, सलाई झ्वार्र झ्वार्र, माकुरो र जालो । प्रकृतिका विभिन्न महत्त्वपूर्ण कुराहरूबारे कथात्मक ढङ्गले जानकारी दिने कथाहरूको सङ्ग्रहको रूपमा यस सङ्ग्रहलाई लिन सकिन्छ । यी बालकथाहरू जत्ति तथ्यपरक र विज्ञानसम्मत छ, त्यत्ति नै चाखलाग्दो पनि छ । बालपात्रपात्रमार्फत कथात्मक शैलीमा दिइएका तथ्यपरक ज्ञान बालबालिकाका लागि अत्यन्त उपयोगी देखिन्छ । कृतिले मानिस र प्रकृतिबीचको अन्योन्यास्रित सम्बन्धलाई देखाएको छ । भाषाशैली सरल र सरस छ ।

## दिवाकर ढुङ्गेल

### *१. बालबोध-१ (सम्पा.)*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-?; दोस्रो संस्करण-२०५४, पृष्ठ-३६+४=४०, मूल्य-अनुल्लिखित; चित्र-अविन श्रेष्ठ;

आवरण-नवीन्द्र राजभण्डारी ।

छ बालकथा । शीर्षक-राम र पुतली, मुनियाँले डाँका पक्डाई, पाँच स्याउ, कहिल्यै नसिद्धिने कथा, अम्बाको विरुवा, चिप्ले माटो र सेते बकुल्लो । यस सङ्ग्रहका कथाहरू लोककथाको पुनर्कथित रूप हुन् । यी कथामा प्रयुक्त बालबालिका, फलफूल, रूखविरुवा र पशुपक्षीजस्ता पात्रले बालबालिकालाई रोचक ढङ्गले विभिन्न सन्देश दिन्छन् । कृतिले बालबालिकालाई पुस्तक पढ्न उत्प्रेरित गर्ने देखिन्छ । पुस्तक विशेषतः कक्षा १ र २ का बालबालिकाका लागि तयार गरिएको हो ।

### २. *बालबोध-५ (सम्पा.)*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५३; दोस्रो संस्करण-२०५४, पृष्ठ-३२+४=३६, मूल्य-अनुल्लिखित; चित्र-गौतम मानन्धर; आवरण-नवीन्द्र राजभण्डारी ।

चार बालकथा । शीर्षक-मामा-माइजू, मूलाको डुकु, काकी बूढी, चतुरेको चलाखी । यी बालकथाहरू लोककथाका आधारमा तयार गरिएका हुन् । कथाहरू सन्देशमूलक छन् र बालबालिकाका लागि उपयोगी देखिन्छन् । भाषा सरल छ । कृति विशेषतः २ र ३ कक्षाका बालबालिकाका लागि तयार गरिएको हो ।

### ३. *बालबोध-६ (सम्पा.)*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५३, पृष्ठ-३६+४=४०, मूल्य-अनुल्लिखित; चित्र-रविन सायमी; आवरण-नवीन्द्र राजभण्डारी ।

चार बालकथा । शीर्षक-अनौठो फल, बाँदरको पुच्छर, धर्मात्मा र पापी, गफाडी कछुवा । लोककथाका आधारमा तयार गरिएका यी बालकथाहरू पनि सन्देशमूलक छन् र बालबालिकाका लागि उपयोगी देखिन्छन् । भाषा सरल हुनुका साथै मनोरञ्जनापूर्ण पनि छ । कृति विशेषतः २ र ३ कक्षाका बालबालिकाका लागि तयार गरिएको हो ।

### ४. *बालबोध-७ (सम्पा.)*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-?;

दोस्रो संस्करण-२०५४, पृष्ठ-३६+४=४०, मूल्य-अनुल्लिखित; चित्र-सुनिल रञ्जित; आवरण-नवीन्द्र राजभण्डारी ।

तीन बालकथा । शीर्षक-समयको खेल, गरिब भुन्टे, प्रायश्चित । यी कथाहरू पनि लोककथाका आधारमा पुनर्कथन गरिएका हुन् । खासगरी चार र पाँच कक्षाका बालबालिकाहरूलाई बढी उपयोगी हुने गरी तयार गरिएको प्रस्तुत सन्दर्भसामग्री परिस्थितिअनुरूप जुनसुकै कक्षामा प्रयोग गर्न सकिने प्रकाशकको भनाइ छ ।

### *५. बालबोध-८ (सम्पा.)*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-?; दोस्रो संस्करण-२०५४, पृष्ठ-३८+६=४४, मूल्य-अनुल्लिखित; चित्र-अशोक भँडेल; आवरण-नवीन्द्र राजभण्डारी ।

तीन बालकथा । शीर्षक-मकैको रोटी, जिब्रो काटिएको भँगेरो, सिंहराजा । यी बालकथा पनि लोककथाको पुनर्कथन हो । कथाहरू सन्देशमूलक र शिक्षाप्रद छन् । बालबालिकाहरूको पठन सीप बढाउन, मनोरञ्जन प्रदान गर्न तथा मानसिक र बौद्धिक विकासका लागि सन्दर्भसामग्रीहरूको आवश्यकता पर्ने भएकाले प्राथमिक पाठ्यक्रम पाठ्यपुस्तक विकास एकाइले शृङ्खलाबद्ध रूपमा विभिन्न सन्दर्भसामग्रीहरूको विकास गर्ने क्रममा यो पुस्तक पनि तयार गरेको हो । प्रस्तुत सन्दर्भसामग्री परिस्थितिअनुरूप जुनसुकै कक्षामा प्रयोग गर्न सकिए पनि खासगरी चार र पाँच कक्षाका बालबालिकाहरूलाई बढी उपयोगी हुने प्रकाशकको भनाइ छ ।

## दिव्य 'सागर' साउद

### *१. जिलेबीको बोट*

प्रकाशक-वाणी प्रकाशन, विराटनगर; मुद्रक-शाहबन्धु अफसेट प्रेस, धनगढी; पहिलो संस्करण-२०६० माघ, पृष्ठ-३१+५=३६, मूल्य-रु.१५।-; चित्र-निर्दोष डेविट; आवरण-रमेश श्रेष्ठ ।

छ बालकथा । शीर्षक-जिलेबीको बोट, नराम्रो कामको नमीठो फल, विश्वासघाती बाज, जस्तो काम उस्तै फल, एक गोडेको कथा, नाइके भेडा र झप्पुकुकुर । यस सङ्ग्रहका बालकथाहरू शिक्षाप्रद र रोचक छन् । कथाहरूले

मिहिनेत गर्न, विश्वासघात नगर्न, बुद्धि पुऱ्याएर काम गर्न, परिणाम सोचेर काममा हात हाल्न बालबालिकालाई प्रेरित गर्नुका साथै खराब कामको फल पनि खराब नै हुन्छ भन्ने सन्देश दिएको छ ।

## दुर्गाप्रसाद दाहाल र ज्ञानप्रसाद शर्मा

### *१. नैतिक शिक्षा*

प्रकाशक-रत्न पुस्तक भण्डार; मुद्रक-कमर्सियल प्रिन्टिङ वर्क्स, बनारस, भारत; पहिलो संस्करण- २०११ (अनुमानित); दोस्रो संस्करण-२०१३, पृष्ठ-९५+५=१००, मूल्य-रु.१।-; चित्र-नभएको ।

विश्वप्रसिद्ध ग्रन्थ *महाभारत*भित्रका विभिन्न घटनाहरूलाई प्रस्तुत गरिएका उनन्चालीस कथा । 'महाभारत कथासङ्ग्रह' भनिएको । शीर्षक-कुरूपको रूप नै विद्या हो, सच्चरित्रता, सत्य सबैभन्दा ठूलो वस्तु हो, विद्या परिश्रम गरेर हासिल गर्नुपर्छ, गुरुभक्ति, अन्तिम कथा-राजा । कथाका माध्यमबाट बालबालिकालाई नैतिक शिक्षा दिने उद्देश्य भएकाले कथासङ्ग्रहको शीर्षक नै **नैतिक शिक्षा** राखिएको देखिन्छ । भूमिका २०११ सालमा लेखेको देखिएकाले पहिलो संस्करण २०११ मा भएको अनुमान गर्न सकिन्छ । बालबालिकालाई ध्यानमा राखी लेखिएकाले भाषा सरल र शैली रुचिकर बनाउने प्रयास भएको लेखकको भनाइ छ ।

## देवकुमारी थापा

### *१. वरपरबाट*

प्रकाशक-नेपाल बाल सङ्गठन, केन्द्रीय कार्यसमिति, काठमाडौँ; मुद्रक-?; पहिलो संस्करण-२०३३, पृष्ठ-?, मूल्य-?; चित्र-? ।

छ बालकथा ।

### *२. कथाको बटुलो*

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०३६, पृष्ठ-२३+९=३२, मूल्य-रु.२।-; चित्र/आवरण-टेकवीर मुखिया ।

छ बालकथा । शीर्षक-बादल बोल्यो, थुपारेको धन, परलोकवासी, बञ्चरो, करुणा, सनपाटको फूल । सन् १९७९ को अन्तर्राष्ट्रिय बालवर्षको अवसरमा

प्रकाशित यस सङ्ग्रहका बालकथाहरू नेपाली लोकजीवनमा प्रचलित कथाहरू नै हुन्, ती कथाहरूलाई थापाले आफ्नो भाषा र शैलीमा पुनर्कथन गरेकी छिन् । आकारका दृष्टिले अत्यन्त छोटा यी बालकथाहरूले बालबालिकालाई विभिन्न प्रकारका जीवनोपयोगी सन्देश दिएका छन् । यी कथामा प्रकृतिका छटा र चराचुरुङ्गी, पशु आदिका माध्यमबाट बालबालिकालाई चेतनशील र जाग्रत बनाउने प्रयाससमेत भएको छ ।

## ३. जङ्गलको कथा

प्रकाशक-बाल मन्दिर, विराटनगर; मुद्रक-बाला प्रिन्टर्स, वाराणसी, भारत; पहिलो संस्करण-२०३७, पृष्ठ-१९+१=२०, मूल्य-रु.२।-; चित्र/आवरण-गोपाल कलाप्रेमी ।

सात बालकथा । शीर्षक-ब्वाँसो र कुकुर, बुद्धि ठूलो, राजा हाँस र काग, सानो थोक, खैरै कुकुर, हावा र घाम, साथी । *हावा र घाम* बालकथाबाहेक यस सङ्ग्रहका सबै कथा पशुपक्षी एवम् जङ्गलको केन्द्रीयतामा रहेर लेखिएका छन्, त्यसैले सङ्ग्रहको शीर्षक अत्यन्त सार्थक देखिन्छ । यी बालकथाहरूले अर्कालाई धोका दिनुहुन्न, बलभन्दा बुद्धि ठूलो हुन्छ, अर्काको नक्कल गर्नुहुँदैन, कुनै पनि निर्णय उचित हुनुपर्छ, अरूबाट काम लिँदा मायाले लिनुपर्छ, विपद्मा पर्दा साथीलाई छाड्नेको सङ्गत गर्नुहुँदैन भन्ने सन्देश दिएका छन् । उनका सबै कथाले ठाडो उपदेश दिनुको साटो कथावस्तु र घटनाक्रमका माध्यमबाट सन्देश दिएको हुनाले ती रोचक हुन पुगेका छन् । यी कथाहरू पुनर्कथित बालकथा हुन् ।

## ४. सुनपखेटी चरी

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक-हिसि प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०४२, पृष्ठ-१६+८=२४, मूल्य-रु.९।८०; चित्र-अनुल्लिखित ।

आठ बालकथा । शीर्षक-साँचो साथी, खजुरका बच्चा, विपद्मा साथी, सुरेको सलाई, ठूलो मान्छे, बुझ्नुपर्ने कुरा, सुनपखेटी चरी, सुनको भकुण्डो । साना विषयवस्तु भए पनि यस सङ्ग्रहका बालकथाहरूले बालबालिकाहरूलाई महत्त्वपूर्ण सन्देश दिएका छन् । यी कथाहरूका माध्यमबाट उनले बालबालिकामा विभिन्न मानवीय गुणहरूको प्रतिष्ठापन गरी विकृतिविरुद्ध उनीहरूलाई सजग पार्ने लक्ष्य लिएको भान हुन्छ । कथा रमाइला छन् र सरल भाषा, रोचक प्रस्तुति र घटनाहरूको वर्णनले अझ रोचक बनाएको छ ।

## देवीप्रसाद वनवासी

### *१. कथा-कथ्यौरी*

प्रकाशक-बालसाहित्य प्रकाशन, काठमाडौँ; मुद्रक-जोरगणेश प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०२७, पृष्ठ-४८+२=५०, मूल्य-रु.२।-; चित्र-टेकवीर मुखिया ।

तेह्र बालकथा । शीर्षक-बाघको गुरु बिरालो, दुई जोइको पोइ कुना पसी रोई, बलभन्दा बुद्धि ठूलो, गडचाही सासु-खञ्चुवा ज्वाईं, ईमानदार चोर, रातभरि करायो दक्षिणा हरायो, खुरुखुरु जानु खुरुरुरु आउनु, अलच्छिना मान्छे, दुःख पाइस् मङ्गले आफ्नै ढङ्गले, बाबुभन्दा छोरा बुद्धिमान्, मिस्री, महादेवलाई साढेसात, कण्डैसित्ती । यसभित्रका बालकथाहरूले बहुविवाह गर्नुहुँदैन, बलभन्दा बुद्धि ठूलो हो, घमन्ड गर्नुहुँदैन, आवश्यक परेको बेला मानिसले साहस देखाउनुपर्छ, गरिबीका कारण पनि मानिस निर्धा र कुरूप हुन्छन्, जुनसुकै काम पनि सोची-विचारी गर्नुपर्छ, बाबुआमाको राम्ररी हेरविचार गर्नुपर्छ र लोभ गर्दा मानिसले थप दुःख भोग्नुपर्छ भन्नेजस्ता शिक्षा प्रदान गरेका छन् । सङ्ग्रहका केही कथाहरू पूर्ण रूपमा मनोरञ्जनात्मक छन् । केही कथाको शीर्षकमा उखानटुक्काको प्रयोगलाई सकारात्मक मान्नुपर्छ । तर अन्तिम कथाको शीर्षकचाहिँ अश्लील देखिन्छ । सङ्ग्रहका केही कथा भने लोककथालाई आधार मानेर तयार गरिएका हुन् ।

“…हाम्रा लोककथाका घटना, पात्रपात्रीहरू र उनीहरूका चरित्र हाम्रो समाजसँग सम्बन्धित हुँदैनन् । कथाका अतिशयोक्तिपूर्ण घटना, सङ्घर्ष तथा विजय-पराजयले आदिदेखि अन्त्यसम्म पाठक तथा स्रोतालाई जीवनको वास्तविकतादेखि टाढा लगेर एउटा विचित्र स्वप्निल संसारमा उभ्याइदिन्छन् । …लोककथाका घटनाहरूलाईभन्दा त्यसको परिणामलाई नै बढी महत्त्व दिनुपर्छ । किनकि लोककथाका घटनाहरू जेजस्ता भए पनि त्यसको अन्तिम परिणाममा हुन्छ-असत्य र अन्यायप्रति न्यायको विजय ।” (लेखकीय, *भन्नुपर्ने कुरा*)

### *२. केही रमाइला कथा*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-भार्गव आफसेट्स, वाराणसी, भारत; पहिलो संस्करण-२०३८; वर्तमान संस्करण-२०५३, पृष्ठ-३४+२=३६, मूल्य-रु.१५।-; चित्र-अनुल्लिखित ।

छ बालकथा । शीर्षक-विद्वान् मूर्ख, रामे र कुकुर, मुष्टिको धन, पूजाको लागि, काम लाग्ने कुरा, सत्यको विजय । सङ्ग्रहका कथाहरू सन्देशमूलक छन् ।

मानिसले पढेर लेखेर मात्र पुग्दैन व्यावहारिक पनि हुनुपर्छ, मिहिनेत गर्नेहरूले मात्र प्रगति गर्न सक्छन्, पदको दुरुपयोग गर्नुहुन्न, मानिसले नचाहिने कुरा मिल्काई काम लाग्ने कुरा सिक्नुपर्छ र न्याय गर्ने व्यक्तिले प्रमाण मात्रै नखोजी आफ्नो बुद्धि र विवेकको पनि प्रयोग गर्नुपर्छ भन्ने शिक्षा दिन्छन् । *काम लाग्ने कुरा* महात्मा गान्धीको जीवनको एक घटनाका आधारमा लेखिएको छ । सङ्ग्रहको तेस्रो कथामा व्यक्त विचार भने समयानुकूल नहुनुका साथै यसको भाषा पनि अनुपयुक्त रहेको छ ।

### ३. फूलपाती

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक-हिसि प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०४०, पृष्ठ-२८+६=३४, मूल्य-रु.६।-; चित्र-अनुल्लिखित ।

छ बालकथा । शीर्षक-सिमल चरी, चतुरेको चलाकी, किसानको छोरो, औँठीको चमत्कार, स्वर्ग र नरक, जस्तालाई तस्तै । यस सङ्ग्रहका बालकथाहरूले हाम्रो गाउँघर र जनजीवनलाई कथाका माध्यमबाट जानकारी दिने प्रयास गरेका छन् । गाउँघरमा जमिनदारबाट हुने शोषण, लोग्ने-स्वास्नीबीचको कलहबाट उत्पन्न हुने स्थिति, मिहिनेत, चलाकी, धैर्य र साहस अनि सत्य बोल्ने बानीबाट प्राप्त हुने सफलता र छोराछोरीलाई समयमै कामकाजबारे सिकाउनुपर्ने विषयलाई यस सङ्ग्रहमा कथात्मकता दिइएको छ । कथाहरू बालबालिकाका लागि शिक्षाप्रद र मनोरञ्जक दुवै छन् ।

### ४. चुभुर चुभुर

प्रकाशक-प्राथमिक शिक्षा परियोजना, प्राथमिक सामग्री एकाइ, भक्तपुर; मुद्रक-मकालु छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०४२; तेस्रोपटक-२०४५, पृष्ठ-१६+४=२०, मूल्य-अनुल्लिखित; चित्र-जनक शिक्षा सामग्री केन्द्र; आवरण-नवीन्द्र राजभण्डारी ।

पाँच बालकथा । शीर्षक-असल छोरो, गोरखनाथको वरदान, टुहुरो, गुठियार, मासुको भागबन्डा । यस सङ्ग्रहमा भएका बालकथाहरूमध्ये *गोरखनाथको वरदान* इतिहाससँग सम्बन्धित छ भने अन्य कथाहरू लोककथालाई पुनर्कथन गरिएका हुन् । मिहिनेत र बुद्धि पुऱ्याएर काम गरे सुखीसम्पन्न हुनुका साथै बाबुआमाको माया पाइन्छ, टुहुरोलाई दुःख दिनुहुँदैन, धनको घमन्ड गर्नुहुँदैन र

लोभले आफैँलाई बेफाइदा हुन्छ भन्ने शिक्षा यी बालकथाहरूले दिन्छन् । कथाहरू आकारमा छोटा, कथानकका दृष्टिले सरल र प्रस्तुतिका हिसाबले मीठा छन् । यी बालकथाहरू कक्षा ३ देखि ५ सम्मका बालबालिकालाई सुहाउने खालका छन् । कथाले मनोरञ्जन पनि प्रशस्त दिन्छ ।

## ५. *छुनुमुनु*

प्रकाशक-किशोर रेग्मी, स्याङ्जा; मुद्रक-गङ्गा प्रिन्टिङ प्रेस, स्याङ्जा; पहिलो संस्करण-२०५१, पृष्ठ-२१+५=२६, मूल्य-रु.७।-; चित्र-नभएको ।

आठ बालकथा । शीर्षक-रामशाहको न्याय, तमाखु बाजे, घण्टी, धान कोदो र मकै, हिंसा, सगोत्रिया, पाङदुरे साहु, बाबुछोराको सल्लाह । यस सङ्ग्रहमा भएका बालकथामध्ये *रामशाहको न्याय* इतिहाससँग सम्बन्धित छ भने *तमाखुबाजे* पूर्ण रूपमा औपदेशिक रहेको छ । यसमा रहेका कथाहरूले नेपाली जीवनका विविध पक्षलाई पनि देखाएका छन् । घण्टीले तल्लो तहका कर्मचारीको पीडालाई प्रस्तुत गरेको छ भने अन्य कथाले हिंसा गर्नुहुन्न, सबै कुराको आ-आफ्नो महत्त्व हुन्छ, गरिबलाई सहयोग गर्नुपर्छ भन्ने सन्देश दिएका छन् । कथाहरू सामाजिक परिवेशको चित्रण पाइन्छ ।

## ६. *सिरीखुरी*

प्रकाशक-सुदर्शन रेग्मी-वसन्त रेग्मी, वालिङ, स्याङ्जा; मुद्रक-लुष प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५४ पुस, पृष्ठ-६६+४=७०, मूल्य-रु.२५।-; चित्र-वसन्त रेग्मी 'घायल' ।

बालकथासङ्ग्रह भनिए पनि एक्काइस कथामध्ये दसवटा मात्र बालकथा । शीर्षक-बोपदेव, सात आँखे, राजज्योतिषी दुर्लभसिद्ध, माष्टर्नी, केशव, नलीको चोट, माइजू, कालीबहादुर, चतुरावतीको चर्तिकला, करै र खरै । यस सङ्ग्रहका बालकथामध्ये *बोपदेव* जीवनीमूलक बालकथा हो भने *सात आँखे* श्रीमद्भागवत महात्म्यबाट लिइएको हो । यस्तै *राजज्योतिषी दुर्लभसिद्ध* ऐतिहासिक विषयमा आधारित कथा हो भने अन्य मौलिक कथा हुन् । यी कथाहरूमार्फत सानो परिवार नै सुखी हुन्छ, राम्रा बानी भएकालाई सबैले माया गर्छन्, नराम्रो बानीका कारण सजाय पाइन्छ, पशुहरूलाई पनि माया गर्नुपर्छ र अर्काको धन खानुहुन्न भन्ने सन्देश दिइएको छ । केही कथा आत्मसंस्मरणात्मक शैलीमा लेखिएका छन् ।

### *७. बालसँगाती*

प्रकाशक-चित्रलेखा प्रकाशन, स्याङ्जा; मुद्रक-ग्लोबल अफसेट प्रेस, स्याङ्जा; पहिलो संस्करण-२०५८ माघ, पृष्ठ-४४+४=४८, मूल्य-रु.५०।-; चित्र-वसन्त रेग्मी 'घायल' ।

सात बालकथा । शीर्षक-झुमा, घोषणा, जुजुचा, पुर्पुरो, गौँथली, लाहुरे स्कुल, लगनगाँठो । यस सङ्ग्रहका कथाहरूमध्ये *झुमा, घोषणा, जुजुचा* र *पुर्पुरो* ऐतिहासिक विषयवस्तुमा आधारित छन् । अन्य कथा भने लेखकको व्यक्तिगत अनुभव र समाजमा देखिएका यथार्थ घटनामा आधारित मौलिक रचना हुन् । कथाहरूले पक्षीप्रेम, रक्सीबाट हुने हानि, शिक्षाको महत्त्व एवम् लोभका कारण सम्मान र प्रतिष्ठा गुमाउनुपर्दाको स्थितिलाई देखाएका छन् । यो सङ्ग्रह विशेषगरेर किशोरकिशोरीहरूका लागि तयार गरिएको लेखकीय भनाइ छ ।

## देवेन्द्रप्रसाद उप्रेती

### *१. हराएको बाखो र गोठालो*

प्रकाशक-एसिया पब्लिकेसन्स, काठमाडौँ; मुद्रक-युनिभर्सल प्रिन्टिङ प्रेस; पहिलो संस्करण-२०६४, पृष्ठ-३८+६=४४, मूल्य-रु.३०।-; चित्र/आवरण-अनुल्लिखित ।

नौ बालकथा । शीर्षक-हराएको बाखो र गोठालो, स्यालको कथा, 'मुसा, चराचुरुङ्गी र किसान', पुस्तकालय र किताब, बाँदर र महिला, हात्ती र बाघको कथा, नदी र सिमलको रूख, वरपीपलको बोट र चौतारो, बोटविरुवाको झगडा र मान्छे । अरूलाई दुःख दिन हुँदैन, अर्कालाई मारेर मासु खाने प्रवृत्ति राम्रो होइन, मिलेर बस्नुपर्छ, समस्या पर्दा बुद्धि पुऱ्याएर काम गर्नुपर्छ, आपद्मा परेकालाई सहयोग गर्नुपर्छ, रूखविरुवा लगाएर वातावरण जोगाउनुपर्छ, गाउँघर सफा राख्नुपर्छ, पृथ्वीका सबै वस्तुका समान महत्त्व छ भन्ने सन्देश यस सङ्ग्रहका कथाहरूले दिन्छन् । कथाहरूमा पशुपंक्षी, रूखविरुवा र पुस्तक पात्रका रूपमा रहेका छन् । कथाहरू वर्णनात्मक शैलीमा छन् । भाषा सरल छ ।

## धर्म सापकोटा 'राजु'

### *१. बुद्धिमानीको परीक्षा*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-डङ्गोल प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०६२, पृष्ठ-२८, मूल्य-रु.४०।-; चित्र-सङ्गी श्रेष्ठ ।

छ बालकथा । शीर्षक-बुद्धिमानीको परीक्षा, घमन्डी मौरी र उदार पुतली, प्याटे, घमन्डी भ्यागुतो, रूखहरूका राजा, बुद्धि पुगेन कि ? । सिंह, खरायो, मौरी, पुतली, सुगा, भ्यागुतो, कमिला, भिँगा र लामखुट्टेजस्ता जीवजन्तु र विभिन्न रूखहरू पात्र भएका यस सङ्ग्रहका कथाहरूले गल्ती गर्न नहुने र गरे पनि स्वीकार्नु बुद्धिमानी हुने, भोकाएर आएकाहरूलाई भोजन दिएर सहयोग गर्नुपर्ने, अतिथिको सत्कार गर्नुपर्ने, अरूलाई दुःख दिन नहुने, घमण्ड गर्न नहुने शिक्षा दिन्छन् । कथा छोटा, सरल र सुबोध छन् ।

## धिर्जनाथ

### *१. साथीको मेल*

प्रकाशक-राजेन्द्र पुस्तक पसल, काठमाडौँ; मुद्रक-विक्रम पञ्चाङ्ग प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-२०३६, पृष्ठ-१६+४=२०, मूल्य-रु.२।-; चित्र-धीरज ।

चार बालकथा । शीर्षक-पाँचवटा सेल, दूधको दूध पानीको पानी, बोक्सी मीतआमा, साथीको मद्दत । अन्तर्राष्ट्रिय बालवर्षको उपलक्ष्यमा प्रकाशित । लेखकीय र प्रकाशकीय नभएको ।

## ध्रुव

### *१. बालकथा*

प्रकाशक-धरणीधर शर्मा, वाराणसी; मुद्रक-संसार प्रेस, संसार लिमिटेड, वाराणसी; पहिलो संस्करण-अनुल्लिखित, पृष्ठ-३२, मूल्य-५० नयाँ पैसा (भारु); चित्र-अनुल्लिखित ।

आठ बालकथा । शीर्षक-मनोहर, शिबु, कुमारी विमला, धोक्रे कान्छो, कुसुमबहादुर माली, सुर्के कुकुर, मुन्द्रे बाँदर र कौडे खसी, माछाका राजकुमार र राजकुमारी । प्रकाशन मिति उल्लेख नभए पनि भूमिका लेखकले लेखेको मितिका आधारमा सन् १९५७ तिर प्रकाशित । यस सङ्ग्रहका बालकथाहरू प्राथमिक तहका बालबालिकाहरूलाई मनोरञ्जन र जीवनोपयोगी शिक्षा दिने उद्देश्यले रचना गरिएका हुन् । कथाहरू कुनै परिकथाको शैलीमा लेखिएका छन् । कथाको भाषा सरल छ ।

## ध्रुव घिमिरे

### *१. जीत कसको हुँदैछ ?*

प्रकाशक-राष्ट्रिय योजना आयोग/विश्व संरक्षण सङ्घ (आई.यु.सि.एन.); राष्ट्रिय

संरक्षण कार्यनीति कार्यान्वयन योजना; मुद्रक-सेवा प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५१ चैत, पृष्ठ-५०+६=५६, मूल्य-रु.६०।-; चित्र-सुनिल के. रञ्जित ।

सोह्र बालकथा । शीर्षक-कुर्सीको कथा, चेप्टे र थेप्चे, छोटे र मोटे, कुकुर र बिरालो, पृथ्वी, 'चन्द्रमा र सूर्यको झगडा', हरिणको सिङ, पढाइको अर्थ, घमण्डी बाघ, 'पानी पऱ्यो, राक्षस मऱ्यो', लौ भन नानी म को हुँ ?, को ठूलो ?, जीत कसको हुँदैछ ?, लुगा कहाँबाट आयो ?, रोगे भूत, मीत-मीत, माटोले कसरी हार्नुपऱ्यो ? । बालबालिकालाई वातावरणसम्बन्धी ज्ञान दिई वातावरणप्रति सचेत बनाउने उद्देश्यले तयार गरिएका कथाहरूको प्रस्तुत सङ्ग्रहले वातावरणसंरक्षणका साथै प्रकृतिलाई प्रेम गर्न प्रेरित गर्छ । विशेष गरी नेपालका वातावरणीय समस्यालाई कथाको विषय बनाइएको छ । यो बालकथासङ्ग्रह कक्षा ६ देखि ८ सम्मका विद्यार्थीहरूका लागि तयार गरिएको हो । वातावरणीय समस्यामा आधारित भए पनि विषयलाई कथानकका आधारमा अघि बढाइनुका साथै सरल भाषा र रोचक प्रस्तुतिले कथासङ्ग्रह राम्रो बन्न पुगेको छ ।

## २. चमेरोको चुच्चो किन बुच्चो ?

प्रकाशक-नेपाल बालसाहित्य समाज, काठमाडौँ; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५२, पृष्ठ-२३+१=२४, मूल्य-अनुल्लिखित; चित्र-वीरेन्द्रप्रताप सिंह ।

चार बालकथा । शीर्षक-कस्तूरी कहाँ छ ?, चमेरोको चुच्चो किन बुच्चो ?, चराको राजा को ?, झुसिलकीरा पुतली पो बन्यो ! । लेखकीय र प्रकाशकीय नभएको । यस सङ्ग्रहभित्रका बालकथाले बालबालिकालाई पशुपंक्षीहरूका बारेमा महत्त्वपूर्ण जानकारी दिन्छन् । बालरुचिलाई ध्यानमा राखी लेखिएका यी सबै कथाहरू उत्कृष्ट बालकथाका रूपमा रहेका छन् । रोचक कथानक, सरल तथा सहज भाषा, संवादको समुचित प्रयोग र मीठो प्रस्तुतिका दृष्टिले पनि यी बालकथाहरू उल्लेखनीय छन् ।

## ३. पेटमा भूत कसरी पस्यो ?

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५७ वैशाख, पृष्ठ-३२+४=३६, मूल्य-अनुल्लिखित; चित्र-राजुबाबु शाक्य; आवरण-नवीन्द्र राजभण्डारी; सम्पादन-गोरखबहादुर सिंह ।

नौ बालकथा । शीर्षक-मीत-मीत, आफूले आफैँलाई चिन्ने खेल, राजुको

प्रयोगशाला, पृथ्वी, चन्द्रमा र सूर्यको झगडा, मामाघरको यात्रा, पेटमा भूत कसरी पस्यो ?, कुम्भकर्णको खाना, एकसिङे कलुवाका चारओटा काम । बालबोध शृङ्खलाअन्तर्गतको १२ औँ प्रकाशन । यस सङ्ग्रहका बालकथाहरू विज्ञान तथा वातावरणसम्बन्धी विषयमा आधारित छन् । प्राविधिक विषयलाई कथानकको रूपमा ढालिए पनि प्रस्तुतिको स्वाभाविकता र रोचकताले यो कृति उपयोगी भएको छ । विशेषत: कक्षा चार र पाँचका विद्यार्थीहरूको स्तर हेरी तयार पारिएको पनि यो कृति अन्य कक्षाका विद्यार्थीका लागि पनि उपयोगी हुने देखिन्छ ।

### *४. टुटिलो र धनेश*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-डङ्गोल प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०६२, पृष्ठ-३२, मूल्य-रु.४०।-; चित्र-सरोज बज्राचार्य; सम्पादन-शाश्वत पराजुली ।

सात बालकथा । शीर्षक-चारखुट्टेको दौड प्रतियोगिता, हात्ती र लाल बुझक्कड, काले र भाले, मेरा आमा-बा को हो ?, नेप्टे मामा र चटपटे भान्जा, टुटिलो र धनेश, भालु र मौरीको चाका । यस सङ्ग्रहमा भएका कथाहरू जीवजन्तुको संसारसँग सम्बन्धित छन् । कथामा जीवनोपयोगी शिक्षा र सन्देशका साथसाथै प्रशस्त मनोरञ्जन पनि दिन्छ । कथालाई घटना र संवादका माध्यमबाट पुष्ट बनाइएको छ र कथाको शैली रोचक छ । यस सङ्ग्रहका कथाहरूको अर्को विशेषता पशुपक्षीसँग सम्बन्धित कतिपय तथ्यहरूबारे जानकारी दिनु पनि हो ।

## **ध्रुव घिमिरे** र **गुहनाथ पौडेल**

### *१. अनौठा प्राणी र वनस्पति*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५८ जेठ, पृष्ठ-३४+६=४०, मूल्य-अनुल्लिखित; चित्र/आवरण-टार्जन राई; सम्पादन-गोरखबहादुर सिंह ।

विज्ञान र वातावरणसँग सम्बन्धित विभिन्न विषयक रचनाको कथात्मक प्रस्तुति । बाह्र रचना । शीर्षक-‘वरको रूख, जरा र फेदको कथा’, आलु, तुलसी, लज्जावती झार, सिउँडी (गुहनाथ पौडेल) तथा अर्ना र कर्ना, जीवन र नाटक, लौ भन नानी म को हुँ ?, लाटोकोसेरोको निवेदन, झुसिलकिरो त पुतली पो बनेछ, जेम्स नेपाल र मौरी, चुलबुलेको सपना । बालबोध शृङ्खलाअन्तर्गतको २८ औँ प्रकाशन । यस कथासङ्ग्रहमा विज्ञान तथा वातावरणसँग सम्बन्धित

विभिन्न विषयलाई कथात्मक संरचनामा प्रस्तुत गरिएका छन् । विशेषगरि विभिन्न बोटविरुवाको उपयोगिता र जीवजन्तुको जन्म, बानीबेहोरा आदिबारे यस कृतिले अत्यन्त रोचक ढङ्गबाट जानकारी दिन्छ । विषयवस्तुका दृष्टिले अतिउपयोगी यो कृतिको विशेषताचाहिँ प्रस्तुतिको मौलिकता नै हो । भाषा सरल र सहज छ भने घटना र संवादले कथालाई रोचक बनाउन सहयोग पुऱ्याएको छ । विशेषतः कक्षा चार र पाँचका विद्यार्थीहरूको स्तर हेरी तयार पारिएको यो कृति सबैका लागि उपयोगी देखिन्छ ।

## नवराज अधिकारी

### *१. नेपाली कथासङ्ग्रह (सम्पा.)*

प्रकाशक-अन्तर्राष्ट्रिय मञ्च, काठमाडौँ; मुद्रक-अन्तर्राष्ट्रिय मञ्च छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०६४, पृष्ठ-८८+४=९२, मूल्य-रु.५०।-; चित्र-भरत बम्जन, पी.वी.अनुभव; आवरण-सुन्दर बस्नेत ।

विभिन्न किसिमका गरी कुल ४२ बालकथा । सोमध्ये पञ्चतन्त्रका कथाहरू-८, रूसी लघुकथा/लोककथा-४, भारतीय लोककथा-२, कोरियाली लोककथा-१, युरोपेली लोककथा-२, महाभारतका कथा-२, चिनियाँ लोक/नीति/लघुकथा-५, फारसी कथा-३, नेपाली ऐतिहासिक गाथा-४, विविध लोक एवम् नीतिकथा-४, उपदेशात्मक गाथा-१, सामाजिक लोकगाथा-१, लोककथा-३, आधुनिक लघुकथा-१ । विभिन्न व्यक्तिहरूबाट अनुवाद र प्रस्तुतिमा बालमञ्चमा छापिएका कथाहरूको सङ्कलन । हान्स क्रिश्चियन एन्डरसन, आर.एल.स्टेभेन्सन, रविन्द्रनाथ ठाकुरजस्ता विश्वप्रसिद्ध लेखकहरूबाट लेखिएका कथाहरूलाई पनि लोककथा भनी प्रस्तुत गरिनु उपयुक्त देखिन्न । कथा प्रस्तुत तथा अनुवाद गर्नेहरूमा रमण नेपाल, टी.एन.गोपीकृष्ण अधिकारी, श्यामदास वैष्णव, विनोद अश्रुमाली आदि छन् ।

## नवराज रिजाल

### *१. दयालु ढेडु*

प्रकाशक-प्रज्ञापन प्रकाशन, नेपाल; मुद्रक-डङ्गोल प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०५८ चैत, पृष्ठ-४०, मूल्य-रु.२०।-; चित्र/आवरण-योगेश खपाङ्गी ।

बाह्र मौलिक बालकथा । शीर्षक-असल साथी, साहसी बालक, बन्धुलालको जीवनयात्रा, चुत्रेको न्याय, मेहनतको फल, जित त हाम्रो भयो, दयालु ढेड, परिश्रमी र अल्छी, मेहनती भुन्टे लालकाजी भयो, दिवाकरको जुक्ति, कुसङ्गतको

परिणाम, तीन मित्रहरू फेरि भेट भए । यस बालकथासङ्ग्रहमा तराई, पहाड र हिमालमा रहेका विभिन्न जातजातिका कथा छन् । साथै पशुपक्षीलाई पात्र बनाएर लेखिएका कथाहरू पनि यसमा समाविष्ट रहेका छन् । पशुपक्षीप्रतिको प्रेमभाव, वातावरणप्रतिको सचेतता, शिक्षाप्रतिको अभिरुचि, परिश्रम र मिहिनेतप्रतिको समर्पण र कुलत एवम् कुसङ्गतबाट हुने हानि यस सङ्ग्रहका कथाका विषय हुन् । कथाको भाषा सरल भए पनि शैली भने वर्णनात्मक छ ।

## २. भूतको घरभित्र

प्रकाशक-प्रज्ञापन प्रकाशन, नेपाल; मुद्रक-डङ्गोल प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०५९ चैत, पृष्ठ-४०, मूल्य-रु.२०।-; चित्र/आवरण-योगेश खपाङ्गी ।

बाह्र कथा । शीर्षक-जाँगरिली बाख्री, दुई साथीको जुक्ति, चुलबुलेको चर्तिकला, सफल योजना, फेरि अर्को मित्र थपियो, भूतको घरभित्र, पुच्छरकान्त र रूपसुरी, आमाको खुसी, देउताहरू रिसाएनन्, अन्धीको लगनशीलता, सार्थक प्रयास, फटचाङ्ग्रीले क्षमा मागी । यस सङ्ग्रहमा अन्य विषयहरूका अतिरिक्त महिला समानता, चेलीबेटी बेचविखन, जातीय भेदभाव र छुवाछूत तथा अपाङ्गहरूप्रति गर्नुपर्ने व्यवहारका सन्दर्भमा रचित बालकथाहरू पनि छन् । यस दृष्टिले सङ्ग्रहका कथाहरू समसामयिक नेपाली समाजका यथार्थता हुन् । वास्तवमा सङ्ग्रहका केही कथाहरू सन्देशमूलक छन् भने केही चेतनामूलक छन् । तराई र पहाडी परिवेशका यी कथाहरूको शैली भने वर्णनात्मक नै रहेको छ । भाषा सरल छ ।

## ३. बोक्सी बूढी

प्रकाशक-प्रज्ञापन प्रकाशन, नेपाल; मुद्रक-डङ्गोल प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०६० चैत, पृष्ठ-४०, मूल्य-रु.२०।-; चित्र/आवरण-योगेश खपाङ्गी ।

दस कथा । शीर्षक-ती बूढा मान्छे, नयाँ लुगा र शर्मिली, पाटे बाघले हान्यो, उगेन र सोनाम, बोक्सी बूढी, दुष्टहरू भागे, बा-आमा खुसी हुनभयो, भ्याउँकिरीको सपना, सन्देश घर फर्कियो, रमाइलो यात्रा । यस सङ्ग्रहका कथाहरूले मित्रता र श्रमको महत्त्व बोध गराउँदै बिरामीलाई सहयोग गर्नुपर्ने, धनी-गरिब भनेर भेदभाव गर्न नहुने, अर्काले मिहिनेतबाट आर्जन गरेको वस्तु उसको स्वीकृतिबिना प्रयोग गर्न नहुनेलगायतका सन्देश दिन्छन् । कथाको परिवेशले हिमाल, पहाड र तराई सबैलाई समेटेको छ र कथाका पात्रका रूपमा विभिन्न जातजातिलाई लिइएको छ । वास्तवमा रिजालका बालकथाहरूमा नेपाल बोल्ने गरेको देखिन्छ ।

बालकथामा समस्या समाधान गर्न बालबालिका आफैँ अग्रसर भएको देखाई उनीहरूमा भएका क्षमता र साहसलाई अघि बढाउने प्रयास गरिएको छ। कतिपय कथामा स्थानीय भाषाको प्रयोग भएको देखिन्छ, त्यस्ता शब्दको अर्थ नदिँदा बालबालिकालाई बुझ्न समस्या पर्ने देखिन्छ।

## *४. म पनि जान्नँ !*

प्रकाशक- प्रज्ञापन प्रकाशन, नेपाल; मुद्रक-डङ्गोल प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०६१ चैत, पृष्ठ-४०, मूल्य-रु.२०।-; चित्र/आवरण-रामप्रसाद साह।

आठ कथा। शीर्षक-बलवीरे सुध्रियो, राजधानीको यात्रा, सबैको शत्रु, म पनि जान्नँ !, तिनीहरूको निर्णय, बसका साथी, आँखा खुलेपछि, छिः छिः चोर। अन्य सङ्ग्रहमा झैँ रिजालको यस सङ्ग्रहमा पनि पात्रपात्रमा जातीय विविधता देखिन्छ। कथाका पात्रहरू बालबालिका छन् र कथाले आपसी सहयोग, एकता, वातावरण संरक्षणको पक्षमा बोल्छन्। समस्या समाधानका लागि बालबालिका अग्रसर गराउने उनको कथाप्रवृत्ति यसमा पनि पाइन्छ। कथाको भाषा सरल र प्रस्तुति रोचक छ। कृति उपयोगी छ।

## *५. तिलकानेको टिको*

प्रकाशक-प्रज्ञापन प्रकाशन, नेपाल; मुद्रक-डङ्गोल प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०६२ चैत, पृष्ठ-४०, मूल्य-रु.२०।-; चित्र/आवरण-योगेश खपाङ्गी।

नौ बालकथा। शीर्षक-चतुरेको ख्याति, जाँगरिला मान्छे, सडकको साथी, हजुरआमाको गुरू, तिलकानेको टिको, बुद्धिमान् न्याउरीमुसो, कलाकार जानकी, बच्चो चील, प्रक्रिया र कैले। लेखकीय र प्रकाशकीय नभएको। यस सङ्ग्रहमा भएका बालकथाहरूमध्ये चतुरेको ख्याति, तिलकानेको टिको र प्रक्रिया र कैलेले चराचुरुङ्गी र जीवजन्तुप्रति मायाप्रेम गर्नुपर्ने यथार्थलाई बोध गराउँछन्। अन्य कथाहरूले आफ्नो गाउँको विकास आफैँले गर्नुपर्ने, सडक बालकको सुधारका लागि काम थाल्नुपर्ने, पढ्नलाई उमेरले नछेक्ने, बाढीपहिरो रोक्न आफ्नो गाउँघरमा रूखविरुवा रोप्नुपर्ने, बिरामीलाई धामीझाँक्रीकहाँ नभई चिकित्सककहाँ लग्नुपर्ने र घमण्डीको कोही पनि साथी नहुने सन्देश पनि दिन्छन्। कथाहरू तराई, भित्रीमधेस र काठमाडौँको परिवेशमा लेखिएका छन्। कथा रोचक र सरल छ।

### ६. *छट्टू बाँदरको बिहे*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०६३, पृष्ठ-३१+७=३८, मूल्य-रु.५०।-; चित्र-माणिक होरा; आवरण-टेकवीर मुखिया ।

दस बालकथा । शीर्षक-छट्टू बाँदरको बिहे, स्वार्थी बूढो र सहयोगी बालकहरू, तैयद अली र खुत्रुके, मेहनती दिलमाया, अनौठो रूख र पोखरी, अल्छी बूढा, फूलमाया, एकादेशका राजा, वनको माया, सानीका कुरा । यस सङ्ग्रहको पहिलो कथामा बाँदर पात्रको रूपमा रहेको छ भने अन्य सबैमा मानिस नै पात्रपात्राका रूपमा आएका छन् । त्यसमध्ये पनि अधिकांशका बालबालिका नै पात्र छन् । कथाले पशुहत्याको विरोध, वनजङ्गलको संरक्षण, जातीय भेदभावविरुद्ध चेतना र छोरीलाई शिक्षालगायतका विषयमा बालबालिकालाई राम्रो जानकारी दिएका छन् । यसका अतिरिक्त मिहिनेत गर्नुपर्ने, झुटो कुरा लामो समयसम्म नलुक्ने, नचिनेका मान्छेका कुरा तुरुन्त पत्याउन नहुने, आपत परेकालाई सहयोग गर्नुपर्ने, जुन क्षेत्र र विषयमा क्षमता छ त्यसैमा निरन्तर साधना गर्नुपर्ने, तासजुवा खेल्न नहुनेलगायतका सन्देश पनि दिन्छन् । केही कथा लोकशैलीमा लेखिएका छन् । अधिकांश कथामा तराईको जनजीवनको चित्रण छ । भाषाशैली सरल र बालरुचिअनुकूल रहेको छ ।

## नारायण खकुरेल 'नास्तिक'

### १. *किसान र बाघ*

प्रकाशक-अरनिको बालसाहित्य प्रकाशनका लागि शिवलक्ष्मी खकुरेल; मुद्रक-पायनियर अफसेट प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०५६, पृष्ठ-२६+६=३२, मूल्य-रु.१५।-; चित्र-रमेश लामा ।

दस बालकथा । शीर्षक-किसान र बाघ, माझीको लोभ, आमाको अठोट, अन्धाको हातमा बत्ती, राजाबिनाको जङ्गल, बुद्ध र मान्छेको चेतना, मुसो र बिरालो, नीताको पीडा, मनको भूत, बलबहादुरलाई कसले बिगार्‍यो ? ।

"उहाँका सबै कथा सरल, सुबोध तथा रोचक छन् । तिनले दिन खोजेको दर्शन र दृष्टिकोण वैज्ञानिक तथा तथ्यसङ्गत छ । यसै दृष्टिले यो कथासङ्ग्रह हाम्रा बालबालिकाहरूका निम्ति एउटा पोषिलो र मीठो पुष्टकारीजस्तै बन्न पुगेको छ ।" (जनकप्रसाद हुमागाईं, *नयाँ उपलब्धि : किसान र बाघ*, भूमिका)

## नारायण ढकाल

### *१. मुसे कान्छाको करामत*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-इन्द्रेणी अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५९ वैशाख, पृष्ठ-३२, मूल्य-रु.१५।-; चित्र-सुजन चित्रकार; आवरण-के.के.कर्माचार्य ।

चार बालकथा । शीर्षक-मुसेको पहिलो करामत, हजुरबाको तमाखु, मुसेको टोपी, लिखे सरको पुच्छर । यस सङ्ग्रहका सबै बालकथा एउटै बालपात्र 'मुसेकान्छा'को घटनामा केन्द्रित छन् । केटाकेटीलाई होच्याउनु हुन्न, तमाखु खानु हुन्न, चोरेर खानु हुन्न र गुरुको नराम्रो बानीको प्रभाव विद्यार्थीमा पर्ने हुँदा गुरुले त्यस्तो बानी त्याग्नुपर्छ भन्ने सन्देश सङ्ग्रहका कथाहरूले दिन्छन् । कथामा गालीका शब्दहरू प्रयोग गरिनुलाई चाहिँ उचित मान्न सकिन्न । कथाहरूको भाषाशैली सरल छ ।

### *२. गोमाको यार्लिङ*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०५९, पृष्ठ-२२+६=२८, मूल्य-रु.२५।-; चित्र-वासु क्षितिज ।

पाँच बालकथा । शीर्षक-गोमाको यार्लिङ, कालीपाटीको मोटर, पानीघट्टको यात्रा, गणेशचौथीको नाटक, फुच्चे गोठालो । सङ्ग्रहका कथाहरू सन्देशमूलक छन् । खराब बाटोमा लागेकालाई प्रयास गरे असल बाटोमा ल्याउन सकिन्छ, मानिस अन्धविश्वासी बन्न हुन्न तर साहसी बन्नुपर्छ, सीप र चातुर्यले कठोर मानिसको मन पनि जित्न सकिन्छ र बालबालिकाले परिस्थिति बुझेर काम गर्नुपर्छ भन्ने ज्ञान यी कथाहरूबाट पाइन्छन् । कथानक, भाषा र शैलीका दृष्टिले कथा बालरुचिअनुकूल देखिन्छन् ।

## नारायणश्री अधिकारी

### *१. मामाघरका हजुरबा*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-डङ्गोल प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०६२, पृष्ठ-२८+४=३२, मूल्य-रु.४०।-; चित्र-युवक श्रेष्ठ; सम्पादन-शाश्वत पराजुली ।

छ बालकथा । शीर्षक-मामाघरका हजुरबा, सारङ्गी गीत फटचाङ्ग्रो मीत,

नयाँ बिहानी, कति असल विचार, कुखुराको भालेपोथी, मुसा समाउने जुक्ति । यस सङ्ग्रहका बालकथाहरूले अपाङ्ग भनेर हेला गर्नुहुन्न, छोराछोरीलाई विद्यालय पठाउनुपर्छ, झगडा गर्नु हुन्न र आफ्नो जिम्माको काम गर्नुपर्छ भन्ने सन्देश त दिन्छन् नै, त्यसका अतिरिक्त बालअधिकारको संरक्षण र पुरुष-महिलाबीचको समानताका पक्षमा वकालत पनि गर्छन् । साथै हजुरबा र नातिनातिनाबीचको मायास्नेह पनि कथामा प्रतिबिम्बित भएको पाइन्छ । दोस्रो कथा पूर्ण मनोरञ्जनात्मक रहेको छ । पशुपक्षी र बालपात्रपात्राहरूका माध्यमबाट कथालाई अघि बढाइएको छ । कथा सरल छ ।

## निमा छिरिङ शेर्पा

### *१. सरस बालकथा*

प्रकाशक-श्याम ब्रदर्स, दार्जीलिङ; मुद्रक-मनोहर प्रेस, वाराणसी; पहिलो संस्करण-१९६३ अगस्त, पृष्ठ-४२+६=४८, मूल्य-५० नयाँ पैसा (भारु); चित्र-धनमान मुखिया ।

बीस बालकथा । शीर्षक-चिच्चाको धन, बाठो लड्छ तीन बल्डयाङ, पालोको पैँचो, पाप धुरीबाट कराउँछ, लोभी, असली राजा, बाख्राले साटो फेऱ्यो, न्याउरी मारी पछुतो, दुःखमा साथीलाई सघाऊ, चोर पक्रा पऱ्यो, चोरमाथि चण्डाल, जिब्रो, बूढो माछावाला, जसको शक्ति उसको भक्ति, अब्राहम लिङ्कन, सेवा गरे मेवा फल्छ, पछुतो, भाग्यमानीको भूतै कमारो, धूर्त्त धामी, मुख बायो दुःख पायो । कथाको अन्त्यमा कथासँग सम्बन्धित प्रश्न पनि दिइएको छ । सङ्ग्रहमा शिक्षाप्रद एवम् सन्देशमूलक बालोपयोगी कथाहरू समेटिएका छन् । कथाका माध्यमबाट बालबालिकाको चारित्रिक सुधारमा जोड दिइएको पाइन्छ ।

## निर्मला बराल

### *१. मोती र हरिको मित्रता*

प्रकाशक-वनिता प्रकाशन; मुद्रक-बगलामुखी अफसेट प्रेस, ललितपुर; पहिलो संस्करण-२०६३, पृष्ठ-२२, मूल्य-रु.३०।-; चित्र-राजेश मानन्धर; आवरण-ज्ञानेश्वर उदय ।

एउटा बालकथा । बाहिर **हरि र मोतीको मित्रता** कृतिको नाम लेखिए पनि भित्रचाहिँ **मोती र हरिको मित्रता** लेखिएको । यस कृतिमा दुई पुरुष पात्रका माध्यमबाट लेखिकाले पशुपक्षी, पर्यावरण र मानिसबीचको सम्बन्धलाई देखाउने प्रयास गरेकी छिन् । साथै बालबालिकालाई मित्रताजस्ता मानवीय गुण

पनि सिकाउन पनि प्रस्तुत पुस्तकले मदत पुऱ्याउँछ । तर कथावस्तु खँदिलो र भाषाशैली रसिलो भने हुन सकेको छैन ।

## नैनसिंह योन्जन र मनप्रसन्न योन्जन

### *१. कथामृत*

प्रकाशक-साझा पुस्तक प्रकाशन, दार्जीलिङ, भारत; मुद्रक-साझा कम्पुटर एन्ड अफसेट, दार्जीलिङ, भारत; पहिलो संस्करण-१९९९ इ., पृष्ठ-४२+४=४६, मूल्य-रु.२०।- (भारु); चित्र-अनुल्लिखित ।

बाह्र नीतिकथा । शीर्षक-इमानदार, सच्चा सुपुत्र, दयालु रानी, जार्ज वासिङ्गटन, पुस्तकप्रेमी बालक, अकबर र बीरबल, अजयको दया र उदारता, एक प्रसिद्ध साधु र गान्धीजी, भाइप्रति असाधारण प्रेम, घुँडा टेकी क्षमा मागौँ, भलाई गर्नेप्रति नराम्रो नचिताऊ, सङ्गतिको प्रभाव । यस सङ्ग्रहका केही कथा महत्त्वपूर्ण व्यक्तित्वका जीवनसँग सम्बन्धित छन् भने केही कथा सामाजिक परिवेशमा आधारित छन् । यी कथाहरूका माध्यमबाट बालबालिकालाई नैतिक, सच्चरित्रवान्, उदार, सहयोगी, इमानदार र असल बनाउने प्रयास गरिएको छ । यो पुस्तक प्राथमिक तहका भारतीय नेपाली बालबालिकाका लागि तयार गरिएको हो ।

## परशु प्रधान

### *१. नानीको कथा (सम्पा.)*

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक-कल्पना प्रेस, वाराणसी; पहिलो संस्करण-२०२६, पृष्ठ-३६+४=४०, मूल्य-रु.१।५०; चित्र-अनुल्लिखित ।

बाह्र बालकथा । शीर्षक-चार कुरा, बाजी, खाऊँ चुपिचल्लाको बचरा, पीपलको छाया, सुनको हाँस, ब्वाँसो र बाखी, कुखुरीको माइती, रिकुटे, काले जादुगर, खरायो र सिंह, मित्रता, मोतीको माला । सङ्कलक र प्रकाशक दुवैको भनाइ नभएको । यी कथाहरू लोककथाका आधारमा पुनर्कथन गरिएका हुन् । विशेष गरेर पशुपक्षी पात्रपात्रा भएको यस सङ्ग्रहका कथाबाट बालबालिकाले ठूलाले भनेको मान्नुपर्ने, बाजी लगाउने बानीले दुःख पाइने, नचाहिँदो लोभ गर्न नहुने, अर्काको इख गर्न नहुने, बुद्धिले काम लिनुपर्ने, चोर्न नहुने र मित्रतामा आघात पुऱ्याउन नहुने शिक्षा पाइन्छन् । कथाको भाषा सरल र प्रस्तुति रोचक

छ । यो पुस्तक तत्कालीन अवस्थामा कक्षा ४ का लागि स्वीकृत भएको उल्लिखित छ ।

### *२. रीताको स्कुल*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०३०; दोस्रो संस्करण-२०५३, पृष्ठ-२०+२=२२, मूल्य-रु.१७।-; चित्र-टेकवीर मुखिया ।

एउटा बालकथा । लेखकीय र प्रकाशकीय नभएको । यो रीता नामकी एक बालिकाको कथा हो । वर्णनात्मक शैलीमा लेखिएको यस कृतिमा उनीमार्फत उनको विद्यालयको चित्रण गरिएको छ । कृतिले बालबालिकालाई विद्यालय र शिक्षाको महत्त्व देखाउँदै विद्यालय जान उत्प्रेरित गर्छ । कथाको शैली रमणीय लाग्छ ।

## **परशु प्रधान** र **कल्पना प्रधान**

### *१. कथामाला*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-एपोलो अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५९, पृष्ठ-२८+४=३२, मूल्य-अनुल्लिखित; चित्र-राजुबाबु शाक्य ।

पाँच कथा । शीर्षक-बाठी बाख्री, को ठूलो को सानो, हिरामोतीको मूल्य, ज्ञानी राजकुमारी र बाघ जिल्लाराम । बालबोध शृङ्खलाअन्तर्गतको २९ औँ प्रकाशन । यस कृतिमा पाँच लोककथालाई पुनर्लेखन गरिएको छ । कृतिमा सङ्कलन तथा पुनर्लेखन भनिएको छ । यसमा भएका कथाहरू चलाखी, जिद्दी र घमण्डका कथा हुन् । साथै कथाले शासन गर्नेले गरिब जनताको हितमा काम गर्नुपर्छ, कुनै पनि कुराको घमण्ड गर्नुहुँदैन, चलाखीबाट अरूलाई पराजित गर्न सकिन्छ, कमजोरलाई दुःख दिनुहुँदैन भन्ने शिक्षा पनि सङ्ग्रहका कथाहरूले दिन्छन् । यो कृति प्राथमिक तहका केटाकेटीका लागि तयार गरिएको हो ।

## **पारसमणि दाहाल**

### *१. बाँदरको निर्णय*

प्रकाशक-भाभा पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-सिखर समुद्र अफसेट, काठमाडौँ;

पहिलो संस्करण-२०६१ मङ्सिर, पृष्ठ-२५+५=३०, मूल्य-रु.२५।-; चित्र-भीष्म के.सी. ।

छ बालकथा । शीर्षक-चराहरूको मित्रता, जलारी र माछाहरू, जनावरहरूको एकता, बाँदरको निर्णय, ज्ञानी श्याल, हात्तीपीडित जनता । लेखकीय र प्रकाशकीय नभएको । यस कृतिका कथाहरूले बालबालिकालाई सबैसँग मित्रतापूर्ण व्यवहार गर्नुपर्ने, ठूलालाई आदर र सानालाई माया एवम् संरक्षण दिनुपर्ने, अर्कालाई दुःख दिन नहुने र पश्चाताप गर्नेलाई माफी दिनुपर्ने सन्देश दिएका छन् । साथै कथाले जङ्गली जनावरको बासस्थान र आहारको संरक्षण नगरिँदा आउने समस्याप्रति पनि जागरुक बनाउने प्रयास गरेको छ । कथाहरू मौलिक छन् र प्रस्तुति सरल छ ।

## पासाङ गोपर्मा

### १. *बुहारी*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-दीपक प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-?; संस्करण-२०४३, पृष्ठ-४०+४=४४, मूल्य-रु.५।-; चित्र-अनुल्लिखित ।

आठ बाललोककथा । शीर्षक-बुहारी, गोरूले बाछा बियायो, माक्सीबुङ, मीत, सुबीऊ, सार्की राजा, गुणले गुण खान्छ-तँलाई म खान्छु, पाँच वचने आमाकी दस वचने छोरी । यो कृति लोककथासङ्ग्रहको पुस्तक भए पनि यसको विषय, भाषा, लेखनशैली र मुद्रण बालपाठकहरूलाई ध्यानमा राखी गरिएको छ । कथाहरू रोचक र मनोरञ्जनपूर्ण हुनुका साथै शिक्षाप्रद पनि छन् ।

## पुन्य कार्की

### १. *बलभन्दा बुद्धि ठूलो*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-सम्झना प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६३ भदौ, पृष्ठ-२८, मूल्य-रु.१५।-; चित्र-रवि बस्नेत ।

तीन बाललोककथा । शीर्षक-लामदन्ते र भुसुनो, हात्ती र झिँगो, सियोको शिकार यात्रा । लोककथालाई आफ्नो भाषामा पुनर्कथन गरिएको यस सङ्ग्रहका कथाहरू रोचक र रमाइला छन् । अघिल्ला दुई कथाले बलको तुजुक देखाउनु हुँदैन र त्यस्तो तुजुक देखाउनेलाई बुद्धिले तह लगाउनुपर्छ भन्ने शिक्षा दिएको छ भने पछिल्लो कथा मनोरञ्जनात्मक छ ।

## पुष्पलता आचार्य

### १. *फटयाङ्ग्राको कविगोष्ठी*

प्रकाशक-वाणी प्रकाशन, विराटनगर; मुद्रक-बगलामुखी अफसेट प्रेस, ललितपुर; पहिलो संस्करण-२०६१ भदौ, पृष्ठ-२६+१०=३६, मूल्य-रु.२५।-; चित्र-शान्त हिताङ ।

पाँच बालकथा । शीर्षक-फटयाङ्ग्राको कविगोष्ठी, मित्रता, भिङ्गाको पाठशाला, शुभकामना, माहुरीको शत्रु । सङ्ग्रहका कथाहरूले आपसी एकता र मित्रताको सन्देश दिनुका साथै अरूलाई दुःख दिन नहुने शिक्षा दिन्छन् । कथाहरूमा पशुपक्षी र कीराफटेङ्ग्रालाई पात्र बनाइएको छ । कथाको भाषाशैली सरल र सहज छ ।

## पोखरा सार्वजनिक पुस्तकालय (प्रकाशक)

### १. *हाम्रा कथा*

प्रकाशक-पोखरा सार्वजनिक पुस्तकालय, पोखरा; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५३ चैत, पृष्ठ-२४+४=२८, मूल्य-अनुल्लिखित; चित्र-नभएको; आवरण-दुर्गा बराल; सम्पादन-अनुल्लिखित ।

विभिन्न लेखकका छ बालकथा । शीर्षक-वनभोज (माया ठकुरी), नानुको डब्लु र पप्लु (गेहेन्द्रभूषण पोखरेली), भूतको भय (कुलबहादुर के.सी.), तिल्के र भिल्केको कथा (सूर्यबहादुर खड्का 'विखर्ची'), बुद्धिचन्द्र र बलराज (माधव वियोगी), स्वार्थी मान्छे (रामबहादुर बानियाँ क्षेत्री) ।

## पोष चापागाईं

### १. *आमा पुतली*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-इन्द्रेणी अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५८ वैशाख, पृष्ठ-२४, मूल्य-रु.१२।-; चित्र-आलोक चालिसे; आवरण-के.के.कर्माचार्य ।

सात बालकथा । शीर्षक-काफल पाक्यो चरो, चल्लाहरू फर्किएनन्, आमा पुतली, स्याबास्, मुटुको मोल, चकचकले लियो ज्यान, बाँदरहरू गलल हाँसे । पोष चापागाईंको पहिलो बालकथासङ्ग्रह आमा पुतलीका कथाहरू मौलिक कथा हुन् । यस सङ्ग्रहका कथामध्ये *चल्लाहरू फर्किएनन्*ले आमाबाबुको छोराछोरीप्रतिको असीम माया र छोराछोरीको आमाबाबुप्रतिको उपेक्षाभावलाई प्रतीकात्मक

ढङ्गमा प्रस्तुत गरिएको छ भने *आमा पुतली*मा छोराछोरीका लागि आमाले ज्यानसमेत त्याग्न तयार हुने तथ्यलाई औँल्याइएको छ । छोटा वाक्य, सरल शब्द र संरचनाका कारण सङ्ग्रहका बालकथाहरू उपयोगी देखिन्छन् ।

### *२. मान्छे र बाँदर*

प्रकाशक-उदय बुक्स प्रालि, काठमाडौँ; मुद्रक-इन्द्रेणी अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५९, पृष्ठ-अनुल्लिखित, मूल्य-रु.३०।-; चित्र/आवरण-युवक श्रेष्ठ ।

छ बालकथा । शीर्षक-भुसुनी र हर्कबहादुर, बाँदरको घर हुँदैन, आँपको बगैँचा, मान्छे र बाँदर, बाबुको मुख हेर्ने दिन, रिसले ज्यान लिन्छ । यी बालकथाहरूले बालबालिकालाई विशेषतः नेपाली पहाडी ग्रामीण परिवेशको बारेमा जानकारी दिन्छ । कथाहरू बालबालिकाको रुचिअनुकूलका विविध विषयमा केन्द्रित छन् र यिनले केही न केही सन्देश दिन्छन् । बालमनोविज्ञानलाई समेत ध्यानमा राखेर लेखिएका सङ्ग्रहका कथाहरूको भाषाशैली सरल, स्पष्ट र रोचक रहेको छ । आकारका दृष्टिले छोटा यी बालकथाहरू ९ देखि १२ वर्ष उमेरसमूहका लागि तयार गरेको देखिन्छ ।

## प्रकाश 'कोविद'

### *१. हाम्रो कथा (भाग-१)*

प्रकाशक-श्याम ब्रदर्स प्रकाशन, दार्जीलिङ, भारत; मुद्रक-मनोहर प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-१९७० इ., पृष्ठ-३७+५=४२, मूल्य-रु.१।२० (भारु); चित्र-नभएको ।

नौ बालकथा । शीर्षक-चटकको बाँदर, राजाको घण्टा, बिरालोको गुहु, को ठूलो ?, मूसाहरूको नेता, गधाको भारी, पहेँलो पात, बोक्सी आमा, उच्चे र बुच्चेको बहादुरी । त्यसबेला भारतको पश्चिम बङ्गालको नेपाली भाषी क्षेत्रमा कक्षा-१ का लागि तयार गरिएको पुस्तक ।

## प्रतापमान शाक्य

### *१. विद्याको रेखा*

प्रकाशक-प्राथमिक सामग्री एकाई; मुद्रक-इन्दु छापाखाना प्रालि, ललितपुर; पहिलो संस्करण-२०४४, पृष्ठ-२५+५=३०, मूल्य-अनुल्लिखित; चित्र-उत्तम खरेल ।

दस बालकथा । शीर्षक-राम्रो सल्लाह, समय बितेपछि, सजिलो र गाह्रो, दृढ सङ्कल्प र लगनशीलता, विद्याको रेखा, सबैभन्दा महान् को ?, सबभन्दा ठूलो पूँजी, माहुरी र सिंह, मानिसको पहिचान, चलाख चरो । यी कथाहरू लोककथाका आधारमा लेखिएका हुन् । कथाका माध्यमबाट समयको महत्ता, दृढ सङ्कल्पबाट प्राप्त हुने लाभ, परिश्रमबाट हुने फाइदा, भौतिक सामग्रीभन्दा बुद्धि महत्त्वपूर्ण र बोलीका आधारमा मानिसको पहिचान गर्नसकिने यथार्थताजस्ता सन्देश पाइन्छन् । कथाहरू सरल भाषा र रोचक शैलीमा प्रस्तुत छन् ।

### *२. चतुर चङ्खे*

प्रकाशक-प्राथमिक सामग्री एकाई; मुद्रक-इन्दु छापाखाना प्रालि, ललितपुर; पहिलो संस्करण-२०४४, पृष्ठ-?, मूल्य-अनुल्लिखित; चित्र-मोहन खड्का ।

सत्र बालकथा । शीर्षक- राजाको सल्लाहकार, म केही जान्दिनँ, फेटाको मोल, सबभन्दा खञ्चुवा, तथ्याङ्क, सुरुवाको सुरुवाको सुरुवा, भागबण्डा, चोरलाई कसरी रोक्ने ?, रोगको औषधि, कसरी थाहा भयो ?, मूर्ख हाकिम, एउटामात्र खुट्टा भएको कुखुरा, अनुहार, कन्जुस मानिस, स्याउको मोल, गधाको हाकिम, बच्चा जन्माउने फोसी । यस सङ्ग्रहका बालकथाहरूले बालबालिकालाई परिश्रमी व्यक्तिनै सफल हुन्छ, विद्वता लुगामा नभई ज्ञानमा हुन्छ, नबोलाएको ठाउँमा जाँदा अपमानित भइन्छ, अर्काको कुरामा चासो राख्नु राम्रो होइनलगायतका जीवनोपयोगी शिक्षा दिन्छन् । कथाहरू उपजीब्य स्रोतलाई आधार बनाएर रचना गरेको देखिन्छ । कथाहरू सन्देशमूलक भइकन पनि रोचक र मनोरञ्जक भएकाले बालबालिकाका लागि रुचिकर हुन पुगेका छन् ।

## प्रदीप प्रधान

### *१. जङ्गलका रमाइला कथाहरू*

प्रकाशक-प्रदीप प्रधान; मुद्रक-आइडियल प्रिन्टर्स, बुटवल; पहिलो संस्करण-२०६१ फागुन, पृष्ठ-१४+६=२०, मूल्य-व्यक्तिगत रु.५०।-, संस्थागत-रु.१००।-; चित्र-प्रज्ञा प्रधान, हितङ्गा आर्ट (हरि हितङ्गा) ।

सात मौलिक बालकथा । शीर्षक-प्यारा हाँसहरू, चलाख मुसा, विवेकी बाँदर, उहिले उहिले तेरो बाको तालु खुइले, बाँदर विद्यालय, बुद्धिमान् हात्ती, सिकारी रवि र मयूर । सङ्ग्रहका कथाहरूले सेवा, सहयोग र अहिंसाका पक्षमा बालबालिकालाई अभिप्रेरित गर्छन् । साथै यी कथाहरूले सम्पत्तिको सदुपयोग गर्ने

र अरूको भलाईमा लगाउने सन्देश पनि दिन्छन् । मौलिक कथावस्तुमा लेखिएका यी बालकथाको भाषा सरल र प्रस्तुति रोचक छ ।

## प्रभा भट्टराई

### *१. सन्तु र सुगा*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-नेपाल टाइम्स प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६१, पृष्ठ-३६, मूल्य-रु.४०।-; चित्र-सङ्गी श्रेष्ठ ।

सात बालकथा । शीर्षक-सन्तु र सुगा, हीरा हीरा नै हो, तँ आइपुगिस् मुनु ?, विप्लव बद्लियो, चङ्गाको रहर, आमाको दूध, छुच्ची बहिनी प्यारी बहिनी । बालमनोविज्ञानमा आधारित यी बालकथाहरूले पशुपक्षीप्रति मानवको प्रेम र स्नेह हुनुपर्ने पक्षमा वकालत गर्छन् । *सन्तु र सुगा*का माध्यमबाट पशुहरूको स्वतन्त्रता र *आमाको दूध*का माध्यमबाट गाइवस्तुले पनि आफ्ना बाछाबाछीलाई दूध खुवाउनु पाउनुपर्ने विषयमा प्रकाश पारिएको छ । यसबाहेक मानिस र पशुबीचको सम्बन्ध केलाउने कार्यका साथै अर्काको ईर्ष्या गर्न नहुने, बालमनोविज्ञान नबुझ्दा केटाकेटी बिग्रने र बालबालिकाको मनोभाव विपरीत आमाबाबुले काम गर्न नहुनेतर्फ पनि कथाहरूले सङ्केत गरेका छन् । भाषिक दृष्टिले कथा सरल छन् र तिनको प्रस्तुति सहज र रोचक छ ।

## प्रवेश सिन्धुलीय

### *१. भैँसे पहिरो*

प्रकाशक-शब्दघर प्रकाशन, काठमाडौँ; मुद्रक-शब्दघर प्रिन्टिङ सपोर्ट; पहिलो संस्करण-२०६१ माघ, पृष्ठ-२४, मूल्य-रु.१५।-; चित्र-वासु क्षितिज ।

पाँच बालकथा । शीर्षक-जनावरहरूको मिलेमतो, स्याबासी लिनलाई, भैँसेपहिरो, ऐँसेलुको काँडा, पश्चाताप । यी बालकथाहरूले एकताबद्ध भई काम गर्दा दुष्टलाई पराजित गर्न सकिन्छ, बदमासी गर्ने र काम ठग्ने प्रवृत्ति राम्रो होइन, ठूलाले भनेको नमान्दा दुःख पाइन्छ, छोराछोरीप्रति समान व्यवहार गर्नुपर्छ, जुवातास-मद्यपानजस्ता कुलतमा फस्नु हुँदैन भन्ने शिक्षा दिन्छन् । कथाहरूमा बालबालिका र पशुपक्षी पात्रका रूपमा रहेका छन् र कथाशैली वर्णनात्मक रहेको छ । भाषा सरल र सहज भएकाले बालबालिकाले सजिलै बुझ्छन् ।

## प्रेमा शाह

### *१. जिन्की र जोकर*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-जौहरी प्रिन्टिङ प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-२०४०, पृष्ठ-३४+४=३८, मूल्य-रु. ४।-; चित्र-अनुल्लिखित ।

पाँच बालकथा । शीर्षक-जिन्की र जोकरको केक, म्याउँचीको म्याउँ, पिन्चू कमिलाको संसार-यात्रा, छिर्बिरे चील, प्रायश्चित । सङ्ग्रहका सबै कथा मौलिक हुन् । सङ्ग्रहका बालकथाहरू विशेष गरी मनोञ्जनात्मक छन् तथापि यी कथाहरूले केही न केही सन्देश भने दिन्छन् नै । पहिलो कथामा पश्चिमेली संस्कृतिअनुरूप जन्मदिनमा केक काट्ने परम्पराको चित्रण छ भने *छिर्बिरे चील*को अन्त्य कथाअनुरूप हुन सकेको छैन । *पिन्चू कमिलाको संसार-यात्रा* सङ्ग्रहकै उत्कृष्ट कथा हो ।

### *२. मन्टुकी बज्यैको कथाको पेटारो*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-भार्गव आफसेट्स, वाराणसी, भारत; पहिलो संस्करण-?; वर्तमान संस्करण-२०४५, पृष्ठ-१८, मूल्य-रु. ४।-; चित्र-अनुल्लिखित ।

चार बालकथा । शीर्षक-'पाँच कुमार' गाउँको कथा, घमण्डभन्दा अक्कल ठूलो, भविष्यको चित्र, मालपूवा र स्याल । सङ्ग्रहका बालकथाहरू नेपाली लोकजीवनमा प्रचलित हजुरआमाहरूले आफ्ना नाति-नातिनाहरूलाई कथा सुनाउने शैलीमा लेखिएका छन् । सबै कथाले केही न केही सन्देश दिनुका साथै मनोरञ्जन पनि दिन्छन् । कथाले घमण्ड, धूर्त्याइँ, परिश्रम र विद्वताको सम्मानजस्ता विषयलाई कथाका माध्यमबाट बालबालिकासमक्ष राखेको छ । भाषा सरल र शैली रोचक छ ।

### *३. इन्द्रधनुष*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-भार्गव आफसेट्स, वाराणसी, भारत; पहिलो संस्करण-; वर्तमान संस्करण-२०४५, पृष्ठ-५१+५=५६, मूल्य-रु.६।५०; चित्र-अनुल्लिखित भए पनि चित्रको तल भएको हस्ताक्षरको आधारमा केशव दुवाडी ।

आठ बालकथा । शीर्षक-कचौराको चमत्कार, कुहिरो, जुलाहाको चुनरी, जादूका पखेतावाल जुत्ता भएकी राजकुमारी र चाँदीको रथको राजकुमार,

ताराहरू भएको आकाश र बगरका रङ्गीन ढुङ्गाहरू, प्रकृतिका छोराहरू, गुलाफ र मोती, बाह्रमासे जङ्गली गुलाफको कथा । यस सङ्ग्रहभित्रका बालकथाहरू उनका अघिल्ला बालकथासङ्ग्रहभन्दा विषयका दृष्टिले फरक छन् । यस सङ्ग्रहमा लेखिका कथाका माध्यमबाट बालपाठकहरूलाई बादलपारिको अनौठो संसारमा विचरण गराउँछिन् । केही कथाले कुहिरो, इन्द्रेनी, मोती र सिपीबारे जानकारी दिन्छन् भने केही कथाले परिश्रमी हुन सिकाउँछन् । भाषा र प्रस्तुतिका कारण पनि यी बालकथा रोचक हुन पुगेका छन् ।

### ४. *रङ्गीचङ्गी कथाहरू*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-भार्गव अफसेट, वाराणसी, भारत; पहिलो संस्करण-२०४५, पृष्ठ-४४+४=४८, मूल्य-अनुल्लिखित; चित्र-अनुल्लिखित ।

सात बालकथा । शीर्षक-मेहनतको खेती, सुनका गहना र माटाका भाँडा, कुवाँ रानी, 'जेठानी, देउरानी र बाबियोको कुचो', रानी चरीको कथा, एउटी राजकुमारी थिई, खरायोको आँखा रातो किन ? । लेखकीय र प्रकाशकीय नभएको । मिहिनेत र परिश्रमको पक्षमा तथा हेला र दुष्टचाइँको विपक्षमा लेखिएका यी बालकथाहरूले बालबालिकालाई महत्त्वपूर्ण सन्देश दिएका छन् । लोकजीवनमा प्रचलित कथालाई आफ्ना ढङ्गले प्रस्तुत गरिनाले कथा रुचिपूर्ण हुन पुगेका छन् । कथाको भाषा सरल र सहज छ ।

### ५. *राम्रो काम*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-वेभ प्रिन्टर्स प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०५१, पृष्ठ-२८, मूल्य-रु.१५।-; चित्र-तुलसी अर्याल ।

चार बालकथा । शीर्षक-राम्रो काम, आफ्नो थलो, मान्छे र सर्प, मुजूर र बादल । यसभित्रका बालकथाहरूले प्रकृति, पशुपक्षीलगायत मानवीय प्रवृत्तिलाई कथावस्तु बनाएका छन् । कथाहरूमा काल्पनिकता र काव्यात्मकता पाइन्छन् । कथामा नेपाली समाजको यथार्थता पनि चित्रित छ ।

### ६. *'रे'का केही कथा*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-वेभ प्रिन्टर्स प्रालि काठमाडौँ;

पहिलो संस्करण-२०५१, पृष्ठ-२४, मूल्य-रु.१५।-; चित्र-तुलसी अर्याल ।

पाँच बालकथा । शीर्षक-जङ्गल एक्लो थियो रे, नदी र समुद्रको कथा, काली जुरेली, फूल र चन्द्रमा, राजाको सपना । यस सङ्ग्रहका सबै कथा प्रकृतिको चित्रणमा केन्द्रित छन् । सङ्ग्रहका अघिल्ला तीन कथाले जङ्गल, नदी, समुद्र, हिमाल, मैदान र हिमनदी र पशुपक्षीबारे प्रशस्त जानकारी दिन्छन् । *काली जुरेली*ले गरिब ग्रामीण नेपाली महिलाले भोगिरहेका पीडा र समस्यालाई प्रतीकात्मक रूपमा प्रस्तुत गरेको छ । सङ्ग्रह विषय, भाषा, प्रस्तुति र कथानकका कारण पनि महत्त्वपूर्ण देखिन्छ ।

## प्रोल्लास सिन्धुलीय

### *१. चुइँके जुत्ता र भुक्के चप्पल*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन, काठमाडौँ; मुद्रक-प्रज्ञा अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६१ असार, पृष्ठ-३२, मूल्य-रु.१५।-; चित्र-वासु क्षितिज ।

पाँच मौलिक बालकथा । शीर्षक-चुइँके जुत्ता र भुक्के चप्पल, सानु ऐजेरू र घमण्डी रूख, दोर्जेको टौवा, साहसी दीर्घराजको अन्त्य, चराहरूको बदला । मानिसलाई मिहिनेतले सफल बनाउँछ, अनावश्यक शृङ्गार र फेसनमा पैसा खर्च गर्न हुन्न, घमण्डले कसैको भलो गर्दैन, रूपले नभई गुणका कारण मानिस सबैको प्यारो हुन्छ, मद्यपानजस्तो कुलतमा फस्नु राम्रो होइन, अरूलाई दुःख दिने आफैँ दुःख पाएर मर्नुपर्छभन्ने सन्देश दिने यी बालकथाहरू भाषाशैलीका दृष्टिले रमाइला र रोचक छन् । कथाहरूमा बालबालिकाले मन पराउने बालबालिका, रूखविरुवा र जीवजन्तुलाई पात्रका रूपमा प्रस्तुत गरिएको छ ।

## बदरीनाथ भट्टराई

### *१. पौराणिक कथा*

प्रकाशक-नेपाल भाषा प्रकाशिनी समिति, काठमाडौँ; मुद्रक-कमर्सियल प्रिन्टिङ वर्क्स, बनारस, भारत; पहिलो संस्करण-२००९, पृष्ठ-७२+६=७८, मूल्य-?; चित्र-नभएको ।

एक्काइस बालकथा । शीर्षक-भगीरथ, सुन्द र उप सुन्द, तेस्रो चरित्र, प्रह्लाद, पुरूरवा, पृथु, रजि, चूडाला, कार्तवीर्य, जनक, सुलभा, रावण, विश्वामित्र, कान्तिमती, भृगु र हैहय, दमयन्ती, ययाति, वाल्मीकि, मदालसा, दुर्योधनको सन्देश, प्रमीला । विभिन्न पौराणिक पात्रहरूसँग विषयलाई कथाका रूपमा

पुनर्कथन । कथासङ्ग्रहको शीर्षकले नै बताउँछन् यी कथाहरू पौराणिक विषयवस्तुका आधारमा लेखिएका हुन् । विभिन्न पौराणिक चरित्रलाई कथाका माध्यमबाट प्रस्तुत गरेर कथाकारले बालबालिकाका लागि उपयोगी शिक्षा र सन्देश दिने प्रचेष्टा गरेका छन् । कथाको भाषा सरस-सरस हुनुका साथै शैली प्रभावोत्पादक छ ।

## **बदरीनाथ भट्टराई** र **श्यामदास वैष्णव**

### *१. बालसाहित्य (कथा)*

प्रकाशक-नेपाल भाषा प्रकाशिनी समिति; मुद्रक-कमर्सियल प्रिन्टिङ वर्क्स, गायघाट, बाराणसी; पहिलो संस्करण-२०१०, पृष्ठ-४२+६=४८, मूल्य-अनुल्लिखित; चित्र-केशव दुवाडी ।

तेह्र बालकथा । शीर्षक-कामको मद्दत, डाहाडे, सच्चा नोकर, बुद्धको उपदेश, देखासिकी, मान्छे चिन्ने अन्धो, बखतको धैर्य, कौडी जत्रो गहुँ, चोरमाथि चलाकी, दुइ चरा र व्याधा, मौकाको चलाखी, स्वाँगी, ज्यानको उपकार । विभिन्न देश-महादेशका कथाहरू । पुस्तकको आवरणमा बालसाहित्य लेखिए पनि भित्री पृष्ठमा कथा लेखिएको ।

"सबभन्दा मीठो के भन्ने सवालको जवाफ कथा भन्नु मुनासिबै होला, तर जति स्वादिलो हुन्छ उति फाइदा गर्ने र यथार्थ पनि भयो भने सुनमा सुगन्ध हुन्छ । यो पहिलो भाग हो यसले पाठकहरूलाई खुसी पार्न सक्यो भने दोस्रो भाग पनि प्रकाश हुनेछ ।" (भाषानुवाद परिषद्, *परिचय*, भूमिका)

## **बानियाँ कान्छा**

### *१. अटेरी चल्लो*

प्रकाशक-धवलागिरी साहित्य पुरस्कार प्रतिष्ठान, बाग्लुङ; मुद्रक-सगुन प्रिन्टिङ प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०४४, पृष्ठ-४८+८=५६, मूल्य-रु.८।५०; चित्र-नभएको ।

एक्काइस बालकथा । शीर्षक-सङ्गतको फल, आज्ञाकारी शिशु, अटेरी चल्लो, रिस खा आफू, गोबरे किरो, साथीको माया, कोपिला फक्रन्छ, एकता नै बल हो, भाइ फुटे पराइले लुटे, बानी कसरी बिग्रन्छ, मेहनतको फल, अल्छी किसान, लोभी पाठो, हतपतको काम लतपत, निरक्षरता अभिशाप हो, मुखमा

रामराम बगलीमा छुरा, घमण्डी छाउरो, आफू भलो त जगतै भलो, घाँटी हेरी हाड निल्नु, भीष्म प्रतिज्ञा, स्वाभिमानी सेनापति । यस सङ्ग्रहका कथाहरूमध्ये *आज्ञाकारी शिशु, स्वाभिमानी सेनापति, भाइ फुटे पराईले लुटे* इतिहासका घटनाका आधारमा र *भीष्मप्रतिज्ञा* पौराणिक विषयका आधारमा लेखिएका छन् भने अन्य कथा मौलिक हुन् । मौलिक कथाहरूमा कथानकका उपस्थिति झिनो रहेकाले वर्णन र व्याख्याका माध्यमबाट कथालाई लम्ब्याउने गरेको पाइन्छ । कथाहरू शिक्षाप्रद छन् ।

## २. *एक अनौठो जङ्गल*

प्रकाशक-विष्णुदेवी बानियाँ, म्याग्दी; मुद्रक-परमार्थ प्रिन्टिङ् प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०४९, पृष्ठ-२२+६=२८, मूल्य-रु.१०।-; चित्र-रतन आले, तानसेन; आवरण-आइडियल डिजाइनर ।

सात बालकथा । शीर्षक-छट्टु स्याल, जुलुङ्गो र फुच्चे फ्याउरो, परेवाको जोडी, ढाडे बिरालो, मोटे डमरू र जम्बु मन्त्री, जन्तरू र मन्तरू, लखन र मखन । पशुपक्षी पात्रपात्राहरूका माध्यमबाट प्रस्तुत गरिएका यस सङ्ग्रहका बालकथाहरू मूर्खता, धूर्त्याइँ, एकता, ठगी र विभेदका कथाहरू हुन् । यी कथाहरूले अर्काको विनास गर्न खोज्ने कसरी आफैँ पासोमा पर्छ, एकताबद्ध ढङ्गबाट कसरी शत्रुलाई पराजित गर्न सकिन्छ, सोझालाई ठग्नेहरू कसरी आफैँ पीडित हुन पुग्छन् भन्ने देखाउँछन् । सङ्ग्रहको तेस्रो कथा *परेवाको जोडी* कथा नभएर केवल वर्णन मात्र हुन पुगेको छ । पाँचौ कथा *मोटे डमरु र जम्बु मन्त्री*को प्रस्तुति बालबालिकाका लागि उपयुक्त भए पनि यो कथा प्रौढहरूका लागि पनि उत्तिकै पठनीय छ । यस कथाले आजको नेपालको राजनीतिक विकृतिलाई ठ्याक्कै प्रस्तुत गरेको छ । कथाहरू सरल र पठनीय छन् ।

## ३. *चकलेटको पोको*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०६२, पृष्ठ-१८+६=२४, मूल्य-रु.३१।-; चित्र-प्रदीप वज्राचार्य ।

पाँच बालकथा । शीर्षक-अठोट, मेलमिलाप, विनोद र माया, चकलेटको पोको, जुनेली । सङ्ग्रहका कथाहरूले कथ्यबाट सन्देश दिन्छन् । वनजङ्गलको विनासबाट आउने विपत्ति, जातभातबाट उब्जने समस्या, भेदभावका कारण तनाव, झगडाबाट घरपरिवारमा पर्ने कुप्रभाव र छोराछोरीप्रति गरिने विभेदबाट

छोरीमा पर्ने मानसिक आघात सङ्ग्रहका कथाहरूका विषय हुन् । कथाहरूले बालबालिकालाई सकारात्मक सोचाईतिर अग्रसर गराउन खोजेको देखिन्छ । कथाहरूमा ग्रामीण परिवेश देखाइएको छ । कथाहरू सरल, उपयोगी र रोचक छन् । कथासङ्ग्रह खास गरी ८ देखि १२ वर्ष उमेरसमूहका लागि लेखिएको हो ।

## बासुदेव मुनाल

### *१. हराएको हात*

प्रकाशक-हातेमालो सञ्चार, काठमाडौँ; मुद्रक-हिसि प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५५ वैशाख; दोस्रो संस्करण-२०५८ साउन, पृष्ठ-२२+४=२६, मूल्य-अनुल्लिखित; चित्र-लक्ष्मण, गङ्गाधर, राजन ।

चार बालकथा । शीर्षक-किनमेल, बाठो पाठो, हराएको हात, जस्तो काम उस्तै परिणाम । आकारका दृष्टिले साना यस सङ्ग्रहका बालकथाहरूले परिश्रम, माया, स्नेह, चलाखी र बालभावनाजस्ता कुरालाई विषय बनाएका छन् । कथाहरू सन्देशमूलक र रमाइला छन् ।

## भक्तबहादुर नेपाली

### *१. सुन बर्सने देश*

प्रकाशक-शृङ्खला प्रकाशन, काठमाडौँ; मुद्रक-प्रिन्टिङ एक्सप्रेस, काठमाडौँ; पहिलो संस्करण-२०४७ विजयादशमी, पृष्ठ-३२, मूल्य-रु.५।-; आवरण-के.कर्माचार्य ।

तीन गीत र चार कथा । शीर्षक- गीतहरू-हाम्रा बाबा जाती, खुसी पार्छौं आमालाई, हराभरा तोरी तथा बालकथाहरू-को ठूलो ?, मानिसको धन, सुन बर्सने देश, आमाको मुख हेर्दा । यस सङ्ग्रहमा गीत र कथा भए पनि कथाको सङ्ख्या धेरै भएकाले कथाविधाअन्तर्गत राखिएको हो । कथाहरूले जीवनोपयोगी शिक्षा दिएका छन् ।

## भोटू प्रधान

### *१. कुनै एक समयमा*

प्रकाशक-नेपाली अकादेमी, दार्जीलिङ; मुद्रक-?; पहिलो संस्करण-२०३८, पृष्ठ-११२, मूल्य-रु.३।-; चित्र-भोटू प्रधान ।

विभिन्न देशका तीस परिकथाको सङ्कलन । **नेपाली बालसाहित्यका**

**चुनिएका पुस्तकहरूको सूची**, पृ.२० का आधारमा ।

## मधुसूदनप्रसाद घिमिरे

### *१. सङ्गतको फल*

प्रकाशक-शर्मिला शर्मा र मनोजकुमार घिमिरे; मुद्रक-नवदुर्गा प्रिन्टिङ सपोर्ट, काठमाडौँ; पहिलो संस्करण-२०५४ फागुन, पृष्ठ-२४+४=२८, मूल्य-रु.२०।-, संस्थागत रु.५०।-; चित्र-अनुल्लिखित; आवरण-मदनलाल सिंह ।

नौ बालकथा । शीर्षक-कर्तव्य, मूर्ख माछा, कमाइ, ज्ञान ठूलो, महत्त्व, राष्ट्रियता, नैतिकता, दुःख र सुख, कुसङ्गत । सङ्ग्रहका बालकथाहरू सन्देशमूलक छन् । विषयवस्तुका दृष्टिले सङ्ग्रह उपयोगी छ । तर बालकथाहरूको भाषाशैली जत्ति प्रभावकारी हुनुपर्ने हो, त्यो भने हुनसकेको छैन ।

### *२. सुनेका कथा*

प्रकाशक-लेखक स्वयम्; मुद्रक-ए.बी.सेक्रेटरियल एन्ड प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०५८, पृष्ठ-२८+४=३२, मूल्य-रु.१०।-, संस्थागत-रु.५०।-; चित्र-शान्त हिताङ ।

पाँच बालकथा । शीर्षक-दक्षको अभियान, बाबु को हो ?, आफ्नो समूह, समुद्र मन्थन, बालक ध्रुव । यस सङ्ग्रहको शीर्षकले नै यी बालकथाहरू पुनर्कथन गरिएका हुन् भन्ने बुझाउँछ । कथाहरू धार्मिक तथा पौराणिक विषयवस्तुमा आधारित छन् । यी कथाका माध्यमबाट नेपाली बालबालिकाले हाम्रा धार्मिक एवम् पौराणिक आख्यानका कतिपय महत्त्वपूर्ण विषयबारे ज्ञान पाउने निश्चित छ । भाषाशैली सरल छ ।

### *३. छेपाराको घर*

प्रकाशक-जनक शिक्षा सामग्री केन्द्र लि., सानो ठिमी; मुद्रक-जनक शिक्षा सामग्री केन्द्र; पहिलो संस्करण-२०५९, पृष्ठ-२३+५=२८, मूल्य-रु.१५।-; चित्र-श्रीमती आभा मिश्र र रमेशराम मिश्र ।

चार बालकथा । शीर्षक-पुस्तक, सविनाको हार्दिकता, भाइको सम्झना, छेपाराको घर ।

## ४. *तारी गाई*

प्रकाशक-पुष्पलता आचार्य; मुद्रक-बगलामुखी अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६० वैशाख, पृष्ठ-२१+७=२८, मूल्य-रु.३५।-; चित्र-योगेश खपाङ्गी ।

पाँच बालकथा । शीर्षक-तारी गाई, दायित्व, एलिसाको सोचाइ, झगडाको बीउ, भँगेराले त नमस्कार पो गऱ्यो ! यस बालकथासङ्ग्रहको शीर्षक भएको पहिलो कथाले पशुपक्षीका लागि पनि स्वच्छ वातावरणको आवश्यकता पर्ने तथ्य औँल्याएको छ भने अन्तिम कथा *भँगेराले त नमस्कार पो गऱ्यो* ! ले चराहरूको अनुपम संसारबारे जानकारी दिएको छ। अन्य कथा पनि सन्देशमूलक र मनोरञ्जनात्मक छन् ।

## ५. *कालो माला*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-नेपाल टाइम्स प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६०, पृष्ठ-३०, मूल्य-रु.३५।-; चित्र-सूर्यनारायण श्रेष्ठ; सम्पादन-शाश्वत पराजुली ।

छ बालकथा । शीर्षक-बकुल्लाको तपस्या, काग र कोइली, कालो माला, तित्राको मुखै बैरी, राजाको खोजीमा, हाँसको हिँडाइ । विशेषतः चराहरूको स्वभाव र रूपरङ्गलाई कथानकका रूपमा प्रस्तुत गरिएका हुनाले यस सङ्ग्रहका बालकथाहरू बालोपयोगी हुन पुगेका छन् । कथाहरू आकारका दृष्टिले साना छन् । यी बालकथाहरूमा सरल भाषा र शब्दहरूको प्रयोग भएको छ । कथाप्रस्तुतिको शैली पनि उनका अघिल्ला बालकथासङ्ग्रहभन्दा परिमार्जित छ ।

## ६. *देखासिकी*

प्रकाशक-दायित्व वाङ्मय प्रतिष्ठान, नेपाल; मुद्रक-चावहिल अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६२, पृष्ठ-२४+८=३२, मूल्य-रु.२०।-; चित्र/आवरण-राजेश मानन्धर ।

सात बालकथा । शीर्षक-सहमतिको परिणाम, सदुपयोग, पेसा, देखासिकी, गरिबको परीक्षा, वरदान, वर-पीपल र पारिजात । यस सङ्ग्रहका कथाहरूमध्ये *सदुपयोग, पेसा, गरिबको परीक्षा* र *वर-पीपल र पारिजात* पौराणिक-धार्मिक आख्यानमा आधारित कथा हुन् । पहिलो कथाले वनजङ्गल र वातावरणको संरक्षणमा जोड दिएको छ । कथाले देखासिकी गर्नु राम्रो हुन्न र मौकामा बुद्धि

पुऱ्याउनुपर्छ भन्ने ज्ञान पनि दिन्छन् । तर केही कथामा भने भाग्यवादी दृष्टिकोण अभिव्यक्त भएको छ, जुन बालबालिकाका लागि उचित होइन ।

## मनिक्रम शर्मा

### *१. रिसाहा थर्कमान*

प्रकाशक- साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०५३, पृष्ठ-४६+१२=५८, मूल्य-रु.२८।-; चित्र-टेकवीर मुखिया ।

सात बालकथा । शीर्षक-माछाको निसाफ, रिसाहा थर्कमान, चुरुङ्गीका वीरहरू, रमेश र सेतो परेवा, गोपाल र गुलेली, साहसी दीपक, चाहनाका पखेटा । पशुपक्षी र जीवजन्तुजस्ता पात्रका माध्यमबाट कथावस्तुलाई प्रस्तुत गरिएका यस सङ्ग्रहका बालकथाहरू सन्देशमूलक छन् । कथानकलाई घटना र संवादका माध्यमबाट अघि बढाइएको छ । यी कथाहरूले रिस गर्न हुन्न, आपसमा सहयोग गर्नुपर्छ, चकचक गर्नुहुन्न भन्ने जस्ता सन्देश पनि दिन्छन् । भाषिक दृष्टिले कथा सबल छन् । कथाले बालबालिकालाई मनोरञ्जन पनि दिन्छन् ।

## महेश पौडेल

### *१. अर्को एउटा पृथ्वी*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-सम्झना प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५७ असोज; दोस्रो संस्करण-२०५९ असोज, पृष्ठ-४०, मूल्य-रु.२०।-; चित्र-सूर्यनारायण श्रेष्ठ; आवरण-के.के.कर्माचार्य ।

सात बालकथा । शीर्षक-ज्ञानको ढोका, पश्चाताप, खुसीको दिन, अर्को एउटा पृथ्वी, विनय फेरि पढ्न थाल्यो, माहुरी र माखी, सेलको बास्ना । सङ्ग्रहका कथाहरूले बालबीलकालाई आपसी सहयोग, मिहिनेत, पौरख र शैक्षिक विकासका लागि उत्प्रेरणा प्रदान गर्नुका साथै मनोरञ्जन पनि दिन्छन् । कथाहरूले पढ्न-सिक्न लाज मान्न नहुने, नराम्रो कामले पश्चातापमा डुबाउने र प्रत्येक प्राणीले आफ्नो स्वभावअनुसार व्यवहार गर्ने कुरा सिकाउँछ । *अर्को एउटा पृथ्वी* विज्ञान कथा हो भने *माहुरी र माखी*ले यी दुईबीचको फरकलाई कथात्मक ढङ्गले प्रस्तुत गरेको छ ।

## माधव काभ्रेली

### १. *जिली जूनकीरी*

प्रकाशक-रघुनाथ हुमागाईं, पनौती; मुद्रक-बन्दिकापुर छापाखाना, बनेपा; पहिलो संस्करण-२०६० असार, पृष्ठ-४०, मूल्य-रु.२०।-; चित्र-नभएको ।

चार बालकथा । शीर्षक-जिली जूनकीरी, जेतेको जाडो, दीपाको ब्याड, पुस्तकालय । सङ्ग्रहका कथाहरू सन्देशमूलक, जानकारीमूलक र चेतनामूलक भएकाले उपयोगी रहेका छन् । पहिलो कथाले जूनकीरीबारे वैज्ञानिक ज्ञान दिन्छ भने दोस्रो कथाले जातभात, छुवाछूतविरुद्ध चेतना जगाउँछ । तेस्रो कथाले असल बानी बसाल्नुपर्ने शिक्षा दिन्छ भने चौथो कथाले चराचुरुङ्गीलाई पिँजडामा थुन्न नहुने र पुस्तकालयबाट पुस्तक ल्याएर बढ्ने बानी बसाल्नुपर्ने सन्देश दिन्छ । कथाहरू घटना, संवाद र सरल भाषाका कारण रोचक हुन पुगेका छन् ।

## माधवप्रसाद उपाध्याय 'सयपत्री'

### १. *पालैपालो कथा भनौँ*

प्रकाशक-भुँडी प्रकाशन; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०६४, पृष्ठ-४८+४=५२, मूल्य-रु.४०।-; चित्र-अनुल्लिखित ।

आठ अध्यायमा सात कथा प्रस्तुत । विद्यालयमा गुरुले पालैपालो कथा भनौँ भनी पालो मिलाएर पहिलो र अन्तिम शुक्रबार आफूले तथा बीचका पाँच शुक्रबार विद्यार्थीले कथा सुनाएको देखाइएको । *पालैपालो कथा भनौँ* शीर्षकको पहिलो अध्यायमा कथा भन्ने विद्यार्थीको छनोटलगायतका नियमबारे बताइएको र अन्य शीर्षक क्रमशः पहिलो शुक्रबार, दोस्रो शुक्रबार, तेस्रो शुक्रबार, चौथो शुक्रबार, पाँचौँ शुक्रबार, छैठौँ शुक्रबार र सातौँ शुक्रबार । कथाहरूमध्ये चौथो कथाले राणाकालीन नेपालका वैज्ञानिक गेहेन्द्र शम्शेरको आविष्कार र उनको मृत्युसम्बन्धी जानकारी दिन्छ भने अन्तिम कथा नेपालको पछिल्लो राजनीतिक घटना लोकतान्त्रिक आन्दोलनपछिको स्थितिको चित्रणमा केन्द्रित छ । दोस्रो कथाले प्रदूषणका कारण मानिसले भोग्नुपरेका समस्यालाई केलाएको छ भने तेस्रो कथाले स्वरवर्ण र व्यञ्जनवर्णको बारेमा जानकारी दिँदै एक-अर्का बिना कोही पनि पूर्ण हुदैनन् भन्ने सिकाउँछ । कथाहरू सन्देशमूलक छन् । तर कथामा भाषामा कताकता अस्वाभाविकता देखिन्छ । कथा भन्ने विद्यार्थीको चयनमा अपनाइएको विधि, कथाशीर्षक छान्न विद्यार्थीलाई दिइएको जिम्मेवारीलगायतका

कुराले रोचकता भने थपेको छ । कथा भन्न छानिएका विद्यार्थीहरूको नामले समावेशीकरणलाई व्यावहारमै देखाउनुपर्नेमा जोड दिएको छ ।

## मुन्नी सापकोटा

### *१. कथा फूलबारी*

प्रकाशक-धनज्योति प्रकाशन, गुवाहाटी, असम, भारत; मुद्रक-प्रधान प्रिन्टर्स, गुवाहाटी; पहिलो संस्करण-२००१ जून, पृष्ठ-४४+८=५२, मूल्य-रु.२०।-; आवरण-चन्दन सिंह ।

दस बालकथा । शीर्षक-एकताको बल, अनुको सानो विरुवा, बैगुनीलाई गुनले मार्नु, विद्या ठूलो कि धन, सञ्चय, मायाको मोल, गौलोचन, दया, रमाइलो वनभोज, समयको मोल । यी बालकथाहरूले एकता, अहिंसा, शिक्षा र सञ्चयको महत्त्व, जाँगरबाट हुने लाभ, रूखपात र प्रकृति संरक्षणका पक्षमा बालबालिकालाई जानकारी दिन्छन् । कथाहरूमा बालपात्रपात्र छन् । बुझिने भाषाको प्रयोग गरिएको छ ।

### *२. बल्ल बुद्धि पलायो*

प्रकाशक-कबू कबू प्रकाशन, गुवाहाटी, असम, भारत; मुद्रक-?; पहिलो संस्करण-२००५ नोभेम्बर, पृष्ठ-?, मूल्य-रु.२०।-; चित्र-? ।

**भानु, साहित्यिक पत्रिका, पूर्णाङ्क-१००, हरिभक्त कटुवाल विशेषाङ्क, २०६४** को पृष्ठ ३७९ अनुसार ।

## मोहनराज शर्मा

### *१. बालिका (सम्पा.)*

प्रकाशक-नेपाल बालसाहित्य समाज, काठमाडौँ; मुद्रक-मोनाज अफसेट प्रेस प्रालि; पहिलो संस्करण-२०४८, पृष्ठ-२६+६=३२, मूल्य-रु.५।-; चित्र-मोहन खड्का ।

विभिन्न छ कथाकारका एक-एक बालकथा । शीर्षक-कृष्णप्रसाद पराजुलीको चमेली, तेजप्रकाश श्रेष्ठको पढ्नु पनि पर्छ, खेल्नु पनि पर्छ, गोपीकृष्ण शर्माको ज्ञानी र सानी, भागीरथी श्रेष्ठको जीत, गोपाल पराजुलीको रूपाको साहस, रञ्जुश्री पराजुलीको गौरी । यस सङ्ग्रहका बालकथाहरू नेपाल बालसाहित्य समाज र बालकल्याण समन्वय समितिको संयुक्त आयोजनामा सन् १९९० को

अन्ततिर सानोठिमीस्थित बालग्राममा आयोजित बालकथागोष्ठीमा सुनाइएका सत्र कथाहरूमध्येका हुन् । सार्क बालिका वर्ष १९९० को उपलक्ष्यमा यो कृति प्रकाशित गरिएको हो । यसमा विभिन्न स्वादका बालकथा छन् । कथाहरूले केटाकेटीलाई सन्देश र मनोरञ्जन दुबै दिन्छन् ।

## यदुनन्दन के.सी.

### *१. रमाइला बालकथा*

प्रकाशक-प्राथमिक शिक्षा परियोजनाका लागि प्राथमिक सामग्री एकाइ; मुद्रक-जोशी मुद्रणालय प्रालि, ललितपुर; पहिलो संस्करण-२०४४, पृष्ठ-२२, मूल्य-अनुल्लिखित; चित्र-रत्नदीप बज्राचार्य ।

पाँच बालकथा । शीर्षक-तीन रोटी कसले खाने ?, भगवान् कहाँ बस्छन् ?, अरूको भलो गर्नु ठूलो धर्म हो, अर्काको रिस डाह गर्नेले आफैँ दुःख पाउँछ, परोपकारी गम्भीर । लेखकीय र प्रकाशकीय नभएको । यस सङ्ग्रहका बालकथाहरू उपजीव्य स्रोतमा आधारित रहेर लेखिएका हुन् । कथाहरूले आपसी सहयोग, अरूको भलाई, रिसबाट हुने बेफाइदा र परोपकारको महत्त्वबारे बोध गराउनुका साथै अन्य विभिन्न विषयमा जानकारीसमेत दिन्छ । कथाहरूको भाषा सरल छ । कथामा सामाजिक र पौराणिक विषयवस्तु रहेका छन् ।

### *२. बाल-नीतिकथाहरू*

प्रकाशक-प्राथमिक शिक्षा परियोजनाका लागि प्राथमिक सामग्री एकाइ; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-अनुल्लिखित (तर २०४७ अघि), पृष्ठ-२५+७=३२, मूल्य-अनुल्लिखित; चित्र-अनुल्लिखित ।

आठ बालकथा । शीर्षक-मेलमिलापको फल, अर्काको दुःखमा रमाउने मान्छे आफैँ दुःख पाउँछ, ‘शरीरले काम, मुखले हरिराम’, गुरुको आज्ञा मान्ने बालक, गरिबलाई मद्दत गरौँ, रिस नै हाम्रो ठूलो शत्रु हो, आफूभन्दा ठूलालाई मानौँ, महादेव र भष्मासुर । यस सङ्ग्रहका बालकथाहरूले बालबालिकालाई विभिन्न चरित्रबारे जानकारी गराउँदै राम्रा कुराहरू ग्रहण गर्न र नराम्रा कुराहरू त्यागन प्रेरित गर्छन् । मित्रता, सहयोग, आज्ञापालनजस्ता मानवीय गुणहरूको महत्त्व यी बालकथाहरूले बोध गराउँछन् । कथाहरू शीर्षकले भनेजस्तै मौलिक होइनन् । यी कथाहरू प्राथमिक तथा निम्नमाध्यमिक स्तरका बालबालिकाका

लागि उपयोगी हुने किसिमले तयार गरिएको देखिन्छ ।

## रञ्जुश्री पराजुली

### *१. दस थुँगा फूल*

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०३९; दोस्रो संस्करण-२०५८, पृष्ठ-३८+६=४४, मूल्य-रु.२०।-; चित्र-टेकवीर मुखिया ।

दस बालकथा । शीर्षक-दुष्ट सिंह, रमाको स्कुल, रात र दिन, राजकुमार, कालो बिरालो, सेते, सानी, छट्टू बाँदर, साथी, देबुको बारीको मूला । रञ्जुश्री पराजुली उपजीव्य स्रोतका आधारमा भन्दा मौलिक कथालेखनमा रुचि राख्छन् । यस सङ्ग्रहका बालकथाहरू पनि मौलिक बालकथा हुन् । ससाना घटनालाई कल्पनाको धागोमा उन्दै कथा बुन्ने सीप उनमा पाइन्छ । कतिपय कथामा कथानकको झिनो उपस्थिति छ । यस सङ्ग्रहका कथाका माध्यमबाट उनले बालबालिकालाई जीवनोपयोगी सन्देश दिएकी छिन् ।

### *२. सबै आमाका सन्तान*

प्रकाशक-लुना प्रकाशन, काठमाडौँ; मुद्रक-जौहरी प्रिन्टर्स, वाराणसी, भारत; पहिलो संस्करण-२०४८, पृष्ठ-४०, मूल्य-अनुल्लिखित; चित्र-तुलसी अर्याल ।

नौ बालकथा । शीर्षक-सबै आमाका सन्तान, आत्मविश्वास, खत्रिनी आमा, थोन्डे, रमाको मन फेरियो, भूतको शङ्का, साथी-साथी, नदेखिने घाउ, गौरी । यी बालकथाहरूले बालबालिकालाई असल, गुणी, आत्मविश्वासी, स्वाबलम्बी र इमानदार हुन प्रेरित गर्छन् । सरल कथावस्तु, सरस भाषा, रोचक प्रस्तुति र उचित संवाद यस सङ्ग्रहका कथाहरूका विशेषता हुन् । बालपात्रपात्रालाई उभ्याएर कथा बुनिएकाले सङ्ग्रह बालबालिकाका लागि रुचिकर देखिन्छ ।

### *३. म बिरामी छैन*

प्रकाशक-नेपाल बालसाहित्य समाज, काठमाडौँ; मुद्रक-हिसि अफसेट प्रिन्टर्स प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०५३, पृष्ठ-२०, मूल्य-रु.२२।-; चित्र-बलराम थापा ।

सात बालकथा । शीर्षक-स्वाबलम्बन, असल छोरो, भँगेराको कथा, म बिरामी छैन, देखासिकी, घरपालुवा साथी, आमाछोराको गन्थन । लेखकीय र प्रकाशकीय नभएको । पराजुलीको यस तेस्रो बालकथासङ्ग्रहका कथाहरू पशुपक्षी, साथीसँगी, घरपरिवार र सामाजिक समस्यामा केन्द्रित छन् । सरल भाषा, सहज प्रंस्तुति, रोचक शैली, बालपात्रपात्रा र सङ्क्षिप्तताजस्ता गुणहरू यी कथामा भेटिन्छन् । सबै कथा सन्देशमूलक छन् ।

### ४. *अन्धविश्वास*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०५४, पृष्ठ-३३+११=४४, मूल्य-रु.१४।-; चित्र-अनुल्लिखित; आवरण-टेकवीर मुखिया ।

छ बालकथा । शीर्षक-चिडियाखाना, अन्धविश्वास, इलमी छोरी, वनभोज, बहादुरी, हरियो फूलबारी । बालोपयोगी यी कथाहरूले बालबालिकालाई पशुपंक्षीहरूप्रति दयाभाव राख्नुपर्ने, अन्धविश्वास त्याग्नुपर्ने, परिश्रमी र उद्यमी हुनुपर्ने, केटाकेटीहरूलाई प्राकृतिक वातावरणमा हुर्कन दिनुपर्नेलगायतका सन्देश दिन्छन् । विषयगत नवीनता र प्रस्तुतिगत रोचकता यी कथाहरूमा पाइन्छन् । बालमनोविज्ञानलाई ध्यान दिएर लेखिएका यी कथाका भाषा पनि बालबालिकाअनुकूल छन् ।

### ५. *कथावाटिका*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०६१, पृष्ठ-२२+६=२८, मूल्य-रु.३६।-; चित्र-टेकवीर मुखिया ।

एघार बालकथा । शीर्षक-मित्रता, शिक्षाको ज्योति, स्वच्छ वातावरण, लोभ, आफ्नो काम, हावाको महल, झूटको फल नमीठो हुन्छ, आत्मविश्वास, जहाँ इच्छा त्यहाँ उपाय, स्वावलम्बन, ढिलो कहिले पनि हुँदैन । बालबालिकालाई इमानदार, स्वावलम्बी, मिहिनेती र आत्मविश्वासी बन्न उत्प्रेरित गर्ने यस सङ्ग्रहका बालकथाहरूले मनोरञ्जन पनि सँगसँगै दिन्छन् । मौलिक यी बालकथाका भाषा सरल र सहज छ भने शैली पनि रोचक र मीठो छ । स-साना विषयलाई लिएर लेखिएका यी कथाहरूमा छोटा वाक्यहरूको प्रयोग गरिएको छ । कथाहरू सङ्क्षिप्त छन् ।

### ६. *मितेरी गाउँ*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-डङ्गोल प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०६२, पृष्ठ-२८+४=३२, मूल्य-रु.४०।-; चित्र-कृष्णगोपाल श्रेष्ठ; सम्पादन-शाश्वत पराजुली ।

छ बालकथा । शीर्षक-जन्मोत्सवको तयारी, मुसा र खरायोहरू, राम्रो बानी, मितेरी गाउँ, मिलीजुली काम गरौँ, दोर्जे र खैरे । बालसंसारभित्रकै विविध विषयवस्तुको सेरोफेरोमा लेखिएका यस सङ्ग्रहका बालकथाहरूमा बालमनोभाव राम्ररी अभिव्यक्त भएको छ । रोचक ढङ्गले लेखिएका यी कथाहरूले बालबालिकालाई केही न केही सन्देश पनि दिन्छन् । विशेष गरेर नेपाली गाउँको चित्रण यी बालकथामा भएका छन् । आफ्नो गाउँघर गाउँले मिली सफा राख्नुपर्ने र घरका काम परिवारका सबै मिली गर्नुपर्ने शिक्षा यी बालकथाहरूमा पाइन्छन् । भाषिक दृष्टिले कथाहरू सरल र सहज देखिन्छन् । कथामा बालबालिकाका साथै मुसा, खरायो र कुकुरजस्ता पात्र छन् ।

## रमेश विकल

### १. *तेह्र रमाइला कथा*

प्रकाशक-एडुकेसनल इन्टरप्राइज, काठमाडौँ; मुद्रक-सङ्गम प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-?; नवौं संस्करण-२०२९ फागुन, पृष्ठ-४८+६=५४, मूल्य-रु.१।५०; चित्र-नभएको ।

तेह्र बालकथा । शीर्षक-इमानदार सार्की, महात्मा चाणक्य, इमानदारीको जाँच, सङ्गत गुनको बुद्धि, विद्वान् र बुद्धिमान्, दुष्टले मरेपछि पनि दुःख दिन्छ, कोसिस, दूधको दूध पानीको पानी, अल्छीको भाग्य : चाल्नाको पानी, मानिसको धर्म, घोडाको चलाखी, पुण्यको फल, जस्तालाई तस्तै । यस सङ्ग्रहमा भएका कथा केही मौलिक र केही देशी-विदेशी लोककथामा आधारित भएको लेखकले स्वीकारेका छन् । यो पुस्तक तत्कालीन अवस्थामा छैठौं कक्षाका लागि सरकारबाट स्वीकृत गरिएको थियो । यही शीर्षकमा पुनः २०४८ सालमा विराटनगरका चिरञ्जीवी भण्डारी प्रकाशक भई पहिलो संस्करण भनी पुस्तक प्रकाशित भएको देखिन्छ । यस सङ्ग्रहका चित्रकार भने मिलन शाक्य हुन् । यस सङ्ग्रहमा अघिल्लो सङ्ग्रहमा भएका *घोडाको चलाखी, पुण्यको फल* र *जस्तालाई तस्तै* शीर्षकका कथाहरू हटाएर त्यसका ठाउँमा *नदेखिने कपडा, समुद्रभन्दा पनि ठूलो !*

र *जनताको ऋणको भारी* राखिएका छन् । यो सङ्ग्रहको दोस्रो संस्करण २०६१ सालमा साझा प्रकाशनबाट भएको छ र यसमा *सङ्गत गुनको फल* शीर्षकको कथालाई फेरि *सङ्गत गुनको बुद्धि* भनी परिवर्तन गरिएको छ । *नदेखिने कपडा* भने एन्डरसनको *द इम्परर्स न्यु क्लोथ* शीर्षक कथाको नेपालीकरण मात्रै हो । तर लेखकले मूल लेखक र कथाको नाम नदिई सानोमा सुनेको एउटा कथा प्रस्तुत गर्दै छु भन्नुको अर्थचाहिँ खुल्दैन । कथाहरू शिक्षा र सन्देशमूलक छन् ।

### २. *दिलमाया*

प्रकाशक-प्राथमिक शिक्षा परियोजना; मुद्रक-?; पहिलो संस्करण-?; तेस्रो संस्करण-२०४५, पृष्ठ-२८, मूल्य-अनुल्लिखित; चित्र-उत्तम खरेल ।

एउटा बालकथा । यसमा पोखरा र सो ठाउँको वरिपरिको समाजको चित्रण गरिएको छ । **नेपाली बालसाहित्यका चुनिएका पुस्तकहरूको सूची**का आधारमा ।

### ३. *केही मूर्खहरूको कथा*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०४५; दोस्रो संस्करण-२०५४, पृष्ठ-२०+८=२८, मूल्य-रु.१७।-; चित्र-टेकवीर मुखिया ।

पाँच बालकथा । शीर्षक-किसानकी स्वास्नी, उज्यालो पक्डन खोज्ने स्वाँठ, सिकर्मी र दाइजो दिने पलङ, किसान र घाँस नखाने गाई, छोप्राङ्गे र सहर । यस बालकथासङ्ग्रहका पात्रपात्राहरू सबै नकारात्मक किसिमका छन् अर्थात् बुद्धू, स्वाँठ र हुस्सुहरू समग्रमा भन्दा मूर्ख । त्यसैले सङ्ग्रहको शीर्षक नै केही मूर्खहरूको कथा राखिएको छ । तर यसको उद्देश्य हाम्रा बालबालिका त्यस्ता नहोऊन् भन्ने नै हो । त्यसैले शिक्षाप्रद यी कथाहरूका माध्यमबाट हाम्रा बालबालिकाहरूले उचित शिक्षाका साथै मनोरञ्जन पनि प्राप्त गर्ने देखिन्छ ।

### ४. *हिउँदे छुट्टी*

प्रकाशक- एकता बुक्स डिस्ट्रिब्यूटर्स प्रालि, काठमाडौँ; मुद्रक-मोनाज अफसेट प्रेस प्रालि, ललितपुर; पहिलो संस्करण-२०४९ वैशाख, पृष्ठ-८४, मूल्य-रु.२०।-;

चित्र-के.के.कर्माचार्य ।

बाह्र बालकथा । शीर्षक-बत्ती र पुतली, मत्स्यकन्या र मन, अब आयो निदरी तेरो काल, कामको इज्जत, ग्वाँगे रामजी, हिक्मतसिंह चोर, आफ्नो जिम्माको काम, गोरूको दूध, घनश्यामको सपना, गफी चतुरे, दुष्ट मालिक, हिउँदे छुट्टी । सङ्ग्रहका रहेका कथामध्ये *गोरूको दूध* अकबर-वीरबलको कथामा र *आफ्नो जिम्माको काम* उद्दालकको पौराणिक कथाका आधारमा लेखिएको भए पनि अन्य कथा सामाजिक कथानकका आधारमा लेखिएका छन् । *घनश्यामको सपना* भने विज्ञानमा आधारित कथा हो । अधिकांश कथामा घटना र चरित्रका माध्यमबाट कथाकारले बालबालिकालाई आदर्श नागरिक बन्न प्रेरित गरेका छन् भने समाजमा व्याप्त रुढिवाद, अन्धविश्वास र विकृतिहरूलाई समाप्त पार्नुपर्ने धारणा अघि सारेका छन् ।

## ५. *सङ्गत गुनको बुद्धि*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५७ वैशाख, पृष्ठ-२२+६=२८, मूल्य-अनुल्लिखित; चित्र-सुमन वज्राचार्य; आवरण-नवीन्द्र राजभण्डारी; सम्पादन-गोरखबहादुर सिंह ।

सात बालकथा । शीर्षक-इमानदार सार्की, इमानदारीको जाँच, सङ्गत गुनको बुद्धि, कोसिस, दूधको दूध पानीको पानी, मानिसको धर्म, नदेखिने कपडा । बालबोध शृङ्खलाअन्तर्गतको १८ औँ प्रकाशन । सङ्ग्रहका सातवटै कथा **तेह्र रमाइला कथा**मा प्रकाशित भइसकेका हुन् । सङ्ग्रहका कथाहरू विशेष गरी कक्षा चार र पाँचका विद्यार्थीहरूका लागि तयार गरिएको भए पनि परिस्थितिअनुरूप अन्य कक्षाहरूमा पनि उपयोगी हुने अपेक्षा गरिएको भन्ने प्रकाशकको भनाइ छ ।

## ६. *एउटा कथा भन्नु न हजुरआमा*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-त्रियुगा अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-चैत २०६१, पृष्ठ-११९, मूल्य-रु.८०।-, संस्थागत-रु.१५०।-; चित्र/आवरण-अनुल्लिखित ।

पन्ध्र बालकथा । शीर्षक-रगत त सबैको रातै हुन्छ, एकादेशमा एउटा राजा, गुण्टे र उसको बिरालो, चिरबिरे भँगेरी, दीपु-पाइग्रे र कागका भालेपोथी, मितज्यू !

मितज्यू ! आऊ मलाई खाऊ, दुष्टको कुनै मित हुँदैन ?, लाटोकोसेरो र कागको दुश्मनी, पशु वाक्य बुझ्ने गोठालो, बूढी आमैको याङ्मा गाई, भविष्य बोल्ने लामा साङ् तार्पेग, सबैभन्दा ठूलो पुरूषार्थ, एउटा बूढो साँढेको मृत्यु, एउटा टाँड चढेको गधा, अधैर्यका खोपिल्टाहरू । सङ्ग्रहका कथाहरूमध्ये तीन डोल्पाली लोककथाको र एक अरबी लोककथाको पुनर्कथन हो । सबै कथाका माध्यमबाट लेखकले बालबालिकालाई मनोरञ्जनपूर्ण तरिकाले जीवनका लागि आवश्यक पर्ने शिक्षा, सन्देश र जानकारीहरू दिएका छन् । भाषा, शैली र प्रस्तुति सरल, स्पष्ट र रोचक छ ।

## ७. रमेश विकलका उत्कृष्ट बालकथाहरू

प्रकाशक-केटाकेटी नेपाल, काठमाडौँ; मुद्रक-लुष प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६३, पृष्ठ-६८+४=७२, मूल्य-रु.५५।-; चित्र-रश्मि अमात्य 'शशी'; सम्पादन-कार्तिकेय घिमिरे ।

दस बालकथा । शीर्षक-मेरो पाङ्ग्रेलाई कस्तो छ आमा, चिरबिरे भँगेरी, ऊ एउटा सानो अभिभावक, लालु भाइको झुम्का, सानो सुरी म्याउँ, डर, म यो कलम बुझाउन आएको सर, आखिर भरतले पछुताउनै पऱ्यो, सरस्वतीको सपना, एउटा बूढो साँढेको मृत्यु ।

यस सङ्ग्रहका सबै कथा मौलिक बालकथा हुन् र यिनमा स-साना विषयवस्तुलाई घटना, चरित्र र संवादका माध्यमबाट बुनेर कथाका रूपमा प्रस्तुत गरिएका छन् । विशेषतः घरपरिवार, विद्यालय, गाउँघरको परिवेशमा लेखिएका यी कथा पनि उनका पूर्ववर्ती कथासङ्ग्रहझैँ शिक्षामूलक रहेको छ । पशुपक्षीप्रतिको स्नेहभाव राख्नुपर्ने, ठूलाले भनेको नमान्दा दुःख झेल्नुपर्ने, बालबालिकालाई सडकलगायतका ठाउँमा खेल्न दिन नहुने, घरमा काम गर्ने केटाकेटीप्रति दुर्व्यवहार गर्नु नहुनेलगायतका सन्देश पनि यी कथाहरूमार्फत पाइन्छन् । कथाहरूले इमानदारी र सच्चरित्रतामा जोड दिएको छ । साथै अहिले देखापरेको बालबालिका चोरी गरेर लैजाने घटनाबारे पनि कथाका माध्यमबाट सचेत गराइएको छ ।

## ८. बुद्धिको घैँटामा घाम

प्रकाशक-बुक प्यालेस; मुद्रक-क्रियटिभ लिङ्क प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०६३ मङ्सिर, पृष्ठ-२८+२=३०, मूल्य-रु.४८।-; चित्र-एकाराम सिंह ।

छ बालकथा । शीर्षक-भोको चरा त अघाएर उडेछ !, घामपानी घामपानी स्यालको बिहे, बुद्धिको घैँटामा घाम, 'वर्खा, रूख र पैरो', बूढो पीपलको रूख, मान्छे र सपना । लेखकीय र प्रकाशकीय नभएको । सङ्ग्रहमा भएका कथामध्ये *भोको चरा त अघाएर उडेछ !* र *बूढो पीपलको रूख* लोककथाका आधारमा लेखिएका हुन् भने अन्य कथा मौलिक देखिन्छन् । दोस्रो कथाले इन्द्रेणीबारे र चौथो कथाले बाढीपहिरोका कारणबारे जानकारी दिन्छन् । *बुद्धिको घैँटामा घाम* शीर्षक कथाले भूमिको मालिक कृषक हो भन्ने सत्यलाई प्रस्तुत गरेको छ । अन्तिम कथामा राजनीतिक विकृतिको चित्रण छ । तर यो कथा उपदेशात्मक लाग्छ । विकलका पछिल्ला कृतिहरू अघिल्ला कृतिहरूजस्तो प्रभावी देखिन्न ।

## ९. *मलाई किताब मनपर्छ*

प्रकाशक-बुक प्यालेस; मुद्रक-क्रियटिभ लिङ्क प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०६३ मङ्सिर, पृष्ठ-२६+४=३०, मूल्य-रु.४८।-; चित्र-एकाराम सिंह ।

छ बालकथा । शीर्षक-'इर्ष्या, द्वेष र क्रोधमाथि विजय', मलाई पुस्तक मनपर्छ, डाक्टर सर्वज्ञमान, दुष्टको कुनै मित्र हुँदैन, म त यो कलम बुझाउन आएको सर !, गुरुकुल शिक्षा र गुरुदक्षिणा । लेखकीय र प्रकाशकीय नभएको । सङ्ग्रहका कथाहरूले रिसलाई नियन्त्रण गर्नुपर्ने, दुष्टसँग मित्रता गर्नु राम्रो नहुने, घमन्ड गर्न नहुनेजस्ता शिक्षा दिन्छन् । दोस्रो कथा आत्मकथात्मक शैलीमा लेखिएको छ । पहिलो कथाको सुरुमा भएको पटचारलाग्दो लामो गन्थन अनावश्यक देखिन्छ । तेस्रो कथा मौलिक रचना होइन, यसलाई स्वतन्त्र रूपान्तरण भनिएको छ । शिक्षा दिने कार्य व्यापार नभएर सेवा हो भन्ने तथ्य पनि कथामा प्रतिबिम्बित छ । कथाहरू सामान्य छन् । *म त यो कलम बुझाउन आएको सर !* **रमेश विकलका उत्कृष्ट बालकथाहरू** सङ्ग्रहमा पहिले नै प्रकाशित भइसकेको देखिन्छ ।

## १०. *गौतमबुद्ध र पानीको संस्कार*

प्रकाशक-बुक प्यालेस; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-अनुल्लिखित, पृष्ठ-४०, मूल्य-रु.५८।-; चित्र-युवक श्रेष्ठ; आवरण संयोजक-प्रवेश सिन्धुलीय ।

छ बालकथा । शीर्षक-'गौतमबुद्ध र पानीको संस्कार', हिमचुलीको फेदीमा, 'गुण्टे र उसको बिरालो', 'डढेलो र उद्धार', 'टापुका अन्तिम दिनहरू र बिदावारी',

सिन्दबाद फेरि समुद्रमा । लेखकीय र प्रकाशकीय नभएको । यस सङ्ग्रहका कथाहरूमध्ये *गुण्टे र उसको बिरालो* र *डढेलो र उद्धार* मात्र मौलिक कथा हुन् । अन्य कथाहरूमध्ये *हिमचुलीको फेदीमा* एनिड ब्लाइटनको कथामा आधारित छ । साथै पछिल्ला दुई कथा सिन्दबादलाई र गौतमबुद्ध र पानीको संस्कार जातककथालाई स्रोत बनाएर लेखिएका हुन् । यसमा भएका मौलिक दुई कथा तुलनात्मक रूपमा लामा छन् । त्यसमध्ये पहिलो कथामा सडक बालबालिकाको स्थितिको चित्रण गर्दै घरेलु कारणले उनीहरू सडकमा आइपुग्ने यथार्थतालाई प्रकट गरिएको छ । साथैका पशुप्रतिको प्रेमभाव पनि अत्यन्त राम्ररी अभिव्यक्त भएको छ । अर्को मौलिक कथा वनभोज जाँदा डढेलोमा फसेका बालबालिकालाई एउटा बालकले साहसपूर्वक समयमै प्रहरीलाई खबर गरेपछि कसरी उद्धार गरियो भन्नेबारे केन्द्रित छ । कथाले विपत्तिमा नआत्तिई बुद्धिले काम लिनुपर्ने शिक्षा दिइएको छ ।

### ११. हजुरआमाको कथा

प्रकाशक-बुक प्यालेस; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-अनुल्लिखित, पृष्ठ-३२, मूल्य-रु.५२।-; चित्र-युवक श्रेष्ठ; आवरण संयोजन-प्रवेश सिन्धुलीय ।

छ बालकथा । शीर्षक-'चाणक्य, ऊनी कम्बल र चोरहरू', त्यहाँ मानिस बूढो हुँदोरहेनछ, हजुरआमाको कथा, 'कोशीको छाल र जीर्ण डुङ्गाको यात्री', 'शिष्य, सम्राट र गुरूप्रतिको कर्तब्य', भीष्मको दुरदर्शिता । लेखकीय र प्रकाशकीय नभएको । यस सङ्ग्रहमा भएका बालकथामध्ये *भीष्मको दूरदर्शिता* वास्तवमा कथा होइन । यसमा कथातत्त्वको पूर्ण अभाव छ र यसमा लेखकको तर्क र विचार मात्र अभिव्यक्त भएको पाइन्छ । अन्य कथाहरू पनि पुनर्कथन गरिएका हुन् ।

### १२. रमेश विकलका उत्कृष्ट बालकथाहरू

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि; मुद्रक-सुजल अफसेट प्रेस; पहिलो संस्करण-२०६४; पृष्ठ-८०, मूल्य-रु.५०।-; चित्र-युवक श्रेष्ठ ।

पन्ध्र बालकथा । शीर्षक-दुष्टलाई दबाउन खोज्दा, आमाको अनन्यभक्त हाजी अलि, 'मानिस, पहाड र सङ्कल्प', यसरी पाए उसका गाउँलले जाबी, 'पेडा र रानाडे', एक मुठी माटो : एक टुक्रो फलाम, आफ्नो आफ्नो बुझाइ-१, आफ्नो

आफ्नो बुझाइ-२, चञ्चली पुतली : बर्खायाम र माहुरी, उड्ने सपनाको दुःखद् अन्त्य, मेरो पाङ्ग्रे कस्तो छ आमा ?, फ्याउरो, सूर्य र सुकेनासको कथा, हुरीले उडाएको सपना र मै छोरी सुन्दरी, गधालाई टाँड चढाएपछि, खिचडी पिकनिक र भुस्याहा खिच्चा । सङ्ग्रहका केही कथा विभिन्न देशका लोककथाका पुनर्कथन हुने हुन् भने केही कथा प्राचीन किंबदन्तीमा पनि आधारित छन् । कथाहरू सामान्य छन् । लेखकको यसै शीर्षकमा यसअघि नै एउटा कृति प्रकाशित भइसकेको छ ।

## राजनारायण प्रधान

### *१. कथैकथा (भाग-१, सम्पा.)*

प्रकाशक-श्याम प्रकाशन, दार्जीलिङ, भारत; मुद्रक-प्रकाश प्रिन्टिङ प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-?; संस्करण-१९८३ इ., पृष्ठ-७२+४=७६, मूल्य-रु. ४।५० (भारु); चित्र-नभएको ।

नौ रचना । शीर्षक-सोपी (ओ.हेनरी), एकलव्य (अनुल्लिखित), लामो यात्रा (टाल्सटाय), मुनामदन (देवकोटाको मुनामदन काव्यको गद्यमा सार), युरोपको चिठी (यात्रानिबन्ध, लैनसिंह बाङ्देल), काबुली (रवीन्द्रनाथ ठाकुर), कथाकारको कथा (जीवनी, लेखक अनुल्लिखित), मेरो सानो स्कुल (परशुराम रोका), म मरेछु (गनुसिंह गुरुङ), लेखक अनुल्लिखित) । सङ्ग्रहमा भएका नौ रचनामध्ये दुईबाहेक सबै कथा भएका र बढी रचना मौलिक भएकाले यस सङ्ग्रहलाई बालकथाअन्तर्गत राखिएको हो । यो कृति छैठौं श्रेणीका निम्ति द्रुतपाठका लागि तयार गरिएको उल्लेख छ । पाठपछि प्रश्न र अभ्यास पनि राखिएका छन् । पाठ्यक्रमको कृति भए पनि यो जहिलेसुकै काम लाग्ने कथा भएकाले सधैंका लागि उपयोगी देखिन्छ ।

### *२. कथैकथा (भाग-२, सम्पा.)*

प्रकाशक-श्याम प्रकाशन, दार्जीलिङ, भारत; मुद्रक-प्रकाश प्रिन्टिङ प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-?; संस्करण-१९८३ इ., पृष्ठ-८८, मूल्य-रु. ४।५० (भारु); चित्र-नभएको ।

नौ रचना । शीर्षक-परालको आगो (गुरूप्रसाद मैनाली), कात्रो (प्रेमचन्द), अन्तिम पात (ओ.हेनरी), एक सय रूपियाँको जीवन (नारायण तामाङ), रातभरि हुरी चल्यो (इन्द्रबहादुर राई), बाबुछोरा (शिवकुमार राई), रासपुटिन (जीवनी,

राजनारायण प्रधान), शकुन्तला (पौराणिक कथा, लेखक अनुल्लिखित), साँढे (नाटक, भीमनिधि तिवारी) । सङ्ग्रहमा भएका नौ रचनामध्ये दुईबाहेक सबै कथा भएका र बढी रचना मौलिक भएकाले यस सङ्ग्रहलाई बालकथाअन्तर्गत राखिएको हो । यो कृति सातौँ श्रेणीका निम्ति द्रुतपाठका लागि तयार गरिएको उल्लेख छ । पाठपछि प्रश्न र अभ्यास पनि राखिएका छन् । पाठ्यक्रमको कृति भए पनि यो जहिलेसुकै काम लाग्ने कथा भएकाले सधैँका लागि उपयोगी देखिन्छ ।

### *३. बुद्धिको पदोन्नति*

प्रकाशक-एकता बुक्स डिस्ट्रिब्युटर्स प्रालि, काठमाडौँ; प्रकाशक-मोनाज अफसेट प्रेस प्रालि; पहिलो संस्करण-२०५६, पृष्ठ-२४, मूल्य-रु.२०।-; चित्र-किशोर जोशी; सम्पादन-रामबाबु सुवेदी र महादेव अवस्थी ।

पाँच बालकथा । शीर्षक-ऐना, दुई मीतको कथा, लीलावतीको आँट, राजकुमार र साधु, बुद्धिको पदोन्नति । यी बालकथाहरूले बालबालिकालाई सन्देश र शिक्षाका अतिरिक्त मनोरञ्जन पनि प्रशस्त दिन्छ । कथाहरूले मित्रता, आँट, अनुभव र बुद्धिको महत्त्वलाई दर्शाएको छ । कथाहरू लोककथाका आधारमा पुनर्कथन गरिएका हुन् ।

### *४. चराको बुद्धि*

प्रकाशक-एकता प्रकाशन, काठमाडौँ; मुद्रक-मोनाज अफसेट प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०६३, पृष्ठ-२०, मूल्य-रु.२५।-; चित्र-रामनारायण महतो; आवरण-राजाराम के.सी.; सम्पादन-केशव सुवेदी ।

पाँच बालकथा । शीर्षक-पाहुनाको मानमनितो, अब्दुलको घोडा, चराको बुद्धि, कामको फल, चङ्खे । यस सङ्ग्रहमा बालबालिकाका लागि रमाइला र समसामयिक विषयवस्तुमा आधारित कथाहरू छन् । आकारमा छोटा यी कथाहरूले शिक्षा र मनोरञ्जन दिन्छन् । यी कथा पुनर्कथन गरिएका कथा हुन् ।

### *५. बाँदर र गोही*

प्रकाशक-एकता प्रकाशन, काठमाडौँ; मुद्रक-मोनाज अफसेट प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०६३, पृष्ठ-२०, मूल्य-रु.२५।-; चित्र-कीर्तिकौशल जोशी; सम्पादन-केशव सुवेदी ।

पाँच बालकथा । शीर्षक-दरामदिनको धरहरा, साँचो बोल्ने मानिस, दुई छिमेकी, हेमा र नागराज, बाँदर र गोही । यस सङ्ग्रहका कथाहरू लोककथा वा अन्य उपजीव्य स्रोतका आधारमा लेखिएका छन् । कथाहरूले रमाइलो शैलीमा बालबालिकालाई जीवनोपयोगी शिक्षा दिन्छन् । कथाको विषयवस्तु सामयिक छन् । सङ्क्षिप्तता, सरलता र मिठासले कथालाई बालोपयोगी बनाउन सहयोग पुगेको छ ।

## ६. *भालु र दाउरे*

प्रकाशक-एकता प्रकाशन, काठमाडौँ; मुद्रक-मोनाज अफसेट प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०६३, पृष्ठ-२८, मूल्य-रु.३०।-; चित्र-कीर्तिकौशल जोशी; सम्पादन-केशव सुवेदी ।

पाँच बालकथा । शीर्षक-भालु र दाउरे, जीवनदान पाएको पुतली, सिन्ड्रेला, बाठो केटा, चन्द्र र चन्द्रिका । लोककथा र विदेशी कृतिहरूमा आधारित यस सङ्ग्रहका बालकथाहरूबाट शिक्षा र सन्देश दिने लेखकको प्रयास देखिन्छ । मीठो शैलीमा लेखिएका आकारका दृष्टिले साना यी बालकथाहरू सरल र सहज छन् ।

## ७. *लेप्चा गुरु*

प्रकाशक-एकता प्रकाशन, काठमाडौँ; मुद्रक-मोनाज अफसेट प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०६३, पृष्ठ-२४, मूल्य-रु.२५।-; चित्र-किशोर जोशी; सम्पादन-केशव सुवेदी ।

पाँच बालकथा । शीर्षक-चोर र जैसी, ब्राह्मणको अनुहार, नरेशकुमार, लेप्चा गुरु, दिदीले साटो फेरिन् । विविध विषयका बालकथा समेटिएका यस सङ्ग्रहका रचना पनि उनका पूर्ववर्ती कृतिभैँ आकारमा छोटा छन् । बालबालिकालाई चारित्रिक सुधार र नैतिकताबोध गराउने यी बालकथाहरू भाषिक दृष्टिले सरल र सहज रहेका छन् ।

## ८. *स्याल र मुजुर*

प्रकाशक-एकता प्रकाशन, काठमाडौँ; मुद्रक-मोनाज अफसेट प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०६३, पृष्ठ-३२, मूल्य-रु.३०।-; चित्र-किशोर जोशी; सम्पादन-केशव सुवेदी ।

छ बालकथा । शीर्षक-स्याल र मुजुर, अबु नवास, राजकुमारहरूको अंशबण्डा, तीन उपहार, रूपियाँ फल्ने रूख, किसानको जीत । यस कृतिमा रहेका बालकथाहरूले बालबालिकालाई शिक्षा र मनोरञ्जन प्रदान गर्छन् । उपजीव्य स्रोतमा आधारित यी बालकथाहरू विषयका दृष्टिले मात्र नभई भाषा र शैलीका दृष्टिले पनि बालोपयोगी छन् ।

## रामकुमार पाँडे

### *१. सुनको माला*

प्रकाशक-प्राथमिक सामग्री एकाइ; मुद्रक-इन्दु छापाखाना प्रालि, ललितपुर; पहिलो संस्करण-२०४४, पृष्ठ-१६+२=१८, मूल्य-अनुल्लिखित; चित्र-शान्तमान वज्राचार्य ।

पाँच बालकथा । शीर्षक-अल्छी चरो, ज्ञानको फल, स्वर्ग र नर्क, सुन फल्ने माटो, 'कुरा सुन, मनमा गुन' । लेखकीय र प्रकाशकीय नभएको । यसमा भएका बालकथाहरूले बालबालिकालाई ज्ञान र परिश्रमको महत्त्व बोध गराउँदै अल्छी गर्न नहुने र अरूले भनेका कुराहरूलाई गम्भीरताका साथ लिनुपर्ने शिक्षा दिन्छन् । कथाहरू सङ्क्षिप्त र सरल छन् ।

### *२. तिलौरे र फुलौरे*

प्रकाशक-नेपाल बालसाहित्य समाज, काठमाडौँ; मुद्रक-हिसि अफसेट प्रिन्टर्स प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०५२, पृष्ठ-१८+२=२०, मूल्य-अनुल्लिखित; चित्र-टेकवीर मुखिया ।

एउटा मात्र कथा । लेखकीय र प्रकाशकीय नभएको । यस कथाका माध्यमबाट कथाकारले नेपालको भौगोलिक स्थिति, हावापानी, प्राकृतिक छटा, रहनसहन, जीवजन्तु आदिका बारेमा जानकारी दिएका छन् । साथै मानिसको आकारप्रकार महत्त्वपूर्ण होइन, उसमा भएको बुद्धिविवेक, क्षमता र सीप नै महत्त्वपूर्ण हो भन्ने सन्देश यस कथाले दिएको छ । यसको शैली वर्णनात्मक भए पनि सरल र रोचक भाषा र मनोरञ्जनात्मक प्रस्तुतिका कारण मीठो हुन पुगेको छ ।

## रामचन्द्र गिरी

### *१. सचित्र कथामाला (भाग-१)*

प्रकाशक-श्याम प्रकाशन, दार्जीलिङ, भारत; मुद्रक-दीपक प्रेस, वाराणसी, भारत;

पहिलो संस्करण-१९८४ इ., पृष्ठ-६०+४=६४, मूल्य-रु.३।५० (भारु); चित्र-अनुल्लिखित ।

तेइस बालकथा । शीर्षक-साँप र काग, स्याल र काग, कानो हरिण, ब्वाँसो र सारस, मान्छे र साँप, सुसारे र साँप, भाले र हीरा, सिंह र बिरालो, बकुल्ला र गँगटा, रूख र निगालो, भिखारी र धनवान्, बेपारी र बाँदर, अन्धो र लङ्गडो, चोर बालक र त्यसकी आमा, खरायो र भ्यागुता, बाँदर र आरावाल, अरिङ्गाल र साँढे, कछुवा र गिद्ध, सिंहको छाला ओढ्ने गधा, कुकुर र घोडा, स्याल र ब्वाँसो, बालक र खोला, 'बाघ, स्याल र गधा' । यस सङ्ग्रहमा नेपाली लोकजीवनमा प्रचलित लोककथाहरूलाई बालोपयोगी किसिमले पुनःरचना गरिएका छन् । कथाहरूमा प्रायः जीवजन्तु र चराचुरुङ्गीहरू पात्रका रूपमा आएका छन् । आकारमा छोटा यी कथाहरूले सन्देश र मनोरञ्जन दुबै दिन्छन् । कथाको भाषाशैली दार्जीलिङको रहेको छ ।

## रामप्रसाद ज्ञवाली

### *१. सानी परेवी र बाज*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-प्रज्ञा अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६१ असोज, पृष्ठ-३६+४=४०, मूल्य-रु.२५।-; चित्र-देव कोइमी ।

एउटा कथा । यस कथामा एउटी सानी परेवीका माध्यमबाट कथाकारले विपत्तिमा पनि धैर्यका साथ बुद्धि पुऱ्याएर काम गर्नुपर्ने महत्त्वपूर्ण शिक्षा दिएका छन् । अभिभावकलाई नभनी घरबाट बाहिर जान नहुने र आफूलाई सहयोग गर्नेको गुन बिर्सन नहुने सन्देशसमेत अन्तर्निहित यस कथाले वातावरणीय ज्ञान पनि दिन्छ । घटना र संवादले कथाको प्रस्तुति रोचक भएको छ ।

## राममणि दुवाडी

### *१. नागमणि*

प्रकाशक-प्राथमिक सामग्री एकाइ, भक्तपुर; मुद्रक-सुभाष प्रिन्टिङ प्रेस, काठमाडौँ; पहिलो संस्करण-?; तेस्रो संस्करण-२०४५, पृष्ठ-२७+५=३२, मूल्य-अनुल्लिखित; चित्र/आवरण-के.कर्माचार्य ।

सात बालकथा । शीर्षक-बुद्धिमान् गोरे, नागमणि, ढिकी र धनेकान्छो, आफ्नो लाठो आफैँलाई, बूढो किसानको तन्नेरी अक्कल, आफूले खनेको खाल्डोमा आफैँ, सिपाही पाए त खान्थेँ ।

## रामेश्वर राउत 'मातृदास'

### *१. मनका कथा*

प्रकाशक-पार्वती राउत; मुद्रक-मल्ल प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०५३, पृष्ठ-४०, मूल्य-रु.३५।-; चित्र-तुलसी अर्याल; आवरण-रमेश पौडेल ।

दस बालकथा । शीर्षक-मनका कथा, भ्यागुता सम्मेलन, मनकारी गाई, मनासिब कुरा, चङ्खे खरायो, सुनको औँठी, एकता भयो, चम्पुको साथी, बाटो देखायो, खुसीको आँसु । यस सङ्ग्रहको पहिलो कथा *मनका कथा*मा कथातत्त्वको अभाव छ । दोस्रो कथा *भ्यागुता सम्मेलन* अत्यन्तै रोचक हुनुका साथै यसले नेपालीहरूको एकले अर्काको खुट्टा तान्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरेको छ । भ्यागुता, गाई, बाघ, बिरालो, खरायो र मुसाजस्ता पशुपंक्षीहरूलाई पात्रका रूपमा उभ्याएर तिनीहरूमार्फत प्रभावकारी ढङ्गले शिक्षा दिने प्रयास सङ्ग्रहका कथाहरूले गरेका छन् ।

### *२. मूल बाटो*

प्रकाशक-पार्वती राउत; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५७ वैशाख, पृष्ठ-४६+२=४८, मूल्य-रु.३०।-; चित्र/आवरण-नगेन्द्रप्रसाद पौडयाल र श्यामसुन्दर यादव ।

बाह्र बालकथा । शीर्षक-अठोट, मूल बाटो, जुनी फेर्न जाने, ठूलो भाग, आँखा खुले, वीरध्वजको वीरता, सफलताको गोरेटो, असल निर्णय, ठेगान लाग्यो, रमाइलो भेट, महको घ्याम्पो, हराएको हीरा । यस सङ्ग्रहका कथाहरूले असल, उपकारी र सहयोगी बन्न, झगडालु, स्वार्थी र लोभी नहुन, पशुपंक्षीलाई प्रेम गर्न, देशभक्त हुन एवम् एकपटक असफल हुँदैमा हरेस नखान प्रेरणा दिन्छन् । सङ्ग्रहमा झुसिलकीरा, खरायो, भ्यागुता, सर्प, मुसा, बिरालो, गोही र हात्ती मात्र नभई नदी-समुद्र, बालक पनि पात्रका रूपमा आएका छन् । कथामा सरल भाषा र छोटा वाक्यको प्रयोग गरिएको छ ।

## रेवती राजभण्डारी

### *१. बालसुधा (भाग-१)*

प्रकाशक-रत्न पुस्तक भण्डार; मुद्रक-वेभ प्रिन्टर्स प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०५५, पृष्ठ-२८, मूल्य-रु.२०।-; चित्र-के.के.कर्माचार्य ।

पाँच बालकथा । शीर्षक-'को ठूलो, को सानो ?', प्रज्ञाको उत्साह, पुरस्कारको अधिकार, लोभी सर्प, अधिकार । सङ्ग्रहका बालकथाहरू बालबालिकालाई रचनात्मक काम गर्न उत्प्रेरित गर्ने खालका विषयवस्तुमा आधारित छन् । यी कथाहरूले नराम्रा आनीबानी त्याग्नुपर्ने सन्देश पनि दिन्छन् । सङ्ग्रहका कथाहरू रमाइला हुनुका साथै सरल पनि छन् ।

### *२. भूतसँग जम्काभेट*

प्रकाशक-रत्न पुस्तक भण्डार; मुद्रक-स्थापित अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६१, पृष्ठ-२४+४=२८, मूल्य-रु.३५।-; चित्र-के.के.कर्माचार्य ।

पाँच बालकथा । शीर्षक-भूतसँग जम्काभेट, विद्वान्को छनोट, भ्रूटको परिणाम, किचकन्ने, सहिद । सङ्ग्रहका दुई कथा भूतप्रेत र किचकन्नेजस्ता अन्धविश्वासविरुद्ध बालबालिकालाई सचेत बनाउने उद्देश्यले लेखिएको देखिन्छ । एउटा कथाले भ्रूटो बोल्न नहुने सन्देश दिएको छ भने एउटा कथाले सहिदको महत्त्वमाथि प्रकाश पारेको छ । दोस्रो कथा भने विद्वान्ले कहिले पनि आफूलाई विद्वान् भन्दैन भन्ने विषयमा आधारित छ । कथाहरू बालोपयोगी छन् ।

## ललितजङ्ग सिजापति

### *१. नेपाली ऐतिहासिक कथासङ्ग्रह*

प्रकाशक-नेपाली भाषा प्रकाशिनी समिति; मुद्रक-श्री अन्नपूर्णा प्रेस, असन; पहिलो संस्करण-?; तेस्रो संस्करण-२०११, पृष्ठ-७५७८२, मूल्य-७५ पैसा; चित्र-नभएको ।

बीस रचना । इतिहास र संस्कृतिसँग सम्बन्धित विषयको कथासङ्ग्रह । कुल रचना बीस । शीर्षक-कालभैरव, नारायणहिटी र बौद्धमन्दिर, राजा योगनरेन्द्र मल्लको सालिकको टाउकोमा भएको सुनचरी, त्रिशूलयात्रा, भाटभटेनी, जामुना गुभाजू, स्वप्नतीर्थ, बाह्र वर्षे इनार र सिम्भूको आगं, असनको माछा, भेंडासिंह, शाके संवत्, श्री ५ महाराजाधिराज पृथ्वीनारायण शाह, सिमरौन गड, गुरुमापा, उपकारी सेंचाचोर, विरूपाक्ष, विस्केट, बालाचतुर्दशी, रानीपोखरी, भोटो देखाउने । सङ्ग्रहमा काठमाडौँ उपत्यकाका विभिन्न ऐतिहासिक एवम् सांस्कृतिक विषयलाई कथाका रूपमा प्रस्तुत गरिएका छन् । केही उपत्यकाबाहिरका विषय पनि समाविष्ट छन् । लेखकले भूमिकामा 'यो इतिहास होइन, ऐतिहासिक कथासङ्ग्रह

हो' भनेका छन् । विषयवस्तु जानकारीमूलक र उपयोगी भए पनि वाक्यहरू लामा भएकाले बालबालिकाका लागि अलि कठिन देखिन्छ ।

## ललिता दोषी

### *१. मानिस नै देवता*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-डङ्गोल प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०६३, पृष्ठ-३६, मूल्य-रु.४०।-; चित्र-युवक श्रेष्ठ; सम्पादन-कृष्णप्रसाद पराजुली ।

सात बालकथा । शीर्षक-कुलवीरको कुकुर, सङ्गतले कस्तो पार्छ ?, मानिस नै देवता, समयको फड्को, 'सत्य डग्दैन, झूटो टिक्दैन', साँचो साथी, अर्काको डाहा । बालोपयोगी विभिन्न विषयलाई लिएर लेखिएका यस सङ्ग्रहका बालकथाहरूले अरूको कुभलो चिताउँदा हुने परिणाम, सङ्गतको प्रभाव, मानिसमा हुनुपर्ने दयामाया, मानिसले जे गरे पनि सत्य लुक्दैन भन्ने धारणा, साथी भनेको असल हुनुपर्छ, अर्काको डाहा गर्नु राम्रो होइन आदिबारे राम्ररी प्रस्ट पारेका छन् । कथाहरू सरल छन् ।

## लक्ष्मीदेवी श्रेष्ठ

### *१. गुनी मुसो*

प्रकाशक-जम्को प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-इन्द्रेणी अफसेट प्रेस; पहिलो संस्करण-२०६३ मङ्सिर, पृष्ठ-२६, मूल्य-रु.१७-; चित्र-उमेशचन्द्र अधिकारी ।

सात बालकथा । शीर्षक-परीको खुसी, गुनी मुसो, कान्छा, सुजन, दाजुभाइ, अछूतको छाती, नयाँ नाम । लेखकीय नभएको । बालबालिकालाई शक्तिको घमण्ड गर्नुहुन्न, घरमा काम गर्नेप्रति मानवीय व्यवहार गर्नुपर्छ र उनीहरूलाई पढाउने व्यवस्था गरिदिनुपर्छ, आमाबाबुले छोराछोरीलाई प्रोत्साहित गर्नुपर्छ, बैगुनीलाई गुनले जित्नुपर्छ, आमाबाबुले गाली गर्दैमा घर छाड्नु हुँदैन भन्ने सन्देश यस सङ्ग्रहका कथाहरूले दिएका छन् । साथै जातभातको विरुद्ध पनि कथाले चेतना दिने काम गरेको छ । कथाहरू सरल, सुबोध र स्वाभाविक छन् ।

## लुमडी आचार्य

### *१. चमत्कारी ऋषि*

प्रकाशक-दायित्व वाङ्मय प्रतिष्ठान, काठमाडौँ; मुद्रक-बगलामुखी अफसेट प्रेस,

ललितपुर; पहिलो संस्करण-२०६१ फागुन, पृष्ठ-३४+१०=४४, मूल्य-रु.२५।-; चित्र-अनुल्लिखित; आवरण-योगेश खपाङ्गी ।

सात बालकथा । शीर्षक-चमत्कारी ऋषि, राजाको खोजीमा, जुरेलीको भ्रम, प्याकुली र भकुल्ले, बाँच्ने उपायहरू, अङ्ग्रेजी नाम, भाग्य परीक्षणको तरिका । कथाहरू सबै सन्देशमूलक छन् । *अङ्ग्रेजी नाम* शीर्षकको कथामा हास्यतत्त्वको प्रचुरता भेटिन्छ । सङ्ग्रहका कथाहरूले आफ्नो देश र बासस्थानको सुरक्षा एकताबद्ध भई गर्नुपर्ने, एकले अर्कोको आवश्यकता बुझेर काम गर्नु राम्रो हुने, देखासिकी गर्नु नहुने, गुनको ऋण गुनैबाट तिर्नुपर्नेजस्ता सन्देश दिन्छन् । यी कथाहरूमा वन्य जीवजन्तुहरू र गुरुकुल परम्परालाई महत्त्व दिइएका छन् । विशेषतः पूर्वेली संस्कृति र परम्पराको परिमार्जन र संरक्षणमा जोड दिनु कथाको अभीष्ट देखिन्छ ।

## लोकेन्द्र शाक्य

### *१. चटपटे र विनीता*

प्रकाशक-बालसखा प्रकाशन; मुद्रक-हिसी अफसेट प्रिन्टर्स प्रालि, काठमाडौं; पहिलो संस्करण-जेठ २०६२, पृष्ठ-२२+१०=३२, मूल्य-रु.२५।-; चित्र-सूर्यनारायण श्रेष्ठ ।

आठ बालकथा । शीर्षक-कुरा राम्ररी नबुझाउँदा, चटपटे र विनीता, रेडियो बाल कार्यक्रम, कलम उपहार, साँचो मनले चिताएपछि, एउटा नमीठो कथा, एउटा भाइ दिनुहोस् न ल, दीपाको निर्णय । सङ्ग्रहका बालकथाहरू अत्यन्त सामान्य विषयबाट उठान गरी बालबालिकालाई जीवनोपयोगी शिक्षा दिने विषयमा केन्द्रित देखिन्छन् । कतिपय कथामा अहिले भइरहेको बालगतिविधिलाई पनि विषय बनाइएको छ । कथाहरूको भाषा सरल र स्पष्ट छ ।

## वसुश्री पाण्डे

### *१. सोमत र मोमत*

प्रकाशक-वनिता प्रकाशन, विराटनगर; मुद्रक-एभरेस्ट ग्राफिक प्रिन्टर्स, विराटनगर; पहिलो संस्करण-२०५८, पृष्ठ-१६, मूल्य-रु.१४।-; चित्र-गेहेन्द्र अमात्य ।

चार बालकथा । शीर्षक-सोमत र मोमत, दुई पाङ्ग्रे साइकल, ब्रत लिने कुकुर, घमण्ड गर्नाले । यी कथाहरू सामान्य विषयमा लेखिएका छन् । कथाहरू

सन्देशमूलक भए पनि यसको प्रस्तुति रोचक हुन सकेको छैन ।

### २. *भँगेरा भँगेरी*

प्रकाशक-वनिता प्रकाशन, विराटनगर; मुद्रक-बगलामुखी अफसेट प्रेस, ललितपुर; पहिलो संस्करण-२०६१, पृष्ठ-२४, मूल्य-रु.२०।-; आवरण-ज्ञानेश्वर उदय ।

पाँच बालकथा । शीर्षक-अल्छी नबनौं, भँगेरा भँगेरी, लोभको परिणाम, 'माकुरो, बिरालो र गाई', बबिन पछुतायो । सङ्ग्रहका कथाहरू सन्देशमूलक छन्, सरल छन् । तर कथाहरू कथातत्त्वभन्दा बर्णन र व्याख्या बढी भएका कारण प्रभावकारी हुनसकेको छैन ।

## वासु रिमाल 'यात्री'

### १. *एकादेशमा*

प्रकाशक-नेपाल बाल सङ्गठन, काठमाडौँ; मुद्रक-?; पहिलो संस्करण-२०२८, पृष्ठ.९६, मूल्य-रु.३।-; चित्र-? ।

विभिन्न लेखकका बालकथाहरूको सम्पादित कृति । **नेपाली बालसाहित्यका चुनिएका पुस्तकहरूको सूची**, पृ.१९ का आधारमा ।

## विजय चालिसे

### १. *हराएको मूर्ति*

प्रकाशक-साझा प्रकाशन, ललितपुर; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०५६, पृष्ठ-५१+७=५८, मूल्य-रु.२५।-; चित्र/आवरण-टेकवीर मुखिया ।

पाँच मौलिक बालकथा । शीर्षक-राक्षसको हार, स्याबासी, हराएको मूर्ति, पश्चाताप, मिठाईको लोभ । यी बालकथाहरू मौलिक सिर्जना हुन् । यी बालकथाका माध्यमबाट लेखकले बालबालिकालाई स्वास्थ्य, रहनसहन र बानीबेहोरा राम्रो बनाउने शिक्षा दिएका छन् । बालबालिकालाई पात्रपात्रको रूपमा उभ्याई सरल भाषाशैलीका माध्यमबाट कथाकारले बालोपयोगी विषयवस्तुलाई बालबालिकासमक्ष प्रस्तुत गरेका छन् ।

## २. *किसानबाट शिक्षा*

प्रकाशक-सिर्जनशील प्रकाशन, काठमाडौँ; मुद्रक-इन्द्रेणी अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५८ साउन, पृष्ठ-३२, मूल्य-रु.१२।-; चित्र-आलोक चालिसे; आवरण-के.के.कर्माचार्य ।

पाँच मौलिक बालकथा । शीर्षक-सबैभन्दा ठूलो अर्थ, किसानबाट शिक्षा, लोभको फल, छक्याउने बानी, बुद्धिको खेल । सङ्ग्रहका बालकथाहरूले असहाय, दुःखी र रोगीको सेवा नै मानवधर्म हो, सुखशान्ति र आनन्द अरूलाई सहयोग गर्दा पाइन्छ, लोभ गर्नु राम्रो होइन, अतिप्रशंसाभित्र स्वार्थ लुकेको हुन्छ, बलभन्दा बुद्धि ठूलो हुन्छ भन्ने सन्देश दिएका छन् । सरल शब्द, सरस र स्वाभाविक भाषा, छोटा र रोचक वाक्यका माध्यमबाट कथानकलाई पुष्ट बनाउने सीप कथाकारमा देखिन्छ ।

## ३. *चटकीको बाँदर*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-इन्द्रेणी अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५९ माघ, पृष्ठ-४०, मूल्य-रु.२०।-; चित्र-सुजन चित्रकार ।

छ मौलिक बालकथा । शीर्षक-चटकीको बाँदर, खेलौना बन्दुक, पृथ्वीमा सङ्कट, नयाँ दानवको जन्म, असल बानीलाई पुरस्कार, बल्ल आँखा खुले । सङ्ग्रहका *पृथ्वीमा सङ्कट* र *नयाँ दानवको जन्म* शीर्षकका कथा विज्ञानकथा हुन् । *बल्ल आँखा खुले*ले वृक्षरोपण र वातावरण संरक्षणको महत्त्वलाई दर्शाएको छ । अन्य कथा पनि सन्देशमूलक छन् । स्पष्ट कथानक, संवादको समुचित प्रयोग र सरल-सरस प्रस्तुति हुनाले कृति बालरुचिअनुकूल हुन पुगेको छ ।

# **विजय चालिसे** र **जनकप्रसाद हुमागाईं**

## १. *अमूल्य उपहार*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५८ वैशाख, पृष्ठ-३६+४=४०, मूल्य-अनुल्लिखित; चित्र-श्रीहरि श्रेष्ठ; आवरण-नवीन्द्र राजभण्डारी; सम्पादन-गोरखबहादुर सिंह ।

दस बालकथा । शीर्षक-दीपकको काठमाडौँ यात्रा (हुमागाईं), रमाइलो दण्ड (चालिसे), कन्ठे कागको घमन्ड (हुमागाईं), अमूल्य उपहार (चालिसे), साधु

खरायो (हुमागाईं), परिश्रम नै तपस्या (चालिसे), असल मित्र (हुमागाईं), ठग समातियो (चालिसे), सडकको महत्त्व (हुमागाईं), सबैभन्दा महँगो ढुङ्गा (चालिसे) । बालबोध शृङ्खलाअन्तर्गतको २१ औँ प्रकाशन । यी कथाहरूमा पनि परिश्रम, चरित्र, ज्ञान र प्रतिभाको महत्त्व दर्शाइएको छ । दुवै कथाकारका कथा सन्देशमूलक छन्, त्यसैले बालोपयोगी हुन पुगेका छन् । कथालाई संवादका माध्यमबाट अघि बढाइएकाले अझ रुचिकर हुन पुगेको छ । प्रकाशकका अनुसार यो सामग्री विशेषत: कक्षा चार र पाँचका विद्यार्थीहरूको स्तर हेरी तयार पारिएको भए पनि परिस्थितिअनुरूप अन्य कक्षाहरूमा पनि उपयोगी हुने अपेक्षा गरिएको छ ।

## विजया स्मृति

### *१. कुकुरहरूको सम्मेलन*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-पिनाक अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६१ माघ, पृष्ठ-३६, मूल्य-रु.२०।-; चित्र-स्वयम्बर हाङ ।

सात बालकथा । शीर्षक-कुकुरहरूको सम्मेलन, असल मित्र, पशुपन्छीको माया, चेतनामूलक गाउँ, विचार नपुऱ्याउँदा, असर, महिला खेलाडी । यी बालकथाहरूले भूकम्पबाट सुरक्षित हुने उपाय र पोलियो थोपा खुवाउनाले हुने लाभका अतिरिक्त मित्रता टुटाउन खोज्नेहरूबाट सावधान हुनुपर्ने, ठूलाले भनेको मान्नुपर्ने, बालबालिकाले टेलिभिजनका सबै कार्यक्रम नहेरी आफ्नो उमेरसुहाउँदो र लाभदायक कार्यक्रम मात्र हेर्नुपर्ने र छोराछोरीबीच भेदभाव गर्न नहुने शिक्षा दिन्छन् । कथाहरूको भाषा सरल छ । कथाहरूमा पशुपक्षीलाई पात्र बनाइएको छ ।

## विनयकुमार कसजू

### *१. झ्यापुल्लेको बिजोग*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-नेपाल टाइम्स प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६१, पृष्ठ-३२+४=३६, मूल्य-रु.३५।-; चित्र-राजुबाबु शाक्य 'सारब'; सम्पादन-शाश्वत पराजुली ।

छ मौलिक बालकथा । शीर्षक-झ्यापुल्लेको बिजोग, कृतज्ञता, खुवा र

बिरालो, बोकाको आत्मकथा, जर्मनीको दाँते, सागर र ब्याङ। यस सङ्ग्रहका कथाहरू विषयका दृष्टिले मात्र नभई प्रस्तुतिका दृष्टिले पनि नयाँ किसिमका छन्। सङ्ग्रहका प्रत्येक कथाले अनेक सन्देश दिन्छन्। कथाहरूले फोहोर बस्न हुन्न, सबैले आ-आफ्नो कर्तव्य पूरा गर्नुपर्छ, अरूको सेवा गर्नु मानिसको कर्तव्य हो र लोभका कारण ज्यान पनि जानसक्छ भन्ने शिक्षा दिएको देखिन्छ। *भ्यापुल्लेको बिजोग* कथाले पर्याप्त मनोरञ्जन दिन्छ भने *बोकाको आत्मकथाले* सहरमा भोग्नुपर्ने पीडाको बखान गर्छ। वास्तवमा *बोकाको आत्मकथा*का माध्यमबाट सामान्य ग्रामीण मानिसको पीडालाई लेखकले वाणी दिएका छन्। कथानकलाई संवाद र घटनाले बाँधेको छ र शैली रोचक हुन पुगेको छ।

## *२. बाघको सत्कार*

प्रकाशक-परिवेश प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-सुनकोसी छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०६१ माघ, पृष्ठ-३२, मूल्य-रु.३५।-; आवरण/चित्र-वासु क्षितिज।

नौ वटा मौलिक बालकथा। शीर्षक-सिङ्गो लड्डु, मानिसलाई कसरी चिन्ने ?, दुवै हातमा लड्डु, चराले किन ढाँट्छ ?, सुपारीको स्वाद, कछुवाको संसार, बाघको सत्कार, माछा-भ्यागुता र फुच्चे, आफ्नो-आफ्नो डम्फू। यस सङ्ग्रहका बालकथाहरू कुनै अत्यन्त छोटा छन् भने कुनै अत्यन्त लामा छन्। *बाघको सत्कार* सबैभन्दा लामो कथा हो भने *दुवै हातमा लड्डु* सबैभन्दा सानो कथा हो। धेरैजसो कथामा पशुपक्षी पात्र छन् र तिनका कुराकानी, घटना र गतिविधिका माध्यमबाट कथा प्रस्तुत गरिएका छन्। *मानिसलाई कसरी चिन्ने* शीर्षक कथा संवाद-शैलीमा रचिएको छ। सबै कथा सन्देशमूलक छन्। भाषा सरल, सहज र सुबोध छ भने कथाशैली रुचिकर देखिन्छ।

“पढ्ने र रमाइलो गर्ने साधन धेरै भएकाले अब कुन कुरा पढे बेस हुन्छ भनेर रोज्न पनि गाह्रो हुन थालेको छ। हजुरबा/हजुरआमाहरूले कुन कथा सुनाउँदा केटोकटीलाई सपार्छ र कुन कथा सुनाउँदा बिगार्छ भन्ने विचार गर्नुहुन्थ्यो। तर अहिले केटाकेटीलाई रमाइला कथा र अरू कार्यक्रम देखाउने टेलिभिजन र अरू सञ्चारमाध्यमहरू व्यापारीहरूले चलाउँछन्। उनीहरू केटाकेटीको भलाइभन्दा पनि आफ्नो फाइदा के मा छ भनेर हेर्छन्।...हाम्रो भविष्य अब बालबालिकाको हातमा छ। उनीहरूलाई सपार्न सकेमात्रै हाम्रो देश सप्रन्छ। यसको लागि उनीहरूलाई सही शिक्षा दिने बालसाहित्य चाहिन्छ।” (लेखकीय, *बालसाहित्य किन ?*, भूमिका, पृ. ३)

### *३. मुसालाई दोसल्ला र अरू बालकथाहरू*

प्रकाशक-मिडिया सर्भिसेज इन्टरनेसनल, काठमाडौँ; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०६१ माघ, पृष्ठ-११४+६=१२०, मूल्य-रु.६०।-; चित्र-सङ्गी श्रेष्ठ ।

बाइस मौलिक बालकथा । शीर्षक-मुसालाई दोसल्ला, बाघको सत्कार, भ्यागुता-माछा र मान्छे, दुवै हातमा लड्डु, भ्यापुल्लेको बिजोग, बोकाको आत्मकथा, स्याल र कुकुरको मितेरी, उल्लु र सुपारी, आफ्नो आफ्नो डम्फू, पानीघट्ट कि बतासेघट्ट ?, खुवा र बिरालो, मानिसलाई कसरी चिन्ने ?, गुनको बदला गुन, सागर र ब्याङ, माछा-भ्यागुता र फुचे, हाँसको चल्लो, बाँदरको हातमा बम, बकुल्लो र धूर्त बिरालो, भालुको बगैँचा, बिरालोको घाँटीमा घण्टी, बिरालोको उडान, बिरालोको वनबास ।

सङ्ग्रहका कथाहरू नेपाली बालकथाका क्षेत्रमा महत्त्वपूर्ण देखिन्छन् । सन्देशमूलक यी कथाहरूले प्रतीकात्मक रूपमा अहिलेका जल्दाबल्दा समस्यालाई पनि सम्बोधन गरेको देखिन्छ । समाजमा अहिले देखिएका सम्मान र अभिनन्दनको बाढी, भोजभतेरका कारण टाट पल्टने अवस्था, स्वार्थका कारण भइरहेको वातावरण विनाशजस्ता नवीनतम विषयहरू पनि कथाले समेटेका छन् भने यसबाहेक धूर्तहरूले कसरी सोझासाझालाई ठग्छन्, विचार नगरी काम गर्दा कसरी मृत्युको मुखमा परिन्छ, गर्दिनँ भनेको काम पनि समय-परिस्थितिका कारण कसरी गर्नुपर्ने हुन्छ, कुनै पनि जीवले आफ्नो धर्म र गुण छोड्न सक्तैन, प्रकृति सबै प्राणीको साझा आश्रयस्थल हो भन्ने ज्ञान पनि दिन्छन् । सुदृढ कथानक, ठोस संवाद, सरल भाषा र रोचक प्रस्तुति यी बालकथाहरूका विशेषता हुन् । तर सङ्ग्रहका *भ्यापुल्लेको बिजोग, बोकाको आत्मकथा, खुवा र बिरालो, सागर र ब्याङ* गरी चार कथा **भ्यापुल्लेको बिजोग**मा र *बाघको सत्कार, दुबै हातमा लड्डु, उल्लु र सुपारी, मानिसलाई कसरी चिन्ने ?, माछा-भ्यागुता र फुचे* गरी पाँच कथा **बाघको सत्कार**मा प्रकाशित भइसकेका हुन् । *उल्लु र सुपारी* **बाघको सत्कार**मा *सुपारीको स्वाद* शीर्षकमा छापिएको छ ।

## विनोद न्यौपाने

### *१. लोखर्केको बिहे*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-नेपाल टाइम्स प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६२, पृष्ठ-३२, मूल्य-रु.४०।-; आवरण/चित्र-सूर्यनारायण श्रेष्ठ, ग्राफिक वर्कसप ।

आठ बालकथा । शीर्षक-पुतलीको संसार, कटुवाल दाइ, बिगौती, तोपचराको गुँड, लोखर्केको बिहे, घन्टाउके भ्यागुतो, प्रकाश र भालु, बादलपारिको देश । सङ्ग्रहका कथाहरू वर्णनात्मक शैलीमा लेखिएका छन् । कथाहरूमा पुतली, तोपचरा, लोखर्के, भ्यागुतो र भालुजस्ता जनावरहरूका साथै बालबालिका पात्रका रूपमा छन् । *बिगौती* आत्मपरक शैलीमा प्रस्तुत गरिएको छ । कथाहरू सन्देशमूलक छन् ।

## विन्दु सुवेदी

### *१. कुइराको घर*

प्रकाशक-वनिता प्रकाशन, विराटनगर; मुद्रक-बगलामुखी अफसेट प्रेस, ललितपुर; पहिलो संस्करण-२०६१ फागुन, पृष्ठ-२०+१२=३२, मूल्य-रु.२८।-; चित्र-योगेश खपाङ्गी; आवरण-ज्ञानेश्वर उदय ।

पाँच बालकथा । शीर्षक-दिवा र कोइली, पार्वती र स्याल, सानु र चङ्गा, बुनु र सुबु, केलु र डोको । पशुपक्षीप्रति प्रेमभाव, केटाकेटीबीचको समानता र कमिलाको मिहिनेती स्वभाव यस कथासङ्ग्रहका बालकथाहरूका विषयवस्तु हुन् । यी विषय बालबालिकाका रुचिक्षेत्रभित्र पर्ने विषय नै हुन् । कथाहरूले विभिन्न सन्देश दिएका छन् र उनीहरूलाई जीवनमा अघि बढ्न उत्प्रेरित गरेका छन् । सरल भाषा र सरस शैली यी बालकथाहरूमा पाइन्छन् ।

## विमलकृष्ण श्रेष्ठ

### *१. रमाइला बालकथा (सम्पा.)*

प्रकाशक-बालसाहित्य प्रवर्द्धन केन्द्र, ललितपुर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५८, पृष्ठ-५९+५=६४, मूल्य-अनुल्लिखित; चित्र-सुषमा शाक्य ।

विभिन्न १२ कथाकारका एक/एक बालकथाको सम्पादित सङ्ग्रह । शीर्षक-को हो को हो ? (कृष्णप्रसाद पराजुली), सुरेको सलाई (देवकुमारी थापा), आमा भालु र उसका बच्चाहरू (शान्तदास), सिरक (जनकप्रसाद हुमागाईं), सुनका गहना र माटाका भाँडा (प्रेमा शाह), नीलो आकाशपारि (तेजप्रकाश श्रेष्ठ), माछाको निसाफ (मनिक्रम शर्मा), पुतलीको छ-आँखे भाइ (खगेन्द्र सङ्ग्रौला), खरायो र उसको छायाँ (कल्पना प्रधान), दु:ख दिनु राम्रो होइन (गोपाल पराजुली), कामको इज्जत (रमेश विकल), राक्षसको हार (विजय चालिसे) । सबै

कथा पूर्वप्रकाशित ।

"कुनै कथा सुन्दर शैली र प्रस्तुतिकरणका कारण यहाँ परेका छन् भने कुनै विषयवस्तुको मौलिकताले गर्दा । त्यसै गरी कथामा अन्तर्निहित सन्देशको सान्दर्भिकतालाई पनि ध्यानमा राखिएको छ । त्यति हुँदाहुँदै पनि यो सँगालो पूर्ण हो भन्ने हाम्रो आग्रह छैन ।" (प्रकाशकीय, *यस किताबबारे*, आवरण दोस्रो पृष्ठ)

## विमल भौकाजी

### *१. असिना भूत*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०६२, पृष्ठ-१९+५=२४, मूल्य-रु.३५।-; कला (चित्र/आवरण)-डा.रामकुमार भौकाजी ।

सात मौलिक बालकथा । शीर्षक-लाहुरे दाइ, असल को ?, आहा सपना !, असिना भूत, पुस्तकको महत्त्व, अब चकलेट खान्नँ, कस्तो बानी ! । यस सङ्ग्रहमा भएका कथाहरूको कथानक झिनो भए पनि वर्णन र व्याख्याभन्दा संवादका माध्यमबाट अघि बढाइएकोले कथाहरू रोचक भएका छन् । कथाहरूले असल भन्ने कुरा व्यवहारबाट देखिनुपर्ने, सिर्जनात्मक ज्ञानका लागि पाठ्यपुस्तकभन्दा बाहिरका पुस्तक पनि पढ्नुपर्ने र आफ्ना सामान ठिक ठाउँमा राखेमा मात्र खोज्दा सजिलै भेटिने शिक्षा मात्र दिँदैनन्, अन्य विषयबारे पनि जानकारी दिन्छ । भाषिक दृष्टिले कथा सरल र उपयोगी छ ।

## विवश वस्ती

### *१. कम्प्युटरको बाघ*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-इन्द्रेणी अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५९ साउन, पृष्ठ-२४, मूल्य-रु.१२।-; चित्र-वासु क्षितिज ।

पाँच मौलिक बालकथा । शीर्षक-कम्प्युटरको बाघ, सुनिलको चित्र, वनभोज, काले थुङ्गे खेल, ऐनाभित्रको साथी । लेखकीय र प्रकाशकीय नभएको । यस सङ्ग्रहका बालकथाहरूमा नवीनता पाइन्छन् । सङ्ग्रहको पहिलो कथा *कम्प्युटरको बाघ*ले सहरका सम्पन्न वर्गका केटाकेटीको अहिलेको स्थितिलाई राम्ररी प्रस्तुत गरेको छ । सबै बालकथाहरूबाट बालबालिकाले सन्देश र मनोरञ्जन दुवै

पाउँछन् । बालकथामा प्रयुक्त भाषा सरल र वाक्य छोटा हुनाले बालरुचिअनुकूल हुन पुगेका छन् ।

## *२. सुचित्राको घडी*

प्रकाशक-परिवेश प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-सुनकोसी छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०६१ माघ, पृष्ठ-२४, मूल्य-रु.१५।-; आवरण/कला-वासु क्षितिज ।

पाँच मौलिक बालकथा । शीर्षक-फूलहरूको झगडा, हजुरबुबाको लौरो, सविनाको जन्मदिन, सुगाले भन्यो, अब म कहिल्यै ढाँटदिनँ, सुचित्राको घडी । सङ्ग्रहका बालकथाहरूबाट बालबालिकाले झगडा गर्न हुन्न, ढाँट्दा आफैँलाई हानि हुन्छ, ठूलाले भनेको मान्नुपर्छ भन्नेजस्ता शिक्षा ग्रहण गर्ने देखिन्छ । साथै कथाले गरिबहरूका लागि जन्मदिन कति पीडादायी हुन्छ भन्ने तथ्य पनि अवगत गराउँछ भने घडीको महत्त्वबारे पनि जानकारी दिन्छ । पहिलो कथाले बोटविरुवाका लागि घामपानी दुवै चाहिन्छ भन्ने कुरा पनि बालबालिकालाई बोध गराउँछ । कथाहरू सरल र सरस भाषा एवम् रोचक शैलीमा रचिएका छन् । कथामा स-साना बालबालिकालाई पात्रका रूपमा प्रस्तुत गरेर कथानकलाई अघि बढाइएको छ ।

## विश्वनाथ नेउपाने

### *१. बालकहरूको संसार (सम्पा.)*

प्रकाशक-विश्वनाथ नेउपाने; मुद्रक-आनन्द प्रिन्टिङ प्रेस, जनकपुर; पहिलो संस्करण-अनुल्लिखित, पृष्ठ-४७+१३=६०, मूल्य-रु.५।-; आवरण-श्याम श्रेष्ठ ।

विभिन्न आठ लेखकका दस बालकथाको सङ्कलन एवम् सम्पादन । शीर्षक-खुत्रुक्के (विश्वनाथ नेउपाने), दुर्घटना (योगेन्द्र तिमिल्सिना), कहिल्यै नअस्ताउने सूर्य (कल्पना प्रधान), आफ्नो कुरा (डा.धीरेन्द्र), प्रतिध्वनि-एउटा पाठ (लक्ष्मीकुमारी नेउपाने), दीपा र अमिता (उदय विभात), प्रतिज्ञा (रामप्रसाद वाग्ले), गाउँकी नानी (वासु रिमाल 'यात्री'), अखबार एउटा साथी (लक्ष्मीकुमारी नेउपाने), मुनाको खेलौना (विश्वनाथ नेउपाने) । तत्कालीन रानी रत्नको ४९ औँ जन्मोत्सवको उपलक्ष्यमा शुभकामना दिइएको विभिन्न सङ्घसंस्थाको विज्ञापन छापिएका आधारमा २०३३ सालको भदौमा छापिएको अनुमान । कथाहरू सामान्य स्तरका छन् ।

## विश्वम्भर चञ्चल

### १. *पञ्चैबाजा*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रेस सहकारी संस्था लि., काठमाडौँ; पहिलो संस्करण-२०३०; दोस्रो संस्करण-२०५१, पृष्ठ-३२+४=३६, मूल्य-रु.२५।-; चित्र-टेकवीर मुखिया ।

पाँच बालकथा । शीर्षक-सुन्दरी राजकुमारी, नरिसाउने स्वास्नी, तीन गोप्य कुराहरू, मूर्ख र महामूर्ख, जादूको बादल । हाम्रा लोकजीवनमा प्रचलित यी कथालाई सरल, सरस भाषाशैलीमा बालबालिकाको रुचिअनुकूल हुने गरी प्रस्तुत गरिएको छ । *सुन्दरी राजकुमारी, तीन गोप्य कुराहरू* र *मूर्ख र महामूर्ख* रोचक र मनोरञ्जनपूर्ण छन् भने अन्य दुई मनोरञ्जनपूर्ण हुनुका साथै शिक्षाप्रद पनि छन् । अन्तिम कथा *जादूको बादल*ले व्यक्तिगत स्वार्थका लागि मानिसले कसरी सामूहिक स्वार्थलाई तिलाञ्जलि दिन्छन् भन्ने यथार्थ देखाइएको छ । सरल र रोचक कथानक, कथानकले मागेअनुसारको संवाद, सङ्क्षिप्तता र थोरै पात्रपात्राका साथै भाषिक सरलताजस्ता विशेषता यस कथाकृतिमा पाइन्छन् ।

### २. *जादुको बाकस*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-एपोलो अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५९, पृष्ठ-३६+४=४०, मूल्य-अनुल्लिखित; चित्र-अवीन्द्रमान श्रेष्ठ; आवरण-गौतम मानन्धर ।

छ बालकथा । शीर्षक- भालुले मानिसलाई किन लखेट्छ ?, बलभन्दा बुद्धि ठूलो, जादुको बाकस, को बुद्धिमान् ?, भँगेरा र कौवा, हिउँआमा । लोककथाका आधारमा पुनर्कथन । बालबोध शृङ्खलाअन्तर्गतको ३३ औँ प्रकाशन । यी कथाहरू लोककथालाई पुनर्कथन गरिएका हुन् । यी कथामा बलभन्दा बुद्धि ठूलो हुन्छ, अरूको चिज खोसेर लिनु हुँदैन, अरूलाई सानो भनेर हेप्नु हुँदैन, चलाखीले ठूलालाई पनि जित्न सकिन्छ, सबैसँग मिलेर बस्नुपर्छ भन्नेजस्ता शाश्वत सन्देश पाइन्छन् । कथाबाट बालबालिकाले मनोरञ्जन पनि प्रशस्त पाउँछन् । यो कथापुस्तक प्राथमिक तहका केटाकेटीका लागि तयार गरिएको हो ।

### ३. *बलभन्दा बुद्धि ठूलो*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-एपोलो अफसेट प्रेस, काठमाडौँ;

पहिलो संस्करण-२०६०, पृष्ठ-३०+६=३६, मूल्य-अनुल्लिखित; चित्र-अवीन्द्रमान श्रेष्ठ; आवरण-गौतम मानन्धर; सम्पादन-जयप्रसाद लम्साल ।

आठ बालकथा । शीर्षक-नपढी ज्ञान मिल्दैन, घमण्ड गर्नु हुँदैन, कर्म नै धर्म हो, बलभन्दा बुद्धि ठूलो, हरेस नखाए सफल भइन्छ, अल्छी भए खान पाइँदैन, सहरभन्दा गाउँ नै राम्रो, पहिलो आफ्नो परिवारलाई मद्दत गर्नुपर्छ । बालबोध शृङ्खलाअन्तर्गतको ३९ औँ प्रकाशन । यस सङ्ग्रहका केही कथा पुराणमा आधारित छन् भने केही कथा भियतनाम, चीन, फिलिपिन्स र श्रीलङ्काका लोककथाहरूलाई पुनर्कथन गरिएका हुन् । सबै कथा सन्देशमूलक छन् र यिनलाई रोचक तरिकाले प्रस्तुत गरिएका छन् । भाषा सरल छ । प्राथमिक तहका बालबालिकाका लागि कृति उपयोगी छ ।

## विश्व शाक्य

### *१. ज्ञानगुनका कुरा*

प्रकाशक-मैत्री सङ्घ, पोखरा; मुद्रक-सुदीप अफसेट प्रेस, पोखरा; पहिलो संस्करण-२०५६, पृष्ठ-२८+४=३२, मूल्य-रु.१२।-; चित्र-अनुल्लिखित ।

चार कविता र पाँच कथा गरी कुल नौ रचना । शीर्षक-प्रार्थना (कविता), सिद्धार्थ कुमार, कनीकथी धर्मको गुत्थी, हामी बालक (कविता), ज्ञानीजनको सङ्गत गर्नु, मेरी सानी छोरी (कविता), सबैभन्दा ठूलो राजा ! दानी बालकको कथा, हामी काँचो माटो (कविता) । बालबालिकालाई सानैदेखि सच्चरित्रवान्, असल र ज्ञानी बनाउने उद्देश्यले यस सङ्ग्रहका रचनाहरू लेखिएका हुन् । सङ्ग्रहमा कविता र कथा दुवै भए पनि कथाको सङ्ख्या बढी भएकाले यसलाई कथाविधाअन्तर्गत राखिएको हो । विशेषगरि गौतमबुद्ध र बुद्धधर्मसँग सम्बन्धित प्रसङ्ग यस सङ्ग्रहका रचनाहरूमा आएका छन् ।

## विष्णु के.सी.

### *१. आमाको उपचार*

प्रकाशक-रत्न पुस्तक भण्डार; मुद्रक-नेपाल टाइम्स प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६४, पृष्ठ-३२, मूल्य-रु.४०।-; चित्र-युवक श्रेष्ठ; सम्पादन-कृष्णप्रसाद पराजुली ।

छ बालकथा । शीर्षक-सिद्धार्थ र बिरालो, ढिपीले गर्दा के भयो ?, आमाको

उपचार, कृष्णले आँखा खोलिदियो, 'भाइ फुटे, गवाँर लुटे', चोर समातियो। सङ्ग्रहका कथाहरू स-साना घटनाहरूमा आधारित छन् र तिनलाई संवादका माध्यमबाट सुगठित बनाइएको छ। कथाहरूले बालस्वभाव, उनीहरूको आनीबानी र संसारलाई राम्ररी समेटेको छ। सन्देशमूलक यी बालकथाहरूले समझदारी, मित्रता र राम्रो आनीबानीको पक्षमा तथा अन्धविश्वास र नराम्रा बानीबेहोराका विपक्षमा वकालत गर्छन्। साथै सिर्जनात्मक प्रतिभाको महत्त्व पनि बोध गराउँछ।

## शर्मिला खड्का (दाहाल) र हरि खनाल

### *१. हाम्रा कथा*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-चित्रवन प्रिन्टर्स प्रालि, चितवन; पहिलो संस्करण-२०६३, पृष्ठ-३२+४=३६, मूल्य-अनुल्लिखित; चित्र/आवरण-श्रीहरि श्रेष्ठ; सम्पादन-जयप्रसाद लम्साल।

छ बालकथा। शर्मिला खड्का (दाहाल) का फ्याउरो र कागको बुद्धि, बुद्धिको मूल्य, बूढाबूढी र हीरा तथा हरि खनालका कोइलीले घमण्ड गर्न छोड्यो, सिल्ली बिराला र धूर्त काग, मित्रताको परीक्षा। बालबोध शृङ्खलाअन्तर्गतको ५७ औँ प्रकाशन। यस सङ्ग्रहका कथाहरू लोककथालाई पुनर्कथन गरिएका कथा हुन्। यी कथाहरू सन्देशमूलक छन् र सकेसम्म सरल बनाउने प्रयास गरिएको छ। यो कृति प्राथमिक तहका बालबालिकाका लागि तयार गरिएको हो। कथामा विशेषगरी पशुपक्षीहरूलाई पात्र बनाइएकाले बालबालिकाका लागि रुचिकर हुने देखिन्छ।

## शर्मिला घिमिरे

### *१. विपनाको जिद्दी*

प्रकाशक-बालपत्रकारिता तथा बालसाहित्य पुरस्कार समिति, नेपाल; मुद्रक-प्रिन्टर्स वर्ल्ड, काठमाडौँ; पहिलो संस्करण-२०६०, पृष्ठ-२०+४=२४, मूल्य-रु.२५।-, संस्थागत रु.५१।-; चित्र-शान्ता हिताङ; सम्पादन-कार्तिकेय घिमिरे।

छ बालकथा। शीर्षक-पत्रकार दादालाई नपठाइदेउ ल !, कमलको कुकुर, उज्यालो, विपनाको जिद्दी, पुतलीको बिहे, ज्ञानुको ज्यान गयो। सङ्ग्रहका बालकथाहरू समसामयिक मौलिक विषयवस्तुमा आधारित छन्। बालमनोविज्ञानलाई ध्यानमा राखी लेखिएका यी बालकथाहरूले शिक्षा र मनोरञ्जन पनि दिन्छन्।

## शान्तदास

### *१. कथाकोसेली (१)*

प्रकाशक-बालकोसेली प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-बालकोसेली छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०४९ वैशाख, पृष्ठ-२६+२=२८, मूल्य-रु.१२।-; चित्र-के.कर्माचार्य ।

पाँच मौलिक बालकथा । शीर्षक-ललिता स्कुल गइन्, आमा भालु र उसका बच्चाहरू, उत्तरा र उसकी पुतली, रमेश र उसकी आमा, सगुनको पिस्तौल र रकेट । सङ्गृहीत कथाहरू हाम्रा घरपरिवार, विद्यालय, छरछिमेकको सामाजिक परिवेशमा लेखिएका छन् । कथाहरूले कुनै काम गर्दा विवेकपूर्ण ढङ्गले हतार नगरी गर्नुपर्छ, अरूलाई जिस्क्याउने बानी गर्नुहुन्न, खानेबेलामा चकचक गर्नुहुँदैन, बालबालिकालाई गाली गर्नुभन्दा सम्झाउनु राम्रो हुन्छ र तिहारमा गरिने आतसबाजीले दुर्घटना हुनसक्ने हुँदा त्यस्तो खेल राम्रो होइन भन्ने सन्देश दिन्छन् । कथाहरू कुतूहलपूर्ण, रोचक र सम्प्रेषणीय छन् । कथाहरूमा बालबालिका, पशुपक्षीहरू नै पात्रपात्राका रूपमा प्रस्तुत छन् । कथामा बालमनोविज्ञानलाई पनि ध्यान दिइएको छ ।

### *२. कथाकोसेली-७ (सम्पा.)*

प्रकाशक-बालकोसेली प्रकाशन, काठमाडौँ; मुद्रक-बालकोसेली छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०६२ जेठ, पृष्ठ-२८, मूल्य-रु.२५।-; चित्र-के.के.कर्माचार्य, युवक श्रेष्ठ ।

पाँच लेखकका छ बालकथाको सम्पादित कृति । शीर्षक-दिदीको डायरी (निर्मल बलामी), म कुल्ला गर्छु (शान्तदास), गुरुजीको लट्ठी (निरज बलामी), माया खोसियो (निरज बलामी), दिलीप फेरि फुटबल खेल्न गयो (प्रदीप थापा), सरल यन्त्रको कथा (राजकुमार अधिकारी) ।

“यसमा रहेका धेरैजसो कथाहरू बालकोसेली समूहद्वारा कथालेखन अभ्यासका क्रममा गरिएको सामूहिक प्रयासकै परिणामस्वरूप प्राप्त भएका हुन् । ती कथाहरू **बालकोसेली**का विभिन्न अङ्कमा प्रकाशित भएका हुन् ।” *(प्रकाशकको तर्फबाट)*

### *३. कमिलाले सुनाएको मुसाको दुलाको कथा*

प्रकाशक-बालकोसेली प्रकाशन, काठमाडौँ; मुद्रक-कोसेली छापाखाना, काठमाडौँ;

पहिलो संस्करण-२०६२ फागुन, पृष्ठ-२०, मूल्य-रु.२५।-; चित्र-के.के.कर्माचार्य ।

एउटै कथा । यो बालकथा हान्स क्रिस्चियन एन्डरसनको द्वि-शतवार्षिकीको अवसरमा सन् २००५ को डिसेम्बर १९, २४ र ३० तीन दिनसम्म नेपाल राष्ट्रिय पुस्तकालयको बाल-कक्ष, पाटनमा नेपाल राष्ट्रिय पुस्तकालयको सहयोगमा **बालकोसेली**द्वारा आयोजित 'परिकथा लेखन कार्यशाला-गोष्ठी'मा तयार गरिएको हो । यो कथा परिकथाको शैलीमा लेखिएको छ । कथा रोचक र मनोरञ्जनपूर्ण छ । यो कथा प्राथमिक तहका बालबालिकालाई दृष्टिगत गरी लेखिएको देखिन्छ ।

## शारदा (सुश्री)

### *१. अनमोल मणि*

प्रकाशक-बालसाहित्य प्रकाशन, काठमाडौँ; मुद्रक-सूरजप्रसाद गुप्त, वाराणसी, भारत; पहिलो संस्करण-२०३७, पृष्ठ-२०+४=२४, मूल्य-रु.२।५०; चित्र-अनुल्लिखित ।

तीन बालकथा । शीर्षक-अनमोल मणि (रामायण), कीचकको अन्त्य (महाभारत), बेजोड त्याग (गौतमबुद्ध) । यस सङ्ग्रहमा रामायणमा आधारित *अनमोल मणि*, महाभारतमा आधारित *कीचकको अन्त्य* र गौतमबुद्धको कथामा आधारित *बेजोड त्याग* शीर्षकका कथा छन् । पछिल्लो संस्करणमा *परोपकार शिवि* र *सुदामाको कनिका* शीर्षकका कथा थपिएका छन् । यी कथाहरूले हाम्रा पौराणिक विषयका बारेमा जानकारी गराउनुका साथै परोपकार र मित्रताको महत्त्वबोध पनि गराउँछ । साथै यी बालकथाहरूले नैतिकता र सच्चरित्रता पनि सिकाउँछन् । कथाको भाषाशैली सरल छ ।

## शारदा अधिकारी (ढकाल)

### *१. कथाको किताब*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-डङ्गोल प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०५८; दोस्रो संस्करण-२०६२, पृष्ठ-३०+२=३२, मूल्य-रु.४०।-; चित्र-विजय कसजु ।

पाँच बालकथा । शीर्षक-आमाले भनेको नमान्दा, कथाको किताब, एकछिन खेल्ने लोभमा, बल्ल आँखा खुल्यो, चकलेट खाने लोभमा । यी सबै बालकथा मौलिक रचना हुन् । यी बालकथाहरूमा नराम्रो आनीबानीका कारण दुःख पाएर पछि चेतेको प्रसङ्गका साथै पढ्ने, सफासुग्घर बस्ने र टेलिभिजन हेर्ने विषयमा

ध्यान पुऱ्याउनुपर्ने सन्देश दिइएको छ । कथाका मूल पात्र बालबालिका छन् भने भाषा र शैली सरल छ । यी बालकथाहरूमा हाम्रो सामाजिक परिवेशको राम्रो चित्रण भएको पाइन्छ । कथाहरूले सोझै उपदेश दिँदैनन्, कथावस्तु र घटनाका माध्यमबाट बालबालिकालाई सचेत गराउँछन् ।

## २. *हराएकी छोरी*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-नेपाल टाइम्स प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६१, पृष्ठ-२८+४=३२, मूल्य-रु.३५।-; चित्र-शान्ता हिताङ; सम्पादन-शाश्वत पराजुली ।

पाँच बालकथा । शीर्षक-उपाय, सानेको बुद्धि, हराएकी छोरी, साथीको दुःखमा, अब के गर्ने ? । बालमनोविज्ञानलाई ध्यानमा राखी लेखिएका यस सङ्ग्रहका कथाहरूले बालबालिकालाई सोचविचारपूर्वक काम गरेका जस्तोसुकै समस्याको पनि समाधान निस्कन्छ, अरूलाई दुःख दिनुहुँदैन, घाइतेको सेवा र उपचार गर्नुपर्छ र साथीको दुःखमा साथ दिनुपर्छ भन्ने शिक्षा दिन्छन् । साथै जङ्गलको विनासबाट उत्पन्न हुने समस्याबारे पनि कथाले चेतना जगाउने प्रयास गरेको छ । मौलिक कथाहरूको यस सङ्ग्रहमा प्रयुक्त भाषा सरल र शैली प्रभावकारी छ । भन्नुपर्ने कुराहरू बालकथालेखकले बालपात्रपात्रका माध्यमबाट भनेका छन् ।

## ३. *ओहो ! मैले त भन्नै बिर्सेछु*

प्रकाशक-जम्को प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०६३ भाद्र, पृष्ठ-४२, मूल्य-रु.३०।-; चित्र-उमेशचन्द्र अधिकारी ।

छ बालकथा । शीर्षक-कथाको कमाल, शैलेशको पछुतो, ओहो ! मैले त भन्नै बिर्सेछु, ईश्वर बस्ने ठाउँ, ए नानू !, बजार जाँदा । बालसंसारका स-साना घटनाहरूलाई कथाका रूपमा प्रस्तुत गरिएका यस सङ्ग्रहका बालकथाहरू बालमनोविज्ञानमा आधारित छन् । कथाहरूले बालबालिकालाई दैनिक जीवनमा काम लाग्ने कतिपय विषयका बारेमा जानकारी गराउँछन् । कथाहरूले व्यवहारोपयोगी सीप पनि सिकाउँछन् । सरल भाषा र सहज शैली कथाका विशेषता हुन् ।

## शारदा कोइराला

### *१. नवीकृत बाललोककथा*

प्रकाशक-जुही प्रकाशन, चन्द्रगढी; मुद्रक-गजुरमुखी प्रिन्टर्स, विराटनगर; पहिलो संस्करण-२०६३ चैत, पृष्ठ-७५+१३=८८, मूल्य-रु.५०।-; चित्र/आवरण-उपेन्द्र पागल ।

लोककथा र पञ्चतन्त्रका कथाको पुनर्थन । शीर्षक-मन्दबुद्धि कछुवाको बुद्धिमानी, सिंह र बाखी, अङ्गुर अमिलो छ, बुद्धिमानको बुद्धिमानी, जहिलेसम्म चल्छ तहिलेसम्म चल्छ, समूहको बल, बिरालाको न्याय, न्याउरी मारी पछुतो, सिंह र खरायो, नाकचुच्चे बाँदर र मोटे भालु, मूर्ख करालमुखको कथा, धोबीको गधा, अचम्मको जन्तु, बाँदरको पन्जा, बाघको गुरु बिरालो, कुवाको भ्यागुतो, जङ्गबहादुरको न्याय, पुरी बसेको रात, बाजी, उम्केको माछो ठूलो, जसको लाठी उसको भैँसी, हुट्टिटचाउँको पुरूषार्थ, विचरा ! बुधारू, आखिर सारस हेरेको हेऱ्यै भयो, काग जिल्लियो फेरि पनि, जवाफ, चोट पाउने भ्यागुतो । सङ्ग्रहमा भएका धेरैजसो कथा नेपाली लोकजीवनमा प्रचलित कथाहरू हुन् भने केही कथा रूसी लोककथालाई नेपाली परिवेशमा ढालेर प्रस्तुत गरिएका छन् । केही कथा **पञ्चतन्त्र**का कथा पनि छन् ।

## शारदारमण नेपाल

### *१. महाभारतका कथाहरू (१)*

प्रकाशक-बालकोसेली प्रकाशन, काठमाडौँ; मुद्रक-कोसेली छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०५५ असार, पृष्ठ-२७+५=३२, मूल्य-रु.१८।-; चित्र-युवक श्रेष्ठ र सूर्यनारायण श्रेष्ठ ।

सात बालकथा । शीर्षक-बालअधिकार, ऋषि अगत्स्य र जादूको कबाफ, ऋषि अगत्स्यको बसाइँ-सराइ, अष्टावक्र, कुमार यवक्रीत र बूढा मान्छे, एकलव्य, परीक्षा-समारोह । यस सङ्ग्रहमा **महाभारत**जस्तो विशालकाय विश्वप्रसिद्ध ग्रन्थबाट लिइएका केही बालकथाहरू छन् । बालबालिकालाई सिङ्गो महाभारत पढ्न गाह्रो हुन्छ । त्यसैले यो कृतिले सो महान् ग्रन्थका कथाहरूलाई बालोपयोगी ढङ्गले सरल एवम् सरस भाषाशैलीमा बालबालिकासमक्ष राखेको छ । कथाहरूबाट बालबालिकाले महत्त्वपूर्ण सन्देश र प्रेरणा पाउँछन् ।

### *२. महाभारतका कथाहरू (२)*

प्रकाशक-बालकोसेली प्रकाशन, काठमाडौँ; मुद्रक-कोसेली छापाखाना, काठमाडौँ; पहिलो संस्करण-२०५६ मङ्सिर, पृष्ठ-२८+४=३०, मूल्य-अनुल्लिखित; चित्र-सूर्यनारायण श्रेष्ठ ।

पाँच बालकथा । शीर्षक-बनबिरालो र मूसा, तीनवटा माछाहरूको कथा, आधा किलो सातु, लम्बकण्ठ उँटको कथा, तपोनिष्ठ ऋषि र खैरे कुकुर । यो सङ्ग्रह पनि अघिल्लो कृतिकै शृङ्खलामा प्रकाशित कृति हो । यसले पनि बालबालिकालाई **महाभारत** ग्रन्थका केही महत्त्वपूर्ण कथांशहरूबारे जानकारी दिई जीवनमा अघि बढ्न उत्प्रेरित गर्छन् । कथाको भाषाशैली रोचक र रमाइलो छ ।

### *३. हजुरबाको थाल*

प्रकाशक-सिर्जनशील प्रकाशन, काठमाडौँ; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५८ असार, पृष्ठ-३६, मूल्य-रु.१८।-; चित्र-युवक श्रेष्ठ; आवरण-के.के.कर्माचार्य ।

चार बालकथा । शीर्षक-हजुरबाको थाल, सन्ते र फुच्चे, दिनानाथ बाजे, बिप्लव । कथाहरू हाम्रा समाजका अहिलेका ज्वलन्त समस्याहरूमा आधारित भएर लेखिएका छन् । मौलिक विषयवस्तुका यी कथाहरूमध्ये पहिलो र तेस्रो कथाले ठूलाले पनि गल्ती गर्छन् र ती गल्ती एवम् कमी-कमजोरीलाई उनीहरूले सच्याउनुपर्छ भन्ने यथार्थतालाई घटनाक्रमबाट पुष्टि गर्ने प्रयास गरिएको छ । सडक बालबालिकाहरूको पीडा, भोगाई र जीवनशैली *सन्ते र फुच्चे*मा प्रतिविम्बित छ । उनीहरूका लागि समाज र राज्यले लिनुपर्ने जिम्मेवारीलाई यस कृतिमार्फत औँल्याइएको छ । *बिप्लव* कथामा अहिलेको नेपाली राजनीतिको विकृतिलाई देखाउँदै नेताका गल्तीका कारण उनका छोराछोरीले भोग्नुपरेको अपमान र गुमाउन पुगेको आत्मीयताको चित्रण गरिएको छ ।

## शारदा वन्त राजभण्डारी

### *१. राम्रो कामको फल*

प्रकाशक-वनिता प्रकाशन; मुद्रक-बगलामुखी अफसेट प्रेस, ललितपुर; पहिलो संस्करण-२०६२, पृष्ठ-३२, मूल्य-रु.२८।-; चित्र-राजेश मानन्धर; आवरण-ज्ञानेश्वर उदय ।

छ बालकथा । शीर्षक-माया, सरोजको बुद्धिमानी, मित्रता, सच्चा धर्म, राम्रो कामको फल, भरोसा । बालबालिकालाई नेपाली बालसमाजका यथार्थ र वास्तविकताबारे जानकारी गराउने उद्देश्यबाट रचित यस सङ्ग्रहका बालकथाहरूले व्यवहारोपयोगी शिक्षा दिन्छन् । आपसी मित्रता, राम्रो काम र सेवाका पक्षमा यी बालकथाहरूले बालबालिकालाई उत्प्रेरित पनि गर्छन् । विषयवस्तु उपयोगी भए पनि कथाप्रस्तुति भने रोचक र मिठासयुक्त हुन सकेको छैन ।

## शाश्वत पराजुली

### *१. हीराको टुक्रा*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-दीपक प्रेस, वाराणसी; पहिलो संस्करण-२०४४, पृष्ठ-३५+१=३६, मूल्य-६।५०; चित्र-अनुल्लिखित ।

पाँच बालकथा । शीर्षक-हीराको टुक्रा, मीठो खानेकुरा, मकैको रोटी, परीक्षा, तीन उपदेश । यस सङ्ग्रहको परीक्षा शीर्षकको कथाबाहेक अन्य सबै कथा मौलिक कथा हुन् । बालोपयोगी विषयलाई बालरुचिअनुकूलको सरल-सहज भाषा र रोचक प्रस्तुतिका माध्यमबाट अभिव्यक्त गरिएका यी कथाहरूले बालबालिकालाई सन्देश र मनोरञ्जन दुवै दिन्छन् । पछिल्लो संस्करणमा भने *मकैको रोटी* शीर्षकको कथा झिकेर *साधुको थाल र दिनेश दाइ र दसैं* शीर्षकका दुई कथा थपिएका छन् ।

### *२. अनुहारको चित्र*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-माडर्न दीपक प्रेस, वाराणसी; पहिलो संस्करण-२०५४, पृष्ठ-२८, मूल्य-अनुल्लिखित; चित्र-सूर्यनारायण श्रेष्ठ ।

पाँच बालकथा । शीर्षक-अनुहारको चित्र, ममताको रहर, पैसाको उपयोग, मनोहर, मिहिनेत । यी कथाहरूले बालबालिकालाई माया गर्नुपर्ने र उनीहरूको सिर्जनात्मक प्रतिभालाई प्रस्फुरण गराउन सहयोग गर्नुपर्ने, सामानको महत्त्व र प्रयोगबारे बुझेर मात्र उपयोग गर्नुपर्ने, उपयोगी काममा मात्र पैसा खर्च गर्नुपर्ने, इच्छा र अठोट भए शिक्षा लिने अवसर प्राप्त हुनेजस्ता सन्देश दिन्छन् । कथाहरू मौलिक विषयवस्तुमा आधारित छन् । कथाको भाषाशैली सरस र रमाइलो छ ।

### *३. लाटोकोसेरोलाई लड्डु*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-नेपाल टाइम्स प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५८, पृष्ठ-३२, मूल्य-रु.२५।-; चित्र-सुनिल थापा ।

छ बालकथा । शीर्षक-लाटोकोसेरोलाई लड्डु, आँप चाख्न खोज्दा, प्लेकार्ड, तिलको लड्डु, बाँसबारी जुत्ता, फागु । यस सङ्ग्रहका बालकथाहरू मूलतः सहर र सहरछेउका परिवेशमा केन्द्रित छन् । कथाहरूले बालबालिकालाई विषयगत ज्ञानका अतिरिक्त यी कथाहरूले मनोरञ्जन पनि दिन्छन् । कथाहरू सन्देशमूलक छन् र जीवनोपयोगी शिक्षा दिन्छन् । कथाको भाषाशैली सरल र स्वाभाविक रहेको छ ।

### *४. सोहन र सर्कस*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०६३, पृष्ठ-१७+७=२४, मूल्य-रु.३५।-; चित्र-सङ्गी श्रेष्ठ ।

सात बालकथा । शीर्षक-सोहन र सर्कस, चराको गीत, पिन्टु र शङ्ख, मुना र मोबाइल फोन, चौँरीगोठालो, अमोघको गाउँयात्रा, ढुङ्गेधारा । सङ्ग्रहका कथाहरू एउटैले अनेक सन्देश दिन्छन् । प्रायः सबै कथाको प्रमुख पात्र बालबालिका रहेका छन् । कथाहरूले पशुपक्षीलाई माया गर्नुपर्ने, बुढा, असहाय र बिरामीलाई सहयोग गर्नुपर्ने, छोराछोरीलाई बाबुआमाले मनोरञ्जन गराउनुपर्ने र समय दिनुपर्ने, बालबालिकाले अह्राएको काम राम्ररी गर्नुपर्ने, पानीको मुहान सुक्न नदिन वनजङ्गलको संरक्षण गर्नुपर्ने र वनजङ्गल नासिएका ठाउँमा वृक्षरोपण गर्नुपर्नेजस्ता जीवनोपयोगी सन्देश दिएका छन् । सङ्ग्रहका कथाहरूको विशेषता विवरण र व्याख्याबाट नभई संवादका माध्यमबाट कथानकलाई सरल, स्पष्ट र रोचक ढङ्गले प्रस्तुत गर्नु हो । आधुनिक यन्त्रउपकरणको प्रवेशले घरपरिवारमा पारेको प्रभावलाई *मुना र मोबाइल फोन* कथाले प्रतिबिम्बित गरेको छ ।

## शैलेन्दुप्रकाश नेपाल

### *१. फूलको साथी*

प्रकाशक-नेपाल जन प्रज्ञा-प्रतिष्ठान, काठमाडौँ; मुद्रक-लालीगुराँस प्रिन्टिङ प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६०, पृष्ठ-३२, मूल्य-रु.२५।-; चित्र-राजु चित्रकार ।

दस बालकथा । शीर्षक-मित्रता, नक्कल, बुद्धिको परीक्षा, फूलको साथी, पछुतो, देवता, बालहठ, भूत, गलत बाटो, कङ्गारूको बच्चा । बालबालिकालाई मनोरञ्जनमार्फत

आदर्श जीवनतिर डोऱ्याउने उद्देश्यबाट अभिप्रेरित भई यी बालकथाहरू लेखिएका हुन् । मौलिक विषयवस्तुमा आधारित यी बालकथाका माध्यमबाट मित्रताको महत्त्व, नक्कलबाट हुने बेफाइदा, हठबाट हुने हानि, गलत कामबाट उत्पन्न हुने समस्याका बारेमा जानकारी दिइएको छ । कथाहरू सरल र सम्प्रेषणीय छन् ।

## शोभियतराम विष्ट

### १. *रूपकको खच्चड*

प्रकाशक-प्राथमिक सामग्री एकाइ, भक्तपुर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०४५, पृष्ठ-४२+२=४४, मूल्य-अनुल्लिखित; चित्र-उत्तम खरेल ।

लामो एउटै कथा । 'म र मेरो घर' शृङ्खलाको दोस्रो पुस्तक ।

## श्यामकृष्ण गौतम र कलाधर शर्मा (पं.)

### १. *सहायक प्रवेशिका (भाग-५)*

प्रकाशक-नेपाल भाषा प्रकाशिनी समिति, काठमाडौँ; मुद्रक-ज्ञानमण्डल यन्त्रालय, कासी, भारत; पहिलो संस्करण-२००३, पृष्ठ-२५+५=३०, मूल्य-अनुल्लिखित; सम्पादन-नेपाली भाषानुवाद परिषद् ।

भाग-५ मा पाँच बालकथा । शीर्षक-उषा र अनिरूद्ध, देवयानी र शर्मिष्ठा, हर्षवर्धन र राज्यश्री, महाकवि कालिदास, जहाँगीरको कथा । यो सङ्ग्रह तत्कालीन स्थितिमा पाठ्यपुस्तकका रूपमा तयार गरिएको पुस्तक-शृङ्खलाको पाँचौ भाग हो । यसमा भएका कथाहरू मौलिक नभएर पौराणिक एवम् ऐतिहासिक उपजीव्य स्रोतका आधारमा लेखिएका हुन् ।

"यी **सहायक प्रवेशिका** भाग १ देखि ७ मा साह्रै सजिला वाक्यबाट उठान गरेर क्रमैसँग पौराणिक, ऐतिहासिक र वैज्ञानिक कथाहरू हालिएका छन् । यहाँका लेखहरू पं.श्यामकृष्ण गौतम बी.ए. र पं.कलाधर शर्माले लेखेका तथा सङ्कलन गरेका हुन् ।" (पुष्कर शमशेर, *प्रस्तावना*)

## श्याम डोटेल

### १. *जमिन्दारको जुक्ति*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-गोपाल प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-२०५२, पृष्ठ-२८, मूल्य-अनुल्लिखित; चित्र-तुलसी अर्याल ।

छ बालकथा । शीर्षक-जमिन्दारको जुक्ति, खराब सङ्गत, चलाख चेलो, अर्काको भर, रातो स्याल, भगवान् इन्द्र र पानी । यी बालकथाहरूले खराब सङ्गतबाट बानी बिग्रन्छ, निर्दोषलाई दुःख दिनु हुँदैन, अर्काको भर नपरी आफ्नो काम आफैँले गर्नुपर्छ र चोरी गर्न हुन्न भन्नेजस्ता नैतिक शिक्षा दिन्छन् । तर पछिल्लो कथाले हाम्रो परम्परागत धारणालाई अघि सारे पनि वैज्ञानिक तथ्यविपरीत इन्द्रको पूजा गरे पानी पर्छ भन्ने सोचाइ बालबालिकालाई दिन खोजेको छ जुन ठीक होइन ।

## श्याम भट्टराई

### *१. बाबु र छोरा*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०६१, पृष्ठ-२२+६=२८, मूल्य-रु.३६।-; चित्र-टेकवीर मुखिया ।

बाह्र बालकथा । शीर्षक-दुईको झगडा तेस्रोलाई फाइदा, भ्यागुता र खरायो, बाबु र छोरा, खैरे कुकुरको भूल, बखतअनुसारको बुद्धि, लोभीको दुर्दशा, बूढा र नरिवलको बोट, सर्वत्र ईश्वर, दयाको फल, किसान र सारस, उपकारीलाई सबैले सम्झन्छन्, बुद्धिमान् सारस । आकारका दृष्टिले छोटा यस सङ्ग्रहका कथाहरू सबै सन्देशमूलक छन् । झगडा गर्दा अरूले फाइदा लिने, बुढाबुढीप्रति राम्रो व्यवहार गर्नुपर्ने, ठूलाले भनेको मान्नुपर्ने, लोभ गर्न नहुने, अर्काको भलो हुने काम गर्नुपर्ने, जीवनमा हार नखाई सङ्घर्ष गर्नुपर्ने सन्देश यी कथाहरूमा पाइन्छन् । कथा **पञ्चतन्त्र**का जस्ता लाग्छन् ।

## सुधा रिसाल शर्मा

### *१. फुच्चे भ्यागुता*

प्रकाशक-बालपत्रकारिता तथा बालसाहित्य पुरस्कार समिति, नेपाल; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०६१ असार, पृष्ठ-२०+४=२४, मूल्य-रु.२५।-; चित्र-रश्मि अमात्य 'शशि'; सम्पादन-कुसुम शर्मा ।

सात मौलिक बालकथा । शीर्षक-फुच्चे भ्यागुता, बुद्धिमान् को ?, सानी परी, सीताको कथाको किताब, मूर्ख मुसी, च्यान्टे कमिला, कमिलाको पुस्तकालय । प्रायः कथाहरू पुस्तकालयका विषयमा केन्द्रित । सङ्ग्रहका कथाहरू सबै पुस्तकालयको विषयवस्तुमा केन्द्रित छन् । जनावरहरूका माध्यमबाट कथाले

अध्ययन र किताबको महत्त्वबारे बोध गराउने प्रयास गरेको छ । सरल भाषामा लेखिएका यी कथाहरूको प्रस्तुति पनि रोचक छ । कथाहरू छुट्टाछुट्टै भए पनि विषयका कारणले सबै एक-अर्कासँग नजिक लाग्छन् । कथानकलाई घटना र संवादका माध्यमबाट अघि बढाइनाले कथाहरू आकर्षक हुन पुगेका छन् ।

## *२. रतन्धोलाई डन्डै-डन्डा*

प्रकाशक-अरबिस् बाल आँखा उपचार कार्यक्रम; श्री रण-अम्बिका शाह आँखा अस्पताल, सिद्धार्थनगर; मुद्रक-डङ्गोल प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०६२, पृष्ठ-२८, मूल्य-अनुल्लिखित; चित्र-सङ्गी श्रेष्ठ; सम्पादन-कपिल लामिछाने ।

एउटा बालकथा । रतन्धो आँखाको रोग हो, यस रोगमा रात परेपछि मानिसले आँखा देख्दैनन् । यो पुस्तक सोही रोगविरुद्ध बालबालिकालाई जानकारी दिएर उनीहरूलाई स्वस्थ बनाउने प्रयासबाट अभिप्रेरित छ । नेपालमा प्रत्येक दिन थप ७ जना बालबालिका दृष्टिविहीन हुने गरेका र त्यसमध्ये एक जना भिटामिन 'ए' को कमीका कारण अन्धकारमय जीवन बाँच्न बाध्य हुने गरेको विज्ञहरूको भनाइ छ । यस्तो स्थितिमा यो पुस्तकको अत्यन्त धेरै महत्त्व छ । विज्ञान विषयक भए पनि विषयलाई कथाका रूपमा प्रस्तुत गरिएकाले बालोपयोगी हुन पुगेको छ भने बीच-बीचमा गीतको प्रयोगले बालबालिकालाई थप आकर्षण गर्न खोजिएको छ ।

## *३. नेप्टे जूनकीरी*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-सम्झना प्रेस; पहिलो संस्करण-२०६४, पृष्ठ-३२, मूल्य-रु.३०।-; चित्र-सङ्गी श्रेष्ठ ।

छ बालकथा । शीर्षक-जूनमामा, को ठूलो ?, असल काम, कमिलाको पुस्तकालय, कथा बाजे, राम्रो/नराम्रो, जूनकिरीको घर । यसमा रहेका बालकथाहरूका माध्यमबाट लेखिकाले असल काम गर्ने मानिस नै ठूलो र असल हुने, घमण्ड गर्न नहुने, आपत परेको बेला सबैलाई सहयोग गर्नुपर्ने, समस्याको समाधान बुद्धि लगाएर गर्नुपर्नेलगायतका सन्देश दिएका छन् । साथै जसको कोही हुन्नन् उसलाई कसै न कसैले अवश्य सहयोग गर्छन् र सबै मानिसका आ-आफ्ना विशेषता र गुण हुन्छन् भन्ने तथ्यलाई पनि कथाहरूले देखाएका छन् । जूनकिरी, झिँगा, माहुरी, कमिला र पुतलीजस्ता पात्रका माध्यमबाट अघि

बढाइएको सङ्ग्रहका कथाहरूको भाषा सरल छ । कथा छुट्टाछुट्टै भए पनि उही पात्रहरूको उपस्थितिले पुरै कृति एउटै शृङ्खलामा आबद्ध हुन पुगेको छ ।

## सुभद्रा पन्त

### *१. पौराणिक कथासङ्ग्रह (भाग-१)*

प्रकाशक-सुदर्शनदेव पन्त र सुनिलदेव पन्त; मुद्रक-त्रियुगा अफसेट प्रिन्टिङ प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५७, पृष्ठ-१६+८=२४, मूल्य-अनुल्लिखित; चित्र-गेहेन्द्र अमात्य ।

पाँच बालकथा । शीर्षक-सीताको जन्मदिन, भगवान् शिव र रामको एउटा लीला, हनुमानको रामभक्तिबारे एउटा सानो कथा, हनुमानद्वारा सच्चा सेवक हुँ भन्नेलाई लज्जा, विनम्रताले मृत्युलाई पनि जित्न सक्छ । सङ्ग्रहको शीर्षकले नै यी बालकथाहरू पुनर्कथित हुन् भन्ने बुझिन्छ । पौराणिक कथावस्तु असम्भवजस्तो देखिए पनि त्यसमा अन्तर्निहित सन्देश बालबालिकाका लागि उपयोगी र प्रेरणादायी हुने हुनाले यी बालकथाहरूको महत्त्व पनि त्यसैका आधारमा हेरिनुपर्छ । तर भाषिक गल्ती र वाक्य गठनका कारण कथाहरू प्रभावकारी हुन सकेका छैनन् ।

### *२. पौराणिक कथासङ्ग्रह (भाग-२)*

प्रकाशक-सुदर्शनदेव पन्त र सुनिलदेव पन्त; मुद्रक-त्रियुगा अफसेट प्रिन्टिङ प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५७, पृष्ठ-१६+८=२४, मूल्य-अनुल्लिखित; चित्र-गेहेन्द्र अमात्य ।

पाँच बालकथा । शीर्षक-भगवान् श्री गणेशको चतुऱ्याइँ, श्री हनुमान्को बाल्यक्रीडा, आमालाई दासीबाट मुक्त गराउने गरुड, भगवती सरस्वतीको महिमा, पीपलको बोटको महिमा । यो सङ्ग्रहमा पनि पूर्ववर्ती **पौराणिक कथासङ्ग्रह** (भाग-१) झैँ पुनर्कथित कथाहरू हुन् । पूर्वीय धार्मिक मान्यताका कतिपय विषयवस्तुलाई कथाका रूपमा यसमा प्रस्तुत गरिएका छन् । यी बालकथाहरूले बालबालिकालाई पूर्वीय धार्मिक मान्यताका बारे त जानकारी दिन्छ नै, त्यसबाहेक केही न केही सन्देश पनि दिन्छन् । तर कथाको भाषाशैली भने प्रभावकारी छैन ।

### *३. लोखर्केको बुद्धिमानी*

प्रकाशक-वनिता प्रकाशन, विराटनगर; मुद्रक-एभरेस्ट ग्राफिक प्रिन्टर्स, विराटनगर;

पहिलो संस्करण-२०५८, पृष्ठ-१६, मूल्य-अनुल्लिखित; चित्र-गेहेन्द्र अमात्य ।

चार बालकथा । शीर्षक-कुवाको भ्यागुतो, कान्छाको सपना, कागको घमण्ड, लोखर्केको बुद्धिमानी । यो बालकथासङ्ग्रह लोककथाका आधारमा तयार गरिएका हुन् । यी कथाहरू आकारका दृष्टिले लामा छन् । यी कथाहरू शिक्षाप्रद छन् र यिनले बालबालिकालाई केही न केही सन्देश दिएका छन् । तर उनको भाषाशैलीमा परिष्कारको खाँचो देखिन्छ । आफ्नो संस्कृतिबारे बालबालिकालाई समयमै जानकारी दिने उद्देश्यले कथाहरू रचिएको लेखिकाको भनाइ छ ।

## सुमन सचेत (पन्त)

### *१. मुनाको सपना*

प्रकाशक-?; मुद्रक-?; पहिलो संस्करण-२०६३, पृष्ठ-७२+४=७६, मूल्य-व्यक्तिगत रु.४०।-, संस्थागत-रु.१२०।-; चित्र तथा आवरण-अमित घिमिरे ।

दस बालकथा । शीर्षक-कृष्णको उदारता, महाजनको मितेरी, मुनाको सपना, चङ्खे बिरालो, सुगाको चित्र, पानी परेको दिन, भाग्यको चमत्कार, सुनको मोह, काठ ल्याउने इनार, व्यापारीको प्रेतात्मा ।

## सुरेन उप्रेती

### *१. अजम्बरी माया*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-इन्द्रेणी अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५९ वैशाख, पृष्ठ-३०+२=३२, मूल्य-रु.१५।-; चित्र-रमेश विष्ट; आवरण-के.के.कर्माचार्य ।

आठ बालकथा । शीर्षक-कमिलाको बुद्धिमानी, हाउगुजी, जरायोको सिङ, अजम्बरी माया, डाँडापारि, घमण्डी सर्प, भिँगाहरू, बैशाखी । सङ्ग्रहका कथाहरूमध्ये *अजम्बरी माया* र *डाँडापारि* प्रकृतिसम्बन्धी कथा हुन् र यी कथाले सूर्य, चन्द्र र पृथ्वीबीचको सम्बन्ध रअँध्यारो-उज्यालोका बारेमा बालबालिकालाई जानकारी दिन्छ । *भिँगाहरू* चाहिँ व्यङ्ग्यात्मक कथा हो, जसमा सामान्य मान्छे र राजनीतिक नेताबीचको आर्थिक भिन्नताले उनीहरूको जीवनस्तरमा पर्ने फरकलाई प्रस्तुत गरेको छ । अन्य कथाहरू पनि शिक्षामूलक रहेका छन् ।

### २. *आकाशे परी*

प्रकाशक-शब्दार्थ प्रकाशन; मुद्रक-?; पहिलो संस्करण-२०६३, पृष्ठ-२०+४=२४, मूल्य-रु.२५।-; चित्र-? ।

सात बालकथा । शीर्षक-हाउगुजी, जरायाको सिङ, डाँडापारि, बैसाखी, आकाशे परी, झगडा, लापरबाही । *हाउगुजी, जरायाको सिङ, डाँडापारि* र *बैसाखी* अघिल्लो बालकथासङ्ग्रह **अजम्बरी माया**मा प्रकाशित भइसकेका कथा हुन् ।

### ३. *पछुतो*

प्रकाशक-शब्दार्थ प्रकाशन; मुद्रक-?; पहिलो संस्करण-२०६३, पृष्ठ-२०+४=२४, मूल्य-रु.२५।-; चित्र-? ।

आठ बालकथा । शीर्षक-पछुतो, परिवर्तन, कमिलाको बुद्धिमानी, झिँगाहरू, अजम्मरी माया, प्रतिभाशाली छात्र, घमण्डी सर्प, देश चिनाउने हातहरू । *कमिलाको बुद्धिमानी, झिँगाहरू, अजम्मरी माया* र *घमण्डी सर्प* **अजम्बरी माया**मा पहिले नै प्रकाशित भइसकेका छन् ।

## सुशीला प्रधानाङ्ग

### १. *सन्तेको मिहिनेत*

प्रकाशक-एसिया पब्लिकेसन्स प्रालि, काठमाडौँ; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०६४ वैशाख भनी उल्लेख भए पनि २०६३ माघको पहिलो हप्तामा विमोचित; पृष्ठ-२८+८=३६, मूल्य-रु.२५।-; चित्र-अनुल्लिखित ।

सात बालकथा । शीर्षक-सन्तेको मिहिनेत, बलभन्दा बुद्धि ठूलो, दसैँ, चकचके पाठो, धमिरा र पुतली, दुष्ट भ्यागुतो, अचम्मको वनभोज । यी बालकथाहरूले जाँगर, सीप, मिहिनेत र बुद्धिले जीवनमा अघि बढ्न सकिन्छ, अत्याचारीलाई बुद्धिले ठिक पार्नुपर्छ, बिगार गर्नेलाई समयमै नष्ट गर्नुपर्छ, विपत्तिका बुद्धि पुऱ्याएर काम गर्नुपर्छ, पशुपक्षीप्रति प्रेमभाव राख्नुपर्छ भन्ने सन्देश दिन्छन् । कथाहरूमा पशुपक्षी र बालबालिकाहरू पात्रका रूपमा आएका छन् । केही कथामा बालबालिकाले नै समस्याको समाधान गरेको देखाएर बालबालिकामा पनि क्षमता हुन्छ भन्ने तथ्य औँल्याउने प्रयास गरिएको छ । तर कथाशैली प्रभावोत्पादक हुन सकेको छैन ।

### *२. मोहनको हिम्मत*

प्रकाशक-एसिया पब्लिकेसन्स प्रालि, काठमाडौँ; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०६४ चैत भनी उल्लेख भए पनि २०६३ माघको पहिलो हप्तामा विमोचित; पृष्ठ-२७+९=३६, मूल्य-रु.२५।-; चित्र-अनुल्लिखित ।

सात बालकथा । शीर्षक-मोहनको हिम्मत, रमाइलो भोज, एकताको बल, भूतको तमासा, मित्रको कर्तव्य, परिश्रमको फल मीठो हुन्छ, मायाको साइनो । सरल भाषामा लेखिएका यस सङ्ग्रहका बालकथाहरूले अपाङ्गलाई पनि शिक्षा र अवसर दिनुपर्ने, सबै मिलेर गाउँठाउँको विकास गर्नुपर्ने, परिश्रमबाट सफलता प्राप्त हुने, कुनै पनि काम एकताबद्ध भई गरेमा सफलता प्राप्त हुने र मद्यपान गर्नु नहुने सन्देश यी बालकथाहरूमा पाइन्छन् । तेस्रो कथा लोककथाका आधारमा लेखिए पनि अरू कथा मौलिक हुन् ।

### *३. सोहन र परेवा*

प्रकाशक-जम्को प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-इन्द्रेणी अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६३, पृष्ठ-२४, मूल्य-रु.१७।-; चित्र-उमेशचन्द्र अधिकारी ।

सात बालकथा । शीर्षक-आमाको आशिर्वाद, कमिला र सुगाको साइनो, समयको सन्देश, जन्मदिनको शुभकामना, दुष्ट गिद्ध, सुभासको जाँगर, सोहन र परेवा । लेखकीय र प्रकाशकीय नभएको । सङ्ग्रहका कथाहरू सन्देशमूलक छन् । यी कथाहरूले मिहिनेतबाट प्राप्त हुने सफलता, बेलामा काम नगर्दा सिर्जना भएको पछुतावको स्थिति, जातभातको विभेदको अन्त्य, दुष्टका कारण साथीबीचमा सिर्जना हुने फाटो र पक्षीप्रतिको बालकको प्रेमभावलाई विषय बनाएका छन् । कथामा बालबालिकालाई कामप्रति समर्पित भएको देखाएर बालबालिकालाई उत्प्रेरित गर्न खोजिएको छ । कथाको भाषा सरल भए पनि प्रस्तुतिमा भने नवीनता भेटिन्न ।

## सूर्य वि.सी.

### *१. जोजोले जोगायो*

प्रकाशक-बालसरोकार सञ्चार मञ्च, दाङ; मुद्रक-नेपाल अफसेट प्रेस, घोराही, दाङ; पहिलो संस्करण-२०६२, पृष्ठ-१४+६=२०, मूल्य-रु.१५।-, संस्थागत-रु.३०।-; चित्र-अनुल्लिखित ।

आठ बालकथा । शीर्षक-एउटै डेरा, जोजोले जोगायो, सबैकी प्यारी, हजुर बा र हजुर आमाको सम्झना, सेवाको भावना, सबै खुसी, विनोद अफिस कोठातिर गयो, पुन्टेको दसैं । सामाजिक एवम् बालविषयमा केन्द्रित यस सङ्ग्रहका बालकथाहरूले बालबालिकालाई असल, ज्ञानी, अनुशासित, सच्चरित्रवान् र इमानदार बनाउन खोजेका छन् । कथाहरू सन्देशमूलक छन् । कथाहरू बालमनोविज्ञानमा आधारित छन् । कथाका माध्यमबाट लेखकले बालबालिकाको चरित्र उत्थान, नैतिक बलको प्रबर्द्धन र स्वस्थ चिन्तनमा जोड दिएको पाइन्छ ।

## सौरभकिरण श्रेष्ठ

### *१. म पनि भाग लिन्छु*

प्रकाशक-बालपत्रकारिता तथा बालसाहित्य पुरस्कार समिति, काठमाडौँ; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०६१ वैशाख, पृष्ठ-२४+८=३२, मूल्य-रु.१५।-; चित्र-शान्ता हिताङ; सम्पादन-कार्तिकेय घिमिरे ।

पाँच बालकथा । शीर्षक-म पनि भाग लिन्छु, हामीले भनेको कसले सुन्ने ?, पुतलीको बिहे, बालक्लब, हामी पनि भित्र आउँछौँ । नेपाली बालसाहित्यमा नयाँनयाँ विषयवस्तु भित्रिरहेका छन् । यो कृति त्यसैको एक उदाहरण हो । बालअधिकारसँग जोडिएको एक महत्त्वपूर्ण विषय बालसहभागितामा जोड दिइएका कथाहरू यस सङ्ग्रहमा छन् । बालसहभागिता के हो र यसको व्यावहारिक प्रयोग कसरी गर्न सकिन्छ भन्ने विषय कथाले अत्यन्त राम्रोसँग देखाएको छ । कथानकलाई घटना र संवादका माध्यमबाट प्रभावकारी ढङ्गमा प्रस्तुत गरिनाले कृति अझ रोचक भएको छ ।

### *२. साथीसँग वनभोज*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-डङ्गोल प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०६२, पृष्ठ-३२, मूल्य-रु.४०।-; चित्र-कृष्णगोपाल श्रेष्ठ; सम्पादन-शाश्वत पराजुली ।

पाँच बालकथा । शीर्षक-साथीसँग वनभोज, सोझी नानु छट्टु राजु, को ठूलो, डाँफेको पन्छी भेला, पारु र मायाको सुझबुझ । सन्देशमूलक यस सङ्ग्रहका बालकथाहरूले साथीभाइ मिलेर बस्नुपर्ने, सोझो भनेर अरूलाई झुक्याउन नहुने, वनजङ्गल जोगाउनुपर्ने, विद्यालयबाट भाग्न नहुने र घमण्ड गर्न नहुने यथार्थताबारे

बालबालिकालाई जानकारी दिन्छन् । साथै सबै आ-आफ्नो स्थानमा ठूलो हुने कुरा पनि कथाका माध्यमबाट थाहा पाइन्छ । पछिल्लो कथाले डुबेकालाई निकाल्ने तरिकाबारे सिकाउँछ । बालपात्रपात्रा, संवादको समुचित प्रयोग र रोचक भाषाशैलीले बालकथाहरू बालरुचिअनुकूल हुन पुगेका छन् ।

### *३. रानी फूल*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०६२, पृष्ठ-२०+४=२४, मूल्य-रु.३१।-; चित्र/आवरण-सौरभकिरण श्रेष्ठ ।

पाँच मौलिक बालकथा । शीर्षक-रानी फूल, अजयको विरुवा, विक्रमको प्रश्न, सुनौलो माछा, फुच्चे पप्पु । यी बालकथाहरूले विभिन्न सन्देश त दिन्छन् नै, त्यसबाहेक समस्या समाधानका लागि केही व्यावहारिक जानकारी पनि दिन्छन् । *विक्रमको प्रश्न*ले काठमाडौँलगायतका ठाउँको पानीको समस्या समाधानको उपाय आकाशेपानी सङ्कलन पनि एउटा हो भन्ने व्यावहारिक ज्ञान दिएको छ । साथै यी कथाले वृक्षरोपण गर्ने तरिका, पशुपक्षीप्रतिको स्नेहभाव र बालबालिकाप्रति गरिने दुर्व्यवहार र भेदभावलाई पनि विषय बनाएका छन् । कृति उपयोगी छ । पशुपक्षी, जीवजन्तु र बालबालिका पात्रका रूपमा प्रस्तुत छन् । भाषाशैशी सरल र स्वाभाविक छ । यो कृति ६ देखि ७ वर्ष उमेर समूहका बालबालिकाका लागि लेखिएको हो ।

## स्नेह पोखरेल

### *१. कथा कोसेली*

प्रकाशक-वनिता प्रकाशन; मुद्रक-इजीटोन; पहिलो संस्करण-२०६३, पृष्ठ-२४, मूल्य-रु.२५।-; चित्र-उमेशचन्द्र अधिकारी; आवरण-भोला पौडयाल ।

पाँच बालकथा । शीर्षक-मजुरको कथा, अरूणको आँखा खुल्यो, बिरालोको कथा, बाठो सुगा, हिम्मती बालक । विभिन्न पत्रपत्रिका र पुस्तकमा सङ्कलित कथाहरूलाई पुस्तकाकारको रूप दिइएको यस सङ्ग्रहका कथाहरूमध्ये केहीले जीवजन्तु र कीराका बारेमा जानकारी दिन्छन् । तर ती कथाहरू कथाजस्ता नभई केवल वर्णन हुन पुगेका छन् । यस्तै अन्य कथा पनि प्रस्तुतिका दृष्टिले कथा हुन सकेका छैनन् । सङ्गृहीत रचनाहरूले बालबालिकालाई जानकारी र सन्देशचाहिँ दिन्छन् ।

## स्याहुते दाइ

### *१. कथाको कोसेली*

प्रकाशक-नेपाल बाल सङ्गठन, केन्द्रीय कार्यालय, काठमाडौँ; मुद्रक-रूपायन प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०३३, पृष्ठ-४८+६=५४, मूल्य-रु.३।-; चित्र-टेकवीर मुखिया ।

दस बालकथा । शीर्षक-बाठो बकुल्ला र मूर्ख काग, न्यायाधीशको न्याय, कोर्डिलियाको कथा, एउटा साँढेको कथा, पोर्सियाको कथा, बादशाहको मूल्य, गोनू झाको अक्किल, अनौठो मित्यारी, हात्तीखुट्टे शिव, श्रवणकुमार । तत्कालीन रानी रत्नको ४९ औँ जन्मोत्सवको उपलक्ष्यमा छापिएको आधारमा २०३३ सालमा प्रकाशित । लेखकीय र प्रकाशकीय नभएको । सङ्ग्रहका कथामध्ये केही विदेशी पृष्ठभूमिका छन् भने केही कथा नेपाली लोकजीवनमा प्रचलित कथालाई पुनर्कथन गरिएका हुन् । *कोर्डिलियाको कथा* र *पोर्सियाको कथा* विदेशी पृष्ठभूमिका कथा हुन् भने अन्य कथा नेपाली पहाडी र तराईको लोकजीवनमा प्रचलित कथाहरू हुन् । कथाहरूले शिक्षा, ज्ञान र मनोरञ्जन दिन खोजे पनि कथाको शैली भने प्रभावपूर्ण हुन सकेको छैन ।

### *२. कथाको अर्को कोसेली*

प्रकाशक-विश्वराज पाण्डे, विराटनगर; मुद्रक-मयूरी प्रिन्टर्स, विराटनगर; पहिलो संस्करण-२०५४ भदौ, पृष्ठ-३५+५=४०, मूल्य-रु.२०।-; चित्र-नभएको ।

एघार बालकथा । शीर्षक-घोर साँढेबाट छुट्कारा, भाइबुहारीको खोजी, अफीमको कथा, सर्पको बयान, कामलाग्ने केटो, विचित्रको फैसला, असल शिक्षा, लोभीको अवस्था, भनेको नमान्दा, सजाय, सफलताको बाटो । यस सङ्ग्रहमा भएका बालकथाहरू सबै पुनर्कथन गरिएका हुन् । विभिन्न सन्देश दिने यी बालकथाहरू विषयका दृष्टिले बालोपयोगी भए पनि प्रस्तुतिका दृष्टिले त्यस्तो हुन सकेको छैन । *भनेको नमान्दा* शीर्षकको रचनालाई संरचनाका दृष्टिले कथाभन्दा संस्मरणात्मक निबन्ध भन्न सुहाउँछ । *घोर साँढेबाट छुट्कारा*मा पशुलाई धपाउन गरिएको अन्यायपूर्ण उपायले बालबालिकालाई नकारात्मक भावना जागृत गराउने हुनाले यो बालभावनाअनुकूल हुन सकेको छैन ।

### *३. बाँदर्नीको माया*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-डङ्गोल प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०६२, पृष्ठ-२८+४=३२, मूल्य-रु.४०।-; चित्र-सरोज बज्राचार्य; सम्पादन-शाश्वत पराजुली ।

छ बालकथा । शीर्षक-गर्न नहुने काम, नसिकाइदिए के हुन्छ ?, पशुहरूको मित्रता, बाँदर्नीको माया, अल्पज्ञानले पार्छ नोक्सान, चलाख पत्नी । बालबालिका, बाख्रा, कुकुर, बाँदरजस्ता पात्रपात्राका माध्यमबाट अघि बढाइएको यस सङ्ग्रहका बालकथाहरू सन्देशमूलक छन् । सङ्ग्रहका तीन कथा आत्मसंस्मरणात्मक शैलीमा लेखिएका छन् । कथाहरूले अर्काको परिवार बिगार्नुहुन्न, नजान्ने मानिसलाई पहिले नै सिकाउनुपर्छ, थोरै ज्ञानले ज्यान जोखिममा पर्नसक्छ, दु:खमा साथ दिने मात्र साँचो साथी हुन्छ भन्ने ज्ञान दिन्छन् । कथाको भाषाशैली रोचक छ ।

## हरि खनाल

### *१. चटकी माया*

प्रकाशक-डिनहरा प्रकाशन, नेपाल; मुद्रक-लुष प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६३ असार, पृष्ठ-४२+६=४८, मूल्य-व्यक्तिगत रु.२०।-, संस्थागत रु.५०।-; चित्र-काष्ठमण्डप आर्ट प्रालि ।

एघार बालकथा । शीर्षक-कुबेलाको बोली, सिकेको प्रमाण, चटकी माया, मित्रताको परीक्षा, गौँथलीको गुँड, कोकिलको घमण्ड चूर भयो, बलभन्दा जुक्ति ठूलो, सिल्ली बिराला र धूर्त काग, घमण्डी तित्रो र बुद्धिमान् ढुकुर, आफ्नो बाटो, नयाँ बिहान । बालबालिकाको रुचिअनुकूलका अधिकतर पशुपंक्षी तथा केही मानवीय पात्रहरूमार्फत बुनिएका यस सङ्ग्रहका बालकथाहरूले बालबालिकालाई विभिन्न जीवनोपयोगी सन्देश र शिक्षा दिन्छन् । कथाहरूको विषयवस्तु उपयोगी र ज्ञानबर्द्धक भए पनि शैली भने रोचक हुन सकेको छैन ।

## हरिप्रसाद पन्त

### *१. चतुरो बालक*

प्रकाशक-ग्रामीण विकासका निम्ति परियोजना, डोटी; मुद्रक-?; संस्करण-२०४०, पृष्ठ-३३, मूल्य-अनुल्लिखित; चित्र-नभएको ।

कक्षा-२ को सहायक पुस्तिका । सातवटा शिक्षाप्रद कथा सङ्गृहीत । **नेपाली**

**बालसाहित्यका चुनिएका पुस्तकहरूको सूची**, पृ. ५ का आधारमा ।

## हरिश बमजन

### *१. पौराणिक कथा : वैज्ञानिक युग*

प्रकाशक-श्याम ब्रदर्स, दार्जीलिङ, भारत; मुद्रक-मनोहर प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-१९६६ फरवरी, पृष्ठ-३४+६=४०, मूल्य-रु.१।-; चित्र र आवरण-अनुल्लिखित ।

दस बालकथा । शीर्षक-दुष्टकुमार, खुकुरीभन्दा कर्द लाग्ने, वीर राजकुमार र भयङ्कर राक्षस, विनाशकारी धन, मूर्ख पुत्र, बरको रूख र उमेर, हाँसकुमारीको बिहे, गुलियोमा भुलियो, हात्ती र चोर, 'देवधर्म, राक्षस र तीन राजकुमार' । पौराणिक विषयवस्तुमा आधारित कथाहरू ।

## हरिहर तिमिल्सिना

### *१. चकलेटको रूख*

प्रकाशक-साहित्यिक क्लब, दीपेन्द्र प्रहरी उच्चमाध्यमिक विद्यालय, साँगा, काभ्रे; मुद्रक-सिग्मा जनरल सेक्रेटरियल सर्भिस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०५९ असोज, पृष्ठ-३१+९=४०, मूल्य-रु.६५।-; चित्र-ईश्वरकुमार घिमिरे र सिर्जना गुरुङ; आवरण-शशि शाह ।

नौ बालकथा । शीर्षक-साँचो सपना, निशाको रोग, मुसाको जाल, कालोपोखरी, चकलेटको रूख, सहर पसेको बाँदर, हात्ती र कस्तूरी, बुबाको रीस, कौवाको मासु । यस सङ्ग्रहमा भएका बालकथाहरू बालमनोभाव, बालमनोविज्ञान र बालसुलभ गतिविधिहरूमा केन्द्रित छन् । कथाहरूले बलवान्लाई बुद्धिले पराजित गर्नसकिने, अर्काको कुभलो चिताउँदा आफ्नै कुभलो हुने, कुनै पनि वस्तुको बढी प्रयोग घातक हुने, रूप या बलको घमण्ड गर्न नहुने, बदमासी गर्न नहुने, पशुपक्षीलाई दुःख दिन नहुनेजस्ता शिक्षा दिएका छन् । यसका अतिरिक्त आफ्ना विद्यार्थीले उच्चशिक्षा लिएर जिम्मेवार नागरिक बन्दा शिक्षकलाई कस्तो खुसी अनुभव हुन्छ भन्ने तथ्य पहिलो कथाले देखाएको छ । दोस्रो कथा बालमनोविज्ञानमा आधारित छ । कथाहरूमा बालबालिका, पशुपक्षी, इन्द्रेणी, बादल आदि पात्रका रूपमा प्रयुक्त छन् । *सहर पसेको बाँदर*ले मानिसको स्वार्थी प्रवृत्तिलाई स्पष्ट पार्दै त्यस्तो प्रवृत्ति त्याग्नुपर्नेमा जोड दिएको देखिन्छ । कथाहरू आकर्षक, सरल र रमाइला छन् ।

## हिरण्यकुमारी पाठक

### १. *श्रीकृष्णलीला*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-वेभ प्रिन्टर्स प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०५४, पृष्ठ-४८+६=५४, मूल्य-रु.२५।-; चित्र-विजय कसजू ।

श्रीकृष्णका लीलालाई १७ वटा कथाका रूपमा प्रस्तुत । शीर्षक-भयङ्कर आकाशवाणी, श्रीकृष्णको जन्म, श्रीकृष्ण गोकुलमा, पराक्रमी श्रीकृष्ण, रङ्गीचङ्गी बाल्यकाल, बकासुरको मृत्यु, अजिङ्गरको मृत्यु, रासलीला, केशी राक्षसको अन्त्य, कंसको मृत्यु, रुक्मिणीसित बिहे, कल्पवृक्ष, राजसूय यज्ञ, द्रौपदीको स्तुति, सुदामासित भेट, श्रीकृष्ण युद्ध, अन्तिम यात्रा । श्रीकृष्णको जन्मदेखि गोलोक प्रस्थानसम्मका घटनाक्रमलाई सङ्ग्रहका सत्र कथाले समेटेको छ । सरल भाषा, मीठो कथानक, रोचक प्रस्तुति र आवश्यकताअनुसारको संवाद प्रयोग यस सङ्ग्रहको विशेषता हो । यसले बालबालिकालाई नैतिकता र आदर्शको शिक्षा दिन खोजेको छ ।

### २. *मिहेनती मौरी*

प्रकाशक-गुञ्जन; मुद्रक-बगलामुखी अफसेट प्रेस, ललितपुर; पहिलो संस्करण-२०६३ जेठ, पृष्ठ-४८, मूल्य-रु.५०।-; चित्र-अनुल्लिखित; आवरण-राजेश मानन्धर ।

बाह्र बालकथा । शीर्षक-स्कुलको पहिलो दिन, सहयोग गरौँ, श्यामको सपना, राम्रो सपना, मिहेनती मौरी, अरूणको बहाना, सबै भाइ-भाइ हुन्, सिद्धार्थको कोमल मन, महादेव र श्रीकृष्ण भगवान्, श्रीकृष्ण भगवान् र पुतना, असल बन्ने उपाय, गुन्यू-चोलो । यसमा सङ्गृहीत बालकथाहरूमध्ये *सिद्धार्थको कोमल मन* गौतमबुद्धको बाल्यकालीन घटनामा आधारित छ भने *महादेव र श्रीकृष्ण भगवान्* र *श्रीकृष्ण भगवान् र पुतना* पौराणिक कथाका आधारमा रचिएको छ । अन्य कथा भने मौलिक कथा हुन् । कथाका माध्यमबाट बालकथालेखिकाले बालबालिकालाई असल, चरित्रवान्, मिहिनेती र सक्षम नागरिक बन्ने प्रेरणा प्रदान गरेका छन् । कथाहरूमा बालपात्रपात्रा छन् । कथाको भाषा सरल छ र कथाले बालबालिकालाई मनोरञ्जन पनि प्रदान गर्छ ।

## ज्ञान उदास

### १. *नानीका कथाको किताब (सम्पा.)*

प्रकाशक-रत्न पुस्तक भण्डार; मुद्रक-नेपाल टाइम्स प्रेस; पहिलो संस्करण-

२०६४; पृष्ठ-३६, मूल्य-रु.४०।-; चित्र/आवरण-दीपक गौतम ।

विभिन्न लेखकका आठ कथा । शीर्षक-गाडधन (परशु प्रधान), मित्रता (अरूणा भट्टराई), काले काग र चङ्खे फ्याउरो (शारदा कोइराला, इसपको कथाको पुनर्कथन), सङ्गतको फल (कल्पना प्रधान), गुरुको अर्ति (मधुसूदनप्रसाद घिमिरे), भ्यागुतो किन पानी परेको दिनमा टरटर गर्छ ? (किम जोङ जू, कुन देशको अनुल्लिखित), दिवाकरको जुक्ति (नवराज रिजाल), बुद्धिको खेल (ममता दाहाल) । सङ्ग्रहमा नेपाली बालसाहित्यका केही चर्चित लेखक, केही नयाँ लेखक र केही विदेशी लेखकका कथा छन् । शिक्षामूलक यी कथाहरू बालोपयोगी छन् ।

## विभिन्न लेखक

### *१. बीस परिकार*

प्रकाशक-प्राथमिक सामग्री एकाइ; मुद्रक-इन्दु छापाखाना, ललितपुर; पहिलो संस्करण-२०४५, पृष्ठ-५०+४=५४, मूल्य-अनुल्लिखित; चित्र-के.कर्माचार्य ।

दस लेखकका बीस बालकथा । शीर्षक-अनौठो औषधी, ब्वाँसोभन्दा दुष्ट, सेठको लुगा (प्रतापमान शाक्य), 'गोपी, राजु र भँगेराको बच्चो' (सुश्री अर्चना न्यौपाने), कुन छोरो बुद्धिमान् ? (यदुनन्दन के.सी.), मेलको बल, को ठूलो ? (काशीराज सुवेदी), बाच्छो र नदी, अर्काको डाडो, मद्दत, गणेशजी र दूबो (सुश्री देवीना प्रधानाङ्ग), 'मकै, भटमास र बाख्रो' (दिवाकर ढुङ्गेल), अगि अगि पुतली : पछि पछि सीता, राजुको इमानदारी (शोभियतराम विष्ट), चकचके, बुद्धिमान् कुखुरो (सुश्री नीरा शाक्य), कालु र भूत, 'जेठो, माहिलो र कान्छो रोटी' (सुश्री देवीना प्रधानाङ्ग), रामु र भालु (घनेन्द्रप्रसाद शर्मा), भाग्यको प्वाल (श्रीमती सरिता अधिकारी) । सम्पादकको नाम अनुल्लिखित । प्रकाशकीय नभएको ।

## लेखक अनुल्लिखित

### *१. नेपाली प्रवेशिका (क भाग)*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०२४; पाँचौं संस्करण-२०५९, पृष्ठ-३३+७=४०, मूल्य-रु.२८।-; आवरण-टेकवीर मुखिया ।

तीस सामग्री । बालकथासँगालो भनिए पनि केही कविता पनि समावेश ।

शीर्षक-ईश्वरस्तुति (कविता), एकदिनको पाठ (कविता), न्याउरी मारी पछुतो, रामलाल, विद्या (कविता), दरबार स्कुल, समय, उपकारी खेल, माहुरी र बारूलो, बाँदर, आकाशको दृश्य, सूर्य र चार दिशा, सच्चा बालक, अर्ती, लोभ, दया, व्याधा र परेवा, प्रतिध्वनि (घन्काइ), झुटो बोल्नाले हानि, गाई (कविता), बुद्धिमान् हात्ती, जरायो, पिता (कविता), वार, दसैं, गजल (कविता), तिहार (कविता), बीस उपदेश, श्री ५ त्रिभुवन, बालमन्दिर । प्रकाशकीय नभएको । सम्पादकको नाम पनि अनुल्लिखित । यो पुस्तक तत्कालीन अवस्थामा पाठ्यक्रमका लागि तयार गरिएको पुस्तक हो ।

## २. *कथैकथा*

प्रकाशक-शिक्षा तथा संस्कृति मन्त्रालय, प्रौढ शिक्षा शाखा; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०४९, पृष्ठ-२८, मूल्य-अनुल्लिखित; चित्र-नभएको ।

सात बालकथा । शीर्षक-हराभरा देउराली गाउँ, झगडाको फल, रामबहादुरले रूप फेर्‍यो, थाक्लेको कथा, भगवतीको दुःख, दुःखी हर्कबहादुर, साहिली सफाघर । प्रकाशकीयलगायत कसैको भूमिका आदि केही नभएको ।

## ३. *कथा पढ्न सिकौँ*

प्रकाशक-प्राथमिक पाठ्यक्रम पाठ्यपुस्तक विकास एकाइ, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, भक्तपुर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५३, पृष्ठ-२८+६=३४, मूल्य-अनुल्लिखित; चित्र-राजुबाबु शाक्य ।

छ बालकथा र अन्य दुई सामग्री । बालकथाका शीर्षक-नानु र ब्वाँसो, घमन्डी बोका, कीराको कथा, तिर्खाएको काग, सिंह र भालुको घमन्ड, मेरो गाउँ । अन्य सामग्रीको शीर्षक-लुकेका चित्र खोज्ने, रङ भर्ने । 'शिशु विकास सामग्री' भनिएको । शिशुकक्षाका बालबालिकाका लागि तयार गरिएको यस कृतिले शिशुहरूको सुनाइ, बोलाइ र पढाइ सीपको विकास गर्ने उद्देश्य लिएको देखिन्छ । कथाको अध्ययनसँगसँगै बालबालिकालाई चित्र खोज्न लगाउने र त्यसमा रङ भर्न लगाएर विषयवस्तुसँग सम्बन्धित कुराहरूबारे अझ स्पष्ट जानकारी दिने प्रयास पुस्तकले गरेको छ ।